CC-0. In Public Domain. Digitization by eGangotri

सेली श्रृङ्गि, शिर जटा झोली भगवा भेष !
काने कुण्डल भस्म लसे शिवगोरख आदेश ।।

नाथसन्देश

NATH SANDESH

अङ्क: ३ वर्ष: ४७ पूर्णाङ्क: ३ २०८१ जेष्ठ

प्रकाशकः
श्रीबृहद्आध्यात्मिकपरिषद्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

GN REIKI MEDITATION CENTER · POKHARA, NEPAL

GN REIKI
MEDITATION CENTER

Affiliated to
(Gorakh-Nath Academy of Yoga and Integral Transformation)

The clear and practical steps for Manifesting the Spirituality and ancient teachings through the Sadhanas & practices of :

• *Yoga* • *Asana* • *Pranayama* • *Meditation* • *Energy Healing*
• *Tantra-Mantra-Yantra* • *Sadhana Diksha* • *Spiritual practices*

True & Authentic Arts-Practices-Sadhanas for Inviting Happiness & Upliftment

USUI / HOLY FIRE® / WORLD PEACE
REIKI
• Level I / II / Master
• Holy Fire® Karuna Reiki®

LAMA FERA HEALING
• Effective for being free from stress, anxiety, depression, fear, insomnia, toxins and all sorts of negativities.
• Enhances memory, mental clarity, focus, openness, will power, confidence along with self-contentment. love and inner peace.
• Promotes healthy and balanced chemical functioning in the muscles, bones, glands and strenghthens digestive system, boosts inner strength, stamina and radiant energy.

OTHER HEALING PRACTICES
• 21 Coral Asten • Hunkara with Haleem • Micro Reiki
• Shalvik Mantra Rahasya • Yogmaya • Cosmic Healing
• Mantra Healing • Chakra Massage • Sound Healing

Nath Yoga Sadhana/Diksha
Sukshma Nadi Tantra
Mrityakshari Mahayagya
Tantra-Mantra-Yantra Sadhana Diksha
Occasional Sadhana, Diksha, Shaktipat
Yagya, Hawon
TIME MEDITATION (100/200 hour TTC)

• SRI CHAITANYA ANTARYOGA SADHANA
• AGHORE MUDRA SADHANA
• INFINITY CONSCIOUSNESS
• TRANSFORMATIONAL YOGA
(YAI & WYF certified 100 / 200 / 500 Hour level Teacher Training Programs)
• INTEGRAL KUNDALINI TRANSFORMATIONAL YOGA
(YAI & WYF certified TTC)

TOWARDS SIMPLICITY WITH AWARENESS...

gnreiki.org.np · Map Location · +9779843500643

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ 卐 गौः श्रीः शिवौ वेदाः । पञ्च देवाः । पञ्च बुद्धाः । सर्वे देवाः । शिवगोरक्षनाथो विजयतेतराम् ।

सेली शृङ्गि, शिर जटा झोली भगुवा भेष !
काने कुण्डल भस्म लसे शिवगोरख आदेश ।।

नाथसन्देश
Nath Sandesh

अङ्क ३, वर्ष ४७

गोरक्ष सम्वत्ः ४६४, बैशाख पूर्णिमा

श्रीबृहदाध्यात्मिकपरिषद्

गोरक्षनाथपीठ, मृगस्थली, काठमाडौं

सम्पर्क नं.: ९८५१२०६४४६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेली शृङ्गि शिर जटा झोली भगवा भेष !
काने कुण्डल भस्म लसे शिवगोरक्ष आदेश ॥

नाथसन्देश
Nath Sandesh

प्रधानसम्पादक : योगी श्रीषनाथः पिरमहन्त गोरक्षनाथ पीठ

© : प्रकाशकमा सुरक्षित

सम्पादक : योगी डा. दयानाथ, महासचिव श्रीबृहदाध्यात्मिकपरिषद्

कार्यकारी सम्पादकः डा. माधवप्रसाद लामिछाने (योगी नरेन्द्रानन्दनाथ)

सहप्राध्यापक : नेपाल संस्कृत विश्वविद्यालय
पूर्वमीमांसा तथा तन्त्रविभाग
वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौं ।

सहयोग राशी : रु. २६०

सेटिङ तथा मुद्रण : जानकी प्रिन्टर्स (छापाखाना)
पुरानो बानेश्वर, काठमाडौं, फोनः ०१-४५९२८९८, ९८५१२१९२०४
इमेलः janaki.printers@gmail.com

प्रकाशकको स्वीकृतिबिना आंशिक वा पुरै भाग कुनै पनि माध्यमबाट स्वरुपाकृति उतार्न, पुनः उत्पादन गर्न वा सञ्चय गर्न वा गराउन पाइने छैन । त्यस्तो कार्य गरे गराएको पाइएमा प्रतिलिपी अधिकार ऐनको बर्खिलाप ठानी स्वतः कार्बाही हुनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीय ...

ॐ

आदिनाथशिवारम्भां शिवगोरक्षमध्यमाम् ।
अस्मत्सद्गुरुपर्यन्तां वन्दे गुरुपरम्पराम् ।
गोरक्षबालं गुरुशिष्यपालं शेषाहिमालं शशिखण्डभालम् ।
कालस्य कालं जितजन्मजालं वन्दे जटालं जगदब्जनालम् ॥
ॐ शिवगोरक्षनरहरिनाथो विजयतेतराम् ।

गुरुशिष्य परम्परा र गुरुकृपाका कारण हामी नाथसन्देश अङ्क ३ लिएर प्रस्तुत भएका छौं । यो काम राष्ट्रगुरु योगी नरहरिनाथले शिष्यहरूका लागि छाडेर गएको विरासत हो । त्यही विरासतलाई हामी गुरुपरम्परा अनुसार पुनः सुचारु गर्न चाहन्छौं ।

राष्ट्रगुरु योगी नरहरिनाथले आजभन्दा ३४ वर्ष पहिले विश्वभरीका नाथहरूको मुखपत्रका रूपमा नाथसन्देश, अङ्क १ र २ प्रकाशन गर्नुभएको थियो ।

योगीजीले नाथदर्शन र साहित्य तथा नाथसमाजको विकास र विस्तारका लागि देखेको सपनालाई हामीले त्यही नाम "नाथसन्देश" कै रूपमा पुनः अगाडि बढाउने सङ्कल्प लिएका छौं ।

नाथसन्देश, अङ्क १ वि.सं. २०३४ (तदनुसार २६-०५-१६७७ ई.स.) मा छापिएको थियो । यो अङ्क आकारमा सानो भए तापनि अत्यन्तै महत्त्वपूर्ण थियो । जम्मा १२ पृष्ठ रहेको यो अङ्क हामीले यही अङ्क ३ मा पनि इतिहास सम्झाउनका लागि जस्ताको तस्तै र नेपाली अनुवादसमेत राखेका छौं ।

अङ्क २, २०३४ गुरुपूर्णिमाका दिन प्रकाशित भएको थियो । यो ३६ पृष्ठको थियो । त्यसपछि नाथसन्देशले निरन्तरता पाएको थिएन ।

अहिले हामीमाथि गुरुकृपा भएको हुनुपर्छ । त्यसैले त्यही नाथसन्देशकै निरन्तरताका रूपमा अङ्क ३ लिएर उपस्थित भएका छौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस अङ्कमा विभिन्न समयमा प्रस्तुत गरिएका कार्यपत्र र राष्ट्रगुरु नरहरिनाथले लेख्नुभएको नाथसाधनाबाट मोक्ष र मुक्ति मार्ग "योगः किं वस्तु ?" को नेपाली अनुवाद पनि प्रस्तुत गरिएको छ।

यस अङ्कमा हामीसँग मात्रै भएको "गोरक्षगीता" पनि प्रकाशन गरेका छौं। यो हस्तलिखित ग्रन्थ १८७१ मार्गशीर्ष शुक्लपक्षमा सारिएको उल्लेख गरिएको छ। यसबाट यो ग्रन्थ आजभन्दा २०६ वर्ष अघि सारिएको देखिन्छ। यो दुर्लभ ग्रन्थ हाल अपूर्ण अवस्थामा छ त्यसैले हाल यसलाई उपलब्ध रूपमै छापेका छौं। आगामी अङ्कमा यसको पूर्ण पाठ र नेपाली अनुवादसमेत छाप्ने छौं।

गोरक्षगीताका साथै यस अङ्कको अर्को महत्त्वपूर्ण सामग्रीका रूपमा "गोरक्षसहस्रनाम" पनि पाउनु हुनेछ। यो सहस्रनाम अहिले बजारमा प्रचलितमध्ये सबैभन्दा शुद्ध र आधिकारिक पाठ हो त्यसैले नाथसन्देशको यो अङ्क सबै सामग्रीका कारण महत्त्वपूर्ण र सङ्ग्रहणीय रहेको छ।

यस अङ्कका लेखरचनाका रचनाकार तथा सबैमा गुरु गोरखनाथको कृपा रहने नै छ। यस अङ्कमा भएका सामग्रीहरू कस्तो लाग्छन् ? पढेपछि प्रतिक्रिया दिनुहुने नै छ। नाथसन्देशलाई निरन्तरता दिने प्रणका साथ हामी सबैलाई गुरुकृपा प्राप्त हुने नै छ भन्ने सदिच्छासहित गुरुयोगमा समाहित हुनका लागि सबैमा अनुरोध छ।

जय गोरखकाली ॥

२०८१ जेष्ठ १० गते

गोरक्षनाथ प्राकट्य दिवस,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

१. नाथपरम्परा र नारी	योगी कामाक्षानाथ	१
२. तन्त्रको सैद्धान्तिक परम्परामा नाथतन्त्र	प्रा. डा. कृष्णचन्द्र शर्मा	१०
३. हिमाली क्षेत्रमा तारातन्त्रको प्रभाव	लोचवा, पुण्यप्रसाद पराजुली	२५
४. नाथपरम्परामा तन्त्र	योगी डा. नरेन्द्रानन्दनाथ	३०
५. योगी नरहरिनाथ र नेपालको राजनीति	डा. विजयप्रसाद मिश्र	४१
६. नाथपरम्परा ऐतिहासिक	डा. टी.पी. धमला	५०
७. योगबीजम् (नेपालीभाषानुवादयुतम्)	योगी डा. नरेन्द्रानन्दनाथ	६१
८. नारी जातिको महिमा	राजेन्द्रराज कठायत	९३
९. श्रीगोरक्षगीता	गोरक्षनाथ मठ	१०१
१०. श्रीगोरक्षसहस्रनाम	गोरक्षनाथ मठ	११५
११. योगमाया	योगी नरहरिनाथः	१३०
१२. योगः किं वस्तु ?	योगी नरहरिनाथः	१४०
१३. जन्मभूमि परिचय	बालतपस्विनी इमादेवी ब्रह्मचारिणी	१५४
१४. समाचार संक्षेपमा		१५७
१५. विश्व हिन्दु बौद्ध महासंघ..................		१६०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



राष्ट्रगुरु योगी नरहरिनाथज्यूको समाधिस्थल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाथपरम्परा र नारी

–योगी कामाक्षानाथ*

परिचयः

गोरखनाथ र मत्स्येन्द्रनाथलाई आदर्श, मुक्ति र वैभवका श्रोत मानेर यस परम्परामा रही साधना गर्ने साधुसन्त वा अनुयायीहरूलाई नाथ भन्ने गरेको पाइन्छ। नाथ शब्दको अर्थ यसरी लगाइएको छ– स्वामी, मालिक, पति, खसम, ईश्वर, भगवान्, गोरखनाथ वा मत्स्येन्द्रनाथका साधुको एक उपाधि, खानदानदेखि मान्दै मान्दै आइएका गुरु र गुरुजन, प्रार्थनीय, अनुरोध (नेपाली शब्दसागर, पृ. ७६३)।

यसैगरी हिन्दी शब्दकोषले पनि नाथका बारेमा यस्तो लेखेको पाइन्छः (संज्ञा पु.लि.), (सं.१), प्रभु, स्वामी, मालिक, पति, गोरखपन्थी, साधुओं की एक पदवी, जो उनके नामों के साथ ही जुडी रहती है (नालन्दा विशाल शब्द सागर, पृ. ६८८)।

यसरी नाथ शब्दको अर्थ विभिन्न रूपमा लगाउने गरेको पाइए तापनि नाथ सम्प्रदायमा चाहिँ आफ्नो गोत्र त्यागेर निरञ्जन गोत्रमा प्रवेश गरी दीक्षित भएर जनै वा शिवसूत्र धारण गरेदेखिका योगीहरूलाई मात्र नाथ नामले सम्बोधन गर्ने गरेको पाइन्छ।

नाथका प्रकारः

नेपालमा दीक्षाका हिसाबले नाथहरूका तीन प्रकार रहेको पाइन्छ।

१. **उपदेशी-** जसले सद्गुरुबाट उपदेश र मन्त्र लिएर गुरु र परम्पराको आशीर्वाद प्राप्त गरी मन्त्रजप, साधनामार्गमा अनवरत रूपमा लाग्छ उसलाई उपदेशी भनिन्छ।

२. **औघड-** यसमा गुरुबाट परम्पराअनुसार आफूसँग दीक्षित हुन आएका अनुयायीहरूलाई शरणमा लिई दीक्षा दिएर ज्ञान चक्षु खोली जनै (शिव सूत्र) प्रदान गरिन्छ। यो भेडाको कालो ऊनबाट बनाइन्छ। यसमा तीनओटा रुद्राक्षहरू ब्रह्मा, विष्णु र महेश्वरको

* योगी कामाक्षानाथ (कल्पना पराजुली) लिपि अधिकृत, राष्ट्रिय अभिलेखालय, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

. CC-0. In Public Domain. Digitization by eGangotri

प्रतीकका रूपमा राखिएका हुन्छन् साथै पवित्री र नादी पनि सँगै राखिएका हुन्छन् जसमा पवित्रीलाई शक्ति र नादीलाई शिवको प्रतीक मानिन्छ। विशेषगरी पवित्री तामाको र नादी असुरोको बनाउने गरेको पाइन्छ तर यो नै हुनुपर्छ भन्ने कडा नियम नभएकाले आफ्नो इच्छाअनुकूल बनाएर वा किनेर परम्परावाहक सद्गुरुबाट अभिमन्त्रित गरी लगाउने गरेको पनि पाइन्छ।

अनुयायी जुन गोत्रका भए पनि जनै वा शिवसूत्र धारण गरिसकेपछि उसको गोत्र निरञ्जन हुन्छ। यसरी सद्गुरुबाट यी सबै कृपा प्राप्त भएपछि त्यो साधक बल्ल औघड वा जनैधारी वा शिवसूत्रधारी नाथ बन्दछ। यसपछि उसको नाथ परम्पर ाभित्र प्रवेश हुन्छ। उसले नाथ मठ मन्दिरहरू आदिको दर्शन गर्न पाउँछ र ऊ आधिकारिक नाथ बन्दछ। यसै गरी सेतो धागोको जनै जसलाई ब्रह्मसूत्र वा यज्ञोपवीत पनि भनिन्छ। यो पनि कुनै अनुयायीले आफूलाई धारण गर्ने इच्छा भएको खण्डमा गुरुबाट विधिपूर्वक धारण गर्न सकिने व्यवस्था रहेको पाइन्छ तर अनिवार्य भने छैन। यो जनै पनि शिवसूत्रजस्तै नारीहरूले पनि धारण गर्न सक्छन्। रजस्वला हुँदा यो जनै अपवित्र हुने र फेरिरहनुपर्ने भएकाले इच्छित नारीहरूलाई गुरुले प्रायः रजस्वला बन्द भएपछि लगाउने सल्लाह दिने गरेको पाइन्छ।

३. **दर्शनी-** यसमा पनि धेरै विधि विधानहरू पूरा गर्नुपर्ने हुन्छ। कर्णवेधपरम्परा वा कान चिर्ने परम्पराअनुसार आधिकारिक गुरुले चेलालाई कर्णवेध गरिसकेपछि कानमा औषधीय गुण भएको काठको टुका ठेडीको रूपमा राखिन्छ। त्यसपछि उसलाई एकान्त वासमा नौ दिनसम्म राखिन्छ। यस समयमा उसका धेरै नाडीहरू खुल्ने र ध्यानको गहिरो तहमा प्रवेश हुने, देवी देवताको दर्शन हुने आदि कुराहरू हुन सक्छन्। दशौँ दिनमा उसको कानमा राखिएको काठको टुका निकालेर ठूलो माटोको कुण्डल लगाइन्छ। त्यसपछि उसलाई दर्शनी भन्ने गरेको पाइन्छ। यसरी कान चिर्दाखेरि चित्तवृत्तिको निरोध हुन्छ। चञ्चलता हटेर जान्छ। आकाश तत्त्वको स्पष्टता बढेर जान्छ (योगी बलभद्र गुरुमहाराजसँगको संवादबाट)।

कर्णकुण्डल नाथयोगीलाई चिनाउने बाह्य प्रतीक हो। उनीहरूले कानमा लगाउने गोला ठूलाठूला कुण्डल हुन्। यस्ता कुण्डल माटाका, धातुका, हात्तीका दाँतका हुन सक्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कान चिरेर कुण्डल लगाउने भएकाले नै यिनीहरूलाई दर्शनी भनिएको हो। भारतमा कतै कतै कुण्डललाई दर्शन पनि भनिएको पाइन्छ। कसैले अपहेलना गरी कानफटा जोगी पनि भन्ने गरेको पाइन्छ (नेपालमा नाथ योगदर्शनको परम्परा, पृ. ५३)।

गृहस्थ र फक्कड (ब्रह्मचारी)

नाथहरू गृहस्थ र फक्कड दुवै थरीका हुने गरेको पाइन्छ। नेपाली शब्दकोषका अनुसार फक्कड भन्नाले फकिर–फकरा भन्ने बुझिन्छ। यस्तै गरी फक्कडदास भन्नाले फकिरको अभिनय वा सिको गर्ने, फकिर आचरण गर्ने, झिटीझाम्रो केही पनि नभएको, हरिकङ्गाल (नेपाली शब्दसागर, पृ. ६७८)।

मनमा धर्मको बीज छ भने, वैराग्य उत्पन्न भएको छ भने कोही गृहस्थ साधकले गृहस्थ आश्रममै रहेर पनि गृहस्थ धर्मबाट च्युत नभइकन नाथ बन्न सकिने र त्यही आचरणमा रहन सकिने देखिन्छ भने गृहस्थ आश्रममै प्रवेश नगरिकन ब्रह्मचारी अवस्थाबाटै आश्रममा गई गुरुको अनुचर भएर नाथ बनी साधना गर्न पनि सकिन्छ।

नवनाथ परम्पराः

नाथ सम्प्रदायमा नवनाथ अवतारलाई सबैभन्दा महत्त्वपूर्ण अवतारका रूपमा मानिन्छ। ती यस प्रकार रहेका छन्-

१. आदिनाथ (शिव)
२. उदयनाथ (पार्वती)
३. सतनाथ वा सत्यनाथ (ब्रह्मा)
४. सन्तोषनाथ (विष्णु)
५. अचलनाथ (शेषनाग)
६. कुन्थडिनाथ (गणेश)
७. चौरङ्गीनाथ (चन्द्रमा)
८. मत्स्येन्द्रनाथ (हरिहर)
९. गोरखनाथ (हरिहर)

(नव नाथ चौरासी सिद्ध, नाथमहिम्नस्तोत्र, योगमाया पृ. ६८)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कहीँ कहीँ माथि उल्लेख गरिएका नव नाथका नामहरूभन्दा फरक नाम प्रयोग गरिएको पनि पाइन्छ ।

आदिनाथ भन्नाले शिवलाई बुझिन्छ भने उदयनाथ भन्नाले पार्वतीलाई बुझिन्छ । नाथपरम्पराको सुरु पनि आदिनाथ र उदयनाथ वा शिव र पार्वतीबाटै भएको मानिन्छ (योगी बलभद्रनाथ महाराजससँगको संवादबाट) ।

चौरासी सिद्धहरूः

गोरखनाथ परम्परामा र बौद्ध परम्परामा चौरासी सिद्धहरूलाई विशेष महत्त्व दिने गरेको पाइन्छ । चौरासी सिद्धहरूको जीवनी पढ्नाले जो कोही व्यक्तिमा पनि उनीहरूप्रति, धर्म र परम्पराप्रति पनि श्रद्धा उत्पन्न हुन सक्छ भने सच्चा साधकलाई साधना गरेर मोक्ष प्राप्त गर्नलाई उत्प्रेरणा मिल्दछ ।

गोरखनाथ परम्पराका चौरासी सिद्धहरूका नामहरू -

१. ओम्, २. सोहं, ३. आदिकुमारी, ४. कालांग, ५. गौरांग, ६. गोरक्ष, ७. चौरंगी, ८. चर्पती, ९. श्रगी, १०. अचल, ११. मिन, १२. मत्स्येन्द्र, १३. संजाई, १४. कपिल, १५. काणेरी, १६. कन्थडि, १७. ब्रह्मनन्द, १८. गोविन्द, १९. अचलेश्वर, २०. बालगुंदाइ, २१. वीखंक, २२. सारस्वताई, २३. सागरगन्ध, २४. बुद्धाई, २५. भूताई, २६. कुण्डली, २७. कम्बली, २८. माण्डूकीपाव, २९. जालन्धर, ३०. श्रगारिपाव, ३१. कानिपाव, ३२. नचिकेत, ३३. विचारनाथ, ३४. धूर्मनाथ, ३५. वनखण्डी, ३६. हालिपाव, ३७. नन्दाइ, ३८. अमराइ, ३९. तनुकुब्ज, ४०. अगोचर, ४१. नागार्जन, ४२. सनक, ४३. सबन्दन, ४४. सनातन, ४५. सनत्कुमार, ४६. भग्नपात्र, ४७. धामक, ४८. धूमक, ४९. खेचर, ५०. भूचर, ५१. शिव गोस्वामि, ५२. लोहाटपद, ५३. अंजाइपाव, ५४. अवघट, ५५. चर्मगोस्वामि, ५६. गावसिद्ध, ५७. सौरी, ५८. भ्रमर, ५९. चंदेरी, ६०. अचली, ६१. विराशंखा, ६२. विलाप, ६३. मिलवा, ६४. मुक्ताई, ६५. चर्मरावल, ६६. मालकी, ६७. घोडाचौली, ६८. प्रकटीपाव, ६९. लोहा, ७०. गुणिहर्ष, ७१. वारिपाव, ७२. अस्थिपाव, ७३. सूत्रदण्ड, ७४. पहूपना, ७५. नागेश, ७६. कुलालिपाव, ७७. कर्पटी, ७८. कनकाई, ७९. हिमालय, ८०. तुषकाई, ८१. बालनाथ, ८२. मालाकार,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८३. गिरिवरनाथ, ८४. रामनाथ (महायोगी गुरु गोरखनाथ अवतरण र नेपाल एकीकरण, पृ. ३६)।

सिद्ध रतननाथ मठ दाङले तयार गरेको चौरासी सिद्धहरूको नामावली

१.आदिनाथ, २.उदयनाथ, ३.सत्यनाथ, ४.सन्तोषनाथ, ५.अचलनाथ, ६.कन्थडीनाथ, ७.चौरङ्गीनाथ, ८.मत्स्येन्द्रनाथ, ९.गोरक्षनाथ, १०.चर्पटनाथ, ११. विचारनाथ, १२. श्रृङ्गरीनाथ, १३.शावरानन्दनाथ, १४. नार्गार्जुननाथ, १५.वनखण्डीनाथ, १६. धूर्मनाथ,१ ७. गिरिवरनाथ, १८. बालकनाथ,१९. श्रवणनाथ, २०. रत्ननाथ, २१.तारानाथ, २२.चन्दनाथ, २३.पिप्पलनाथ, २४. सुन्दरनाथ, २५. सरस्वतीनाथ, २६. प्रभुनाथ, २७. भावनाथ, २८.पाणिनाथ, २९.वीरनाथ, ३०.सपादनाथ, ३१.कायानाथ, ३२.गौरनाथ, ३३.खार्पूनाथ, ३४.खेचरनाथ, ३५.मण्डपनाथ, ३६.लौपिपादनाथ, ३७.ज्वालानाथ, ३८.प्रण्यपादनाथ, ३९.गम्भीरनाथ,४०. नागनाथ, ४१. ब्रह्मनाथ, ४२.रवेणनाथ, ४३.अडवंगनाथ, ४४. विरूपाक्षनाथ, ४५ मेरुनाथ, ४६. कुर्मनाथ, ४७.मल्लिनाथ, ४८.पूर्णमल्लनाथ, ४९.जोगरावलनाथ, ५०.अंगमरावलनाथ, ५१.शीलनाथ, ५२. शिवनाथ, ५३.मकरध्वजनाथ, ५४.गोविन्दनाथ, ५५.गहनीनाथ, ५६.निवृतिनाथ, ५७.ज्ञाननाथ, ५८.मुक्तिनाथ, ५९.सोपाननाथ, ६०.चाड्गदेवनाथ, ६१.विभाण्डकनाथ, ६२.भग्रभाण्डनाथ, ६३.याज्ञवल्क्यनाथ, ६४.चतुर्भुजनाथ, ६५.लक्ष्मणनाथ, ६६.भगवन्तनाथ, ६७.उपन्तनाथ, ६८.धीरजनाथ, ६९.शुकनाथ, ७०.वामनाथ, ७१.मार्कण्डेयनाथ, ७२.जलन्धरनाथ, ७३.कानिपानाथ, ७४.चडियानाथ, ७५. ब्रधनाथ, ७६. सारंनाथ, ७७.चोलनाथ, ७८.कपिलनाथ, ७९.मल्लिकानाथ, ८० विमलनाथ, ८१.पुण्यानन्दनाथ, ८२. स्वात्मनाथ, ८३. विश्वनाथ, ८४. आग्रनाथ (गोरक्षरत्न स्मारिका, पृ. १६६)।

बौद्ध परम्पराका चौरासी सिद्धका नामहरू -

१. गुरु लुहिपा, २. गुरु लिलापा, ३. गुरु विरूपा, ४. गुरु डोम्बिपा, ५. गुरु शबरीपा, ६. गुरु सरहपा ७. गुरु कङ्करिपा, ८. गुरु मिनपा, ९. गुरु गोरक्षपा, १०. गुरु चौरंगीपा, ११. गुरु वीणापा, १२. गुरु शान्तिपा, १३. गुरु तन्तिपा, १४. गुरु चमरिपा, १५. गुरु खड्गपा, १६. गुरु नागार्जुन, १७. गुरु कण्हपा, १८. गुरु कर्नरिपा, १९. गुरु थकनपा, २०. गुरु नरोपा, २१. गुरु श्यालिपा, २२. गुरु तिल्लिपा, २३.चत्रपा, २४. गुरु भद्रपा, २५. गुरु धुखन्धि, २६.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरु अजोगी, २७. गुरु कलपा, २८. गुरु धोबीपा, २९. गुरु कङ्कनपा, ३०. गुरु कम्बलपा, ३१. गुरु डिङ्गिपा, ३२. गुरु भन्धेपा, ३३. गुरु तन्तिपा, ३४. गुरु कुकुरीपा, ३५. गुरु कुचिपा, ३६. गुरु धर्मपा, ३७. गुरु महिलपा, ३८. गुरु अचिन्तपा, ३९. गुरु भवह (भवट्ठ), ४०. नलिपा, ४१. गुरु भुसुकुपा, ४२. गुरु इन्द्रभूति, ४३. गुरु मेकोपा, ४४. गुरु कोदलिपा, ४५. गुरु कम्परिपा, ४६. गुरु जालन्धरपा, ४७. गुरु राहुलपा, ४८. गुरु धर्मपा, ४९. गुरु धोकरिपा, ५०. गुरु मेधिनीपा, ५१. गुरु पङ्कजपा, ५२. गुरु घण्टापा, ५३. गुरु जोकिपा, ५४. गुरु चलुकपा, ५५. गुरु गोधुरिपा, ५६. गुरु लुचिकपा, ५७. गुरु नगुणपा, ५८. गुरु जयान्द, ५९. गुरु चपरिपा, ६०. चम्पकपा, ६१. गुरु भिक्षनपा, ६२. गुरु धिलिपा, ६३. गुरु कुम्बरिपा, ६४. गुरु चर्बरिपा, ६५. गुरु मणिभद्रापा, ६६. गुरु मेखलपा ६७. गुरु कनखला, ६८. गुरु किलि-किलपा, ६९. गुरु कन्तलिपा, ७०. गुरु बहुलिपा, ७१. गुरु उडिलिपा, ७२. गुरु कपालपा, ७३. गुरु किरपालपा,७४. गुरु सागरपा, ७५. गुरु सर्वभक्ष, ७६. गुरु नागबोधि, ७७. गुरु दारिकपा, ७८. गुरु पुतलीपा, ७९. गुरु पनहपा, ८०. गुरु कोकिलपा, ८१. गुरु अनङ्गपा, ८२.लक्ष्मीकर, ८३. गुरु समुद्रपा, ८४. गुरु व्यालिपा (चौरासी सिद्धों का वृत्तान्त, पृ. ९-१२) ।

नाथसम्प्रदायका १२ पन्थ, प्रवर्तक, स्थान र प्रदेश-

क्र.सं.	नाम	मूल प्रवर्तक	स्थान	देश/प्रदेश	विशेष
१	सत्यनाथी	सत्यनाथ	पाताल भुवनेश्वर	उडिसा	सत्यनाथ स्वयं ब्रह्माको नै नाम हो त्यसैले यी मानिसहरू ब्रह्मको योगी कहलाउँछन् ।
२	धर्मनाथी	धर्मराज युधिष्ठिर	दुल्लुदैलेख	नेपाल	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३	रामपन्थ	श्रीरामचन्द्र	चौक तप्पे पंचौरा	गोरखपुर (उत्तरप्रदेश)	वर्तमानमा यी मानिसहरू गोखरपुरको स्थानलाई नै आफ्नो स्थान मान्दछन् ।
४	नटेश्वरी	लक्ष्मण	गोरखटीला	झेलम (पंजाब)	यसका दुई शाखाहरू छन्-नाटेश्वरी र दरियापन्थी
५	कन्हड	गणेश	मानफरा	कच्छ	
६	कपिलानी	कपिल मुनि	गंगासागर	बंगाल	वर्तमानमा कोलकाता (दमदमनजिक गोरखवंशी यिनको स्थान हो ।
७	वैरागपन्थ	भर्तृहरि	राताढूंढा	पुष्करको नजिकअजमेर	
८	माननाथी	गोपीचन्द	टाई	जिला सीकर (राज)	वर्तमानमा जोतपुरको महामन्दिर मठ नै यस पन्थको मुख्य स्थान हो ।
९	आईपन्थ	भगवती विमला	जोगी गुफा वा गोरख कुंई	बंगालको दिनजपुरमा	
१०	पागलपन्थ	चौरंगीनाथ (पुरनभगत)	अबुहर	पंजाब	
११	धजपन्थ	हनूमान्जी			
१२	गंगानाथी	भीष्म पितामह	जखबार	गुरदासपुर (पंजाब)	

(सिद्धसिद्धान्तपद्धति, पृ. ५९-६०) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाथपरम्परा र नारीः

नाथ शब्द पुलिंगी शब्द हो । नाथ परम्परामा नारीले पनि दीक्षित हुने र जनै (शिवसूत्र/ब्रह्मसूत्र) लगाउन पाउने व्यवस्था रहेको छ (योगी बलभद्रनाथ महाराजसँगको संवादबाट) । नवनाथमध्ये उदयनाथ स्वयम् माता पार्वती भएकाले पनि नाथपरम्परामा नारीको सम्मान र भूमिका समान र सम्मानजनक देखिन्छ ।

नाथपरम्परामा दीक्षित नारीलाई सम्बोधन गर्ने क्रममा नाथजी महाराज वा नाथजी भनेर सम्बोधन गर्ने गरिन्छ। नारी नाथलाई स्त्रीलिंगी सम्बोधन गर्ने गरिँदैन। यसबाट पनि नाथ परम्परामा नारीको स्थान पुरुष नाथसरह रहेको छ। धार्मिक क्षेत्रमा यस खालको समानता अन्यत्र बिरलै देख्न पाइन्छ।

उपसंहारः

नाथपरम्पराका बारेमा अध्ययन गर्दा नाथपरम्परामा रहेका पद्धतिहरूका बारेमा सतही बुझाइका कारण सही सूचना सम्प्रेषण हुन नसकेको भान हुन्छ। खासगरी भारतीय नाथ साहित्यमा नाथपरम्परालाई भारतीयकरण गर्ने अति राष्ट्रवादी चिन्तनका कारण पनि कैयौं तथ्यहरू बङ्ग्याइएका भेटिन्छन्।

गहन अध्ययन र अभ्यासविना नै कुनै पनि धर्म, संस्कृति, सम्प्रदाय, परम्परा, विधि र पद्धति आदि विषयको बारेमा दिइने सूचनाहरू सही हुन्छन् भन्न सकिँदैन। यसर्थ यस विषयमा हामी सबै सचेत हुनु जरुरी देखिन्छ। नाथपरम्पराका बारेमा दीक्षित, अभ्यासी र अध्येताहरूकै हातबाट नाथपरम्परा र पद्धतिको बारेमा लेखिने हो भने नाथका बारेमा सत्य तथ्य र आधिकारिक जानकारी बाहिर आउने आशा गर्न सकिन्छ।

नव नाथ र चौरासी सिद्धका बारेमा नाथपरम्परा र बौद्ध परम्परामा रहेका समानताहरूको खोजी हुनु जरुरी छ किनभने दुवै परम्परामा सिद्धहरूको सङ्ख्या समान देखिन्छन्। साथै केही सिद्धका नामहरू पनि समान रहेको पाइन्छन्। नेपाली नाथपरम्पराका बारेमा अध्ययन गर्दा यस परम्परासँग सम्बद्ध तथ्य र तथ्याङ्कहरू सही ढङ्गले सम्प्रेषण गर्न, गराउन र त्यसलाई बुझ्न जरुरी देखिन्छ। यस कुराप्रति सबैको ध्यान जानु आवश्यक छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भसामग्रीः

१. शर्मा (नेपाल), वसन्तकुमार, (२०७१), शब्दार्थ नेपाली शब्दसागर, काठमाडौँ, शब्दार्थ प्रकाशन

२. नवलजी, (सन् २०१३), नालन्दा विशाल शब्दसागर, नइ दिल्ली, आदीस बुक डिपो ।

३. योगी बलभद्रनाथजी महाराजसँगको अन्तर्वार्ता (२०७६।११।१५) ।

४. शर्मा, कृष्णचन्द्र, (२०७६), नेपालमा नाथ योगदर्शनको परम्परा, काठमाडौं, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

५. योगी, नरहरिनाथ, (२०२५) नव नाथ चौरासी सिद्ध, नाथ–महिम्न स्तोत्र, योगमाया, काठमाडौं, सिद्धाचल, मृगस्थली ।

६. ज्ञवाली, अर्जुन, (२०७६), महायोगी गुरु गोरखनाथ अवतरण र नेपाल एकीकरण, काठमाडौं, ब्रदर्स बुक्स ।

७. सिद्ध रतननाथ मठ, (२०७६), चौरासी सिद्धहरूको सूचि, गोरक्षरत्न स्मारिका दाङ ।

८. दोर्जी, सेम्पा, (सन् १९९८), चौरासी सिद्धोंका वृत्तान्त, सारनाथ, केन्द्रिय उच्च तिब्बती शिक्षा संस्थान

९. योगी, सिंहनाथ, (२०७७), सिद्धसिद्धान्तपद्धति, काठमाडौं, इन्डिगो इन्क प्रा.लि.

RAJENDRA RAJ KATHAYAT
Proprietor

Janaki Printers (Chhapakhana)
(a total printing solution, since 1993)

Old Baneshwor, Kathmandu, Nepal
01-4592898
+977 9851219204, 9841219204
janaki.printers@gmail.com

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तन्त्रको सैद्धान्तिक परम्परामा नाथतन्त्र

–प्रा. डा. कृष्णचन्द्र शर्मा *

विषय प्रवेश

प्रत्येक विषयको उद्देश्य, औचित्य र आधार त्यसको सैद्धान्तिक परम्परामा निहित रहेको हुन्छ। अन्य विषयको जस्तै तन्त्रशास्त्रका पनि लामो र समृद्ध सैद्धान्तिक परम्परा रहेको छ। यस लेखमा मुख्य तन्त्रहरूमध्एका शाक्त तन्त्र, शैव तन्त्र र खासगरी नाथतन्त्रको सैद्धान्तिक परम्पराबारे सङ्क्षेपमा चर्चा गरिने छ। भारतको आसाम, बंगाल, कश्मीर, मिथिला क्षेत्र र नेपालका शक्ति पीठहरू भैरवका मन्दिरहरू र वज्रयानी बौद्धका गुम्बाहरू तन्त्रसाधनाका क्षेत्र मानिन्छन्। यसका साथसाथै विविध तन्त्रशास्त्रका ग्रन्थहरू पनि यहीँ उपलब्ध हुन्छन्। शिव पार्वतीबीचको संवाद अथवा शिवको उग्ररूप भैरव र पार्वतीको उग्ररूप भैरवीबीचको संवाद नै तन्त्रको मुख्य स्रोत मानिन्छ।

नाथहरूले आफूलाई शिवका योग अवतार गोरखनाथका अनुयायी भएकाले शैव भएको दावी गर्दछन् भने दशनामी शैवहरूले नाथहरूलाई कौल सिद्ध परम्पराका महायोगी मच्छेन्द्रनाथको कौल तन्त्रलाई पूर्णरूपमा परित्याग नगरेकाले, काठमाडौंमा नेवार समुदायका जात्राहरूमा र विभिन्न भैरव मन्दिरमा चक्रपूजा गर्ने हुनाले नाथहरू खास शैव नभएर तान्त्रिक परम्पराका योगी मान्दछन्। नाथहरूको तन्त्र पनि कश्मीर शैव परम्परा र अन्य शैव तन्त्रभन्दा अलि फरक रहेको मानिन्छ। यस सन्दर्भमा नाथतन्त्रको सैद्धान्तिक परम्पराका आधारमा यसको वास्तविकता केलाउने प्रयास गरिने छ।

तन्त्र शब्दको वैशिष्ट्य

तत्रि धातुमा घञ् प्रत्यय लगाएर तन्त्र शब्द बन्दछ। वाचस्पत्यम् कोश ग्रन्थले तन्त्रका २० अर्थ दिएको छ भने वामन आप्टेको संस्कृत हिन्दी कोशमा यसका २८ अर्थ दिइएको छ। लीलाधर शर्माको भारतीय संस्कृति कोशले तन्त्रलाई परिभाषित गर्दै भनेको छ

---

* पूर्व विभागिय प्रमुख, अंग्रेजी केन्द्रीय विभाग, त्रि.वि.वि.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"ज्ञानको विस्तारलाई तन्त्र भनिन्छ। यसले साधकको प्राणको रक्षा गर्दछ त्यसो भएर पनि यसलाई तन्त्र भनिएको हो।" तन्त्रको शाब्दिक अर्थ जसले ज्ञानको विस्तार गर्दछ (तन्यते विस्तार्यते ज्ञानम् अनेन इति तन्त्र)। विभिन्न शब्दकोषले तन्त्रलाई सिद्धान्त, श्रुतिशाखा, इतिकर्त्तव्यता, प्रबन्ध र शास्त्र विशेष भनेका छन्। हरप्रसाद शास्त्रीले तन्त्रको अर्थ सङ्क्षेपीकरण हो भनेका छन्। तन्त्रमा लामा मन्त्रहरूलाई छोटा पारेर बीजमन्त्रका रूपमा जप गरिन्छ। बीजमन्त्र तन्त्रको विशिष्टता हो भनेका छन्। हिन्दुपुराण र स्मृति ग्रन्थहरूले चार युगका लागि अलग अलग पूजा विधि किटान गरेका छन्। जस अनुसार सत्ययुगलाई वैदिक पूजा विधि, त्रेताका लागि स्मार्त पूजाविधि, द्वापरका लागि पौराणिक पूजाविधि र कलियुगका लागि तान्त्रिक पूजाविधि प्रभावकारी मानिन्छ। कलियुगका मानिसले तन्त्रबारे जान्न जरुरी देखिन्छ।

तन्त्रको वैदिक आधार

ऋग्वेदको दशम मण्डलको १२५ औं सूक्त जसलाई वागम्भृणीसूक्त भनिन्छ जसमा जगदाधार अम्बिकाको महिमा वर्णन रहेको छ। त्यसैगरी दशम मण्डलको १२७ औं रात्रिसूक्त, १४६ औं अरण्यानी (वनदेवी) सूक्त, १५९ औं शचीसूक्तहरूमा ज्ञानशक्ति, योगमायारूपी निद्राशक्ति, प्रकृतिशक्ति, इन्द्राणी आदि देवीहरूको चर्चा पाइन्छ। ऋग्वेदसंहिता, ब्राह्मण, आरण्यक र उपनिषद्मा छओटी देवीहरूको चर्चा पाइन्छ। ती हुन्: अदिति, मही, इला, सरस्वती, सरमा र दक्षिणा देवी। यी छओटी देवीहरू नै संसारका सबैखाले शक्तिको आधारका रूपमा पाइन्छ। तन्त्रको परम्परा पछि विकसित भयो। सबैखाले तन्त्रमा शक्तिस्वरूपा, मातृरूपा देवीको भूमिका अति महत्त्वपूर्ण रहेको छ। देवीको महत्त्व ऋग्वेदबाट नै स्थापित भएको पाइन्छ। तन्त्रलाई अभिचार कर्मसित जोड्ने पछिल्लो कमको सम्बन्ध पनि अथर्ववेदका शान्तिक पौष्टिक मन्त्रहरू र अभिचार कियासम्बन्धी मन्त्रहरूसित जोडिन्छ। यसरी समस्त तन्त्रको आधारभूमि वेदमा पाइन्छ।

वेदान्तका रूपमा स्वींकार गरिएको उपनिषद्मा पनि देवीको महत्त्व स्पष्ट रूपमा देख्न पाइन्छ। उदाहरणका लागि केनोपनिषद्। यसको तेस्रो खण्डमा देवताको अभिमान तोड्न एउटा यक्ष देखा पर्छ। सर्वप्रथम अग्नि त्यस यक्षको नजिक जान्छन् र आफूलाई जातवेदका रूपमा परिचय दिँदै सबै वस्तु जलाउन सक्ने क्षमता भएको परिचय दिन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जब यक्षले एउटा घासको टुक्रा उनका अगाडि राखेर त्यसलाई जलाउन भन्छ तर अग्निले जति प्रयास गरे पनि त्यो टुक्रा बल्दैन र अग्नि त्यो यक्षको परिचय न थाहा नपाई फर्किन्छन्। त्यसपछि वायु जान्छन् र आफूलाई मातरिश्वाका रूपमा संसारमा रहेका सबै वस्तु उडाउन सक्ने क्षमता भएको परिचय दिन्छन्। जब यक्षले एउटा घासको टुक्रा उनका अगाडि राखेर त्यसलाई उडाउन भन्छ तर वायुले जति प्रयास गरे पनि त्यो टुक्रा डगमगाउँदैन, अलिकति पनि हल्लिँदैन र वायु पनि त्यस यक्षको परिचय नजानी फर्किन्छन्। अन्त्यमा देवताका तर्फबाट त्यस यक्षको जानकारी लिन इन्द्र जान्छन्। उनी त्यहाँ जाँदा यक्षका ठाउँमा हिमालयपुत्री सुन्दरी कन्या उमा (हैमवती) त्यहाँ उपस्थित हुन्छिन्। इन्द्रले यक्षका बारेमा जान्न खोज्दा उनी भन्छिन् के भन्छिन् भने त्यो यक्ष अरू कोही न भएर साक्षात् ब्रह्म हुन्। यसरी देवतामध्ये सर्वप्रथम ब्रह्मबारे इन्द्रलाई प्रत्यक्ष जानकारी दिएको देवीले हो। अग्नि र वायुले ब्रह्मलाई नचिने पनि उसका नजिक पुगेका हुन्। त्यसैले देवताहरूमध्ये इन्द्र, अग्नि र वायुको स्थान अग्रणी रहेको हो। देवता र ब्रह्मबीचको सेतु पनि देवी हुन्। सबै तन्त्रहरूमा मातृरूप देवीको प्रमुख स्थान पाइन्छ।

कतिपय विद्वान्ले तन्त्रविद्या चीन तिब्बतबाट नेपाल हुँदै भारतमा प्रवेश गरेको हो भन्ने मान्यता अघि सारेका छन्, खासगरी *कुब्जिकातन्त्र*काबारेमा यस्तो भनाइ रहेको छ। तर पी बी काँणेले यस विषयलाई स्पष्ट पारेका छन्। उनी भन्छन्, केही प्रभाव चीन र तिब्बतबाट परे होला तर तन्त्रको अभ्यास हिन्दु तथा बौद्ध समाजमा धेरै पहिलादेखि हुँदै आएको हो। भागवतपुराण, देवी भागवत, कालिकापुराण, मार्कण्डेयपुराण, विष्णुपुराणमा शक्तिसाधनाका बारेमा विशद चर्चा पाइन्छ।

तन्त्रसाधनाको विकासका बारेमा क्षेत्रगत भूमिकाका बारेमा एउटा श्लोक प्रसिद्ध छ।

गौडे प्रकाशिता विद्या मैथिलैः प्रबलीकृता।
क्वचित् क्वचिन्महाराष्ट्रे गुर्जरे प्रलयं गता।

गौडदेश भनेको बंगालको क्षेत्र, तन्त्रको विकासमा बंगालको प्रमुख स्थान रहेको छ। शाक्त तन्त्रको शास्त्र र साधना दुवैको विकास बंगाल, आसाम र नेपालमा भएको पाइन्छ। शैव तन्त्रका शास्त्र र साधना दुवैको विकासमा कश्मीर र दक्षिण भारतको प्रमुख स्थान रहेको देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तन्त्रशास्त्रको संख्याका बारेमा अनेका मतमतान्तर रहेका छन् । केही उल्लेख्य मतको विवरण निम्नानुसार रहेको छ । शंकराचार्यको *सौन्दर्यलहरी*को ३१ औँ श्लोकमा ६४ तन्त्रको प्रसङ्ग पाइन्छ । वीणाशिखतन्त्रले पनि ६४ तन्त्रको कुरा गरेको छ । रथकान्ता, अश्वकान्ता र विष्णुकान्ता तीनखाले तन्त्र रहेका छन् र तिनमध्ये प्रत्येकका ६४ तन्त्र रहेको मानिन्छ ।

तन्त्रको वर्गीकरण

तन्त्रलाई धार्मिक पृष्ठभूमिका आधारमा हिन्दु, बौद्ध,जैन तन्त्रका रूपमा वर्गीकरण गरको पाइन्छ । हिन्दु तन्त्रलाई फेरि शाक्त, शैव, सौर, गाणपत्य र वैष्णवगरी पाँच भागमा विभाजन गरिएको छ । केही विद्वान्ले शाक्तका तन्त्रग्रन्थलाई तन्त्र, शैवतन्त्रलाई आगम र वैष्णवको तन्त्रलाई संहिता भनेका छन् । तन्त्रशास्त्रलाई आगम, यमल, डामर र तन्त्र गरी विभाजन गरेको पनि पाइन्छ । तन्त्रको अर्को वर्गीकरण रथक्रान्त, अश्वक्रान्त (गजक्रान्त) र विष्णुक्रान्त हो ।

शिवका पाँच मुख दश शिवागम, १८ रुद्रागम र ६४ भैरवागमका स्रोत मानिन्छन् । शाक्त तन्त्र ऋग्वेदसंहिताको तृतीय मण्डलमा वर्णित गायत्रीदेवी र उनको साधनासित जोडिन्छ । वागम्भृणी देवी, सरस्वतीदेवी, अदिति देवी, भारती देवी र देवी सूक्तसित पनि गाँसिन्छ ।

शाक्त तन्त्रअन्तर्गत दश महाविद्या पर्दछन् । ती हुन्ः काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगलामुखी, मातंगी र कमला ।

शाक्त तन्त्रलाई कादि (क संकेतात्मक) हादि (ह संकेतात्मक) र कहादि (क र ह संकेतात्मक) र सादि (स संकेतात्मक) भनी *बह्वृचोपनिषद्*मा भनिएको छः

सैषा पराशक्ति कादि विद्यते वा हादि विद्यते वा सादि विद्यते ।

शाक्त तन्त्रलाई कालीकुल र श्रीकुल गरी दुइ भागमा बाँडेको पनि पाइन्छ । स्रोतका आधारमा तन्त्रलाई दक्षिण, वाम र मिश्र गरी वर्गीकरण गरेको पाइन्छ । तिनले शिवका तीन शक्तिलाई वा सत्त्व, रज र तम गुणलाई प्रतिनिधित्व गर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बौद्ध तन्त्रलाई वज्रयान, सहजयान र कालचक्र गरी तीन भागमा बाँडेको पाइन्छ। तन्त्रशास्त्रका तीन भेद मानिन्छः आगम, यामल र तन्त्र।

आगम, यामल र तन्त्रको लक्षण र विषयवस्तु

आगमको लक्षणः *योगिनी तन्त्र र वाराही तन्त्र*का अनुसार सात लक्षण भएको आगमः सृष्टि, प्रलय, देवपूजा, साधनरूपमा पुरश्चरण र षट्कर्मसाधन र चार प्रकारका ध्यान।

यामलका लक्षणः सृष्टितत्त्व, ज्योतिषको वर्णन, नित्यकर्म, क्रमसूत्र, वर्णभेद र जातिभेद र युगधर्म।

तन्त्रको लक्षणः उपर्युक्तबाहेक तीर्थ, आश्रमधर्म, पुराणाख्यान, स्त्रीपुरुष लक्षण, राजधर्म, दानधर्म, युगधर्म, आध्यात्मिक विषय वर्णन रहेको तन्त्र। तन्त्रको विषयवस्तुको क्षेत्रलाई चार भागमा बाँड्न सकिन्छ। ती हुन् ज्ञान, योग, क्रिया र चर्या।

कतिपय तन्त्रले रोग र त्यसको उपचारका बारेमा चर्चा केन्द्रित गरेका छन् जस्तै *कुमारतन्त्र*। *साम्राज्यलक्ष्मी पीठिका*ले राजनीति र शक्तिका बारेमा मात्र कुरा गर्छ भने *रसार्णवतन्त्र*ले रसायनको महत्त्वको मात्र चर्चा गर्छ।

तन्त्रले मानवलाई जीवन्मुक्तिको मार्ग देखाउँछ। भोग र मोक्ष दुवै तन्त्रबाट मात्र साध्य छन्। वेदान्तले मोक्षमात्र साध्य मान्छ भने मीमांसकहरू साधनामा मात्र सीमित हुन्छन्।

तन्त्रशास्त्रमा गुरु, दीक्षा, अभिषेक, मुद्रा, बीजमन्त्र, मण्डल, यन्त्र, न्यास, आचार र सिद्धिको धेरै ठूलो महत्त्व रहेको छ। गुरु, दीक्षा र सिद्धिका बारेमा गोरखनाथको *सिद्धसिद्धान्तपद्धति*को छैठौँ अध्याय अति महत्त्वपूर्ण रहेको छ।

तन्त्रकोविषयसहजरसरलछैन।योअतिगहनजटिलरविरोधाभासपूर्णरहेकोछ।तन्त्रके हो ? यसको वर्तमान समयमा के महत्त्व छ ? सुन्दा सरल लाग्ने यिनको उत्तर सहज छैन। तन्त्रभित्र विविध प्रकारका हिन्दु, बौद्ध र जैन समुदायका भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका, नेपाल, तिब्बत, भुटान, चीन, जापान, मंगोलिया र दक्षिण पूर्वका अन्य क्षेत्रहरू,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वी एशियाका क्षेत्रहरूमा प्राप्त ग्रन्थ, परम्परा, अभ्यासहरू जसमा विभिन्न सम्प्रदायहरू जस्तै पञ्चरात्र, सहजिया, पाशुपत, कापालिक, कौल, क्रम, त्रिक, शाक्त, नाथ, श्रीविद्या, पश्चिमाम्नाय आदि पर्दछन्, ती सबैलाई बुझ्नुपर्दछ (अर्बन, २०१० पृ.४)।

तान्त्रिज्म भन्ने शब्द पश्चिमाहरूले बीसौँ शताब्दीमा प्रयोग गरेका हुन्। यो पश्चिमा डिस्कोर्स (परिसंवाद)को अंग हो। यसमा बाइनारिटीको अवधारणा प्रमुख छ। त्यो हो यूरोपीय वा पाश्चात्त्य उत्कृष्टता बौद्धिकता, सुसभ्यता र सुसंस्कृति र त्यसको ठीक उल्टो कम बौद्धिक र बढी आवेगात्मक, निर्दयी, पाशविक परम्परा भएका एशियाली, अफ्रिकी र दक्षिणी अमेरिकाका मानिसहरू, त्यहाँका सभ्यता र सांस्कृतिक परम्परा। त्यसै अन्तर्गत तन्त्रलाई व्यक्तिवादी यौनिक सन्तुष्टिका रूपमा, सम्भोग साधनाका रूपमा प्रचारप्रसार गरियो। तन्त्र पश्चिमाको आँखामा मेकडोलाल्डको उपभोग्य वस्तुजस्तै बनाइयो। यसरी यसको आध्यात्मिक साधनाको पक्षलाई पूर्णरूपमा उपेक्षा गरेर पश्चिमा जगत्मा यसलाई गलतरूपमा प्रस्तुत गरियो। यो त पाश्चात्त्य पूँजीवादमा विकी वितरण बजारु सामान बन्यो (कुरियान्स्की २००२,भ्याल साम्पसन् २००३, मार्क ए माइकेल २००८)। रामकृष्ण परमहंसको जीवनलाई समेत कृपाल (१९९८)ले तान्त्रिक र यौन दुरुपयोग गरेका व्यक्तिका रूपमा प्रचार गरियो। यस पाश्चात्त्य कुप्रचारको मलहोत्रा (२००२, २००४, २००८) पण्डिता इन्द्राणि (२००७)ले यो हिन्दुशास्त्रको गलत प्रतिनिधित्व गराएकोमा कडा प्रतिवाद गरेका छन्। यो सब हिन्दुप्रतिको नकारात्मक दृष्टिकोणको परिणाम हो भनेका छन्।

यहाँनेर एउटा स्मरणीय कुरा पश्चिमा विद्वान्हरूलाई सबैभन्दा बढी हिन्दु,बौद्ध र जैन साहित्यमा अचम्म पारेको साहित्य तन्त्र नै हो र साथसाथै सबैभन्दा बढी गलत प्रचार प्रसार भएको (मिस्रेप्रेजेन्टेशन) विषय पनि हो। केही पाश्चात्त्य विद्वान्हरू जसले गम्भीरतापूर्वक तन्त्रको अध्ययन गरे तिनको योगदानलाई कदर गर्नै पर्छ। ती हुन् अर्बन् हग् बी (१९९९, २००१, २००३ र २००८), ह्वाइट डेभिड् गर्डन २०००, २००३, २००५) अर्थर एभालन् (जोहन वुडरूफ, १८ तन्त्रको अंग्रेजी अनुवाद, तन्त्रमा आधारित शब्दकोष, शैव तन्त्र र शाक्त तन्त्रसम्बन्धी अन्य ३ पुस्तक), तिउन गोर्डेरियन (१९७९, १९८१, १९९०)आन्द्रे पाडक्स (१९९०, १९९४, वालिस क्रिस्टोफर (२०१३)।

भारतमा बीसौँ शताब्दीमा तन्त्रका बारेमा गम्भीररूपले कलम चलाएका विद्वान् र साधक गोपीनाथ कविराज हुन्। उनले शाक्ततन्त्र र नाथतन्त्र परम्परा र तिनका साधनाका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बारेमा लेखेका छन् । नेपालमा तन्त्रका बारेमा सबैभन्दा धेरै काम गरेको धनशम्शेर जबराले हो । उनका कृतिहरू सहजरूपमा बजारमा उपलब्ध छैनन् तर यस पंक्तिकारले उनका कृतिहरू पढ्ने मौका पाएको छ ।

तन्त्रशास्त्र आगम परम्परामा पर्दछ भने वैदिक साहित्य निगम परम्परा । मन्त्र,यज्ञ, ह्वन दुवै परम्परामा उत्तिकै महत्त्वपूर्ण मानिन्छ । वैदिक साहित्यमा क्रमश द्रव्ययज्ञ (समिधा, चरु, घिउ र पशु अंश) घट्दै गएको देखिन्छ । ब्राह्मणग्रन्थमा द्रव्ययज्ञको प्राधान्य (*शतपथ ब्राह्मण, गोपथ ब्राह्मण*), आरण्यकमा उपासना वा प्रार्थना र ध्यानको प्राधान्य र उपनिषद् मा ज्ञानको प्राधान्य रहेको पाइन्छ । यी सबै चरणलाई *भगवद्गीता*ले स्पष्टरूपमा वर्गीकरण गरेर देखाएको छ । द्रव्ययज्ञ, तपोयज्ञ, योगयज्ञ, स्वाध्याययज्ञ (४:२८) र ज्ञानयज्ञ नै सर्वोत्कृष्ट हो (४:३३) किनभने सबै कर्म र साधना ज्ञानमा गएर टुङ्गिन्छन् । यसरी भगवद् गीताले वैदिक साहित्यको ब्राह्मण ग्रन्थ, आरण्यक ग्रन्थ र उपनिषद् ग्रन्थहरूले द्रव्ययज्ञ हुँदै ज्ञानयज्ञ तर्फको विकासकमलाई सङ्क्षेपमा प्रस्तुत गरेको छ । सङ्क्षेपमा भन्दा गीता हिन्दुशास्त्रहरूको सार ग्रन्थ हो ।

निगमशास्त्रको द्रव्ययज्ञ आगमशास्त्रमा या तन्त्रमा घनीभूतरूपमा काम्य कर्मफल प्राप्तिका लागि प्रयोग भएको पाइन्छ । विशेष गरेर ६४ योगिनीपूजामा यो कुरा स्पष्ट हुन्छ । नेपाल राजकीय पुस्तकालयमा रहेको राजा त्रिभुवन, चन्द्रशम्शेर प्रधानमन्त्री र हेमराज राजगुरुका आदेशले भोजराज शर्माले वि.सं १८८३मा लेखेको वीणाशिखातन्त्रले ६४ योगिनीको शक्तिलाई ५ देवी शक्तिमा निहित पारेको छ । ती हुन् जया, विजया, अजिता, अपराजिता र तुम्बुरु । जयालाई भूमि, ब्राह्मणीका रूपमा, विजयालाई क्षत्रिय जलका रूपमा, अजितालाई वैश्य तेजका रूपमा, अपराजितालाई शूद्र वायुका रूपमा र तुम्बुरु शून्य निर्गुण आकाशका रूपमा प्रस्तुत गरिएको छ ।

तन्त्रसाधनाको सिद्धिमा बीजमन्त्र, मुद्रा, कवच, ध्यान, अङ्गन्यासको प्रयोगको ठूलो महत्त्व रहन्छ । गायत्री मन्त्रका बारेमा *देवीभागवत पुराण*को द्वादश स्कन्धको प्रथम छ अध्यायमा विस्तृत विवरण पाइन्छ । पहिलो अध्यायमा २४ अक्षरका २४ छन्द र २४ देवता, दोश्रो अध्यायमा गायत्री मन्त्रका २४ शक्तिहरू, २४ वर्ण (रंगहरू), २४ तत्त्वहरू र २४ मुद्राको विवरण रहेको छ । ती २४ मुद्रा हुन्ः सुमुख, सम्पुट, वितत, विस्तृत,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्विमुख, त्रिमुख, चतुर्मुख, पञ्चमुख, षण्मुख, अधोमुख, व्यापाकाञ्जलि, शकट, यमपाश, ग्रथित, सन्मुखान्मुख, विलम्ब, मुष्टिक, मत्स्य, कूर्म, वराह, सिंहाक्रान्त, महाक्रान्त, मुद्गर तथा पल्लव । यसबाहेक त्रिशूल, योनि, सुरभि, अक्षमाला, लिङ्ग र अम्बुजलाई गायत्री महामुद्रा भनिएको छ । यसरी २४+ ६=३० मुद्राहरूको विवरणले धेरै मात्रामा तन्त्रमा प्रयोग गरिने मुद्राबारे प्रकाश पार्छ । तेश्रो अध्यायमा ध्यान र कवचका बारेमा र चौथो अध्यायमा अङ्गन्यासका बारेमा र पाँचौँ अध्यायमा विभिन्न समयमा देवीका विभिन्न रूप र तिनको आराधनाका बारेमा रहेको छ भने छैठौँ अध्यायमा गायत्री सहस्रनामस्तोत्र रहेको छ । यस विवरणले मोटामोटी शाक्त तन्त्रको सारलाई खिचेको देखिन्छ । शाक्त तन्त्रपरम्परा नै तन्त्रको मूल आधार हो । यसमा धेरै तन्त्र ग्रन्थहरू छन् । दश महाविद्या दश देवीलाई प्रतिनिधित्व हुनेगरी लेखिएका छन् । त्यसमध्ये प्रतिनिधित्व गर्ने मुख्य ग्रन्थहरू कालिकापुराण, देवीपुराण, मार्कण्डेयपुराण (मा.पु.बाट दुर्गा माहात्म्य, दुर्गा सप्तशती (चण्डी) माहात्म्य, योगिनी तन्त्र र कौलज्ञाननिर्णयलाई मानिन्छ ।

तन्त्रको विकासक्रम

भारतको आसाम राज्य र बंगाल राज्यमा शाक्त तन्त्रसाधनाको विकास भएको पाइन्छ र त्यसमा द्रव्ययज्ञको प्रधानता छ । मारण, वशीकरण, उच्चाटनको साधना प्रमुख देखिन्छ । आसाम र बंगालपछि शैव तन्त्रको साधना र विकास भएको स्थान भारतको कश्मीर क्षेत्र हो । यहाँ मुख्यरूपमा शैव तन्त्र विकास भएको पाइन्छ । कश्मीरी शैव तन्त्रमा शान्ति र पौष्टिक कर्म, प्रार्थना र योग एवं ध्यान साधनाको प्राधान्य देखिन्छ । कश्मीर शैव तन्त्रका प्रमुख व्यक्तित्व अभिनवगुप्त हुन् । उनको तन्त्रालोक तन्त्रशास्त्रको बृहत् ग्रन्थ हो । कश्मीर शैव परम्पराको अर्को प्रतिनिधि ग्रन्थ विज्ञानभैरवतन्त्र हो । यसमा ११२ तरिकाले मनलाई अन्तर्मुखी बनाएर ध्यान गर्न सिकाइएको छ । कश्मीर शैव तन्त्रका धेरै ग्रन्थहरूमध्ये विज्ञानभैरव र तन्त्रालोकलाई मुख्य ग्रन्थ मानिन्छ ।

जसरी आसाम र बंगालको रक्तप्रधान तन्त्रसाधना कश्मीरमा गएर मुख्यरूपमा योग र ध्यानकेन्द्रित तन्त्रसाधना बन्यो त्यसैगरी मच्छेन्द्रनाथको कौल तन्त्रसाधना पञ्चमकारको प्रयोग, पशु द्रव्यप्रधान हवन र जप, पञ्चपवित्राको प्रयोग योगी गोरखनाथमा पुग्दा योगप्रधान तन्त्रमा परिणत भयो । पञ्चमकारको यौगिक व्याख्या *सिद्धसिद्धान्तपद्धतिमा* स्पष्ट शब्दमा पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाथतन्त्र कौलसाधनाको प्राधान्यबाट योगसाधनाको प्राधान्यमा परिणत भयो। भारतको नाथसम्प्रदायका केन्द्रहरूमा यही रूपान्तरण स्पष्टरूपमा देख्न सकिन्छ चाहे त्यो गोरखपुरको गोरखमन्दिर या हरियाणाको बोहस्थल, कर्नाटकको कादरीमठ, बनारसको गोरखटीला, पञ्जाब, जम्मु कश्मीरको गोरखनाथ केन्द्र र हरिद्वारको बारहपन्थ नाथ मठ। तर नेपालको नाथसाधना, पूजापरम्परामा शाक्त तन्त्रको प्रभाव केही मात्रामा अझै पनि बाँकी देखिन्छ। त्यसको कारण मच्छेन्द्रनाथको साधनाले नेपाली समाजमा उच्च स्थान पाउनु, उनलाई बौद्धमार्गीहरूले अवलोकितेश्वरका रूपमा स्थापित गर्नु हो। नाथयोगीहरूले नेवार समुदायले निकाल्ने जात्राहरूमा चक्रपूजा गर्नु र नेपालका भैरव मन्दिरहरूमा चक्रपूजा गर्नु र ती पूजाहरूमा बलि र मदिराको प्रयोग हुनु। उदाहरणका लागि फर्पिङको हरिसिद्धिको जात्रा। नेपालमा चक्रपूजा हुने स्थानहरूको लामो सूची पाइन्छ (ज्ञवाली २०७६, पृ.२६८ देखि २७०)।

नाथदर्शन र साधना शैव सम्प्रदायकै एउटा शाखा भए पनि तन्त्रसित जोडिएका कारण शैव र वैष्णव परम्पराका साधकले नाथ सम्प्रदायलाई अलि फरक ढङ्गले हेरेको पाइन्छ। दाङमा रहेको रत्ननाथ मठ, चौघेरामा अहिले पनि नित्यरूपमा रातभर पात्रदेवता, ललितासुन्दरी र भैरवको पूजा तन्त्रविधिले गरिन्छ।

कामाख्या शक्तिपीठ र कौल योगिनी शाक्त तन्त्र

दक्षिण एशियामा तन्त्रको विकास शक्तिपीठहरूसित जोडिएको छ। शक्तिपीठको सङ्ख्याका बारेमा विभिन्न मतहरू रहेका छन्। कति पुराण र तन्त्रले चार शक्तिपीठ, कतिले ५, कतिले ५१, कतिले १०८ र त्यसभन्दा पनि बढी शक्तिपीठ मानेका छन्। डी सी सरकारको *शाक्तपीठ* (पृ.१४), *हेवज्रतन्त्र* (१.७.१२)मा मुख्यरूपमा चार शक्तिपीठको विवरण पाइन्छ। ती हुन्: कामाख्या, उड्डीयान, पूर्णगिरि र जालन्धर। *कालिकापुराण* (१८: ४१-७)मा सती देवीको मृत शरीरबाट कुन भाग कहाँ खस्यो र त्यस ठाउँमा कुन शक्तिपीठ बन्यो भन्ने बारेमा विस्तृत विवरण पाइन्छ। सती देवीको शरीरबाट खुट्टा देवीकुटमा, साप्रा उड्डीयानमा, योनि र शिर कामरूपमा, त्यसको पूर्वमा नाभि, वक्षस्थल जालन्धरमा र गर्धन पूर्णगिरिमा खसेकाले ती ठाउँहरूमा मुख्य शक्तिपीठहरू बनेका हुन् भनिएको छ। त्यसमध्ये पनि भारतको उत्तर पूर्व आसामको गौहाटीमा रहेको कामरूप शक्तिपीठलाई सबैभन्दा मुख्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिन्छ (*कूलचूडामणितन्त्र* ५: ३६) । त्यही कामरूप शक्तिपीठलाई नै कामाख्या देवीको मन्दिर भनिन्छ र त्यो अहिलेसम्म पनि सबैभन्दा बढी तन्त्रसाधनाको केन्द्र रहेको छ । पहिला समग्र भारतको विशेषगरी उत्तरपूर्व क्षेत्रको धर्म राजनीतिको केन्द्र थियो । आठौँ शताब्दीदेखि सोह्रौँ शताब्दीसम्म त्यहाँ शासन गर्ने सबै राजवंशहरूले कामाख्यालाई नै आफ्नो शक्तिको स्रोत र राज्यमा शान्ति सुव्यवस्था कामाख्यादेवीको आशीर्वाद मान्दथे । त्यसैले यो क्षेत्र राजकीय महत्त्व, चासो र चिन्ताको विषय थियो तर सोह्रौँ शताब्दीदेखि चैतन्य महाप्रभुको भक्ति परम्पराको प्रभाव आसाम र उत्तरपूर्वका क्षेत्रमा बढ्दै गयो । उनीहरूले मन्दिरमा हुने पशुबलि र अन्य तान्त्रिक अभ्यासको नकारात्मक प्रचार प्रसार गरेकाले कामाख्या मन्दिर र तन्त्रपरम्पराको प्रभाव कम हुँदै गयो । अठारौँ शताब्दीको अन्त्यतिर बेलायती उपनिवेशको प्रभाव आसाममा बढ्दै गयो र आसामको स्वतन्त्र राज्यको हैसियत समाप्त भयो । हिन्दू सुधारकहरू, उपनिवेशका अधिकारीहरू र क्रिश्चियन मिशनरीले तन्त्रबारे अत्यन्त कुप्रचार र नकारात्मक प्रचार गरे त्यसको परिणामस्वरूप उन्नीसौँ शताब्दीमा कामाख्याको धर्मराजनीतिमा प्रभाव लगभग समाप्त भयो र तन्त्रमाथि सबै शक्तिको संयुक्त आक्रमणले गर्दा तन्त्रको अभ्यास अति सीमित र गोप्य भयो (अर्बन, २०१०, पृ. २८,२९) ।

हेवज्रतन्त्रको (१.७.१२) मा सबैभन्दा पहिला कामरूपको शक्तिपीठका रूपमा प्रसङ्ग पाइन्छ । कामरूप शक्तिपीठको विशद चर्चा कालिकापुराणमा पनि पाइन्छ । यो पुराण महत्वपूर्ण शाक्त ग्रन्थ हो । यो आसामका पालवंशी राजा रत्नपाल (९२०-६०) वा धर्मपाल (१०३५-६०)को समयमा दशौँ र एघारौँ शताब्दीमा लेखिएको मानिन्छ । कालिकापुराणजस्तै अर्को महत्त्वपूर्ण शाक्त ग्रन्थ देवीभागवत पुराण हो । यसमा कामरूप कामाख्या शक्तिपीठलाई योनि मण्डल, त्रिपुरा भैरवीको स्थान र महामाया देवीको मुख्य आवास भनिएको छ । प्रत्येक महिना कामाख्या मन्दिरमा कामाख्यादेवी चार दिन मासिक धर्मका बेला विराजमान हुन्छिन् र देवताहरू पर्वतका रूपमा देवीका वरिपरि रहन्छन् । पृथ्वीमा कामाख्या योनिमण्डलभन्दा उत्तम कुनै ठाउँ छैन, पृथ्वीलाई पनि देवीरूपमा नै चिनिन्छ (देवीभागवत ७. ३८.१६-१८) ।

*देवीभागवत*मा कामाख्या क्षेत्रमा वर्षको एकपटक आषाढ महिनामा मनाइने अम्बुवाची पर्व देवीको रजस्वलापर्वको चर्चा पाइन्छ । देवीको रजस्वलाको चौथो दिनमा घरको जग राख्नु,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पोखरी खन्नु, जमीन जोत्नु शुभ हुन्छ भनिएको छ (६.६(३५-३७)। अम्बुवाची पर्वको पहिलो तीन दिन कामाख्या मन्दिर बन्द रहन्छ,चौथो दिन सबै मन्दिरका ढोका खोलिन्छन् भक्तहरूको मन्दिरमा घुँइचो लाग्छ, प्रसादका रूपमा देवीको रजस्वलाको रगतले भिजेको वस्त्रको एक टुका दिने चलन छ। त्यसलाई लगाएर कुनै साधना गरेमा पूर्ण हुने विश्वास रहेको छ। यो पर्व अहिले पनि भव्यरूपमा मनाइन्छ र त्यतिबेला भारतका विभिन्न क्षेत्रबाट र संसारका विभिन्न कुनाबाट देवीभक्तहरू यसमा सामेल हुन गौहाटी पुग्छन्। *देवीभागवतमा* कामाख्यालाई त्रिपुरा भगवतीको वासस्थल भनिएको छ भने नेपाल, भारत र अन्यस्थानमा रहेका दर्शनी वा नाथ सम्प्रदाय योगी वा साधक वा भक्तहरूको पूजा वा साधना त्रिपुरा भगवतीको पूजा नगरी पूरा हुँदैन। नाथसाधुको मृत्युसंस्कारमा समेत यिनै भगवतीको पूजा हुन्छ। यसरी हेर्दा नाथसम्प्रदायको कामाख्यासित घनिष्ठ सम्बन्ध रहेको देखिन्छ।

योगिनी कौल सम्प्रदाय र नाथतन्त्र

कामाख्याको घनिष्ठ सम्बन्ध तन्त्रको प्राचीन परम्परा योगिनी कौल सम्प्रदायसित गाँसिएको छ। यस सम्प्रदायलाई सिद्ध मत्स्येन्द्रनाथले स्थापना गरेका थिए। उनको समय लगभग ६०० तिर पर्छ (बाग्ची,१६३४,पृ ८)। मत्स्येन्द्रनाथलाई दक्षिण एशियामा हिन्दु र बौद्ध तन्त्र परम्पराका सबै भन्दा महत्त्वपूर्ण सिद्ध मानिन्छ। उनले तन्त्रको गहन ज्ञान कामाख्या क्षेत्रमा रहँदा योगिनीहरूबाट सिकेका थिए। पी सी बाग्ची भन्छन् "मत्स्येन्द्रनाथ नै कौल सम्प्रदाय जसलाई योगिनी कौल पनि भनिन्छ त्यसका संस्थापक हुन्, यसको मुख्य केन्द्र कामरूप नै थियो" (कौल ज्ञाननिर्णय, पृ.३५)। उनका दुई मुख्य तन्त्रका कृति कामरूपबाट नै प्रेरणा लिएर लेखिएका हुन्। ती कृति हुन्: *अकुलवीर तन्त्र र कौलज्ञाननिर्णय*। यिनै सिद्ध मत्स्येन्द्रनाथ नाथ सम्प्रदाय/दर्शनी सम्प्रदायका प्रथम गुरु आदिनाथका शिष्य र योगी गोरखनाथका गुरु हुन्। यसरी नाथतन्त्रको कामरूप आसामसित सोझै सम्बन्ध गाँसिएको देखिन्छ। नेपालको सांस्कृतिक इतिहास हेर्ने हो भने मत्स्येन्द्रनाथ नेपालको संस्कृतिसित घनीभूतरूपमा गाँसिएका छन्।

लिच्छविकालमा काठमाडौँमा १२ वर्षसम्म वर्षा नभएर खडेरी र अनिकालले जनजीवन हाहाकार भएको थियो। नेपालका तात्कालिक राजा र एकजना तान्त्रिक कामाख्यामा गएर मत्स्येन्द्रनाथलाई अनुरोध गरेर नेपाल ल्याइयो। यसको लामो प्रसङ्ग नेपालको प्राचीन र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मध्यकालीन इतिहासमा पाइन्छ । नेपालको पशुपति मृगस्थली क्षेत्रमा सिद्ध मत्स्येन्द्रनाथले (नेपालमा मच्छेन्द्र भनिन्छ) पाइला राख्नेबित्तिकै वर्षा भयो । मत्स्येन्द्रनाथको आगमन र वर्षाले गर्दा कृषिमा आधारित जनजीवन सामान्य बन्यो र यस खुसीयालीमा मत्स्येन्द्रनाथको जात्रा मनाउन थालियो जुन परम्परा अहिलेसम्म भव्य रूपमा मनाइन्छ । काठमाडौमा इन्द्रजात्रा मुख्य र भक्तपुरमा बिस्केट जात्रा मुख्य मानिएजस्तै मच्छेन्द्रनाथलाई ललितपुरक्षेत्र (पाटन)का मुख्य देवता मानिन्छ र त्यसक्षेत्रमा यो जात्रा नै मुख्यजात्रा हो (जोशी, २०७३, पृ. ७४, ८२) ।

योगिनी शब्दका दुई अर्थ हुन्छन् । एउटा योग साधना गर्ने सिद्ध महिला योगी र अर्को तन्त्रसित सम्बद्ध देवीहरू जसलाई योगिनी भनिन्छ । *कालिकापुराणम* ६४ योगिनीको विवरण पाइन्छ (६३: ३७-४४) त्यसैगरी मत्स्येन्द्रनाथको *कौलज्ञाननिर्णयमा* पनि यिनको विवरण पाइन्छ । तन्त्रसाधनामा योगिनीको ठूलो भूमिका रहन्छ । कामरूपको मन्दिर पहिला विश्वकर्माले निर्माण गरेर ६४ योगिनीलाई समर्पण गरेका थिए जसमध्ये आठ योगिनीले कामरूप योनिलाई घेरेर रहन्छन् । योगिनी सम्प्रदायको मुख्य थलो कामरूपलाई नै मानिन्छ । कालिकापुराणमा एक अध्याय पूरा कामरूपका योगिनीका बारेमा रहेको छ (का पु ६३: ७-१०७) ।

*कुब्जिकातन्त्र*मा पनि सबै शक्तिपीठहरूमध्ये कामाख्यालाई प्रमुख मानिएको छ र देवीको रजस्वलाको रक्तवेष्टित वस्त्र लिएर साधकले देवीको पूजा र प्रार्थना गरेमा सबै मनोकामना पूर्ण हुन्छन् भनिएको छ (कु. त. ७.५६-५८) ।

*विज्ञानभैरव*तन्त्रले भैरवप्राप्तिका ११२ ओटा तरिका या उपाय देखाएको छ (उपदेश श्लोक १३९) । यी तरिकालाई आगमको भाषामा 'युक्त भनिएको छ (श्लोक १५७) । यी ११२ तरिका, उपाय वा पद्धतिमध्ये कुनै एकमा साधना केन्द्रित गर्दा, विज्ञान भैरवको भाषामा 'युक्तिस्थ हुँदा साधक भैरवको अवस्थामा प्राप्त हुन्छ यानि आफैँ भैरवस्वरूप हुन्छ (श्लोक १४०, १४८) । उपायहरूमध्ये केही उपायहरू हुन्: प्राण र अपान वायुमा केन्द्रित हुनु (श्लोक २५ देखि २७), कुण्डलिनीमा केन्द्रित हुनु (श्लोक २८ देखि ३०), शून्यभावमा केन्द्रित हुनु (श्लोक ३२ देखि ४३) । भैरवतन्त्रको प्रतिनिधि ग्रन्थ *विज्ञानभैरव*का अनुसार ब्रह्माण्डमा रहेका सम्पूर्ण चर अचर अस्तित्व दैवी चेतनाको प्रकटीकरण हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मत्स्येन्द्रनाथ (मच्छेन्द्रनाथ)को *कौलज्ञान निर्णय*को योगिनी कौल परम्परा विशुद्ध शाक्त परम्परा हो । यसमा पशु, वीर र दिव्य गरी साधकका तीन तह छुट्ट्याइएको छ । यसमा साधना कममा साधनका रूपमा पञ्च पवित्रा, पञ्चमकारको प्रयोग, सहजा, कुलजा र अन्त्यजाको प्रयोग आवश्यक देखिन्छ । तर गोरखनाथको *गोरक्षशतक, गोरक्षसंहिता, सिद्धसिद्धान्तपद्धति* र *गोरखवाणी*मा मत्स्येन्द्रनाथका उपर्युक्त कौल योगिनीतन्त्रका प्रयोगलाई योगिक प्रयोगका रूपमा उपासनाका रूपमा परिणत गरिएको छ र सबै साधना र सिद्धिलाई योगसाधनासित जोडिएको छ । यस अर्थमा चकसाधना र कुण्डलिनी साधना नै नाथतन्त्रका सिद्धि सोपान बनेका छन् । *सिद्धसिद्धान्तपद्धति*मा पञ्चमकारलाई यसरी स्पष्ट पारिएको छ ।

मदो मद्यं मतिर्मुद्रा माया मीनं मनः पलम् ।
मूर्च्छनं मैथुनं यस्य तेनासौ शाक्त उच्यते ।(६: ५१)।

अर्थात् साधनाको नशा, अहन्ता नै मद (मदिरा) हो, जीवको कामना, अभिलाषा पूर्तिको इच्छा मुद्रा हो । माया नै मीन हो, मन नै मासु हो । प्राण र अपान वायुको ऐक्यता (मूर्च्छना) नै मैथुन हो । यसरी पाँच प्रकारका मकार प्रयोग गर्ने व्यक्ति नै साँच्चिकै शाक्त हो ।

नाथतन्त्रको लक्ष्य परमपद प्राप्ति, व्यष्टिपिण्ड र समष्टि पिण्डको एकता हो त्यसैलाई समरसता भनिन्छ र यो चक्र जागरण र अधःप्रवाहित ऊर्जा ऊर्ध्वगतिमा फर्केपछि मात्र सम्भव छ त्यसैले यसका लागि कुण्डलिनी जागरण हुनुपर्‍यो ।

सिद्धसिद्धान्तपद्धतिमा पिण्डसम्बन्धी विस्तृत जानकारी रहेको छ । यसमा ६ अध्याय रहेका छन् जसलाई ६ उपदेश भनिएको छ । १.पिण्डोत्पत्ति, २. पिण्डविचार, ३. पिण्डसंवित्ति, ४.पिण्डाधार, ५.पिण्डपद समरसभाव, ६.श्रीनित्यावधूत । पहिलोमा व्यष्टि पिण्डको उत्पत्तिका बारेमा गर्भाधानदेखि जन्मसम्म, बह्माण्ड पिण्डको आधारका बारेमा ।

शरीरभित्र चक्रहरूको स्थान, १६ आधारको स्थान, तीन लक्ष्य र पाँच आकाशको ज्ञान र अष्टाङ्गयोगको सङ्क्षिप्त जानकारी (सिसिप दोस्रो खण्ड) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शरीरभित्र सम्पूर्ण ब्रह्माण्डको ज्ञान, पिण्डसंवित्ति (सिसिप तेस्रो खण्ड)। कुण्डलिनीका भेद सिसिपको चाथौ खण्डमा। पाँचौं खण्डमा विस्तृत रूपमा दिएको छ।

निष्कर्ष

सबै तन्त्रमा मातृरूप देवी भगवती अम्बिका त्रिपुरासुन्दरीको पूजा आराधना नै साधनाको मुख्यरूप देखिन्छ। साधनाका द्रव्य प्रयोगमा मात्र कौल पद्धति र गोरखनाथीय योगिक पद्धतिमा भिन्नता देखिन्छ। भारतका नाथहरूमा सात्त्विक योगको प्राधान्य देखिन्छ भने नेपालका नाथहरूमा खासगरी काठमाडौंको सेरोफेरोमा चक्रपूजाका रूपमा नाथहरूले मच्छेन्द्रनाथको कौल तन्त्रको अभ्यासमा मासु र मदिरा प्रयोगलाई निरन्तरता दिएको पाइन्छ। नाथयोगको भारतीय मूल परम्परा कौल तन्त्रबाट टाढा भइसकेको देखिन्छ। नेपालका नाथहरू कसरी अगाडि बढ्ने भन्ने सन्दर्भमा गम्भीर छलफल हुन जरुरी देखिन्छ।

राष्ट्रगुरु योगी नरहरिनाथज्यूको समाधिस्थलमा रहेको शिलालेखबाट

ॐऽऽ नमस्ते योगमूर्तये:

नमस्ते नरनाथाय नमस्ते योगमूर्तये। वेद वेदान्त वेद्याय नमस्ते वेदमूर्तये ॥१॥
गोरखनाथअंशाय गोरक्षक धर्म रक्षणे। नमस्ते तपनिष्ठाय नम उग्रतपस्विने ॥२॥
नमस्ते स्पष्ट वक्ताय नमः अभयरूपिणे। आशुकवि नमो नित्य ते इतिहासकोविदे ॥३॥
सुखदुःखे समोभुत्वा सदा सङ्घर्षशीलने। नेपाली जन आत्माय नेपालराष्ट्रसेविके ॥४॥
नमस्ते धर्मनीतिज्ञ सकलभातृभाविने। नमस्ते राजनीतिज्ञ स्वदेश स्वर्ग भाविने ॥५॥
नमस्ते लोकनीतिज्ञ सर्वलोकहितैषिणे। नमस्ते सर्वशास्त्रज्ञ, सर्वेषु ज्ञानरूपिणे ॥६॥
नमस्ते स्वार्थ शून्याय विशुद्ध गुणरूपिणे। दिव्य गुणाय अस्माकं ते अभिवादन सदा ॥८॥
सर्वस्वरूप सर्वज्ञ सर्व, भावे च तत्परः। सर्वे बीज स्वरूपेण सर्वे बीजं नमोस्तु ते ॥९॥
मम हृदय कुञ्जे य इदं स्वतः प्रस्फूरितम्। श्रद्धास्वरूप पुष्पं ते राष्ट्रगुरू समर्पितम् ॥१०॥

...स्वामी कृष्णानन्द परमहंस..

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भग्रन्थसूची

अर्वन, हग बी (२०१०).द *पावर अफ तन्त्र* .लन्डनः आइ बी टोरिस् ।

अकुलवीरतन्त्र. (१९३४). प्रबोध चन्द्र बाग्ची,(सम्पा) .कौल ज्ञान निर्णय एन्ड सम माइनर टेक्स्ट अफ द स्कुल अफ मत्स्येन्द्रनाथ. कलकत्ताः मेट्रो प्रिन्टिङ एन्ड पब्लिशिङ हाउस ।

कालिकापुराण (१९९१). बी एन् शास्त्री (सम्पा). दिल्लीः नाग पब्लिशर्स ।

कामाख्यातन्त्र (१९९०). विश्वनारायण शास्त्री (सम्पा).वाराणसीः भारतीय विद्या प्रकाशन ।

कुलचूडामणितन्त्र (१९५६). आर्थर एभालन्. मद्रासः गणेश एन्ड कम्पनी ।

कुब्जिकातन्त्र (२००६). प्रदीप कुमार राय. वाराणसीः प्राच्य प्रकाशन ।

ज्ञवाली, अर्जुन *(वि सं २०७६). महायोगी गुरु गोरखनाथ अवतरण र नेपाल एकीकरण .ब्रदर बुक्स ।*

जोशी, सत्यमोहन (२०७३) नेपाली चाडपर्व. साझा प्रकाशन ।

देवीभागवत, १ र २ खण्ड (२०७३) गीताप्रेस गोरखपुर ।

शर्मा, कृष्णचन्द्र (वि सं २०७६). नेपालमा नाथ योग दर्शनको परम्परा.नेपाल प्रज्ञा प्रतिष्ठान ।

*शर्मा, गंगा (२००१).*कामाख्या तान्त्रिक पूजा ओ पद्धति. गौहाटीः विष्णु प्रकाश ।

योगिनीतन्त्र (१९८२). बि एन् शास्त्री (सम्पा). दिल्लीः भारतीय विद्या प्रकाशन ।

योनितन्त्र (१९८०). जे ए शोटम्र्यान (सम्पा). दिल्लीः मनोहरलाल ।

हेवज्रतन्त्रः अ किटिकल स्टडी. (१९५६) डेभिड स्नेलग्रोभ (सम्पा.) लन्डनः अक्सफर्ड यूनिभर्सिटी प्रेस ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिमाली क्षेत्रमा तारातन्त्रको प्रभाव

– लोचवा, पुण्यप्रसाद पराजुली*

हिमालय पर्वतमालाको उत्तर र दक्षिण दुवैतर्फ भोटभाषी समुदायहरूमा बौद्ध तन्त्रशास्त्रहरूको व्यापक प्रभाव रहेको पाइन्छ। बोन लगायतका विभिन्न स्थानीय अभ्यास गर्ने हिमाली समुदायले इशाको सातौँ शताब्दीदेखि बौद्धधर्मको अनुसरण गरेको पाइन्छ (पराजुलीः २०७४:१५)। त्यही सिलसिलामा तारादेवीसँग सम्बद्ध तन्त्रहरूको अनुवाद भोट भाषामा भइसकेपछि सबैभन्दा बढी प्रचलित अभ्यासपद्धति तारादेवीसँग सम्बद्ध देखिन्छ। नेपालका हिमाली क्षेत्र लगायत भारतको उत्तरी भेग, भुटान, तिब्बत, मङ्गोलिया र रुसका केही प्रान्तहरूमा अभ्यास गरिने तारासँग सम्बद्ध अनुष्ठानहरूको यहाँ चर्चा गरिन्छ।

भारतवर्षमा तारा

भारतवर्षमा तारालाई तीन आयामहरूबाट प्रस्तुत गरेको पाइन्छ। राजकुमारी ज्ञानचन्द्राले दुन्दुभिघोष नामक बुद्धबाट बोधिचित्तोत्पाद गरेपछि तारा बोधिसत्त्वका रूपमा प्रसिद्ध भइन्। अर्कोतर्फ पञ्चबुद्धहरूमध्एका अमोघसिद्धि बुद्धकी प्रज्ञा पनि तारा हुन्। त्यस्तै वसिष्ठ ऋषिले महाचीनबाट ल्याएर भारतवर्षमा फैलाएकी ताराको बौद्ध र वैदिक परम्परामा साधना गरिन्छ। यिनीहरूमध्ये पहिलो तारा बोधिसत्त्वका रूपमा प्रसिद्ध छिन् भने अन्य दुई ताराहरू गुह्यमन्त्र वज्रयानसँग सम्बद्ध छन्।

भोटका विद्वान् लामा तारानाथ (सन् १५७५-१६३४) ले सङ्कलन गरेको सुवर्णमाला नामक तारातन्त्र प्रकाशक इतिहास (डोल्मा ही ग्युक्यी झ्युङ्खुङ् साल्वार जेपाई लोग्यु सेर्घी ठेङ्वा शेझ्यावा) नामक ग्रन्थअनुसार पहिले विश्वप्रभात नामक लोकधातुमा दुन्दुभिघोष नामक बुद्ध थिए। त्यस बेला 'ज्ञान चन्द्रा नामक राजकुमारीले बौद्धधर्म तथा बोधिसत्त्वसहितको संघको लामो समयसम्म सेवा गरिन्। अन्तमा उनले बोधिचित्तोत्पाद गरेपछि स्त्री रूपमै सम्यक् सम्बुद्ध बन्ने सङ्कल्प गरिन्। सर्वगतिरक नामक समाधि लाभ

---

* प्राध्यापक, कार्लटन कलेज, अमेरिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएपछि अहोरात्र करोडौं प्राणीहरूलाई दुःखहरूबाट तारण गर्न थालेपछि उनको नाम तारा हुन गयो (तारानाथः १९८१ः १२)।

विभिन्न जगत्का विभिन्न थरीका प्राणीहरूलाई तार्नका लागि विविध रूप धारण गरेकी ताराका एक्काइस स्वरूपहरूको नित्य रूपमा प्रार्थना र साधना गर्ने चलन अहिले पनि छ। सन् ११६४ मा लेखिएको साधनामाला नामक ग्रन्थमा विभिन्न रङ्गका तीसभन्दा बढी साधना तथा स्तुतिहरू सङ्गृहीत छन्। हरित वर्णसँग सम्बद्ध नौ प्रकारका ताराहरूको साधनाहरू दिइएको छ। महाश्रीतारा, धनदातारा, आर्य तारा, वरद तारा, खदिरवणी तारा, दुर्गोत्तारिणी तारा, महत्तरी तारा, पर्णशवरी तारा र वश्याधिकार ताराहरू विभिन्न प्रयोजनका लागि प्रयोग भएको पाइन्छ।

श्वेत वर्णका ताराहरू दीर्घायुका लागि प्रसिद्ध छन्। सिततारा, अष्टमहाभयहारिणी तारा, मृत्युवञ्चना तारा, आर्य जाङ्गुलीतारा, वश्याधिकारतारा र षड्भुज ताराजस्ता सेतो वर्णका ताराहरूको साधना पनि प्रचलनमा रहेको पाइन्छ। पहेंलो वर्णका ताराहरूमा वज्रतारा, प्रसन्नतारा, पर्णशवरी तारा र भृकुटी ताराहरू प्रसिद्ध छन्। नीलो वर्णका ताराहरूमा एकजटा तारा र महाचीनतारा प्रसिद्ध छन्। महाचीन तारा नामक उग्र ताराको पछि छुट्टै चर्चा गरिने छ। रातो वर्णका तारामा कुरुकुल्ला ताराको साधना दिइएको छ। यसरी पाँच रङ्गका एक्काइस ताराहरूको हिमाली क्षेत्रमा एकै ग्रन्थको रूपमा स्तोत्रवाचन गरिन्छ (नेगीः २००४ः पृ. ७६)।

तारालाई पञ्चबुद्धहरूमध्ये अमोघसिद्धि बुद्धकी प्रज्ञाका रूपमा मानिएको छ। गुह्यसमाजतन्त्रमा ताराको विषयमा इशाको चतुर्थ शताब्दीमै व्यापक चर्चा गरिएको छ (खन्नाः २०१३ः ७१)। नेपालको स्वयम्भूलगायतका चैत्यहरूमा ताराका मूर्तिहरू पाइन्छन्।

महाचीनबाट भोट हुँदै भारतमा प्रचलित दुई प्रकारका ताराहरू एकजटा र उग्रतारा हुन्। महाचीन तारालाई चौधौँ शताब्दीपछि भारतवर्षका शैव र शाक्त तन्त्रहरूमा पनि समावेश गरेको पाइन्छ। हाल ताराको यो स्वरूप अभ्यास गर्ने परम्परालाई चीनाचारपद्धति भनिन्छ। साँखुस्थित वज्रयोगिनीलाई पनि उग्रतारा भनेर पूजा गर्ने प्रचलन छ (भट्टाचार्यः १९८४ः १६१)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाचीनक्रम तारा

अधिकांश देवीहरू भारतवर्षमा उत्पत्ति भएको मानिन्छ । शाक्तप्रमोद लगायतका ग्रन्थहरूमा उल्लेख भएकी ताराको आगमन भने चीनबाट भएको पाइन्छ । महाचीनाचारसार तन्त्रअनुसार वसिष्ठ ऋषिले कठोर तपस्या गरी एक हजार वर्षसम्म ताराको उपासना गर्दा पनि देवीको दर्शन पाएनन् । क्रुद्ध भएर ब्रह्माजीसँग अनुरोध गर्दा नीलाचलमा गई ताराको मन्त्रोच्चारण गर्ने निर्देशन दिँदा त्यहाँ दश हजार वर्षसम्म तपस्या गर्दा पनि देवी प्रकट नहुँदा श्राप दिन लाग्दा देवीले महाचीन गई बुद्ध स्वरूपका जनार्दनसँग ताराको ध्यान गर्ने तरिका सिक भनिन् । वसिष्ठ महाचीन पुग्दा हजारौं सुन्दरी मत्तयुवतीहरूले घेरिएको अवस्थामा बुद्धरूपी जनार्दनलाई भेटे । त्यसबेला के आकाशवाणी भयो भने यो नै तारिणीलाई प्रसन्न पार्ने सर्वोत्तम तरिका हो । त्यसपछि वसिष्ठले भारतवर्षमा ल्याएको पद्धतिलाई चीनाचारपद्धति भनियो (शुक्लः २०४३ः ३२-४५ पृ.) ।

यी तारालाई उग्रतारा, नील सरस्वती र एकजटा पनि भनिन्छ । शाश्वतवज्रले अनुष्टुप् छन्दमा लेखेको साधना सन् ११६५ मा सङ्कलित साधनमालामै रहेको पाइन्छ (भट्टाचार्यः १९६८ः २०९) । नीलो वर्णकी हातमा कर्त्री, खड्ग, कपाल र नीलो पद्म लिएकी यी देवीको शिरमा अक्षोभ्य बुद्ध रहेका छन् ।

सन् १५८९ मा महीधरले लेखेको मन्त्रमहोदधि नामक ग्रन्थमा यस्तै स्वरूपकी उग्र ताराको उल्लेख गरिएको छ । शिरमा रहेका अक्षोभ्यलाई शिवजीको पर्यायवाची शब्दको रूपमा लिइएको छ । तेह्रौं शताब्दीको मानिने फेत्कारिणीतन्त्रमा रहेको उग्रतारा साधनालाई ताराभक्तिसुधार्णव, तन्त्रसार, बृहन्नीलतन्त्र, श्रीविद्यार्णवतन्त्र आदिमा यही स्वरूपको ताराको उपासना गर्ने विधिहरू दिइएको छ । उग्रतारा साधनाको क्रममा आर्यनागार्जुनपादैः भोटेषु उद्घृतम् भनेर साधनमालामा उल्लेख गरिएको छ (भट्टाचार्यः १९६८ः पृ. १९६) । यसरी भारतवर्षका बौद्ध र शाक्त साधकहरूले एउटै देवीको एकै किसिमले आराधना गरेको पाइन्छ । दश महाविद्याभित्र पनि ताराको पूजापद्धति साधनमालामै दर्शाइएकै खालको देखिन्छ (बुहेमानः १९९६ः ४७३) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोटक्षेत्रमा ताराको अभ्यास

भोटभाषी नेपाली, भारतीय, भुटानी र तिब्बती क्षेत्रहरूमा ताराका एक्काइस रूपहरू समेटिएको तारानमस्कारैकविंशतिस्तोत्रको नित्य पूजा र पाठ गरिन्छ । 'नमः'बाट शुरु भएका २१ वटा श्लोकहरूले २१ ताराहरूलाई सङ्केत गर्छन् । फलानुशंसामा रोग निवारण, सन्तानलाभ, धनप्राप्तिजस्ता कुराहरू दर्शाइएको छ भने सम्यक् सम्बुद्ध भाषित भनिएको छ । नामहरू भने हरेक परम्परामा अलग रहेको पाइन्छ ।

२१ श्लोकहरूमा आधारित भएर ध्यान गर्ने क्रममा अतीश दीपङ्करको परम्परामा सबै दुई हात भएका तर रङ्गहरू अलग भएको पाइन्छ । रविगुप्तको परम्परामा हात र शिरहरू अलग अलग संख्याका पाइन्छन् । निधि परम्परामा दुई हात भएका तर आयुध फरक रहेका पाइन्छन् । यसरी २१ ताराहरूको ध्यान तीन पद्धतिहरूबाट गरिन्छ । साधनाशतक, साधना शतपञ्चाशिका र साधनासमुच्चयमा अन्य ताराहरूको साधना दिने क्रममा महाचीनक्रम ताराको पनि उल्लेख गरेको पाइन्छ ।

भोटक्षेत्रमा ताराको साधनालाई फैलाउने श्रेय अतीश दीपङ्कर (सन् ९८२ - १०५५) लाई जान्छ । वज्रासनको महाबोधि मन्दिरको परिक्रमा गर्ने क्रममा इष्टदेवी ताराले भोट जान आग्रह गर्दै त्यहाँ बुद्ध शासनको अपार रूपमा विस्तार गर्न अतीशको योगदान रहनेछ भनिन् । तारादेवीकै आग्रहमा अतीश तिब्बत गएर तारालगायत थुप्रै उपदेशहरूको प्रचार गरेपछि रविगुप्तको परम्पराको पनि व्यापक रूपमा फैलियो ।

बौद्धधर्मका तन्त्रहरू क्रिया, चर्या, योग र अनुत्तर गरी चार वर्गमा बाँडिएका छन् । अधिकांश हिमाली साधक वा साधिकाहरूले क्रियातन्त्र पद्धतिअनुसार लसुन, प्याज, माछा, मासु, मदिरा आदिको प्रयोग नगरीकन ताराको उपासना गर्छन् । त्यही भएर बिहानको भोजन गर्नुभन्दा पहिले नै ताराको पाठ र मन्त्र जप गरिन्छ । हिमाली क्षेत्रमा सबैभन्दा बढी पूजा नै ताराको गरिन्छ । थुप्रै भारतीय तथा भोटका सिद्धहरूले ताराको साधना गरेर सिद्धि प्राप्त गरेको प्रसङ्ग लामा तारानाथविरचित तारोद्भवतन्त्रमा लेखिएको छ (टेम्पलम्यानः १९८१: ११-४१) । यसरी भारतवर्षमा व्यापक रूपमा अभ्यास गरिएको ताराको अभ्यासपद्धति भोटलगायत हिमाली क्षेत्रमा व्यापक रूपमा कायम छ । भवतु सर्व मङ्गलम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भग्रन्थसूची

Bhattacharya, B. : *The Indian Buddhist Iconography:* Firma KLM Private Limited Calcutta 1984

Bhattacharya, B : *Sadhanmala* (2vol) : Oriental Institute, Baroda, 1968

Buhnemann, Gudrun: *The GoddessMahacirakrama Tara (Ugra Tara) in Buddhist and Hindu Tantrism.* Bulletin of SOAS (472–493) London, 1996

Ghosh, M. : Development of Buddhist Iconography in Eastern India:Munshi-ramManoharlal Publishers. Delhi: 1980

Khanna,Madhu: The Journey to the Goddess Tara (Tantrik Literature and Culture), Delhi, Buddhist World Press, 2009

Templeman D.: The Origin of Tara Tantra : LTWA. Dharmashala: 1981

तामाङ, गौतमः *२१ आर्यताराः* मञ्जुश्री बुद्धिष्ट टेक्स्ट ट्रान्सलेशन संघ, दार्जीलिङ, सन् २०१४

नेगी, ठाकुरसेनः *विविध रूपा बौद्ध देवी तारा,* दुर्लभ बौद्ध ग्रन्थ शोध अनुभाग, सारनाथ, सन् २००४

पराजुली, पुण्यप्रसाद, *इन्द्रधनुणीरङ्गहरूः* साङागा छोलिङ गुम्बा, मकवानपुर, २०७४

वज्राचार्य, दिव्यवज्रः *आर्यतारा संग्रह,* अखिल नेपाल महायान बौद्ध समाज, काठमाडौं, २०५५

शुक्ल, रामदत्त (सं) *महाचीनसारतन्त्रः* कल्याण मन्दिर, इलाहावाद, सं. २०४३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाथपरम्परामा तन्त्र

– योगी नरेन्द्रानन्दनाथ*

सर्वगुणो गुणाभावो निर्गुणश्च गुणस्थितः ।
साकारो वा निराकारो श्रीगोरक्ष नमोऽस्तु ते ॥

विषयप्रवेश

प्रस्तुत लेखमा नाथपरम्पराको संक्षिप्त परिचय प्रस्तुत गरी नेपालको नाथपरम्परामा तन्त्रको प्रयोग र प्रभावलाई अध्ययनको मुख्य विषयवस्तु बनाउने क्रममा तन्त्रको संक्षिप्त परिचयका साथ त्यसको मूलभूत वैशिष्ट्यको चर्चा गरी नाथपरम्परासँग त्यसको सम्बन्धको विश्लेषण गरिएको छ । त्यसैगरी तान्त्रिक आचार र उपासनापद्धतिको प्रभाव नाथहरूको उपासना परम्परामा कसरी रहेको छ भन्ने कुरालाई पनि यस लेखमा उठाइएको छ । यस अध्ययनले नेपालमा रहेका नाथपरम्पराका अनुयायी एवं अन्य जिज्ञासु पाठकहरूलाई नाथपरम्परा र तन्त्रको सम्बन्धका विषयमा थोरै भए पनि जानकारी प्राप्त हुने र त्यसले तन्त्र एवं आगमको अध्ययनमा रुचि उत्पन्न गराउने विश्वास लिइएको छ ।

समस्याकथन

प्रस्तुत लेखमा नेपालको नाथपरम्परामा तन्त्रको प्रयोग र प्रभाव कस्तो रहेको छ भन्ने विषयलाई मूल समस्याका रूपमा उपस्थापन गरी सोही समस्याको समाधान खोज्ने प्रयास गरिएको छ ।

अध्ययनको उद्देश्य

माथि समस्याकथनमा उठाइएको मूल समस्याको समाधान गर्नु नै यस लेखको मुख्य उद्देश्य रहेकाले नेपालको नाथपरम्पराको संक्षिप्त जानकारी दिनुका साथै उक्त परम्परामा तन्त्रको प्रयोग र प्रभावको चर्चा गर्नु यस लेखको मूलभूत उद्देश्य रहेको छ ।

* डा. माधवप्रसाद लामिछाने (योगी नरेन्द्रानन्दनाथ) सहप्राध्यापक, पूर्वमीमांसा तथा तन्त्रविभाग, नेपाल संस्कृत विश्वविद्यालय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्ययनको विधि

प्रस्तुत लेखमा सामग्री सङ्कलनका लागि पुस्तकालय विधिको उपयोग गरिएको छ । नेपालको नाथपरम्पराको जानकारी प्रदान गर्न तथा तन्त्र एवं तन्त्रवादको सैद्धान्तिक अवधारणाको चर्चाका लागि वर्णनात्मक विधिको उपयोग गरिएको छ भने तन्त्रसम्बद्ध सामाजिक प्रचलनको अध्ययनका क्रममा अन्तर्वार्ता विधिको पनि प्रयोग गरिएको छ ।

नाथपरम्पराको सङ्क्षिप्त परिचय

नाथपरम्परालाई बुझाउनका लागि नाथमत, सिद्धमत, सिद्धमार्ग, योगमार्ग, अवधूत मार्ग, दर्शनी मत, कनफटा मत, शाब्दी मत आदि पदावलीको प्रयोग गरेको पाइन्छ । नाथ शब्द परम तत्त्ववाचक शब्द हो जो महासिद्ध योगीहरूको परम लक्ष्य पद हो र जो परम रहस्यस्वरूप छ ।* उक्त परम तत्त्वलाई कतै अकुल शब्दले सम्बोधन गरिएको छ** भने कतै कुलाकुल शब्दले सम्बोधन गरिएको छ ।*** कुल शब्द शक्तिवाचक शब्द हो भने अकुल शब्द शिववाचक शब्द हो ।**** कुल र अकुल शब्दले बुझाउने शक्ति र शिवतत्त्व सृष्टिदशामा आफ्नो आभासनका क्रममा विभक्त रूपमा देखापरेका तत्त्व हुन् भने कुलाकुल शब्दले बुझाउने तत्त्व चाहिँ शक्ति र शिवको एकाकार सामरस्यभूमिका हो । यसैलाई शाक्त कौल परम्परामा विश्वमय–विश्वोत्तीर्ण अनुत्तरतत्त्वको संज्ञा दिइएको छ । कुलतत्त्व शक्तिको त्यो अवस्था हो जो सर्वात्मक विश्वमय दशामा उल्लसित हुन्छ भने अकुलतत्त्व विश्वदेखि उत्तीर्ण अवस्थामा रहेको अनिर्वचनीय तत्त्व हो ।***** विश्वमय–विश्वोत्तीर्ण शिवशक्तिसामरस्यमय कुलाकुलतत्त्वलाई जानेपछि सृष्टिक्रमले तथा लयक्रमले स्वप्रकाश महाशक्तिलाई आफूभित्रै नित्य अनुभव गरेपछि योगीले शक्तिपदलाई प्राप्त गर्दछ अर्थात् ऊ स्वयं शक्तिस्वरूप बन्दछ ।******

---

* नाथं योगिनां महासिद्धानां परमं रहस्यं लक्ष्यमिति यावत् (सिद्धसिद्धान्तपद्धति, नाथनिर्वाणव्याख्या, पृ. १) ।

** नाथतत्त्वं तदकुलम् (सिद्धसिद्धान्तपद्धति, षष्ठोपदेश, नाथनिर्वाणव्याख्या, पृ. १५६) ।

*** अकुलं कुलमाधत्ते कुलञ्चाकुलमिच्छति ।
जलबुद्बुदवन्न्यायादेकाकारः परः शिवः ॥ (ललितास्वच्छन्द, सिद्धसिद्धान्तपद्धति, चतुर्थ उपदेशमा उद्धृत, पृ. ६६) ।

**** कुलं शक्तिरिति प्रोक्तमकुलं शिव उच्यते । (सौभाग्यभास्कर, पृ. ५३) ।

***** कुलं सर्वात्मकं पिण्डमकुलं सर्वतोमुखम् ।(सिद्धसिद्धान्तपद्धति, षष्ठोपदेश, पृ. १५६) ।

****** ज्ञात्वा कुलाकुलं तत्त्वं स क्रमेणाक्रमेण तु ।
स्वप्रकाशमहाशक्त्या ततः शक्तिपदं लभेत् ॥ (सिद्धसिद्धान्तपद्धति, षष्ठोपदेश, पृ. १५६) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योगपरम्पराका अनुयायी साधकहरूको मुख्यतः तीनवटा परम्परा रहेको छ– पातञ्जल योगका अनुयायी वर्ग, तान्त्रिक योगका अनुयायी वर्ग र जैन–बौद्ध आदि मतका अनुयायी वर्ग । यी तीनवटा वर्गमध्ये नाथमतका योगीहरू तान्त्रिक योगका अनुयायी वर्ग हुन् (द्विवेदी, २००६, प्रस्तावना, पृ. VII) । सम्पूर्ण शैव तथा शाक्त तन्त्रपरम्परा शिवपार्वती वा भैरवभैरवीको प्रश्नोत्तरवाक्यरूपी संवादबाट आविर्भाव भएको छ ।* नाथयोगको आविर्भाव पनि सर्वप्रथम शिव र पार्वतीको संवादका रूपमा भएको र उक्त ज्ञान सिद्धपरम्परामा सर्वप्रथम मत्स्येन्द्रनाथले प्राप्त गरेको उल्लेख पाइन्छ । त्यसैले नाथमतको ज्ञानपरम्परा आदिनाथ शिवबाट मत्स्येन्द्रनाथमा अवतीर्ण भएको, त्यसपछि मत्स्येन्द्रनाथबाट गोरक्षनाथमा अवतीर्ण भएको** र एवंक्रमले लोकमा प्रवाहित भएको छ । मत्स्येन्द्रनाथ हठयोग, नाथमार्ग एवं कौलमार्गका प्रवर्तक हुन् । माथि के कुरा उल्लेख गरिसकिएको छ भने शाक्त कौलमतमा शक्ति र शिवको सामरस्य विश्वमयविश्वोत्तीर्ण सैंतीसौँ तत्त्वलाई परमतत्त्व मानिन्छ । शाक्त कौलमार्गका प्रवर्तक मत्स्येन्द्रनाथ भएकाले उनको यो मतको प्रभाव आफैँद्वारा प्रवर्तित नाथमतमा पर्नु स्वाभाविकै हो । कुलशक्ति परा, सत्ता, अहंता, स्फुरत्ता र कलाका रूपमा पाँच प्रकारले विश्वको आधारशक्ति बनेर रहेको हुन्छ भन्ने धारणा सिद्धमत वा नाथमतमा पाइन्छ।*** सोही कुलशक्तिलाई कौलमतमा कुण्डलिनी शक्तिका रूपमा व्याख्या गरिएको छ।**** शाक्त कौलमतमा वर्णित कुण्डलिनीशक्तिको जागरण प्रक्रियालाई मुख्य योगसाधनाका रूपमा नाथयोगीहरूले ग्रहण गर्ने गरेको प्रसिद्ध नै छ । अतः मत्स्येन्द्रनाथद्वारा प्रवर्तित कौलमतको प्रभाव नाथमतमा दृष्टिगोचर हुन्छ । नाथमतको विकासका क्रममा मत्स्येन्द्रनाथका शिष्य गोरक्षनाथले गुरुले बढी महत्त्व दिएको तान्त्रिक भोगयोगसाहचर्यवादलाई कम महत्त्व दिएको र भोगभिन्न योगलाई बढी महत्त्व दिएको देखिन्छ । नाथमतमा वर्तमानमा तान्त्रिक भोगयोगसाहचर्यवादले कम महत्त्व पाएको देखिए तापनि नेपालमा विशेषतः काठमाडौँ उपत्यकाको नाथपरम्परामा तान्त्रिक भोगयोगसाहचर्यवादकै प्रबलता रहेको छ ।

---

* गुरुशिष्यपदे स्थित्वा स्वयं देवः सदाशिवः ।
प्रश्नोत्तपदैर्वाक्यैस्तन्त्रं समवतारयत् ॥ (स्वच्छन्दतन्त्र,४।८)

** आदिनाथो गुरुर्यस्य गोरक्षस्य च यो गुरुः ।
मत्स्येन्द्र तमहं वन्दे महासिद्धं जगद्गुरुम् ॥ (वज्रयोगिनी शिलालेख, कौलज्ञाननिर्णय (प्रथम खण्ड), पृ. ६ मा उद्धृत) ।

*** कुलमिति परासत्ताहन्तास्फुरत्ताकलास्वरुपेण सैव पञ्चधा विश्वस्याधारत्वेन तिष्ठति (सिद्धसिद्धान्तपद्धति, ४।८)

**** कुलं कुण्डलिनी ज्ञेया (कालिकाकुलपञ्चशतक, १।१२) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तन्त्र, तन्त्रका केही मूलभूत सिद्धान्त र नाथपरम्परासँग त्यसको सहसम्बन्ध

विस्तार गर्नु वा फैलाउनु भन्ने अर्थमा प्रयोग हुने संस्कृतको 'तन् धातुमा 'ष्ट्रन् प्रत्यय लागेर तथा कुटुम्बको भरण गर्ने अर्थमा प्रयोग हुने 'तत्रि धातुमा 'घञ् प्रत्यय लागेर 'तन्त्र शब्द बन्दछ । सर्वप्रथम 'तन्त्र शब्दको प्रयोग ऋग्वेदमा पाइन्छ जहाँ उक्त शब्द धागो कात्ने चर्खाको अर्थमा प्रयोग भएको छ (ऋग्वेद, १०।७१।९) । यजुर्वेदमा गहनाविशेष, वस्त्रविशेष तथा यज्ञको अर्थमा 'तन्त्र को प्रयोग भएको छ (यजुर्वेद १९।८०) । 'वाचस्पत्यम् नामक कोशग्रन्थले तन्त्र शब्दका निम्नलिखित २० वटा अर्थहरू बताएको छ – (१) प्रबन्ध, (२) राष्ट्र, (३) गृह, (४) धन, (५) कुल, (६) हेतु), (७) स्वराष्ट्रचिन्ता, (८) प्रधान, (९) औषधी, (१०) सिद्धान्त, (११) परिवारको पालनपोषण आदि कार्य, (१२)परिच्छेद, (१३) तन्तुवाय,(१४) वेदका शाखाभेद, (१५) वपन साधन, (१६) इति कर्तव्यता, (१७) शिवादि शास्त्रभेद, (१८) उभयार्थक प्रयोग, (१९) शपथ, (२०) परछन्दानुगमन (भट्टाचार्य, १९६२, पृ. ३२२३) ।

उपर्युक्त उदाहरणहरूमा कतै पनि 'तन्त्र शब्दको मध्यकालीन विलक्षण अर्थ पाइँदैन । त्यसैले तन्त्रसाहित्यको अर्थमा प्रयुक्त 'तन्त्र शब्द सर्ग, प्रतिसर्ग, मन्त्रनिर्णय, विभिन्न देवीदेवताका स्वरूप, तीर्थवर्णन, आश्रमधर्म, यन्त्रनिर्णय, व्रतवर्णन, शौचाशौचविवरण, स्वर्गनरक, राजधर्म, स्त्रीधर्म, पुरुषधर्म, अध्यात्म आदि विषयवस्तुहरूको समावेश रहेको शास्त्रविशेषको अर्थमा रूढ भएको देखिन्छ (भट्टाचार्य, १९६२, पृ. ३२२५) । मध्यकालमा विकसित भएका तन्त्रग्रन्थहरूमा यक्ष, यक्षिणी, भूत, प्रेत, पिशाच आदिलाई सिद्ध गर्ने रहस्यात्मक विधिविधान; मारण, मोहन, स्तम्भन, उच्चाटन, विद्वेषण र वशीकरण यी अभिचारात्मक षट्कर्मको विधि र प्रक्रिया; जादूटोना, झारफुक आदि विषयवस्तुहरूको वर्णन पाइने हुनाले त्यस्ता ग्रन्थहरू पनि तन्त्रका रूपमा परिचित हुन पुगे । मूलतः शैव र शाक्त परम्पराको मूल स्रोत आगम वा तन्त्र ग्रन्थहरू हुन् । शिवागम, रुद्रागम र भैरवागममा विभक्त मूल ९२ आगम, तीन सयभन्दा बढी उपागम र अश्वक्रान्ता, विष्णुक्रान्ता र रथक्रान्ता भेदका ६४ प्राचीन तन्त्रग्रन्थहरू नै तान्त्रिक संस्कृतिका मूल उत्स हुन् ।

आगमशास्त्र वा तन्त्रशास्त्र नै तान्त्रिक सिद्धान्तका मूल आधार स्तम्भ हुन् । यद्यपि तन्त्रको सिद्धान्तलाई व्यापक स्तरमा अध्ययन गर्न सकिन्छ तर यहाँ नाथपरम्परा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र विशेषतः नेपालको नाथपरम्परामा तन्त्रको प्रयोग र प्रभावको चर्चामा यस अध्ययनलाई केन्द्रित गर्न खोजिएकाले सोही सापेक्षमा तन्त्रको मूलभूत सिद्धान्तको चर्चा गर्दै त्यससँग नाथपरम्पराको सहसम्बन्धको विश्लेषण गरिन्छ ।

शिवशक्तिसामरस्यको सिद्धान्त

शक्तिसाधना तन्त्रको मूलभूत विशेषता हो । सुसूक्ष्म कारण जगत्, लिङ्गात्मक सूक्ष्म जगत् र इन्द्रियगोचर स्थूल जगत् शक्तिको विकास मात्र हो भन्ने मूल चिन्तन नै तान्त्रिक दृष्टिको आत्मा हो । यस चिन्तनअनुसार आद्याशक्ति तत्त्वातीत हुँदाहुँदै पनि सर्वतत्त्वमय र प्रपञ्चस्वरूप छ । त्यही नित्य एवं परमानन्दस्वरूप शक्ति नै चराचर जगत्को बीजरूप हो । शक्ति नै प्रकाशात्मक शिवको स्वरूपज्ञानको उद्‌बोधक ऐना हो । जसरी कुनै व्यक्ति आफ्नो अगाडि रहेको सफा ऐनामा आफ्नो प्रतिबिम्ब देखेर उक्त प्रतिबिम्बलाई आफू भनेर चिन्दछ त्यसैगरी परमेश्वर पनि आफ्नो शक्तिलाई देखेर आफ्नो स्वरूपको बोध गर्दछन् । कुनै वस्तु आफ्नो अगाडि नहुँदा जसरी ऐनाले प्रतिबिम्बलाई ग्रहण गर्दैन वा वस्तु अगाडि भए तापनि प्रकाशको अभावमा ऐनाका अगाडि रहेको प्रतिबिम्ब प्रतिबिम्बका रूपमा भासित हुँदैन त्यसैगरी पराशक्ति पनि प्रकाशरूप परम शिवको सामीप्यविना आफूभित्र रहेको विश्वप्रपञ्चलाई प्रकट गर्न समर्थ हुँदैन । त्यसैले शिव र शक्ति परस्पर सम्बन्धरहित भएर एक्लैले जगत्को निर्माण गर्न सक्दैनन् । शिव र शक्तिको सम्बन्धलाई बुझाउन विज्ञानभैरवतन्त्रले आगो र आगोको पोल्ने शक्तिजस्तो तादात्म्य सम्बन्धको उपमा दिएको छ।* शिव र शक्तिको अभिन्न सम्बन्धलाई नाथपरम्पराको महत्त्वपूर्ण ग्रन्थ सिद्धसिद्धान्तसंग्रहले चन्द्रमा र त्यसको प्रकाशको उपमा दिएको छ । जसरी चन्द्रमा र त्यसको प्रकाश अलग अस्तित्व होइनन्, प्रकाशविना जसरी चन्द्रमाको सत्ताको कल्पना गर्न सकिँदैन त्यसरी नै शिव र शक्ति पनि अलग होइनन् भन्ने भाव त्यहाँ व्यक्त गरिएको छ ।** शिवका साथ तादात्म्य भावले रहेको चैतन्यस्वरूप पराशक्ति नै व्यष्टि देहमा कुण्डलिनीस्वरूप प्राणको रूपमा रहेको हुन्छ । सोही शक्तिलाई नै नाथपरम्पराका ग्रन्थमा अप्रबुद्ध कुण्डलिनी र प्रबुद्ध

---

* न वह्नेर्दाहिका शक्तिर्व्यतिरिक्ता विभाव्यते ।
केवलं ज्ञानसत्तायां प्रारम्भोऽयं प्रवेशने ॥ (विज्ञानभैरव, १६)

** शिवस्याभ्यन्तरे शक्तिः शक्तेरभ्यन्तरे शिवः ।
अन्तरं नैव पश्यामि चन्द्रचन्द्रिकयोरिव ॥ (सिद्धसिद्धान्तसंग्रह, ४।३७)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुण्डलिनीका रूपमा व्याख्या गरेको पाइन्छ । मूलाधारचक्रमा सुषुप्तझैँ रहेर व्यक्तिलाई सांसारिक प्रपञ्चमा अल्झाइरहने कुण्डलिनी शक्तिलाई अप्रबुद्ध र जाग्रत्‌रूपमा व्यक्तिलाई आफ्नो वास्तविक चैतन्य स्वरूपको बोध गराउने कुण्डलिनी शक्तिलाई प्रबुद्ध कुण्डलिनीको रूपमा व्याख्या गरिएको छ (सिद्धसिद्धान्तसंग्रह, चतुर्थ उपदेश, पृ. १०३) ।

यही तान्त्रिक सिद्धान्तको यौगिक प्रयोगका रूपमा कुण्डलिनी योगसाधना र वाह्य भक्तिको प्रयोगका रूपमा विभिन्न मातृशक्तिहरूको कल्पना, तिनको पीठको कल्पना, तिनको पूजाआराधना, उपासना गर्ने परम्परा आदि समाजमा प्रचलित छन् । सम्पूर्ण तत्त्व र सम्पूर्ण कार्यहरू शिव र शक्तिको परस्पर सम्बन्धबाट उद्‌भूत र प्रतिफलित हुन्छन् त्यसैले शिव र शक्तिलाई भिन्न रूपमा कल्पना गर्न नसकिने हुँदा शक्तिका साथमा शक्तिमान् शिवतत्त्वलाई संयुक्त रूपमा उपासना गर्ने तन्त्रपरम्परामा प्रचलित छ । शिव र शक्तिको सामरस्य वा एकाकारताको सिद्धान्तबमोजिम कुण्डलिनी योगसाधनाका क्रममा मूलाधारचक्रमा रहेको सुषुप्त कुण्डलिनीशक्तिलाई जगाई चक्रभेदनका माध्यमबाट सहस्रारचक्रमा रहेका शिवका साथ शक्तिको संयोग गराई शिवशक्तिको संयोगजन्य आनन्दमा निमग्न हुने अभ्यास गरिन्छ भने वाह्य उपासनामा मन्त्रजप, पूजा, ध्यान आदिका माध्यमबाट पहिले आफूलाई शक्तिको रूपमा बोध गरी सो शक्ति र शिवको संयोगको दृढ चिन्तन गरिन्छ । हठयोगको प्रसिद्ध ग्रन्थ घेरण्डसंहितामा समाधिका लागि यही विधिको प्रयोग गर्ने निर्देश दिइएको छ –

योनिमुद्रां समासाद्य स्वयं शक्तिमयो भवेत् ।
सुश्रृंगाररसेनैव विहरेत् परमात्मनि ॥
रसानन्दमयो भूत्वा ऐक्यं ब्रह्मणि सम्भवेत् ।
अहं ब्रह्मेति वाऽद्वैतं समाधिस्तेन जायते ॥ (घेरण्डसंहिता, ७।१२–१३)

वास्तवमा सम्पूर्ण साधना शक्तिको नै उपासना हो र भोगसिद्धि वा योगसिद्धि दुवै नै शक्तिसापेक्ष छन् भन्ने तान्त्रिक सिद्धान्तको मूल मर्मअनुरूप नाथपरम्परामा पनि शक्तिउपासना प्रचलित छ । नेपालमा रहेका नाथपरम्पराका मठहरूमा बालात्रिपुरसुन्दरी, महिषमर्दिनी दुर्गा आदि देवीका साथमा शिवको उग्ररूपमा भैरव र शान्तरूपमा शिवशक्तिको युगलस्वरूप शिवलिंगको स्थापना गरी पूजाआराधना गर्ने परम्परा प्रचलित छ (योगी बलभद्रनाथ र योगी दयानाथसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिण्डब्रह्माण्डवाद

तन्त्रमा जे ब्रह्माण्डमा छ त्यो देहमा छ भन्ने मान्यता रहेको छ । समष्टि ब्रह्माण्ड वा बृहत् ब्रह्माण्डको जुन रूप छ त्यसैको क्षुद्र (सानो) रूप देह हो ।* समष्टि ब्रह्माण्डको सबै लक्षण शरीरमा नै रहेको छ ।** प्रत्येक देह नै ब्रह्माण्ड हो ।***त्यसैले साधनाका क्रममा भूतशुद्धि आदि प्रक्रियाका माध्यमबाट देहलाई शुद्ध बनाएपछि दिव्यदेह, शिवदेह वा सिद्धदेह बनाउनका लागि बाह्य ब्रह्माण्डमा जे जति लोक, द्वीप, समुद्र, तीर्थ, नदी, शक्तिपीठ आदि छन् तिनलाई आफ्नै शरीरका विभिन्न अंगमा न्यास गर्ने र आफूलाई ब्रह्माण्डको प्रतिबिम्बका रूपमा चिन्तन गर्दै उक्त पिण्डलाई शिव वा शक्तिका साथ एकाकार गराउने साधनापद्धति प्रचलित छ (निर्वाणतन्त्र, ४–१० पटल) । नाथपरम्पराका ग्रन्थहरूमा पनि तन्त्रको यो सिद्धान्तलाई अंगीकार गरिएको छ । ब्रह्माण्डमा जेजति कुरा रहेका छन् ती सबै यही शरीरमा नै रहेका छन् । बृहत् ब्रह्माण्ड र पिण्डब्रह्माण्डको साम्यबोधलाई नै नाथपरम्परामा पिण्डसंवित्ति भनिएको छ ।**** सिद्धसिद्धान्तपद्धति तथा सिद्धसिद्धान्तसंग्रहजस्ता नाथपरम्पराका ग्रन्थहरूमा बृहत् ब्रह्माण्डमा रहेका विभिन्न लोक, द्वीप, समुद्र आदिको स्थिति शरीरमा यसप्रकार बताइएको छ–

क्र.सं.	लोक	अंग	देवता
१	भूर्लोक	मूलाधार	इन्द्र
२	भुवर्लोक	लिंगाग्र	इन्द्र
३	स्वर्लोक	लिंगमूल	इन्द्र
४	महर्लोक	मेरुदण्डाग्र	ब्रह्मा
५	जनलोक	मेरुदण्डकुहर	ब्रह्मा
६	तपोलोक	मेरुदण्डतल	ब्रह्मा

* बृहद् ब्रह्माण्डं यद्रूपं तद्रूपं क्षुद्ररुपकम् । (तोडलतन्त्र, २।२)

** ब्रह्माण्डलक्षणं सर्व देहमध्ये व्यवस्थितम् ।
साकाराश्च विनश्यन्ति निराकारो न नश्यति ॥ (ज्ञानसंकलिनीतन्त्रम्, २६)

*** प्रतिदेहं परेशानि ब्रह्माण्डो नात्र संशयः । (निर्वाणतन्त्र, १०।१४कख)

**** ब्रह्मामा ण्ड वर्ति यत्किञ्चित् तत्पिण्डेऽप्यस्ति सर्वथा ।
इति निश्चय एवात्र पिण्डसंवित्तिरुच्यते ॥ (सिद्धसिद्धान्तसंग्रह, ३।२)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७	सत्यलोक	मेरुदण्डमूल	ब्रह्मा
८	विष्णुलोक	नाभि	विष्णु
९	रुद्रलोक	हृदय	रुद्र
१०	ईश्वरलोक	छाती	ईश्वर
११	सदाशिवलोक	कण्ठ	सदाशिव
१२	श्रीकण्ठलोक	कण्ठमध्य	श्रीकण्ठ
१३	भैरवलोक	लम्बिकामूल	भैरव
१४	शिवलोक	तालुद्वार	शिव
१५	सिद्धलोक	तालुको भित्री भाग	महासिद्ध
१६	अनादिलोक	ललाट	अनादिदेव
१७	कुललोक	श्रृंगाटप्रदेश	शक्तियुक्त कुलेश्वर
१८	अकुलेशलोक	शंखनाडीभन्दा माथि मध्यनलिनी स्थान	अकुलेश्वर
१९	परब्रह्मलोक	ब्रह्मरन्ध्र	परब्रह्म
२०	परापरलोक	सहस्रदलकमल	परेश्वर
२१	शक्तिलोक	त्रिकूट	पराशक्ति

–सिद्धसिद्धान्तपद्धति, ३।५

क्र.सं.	द्वीप	अंग वा धातु
१	जम्बू	मज्जा
२	शाल्मली	अस्थि
३	प्लक्ष	नाडी
४	कुश	मासु
५	क्रौञ्च	त्वचा
६	गोमय	रोम
७	श्वेत	नङ

सिद्धसिद्धान्तसंग्रह, ३।२२

यसैगरी समुद्र, नदी, कुलपर्वतहरूको स्थिति पनि शरीरमा देखाइएको छ (सिद्धसिद्धान्तसंग्रह, ३।२३–२७)। यसप्रकार तन्त्र तथा नाथपरम्पराका ग्रन्थहरूमा पिण्डब्रह्माण्डवादलाई समानरूपले अंगीकार गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोगयोगसाहचर्यवाद

नाथमार्गमा मत्स्येन्द्रनाथले भोग र योगलाई समान महत्त्व दिएका छन् । भोगलाई निषेध नगरी त्यसलाई नै अभ्यासद्वारा योगमा रूपान्तरण गर्न सकिने धारणा उनको रहेको छ । शाक्त कौलमार्गमा पनि यही सिद्धान्तलाई अवलम्बन गरिएको छ । मत्स्येन्द्रनाथ स्वयं यौगिनीकौल मार्गका प्रवर्तक भएकाले उनले भोगलाई संयमताका साथ अभ्यास गर्नाले त्यही भोग नै योगमा रूपान्तरित भई त्यो सिद्धिको कारक बन्न पुग्छ भन्ने शिक्षा दिएका छन् । जुन द्रव्यलाई लोकमा घृणास्पद मानिन्छ, जसलाई शास्त्रले बहिष्कार गरेको छ त्यस्तो द्रव्यलाई कुलसाधनामा स्वीकार्य मानिन्छ ।* त्यसैले आदिनाथसंहितामा कौलमार्गका साधक, कौलमार्ग, कौलमार्गमा साधनामा प्रयोग हुने द्रव्य, कौलमार्गमा दीक्षित स्त्रीप्रति द्वेष गर्दछ, तिनमा अश्रद्धा प्रकट गर्दछ र तिनको निन्दा गर्दछ त्यस्तो व्यक्ति बन्धुबान्धवसहित शाकिनीको सिकार बन्दछ ।** कौलमार्गमा सुरालाई शक्ति, मांसलाई शिव र त्यसको भोक्तालाई भैरव मानिएको छ ।*** तर कुलद्रव्यको प्रयोग गर्ने साधकले आफूलाई स्वयं भैरवका रूपमा दृढ चिन्तन गर्दै आफूलाई भैरवभावमा आरूढ गराएको हुनुपर्छ ।**** मत्स्येन्द्रनाथले प्रवर्तन गरेको भोग र योगको समन्वयात्मक साधनापथलाई काठमाडौँ उपत्यकाका नेवार समुदायले अहिले पनि अंगीकार गरेको देखिन्छ । यसको उदाहरणका रूपमा काठमाडौँका विभिन्न स्थानमा हुने चक्रपूजालाई लिन सकिन्छ जुन वास्तवमा अष्टकोणात्मक यन्त्र बनाई अष्टभैरवको पूजा गर्ने विधान हो (योगी बलभद्रनाथ र योगी दयानाथसँगको कुराकानीबाट प्राप्त जानकारी) । काठमाडौँ उपत्यकामा कुसले, कपाली वा दर्शनधारी भनिने कापालिकहरूले नाथपरम्परालाई अंगीकार गर्दै आएका छन् । कुनै घरमा कसैको मृत्यु भएको छ भने सातौँ दिन उक्त घरमा गई चक्रपूजा गर्ने कार्य तिनै

---

* द्रव्यैश्च लोकविद्विष्टैः शास्त्रार्थाच्च बहिष्कृतैः ।
विजुगुप्स्यैश्च निन्द्यैश्च पूजनीयस्त्वयं क्रमः ॥ (तन्त्रालोक, २९।१०, विवेकव्याख्या) ।

** कौलिकान्कुलमार्गे च कुलद्रव्यं कुलांगनाः ।
ये द्विषन्ति जुगुप्सन्ते ये निन्दन्ति हसन्ति च ॥
येऽसूयन्ते च शंकन्ते मिथ्येति प्रवदन्ति ये ।
ते शाकिनीमुखे यान्ति सदारसुतबान्धवाः ॥ (आदिनाथसंहिता, गोरक्षसिद्धान्तसंग्रहमा उद्धृत, पृ. ११५) ।

*** सुरा शक्तिः शिवो मांसं तद्भोक्ता भैरवः स्वयम् ।

**** भैरवोऽहमिति ज्ञानात् सर्वज्ञादिगुणान्वितः ।
इति सञ्चित्य योगीन्द्रः कुलपूजारतो भवेत् ॥ (कुलार्णवतन्त्र, ६।१०) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कपालीहरूले गर्दै आएका छन् । यो कार्य वास्तवमा मृतकको भैरवसायुज्यका लागि गरिने कार्य हो । यसका अतिरिक्त नाथयोगीहरूले उपचारका लागि प्रयोग गर्ने शाबरमन्त्र र औघढ नाथयोगीहरूले वर्षको दुईपटक कार्तिक र चैत्र महिनामा घरघरमा गएर रातको समयमा फेरी लगाउने चलनलाई पनि तान्त्रिक अभिचारको रूपमा ग्रहण गर्न सकिन्छ । भूत प्रेत, पिशाच आदिबाट गाउँघरको सुरक्षाका लागि औघढ नाथयोगीहरूले महत्त्वपूर्ण सामाजिक जिम्मेवारी ग्रहण गरेको धारणा पाइन्छ (शर्मा, २०७६, पृ.४) । यी विभिन्न कार्यका साथै नाथयोगीहरूले साधनाका क्रममा अपनाउने अजपाजपविधान, न्यासविधि आदि तन्त्रकै अभिन्न अंग हुन् ।

उपसंहार

नाथपरम्परा र शक्तिउपासनापरक तन्त्रपरम्पराका मूल स्रोत आगम तथा तन्त्र ग्रन्थहरू नै हुन् त्यसैले ती दुईमा परस्पर प्रभाव पर्नु स्वाभाविकै हो । उपासना भन्नेबित्तिकै मूल रूपमा शक्तिको ग्रहण हुने भएकाले जुनसुकै उपासना परम्परामा पनि धेरथोर तन्त्रको प्रभाव रहन्छ । नेपालको नाथपरम्परामा विशेषतः काठमाडौँ उपत्यकाको नाथपरम्परामा शाक्त कौलपरम्पराको प्रभाव पाइन्छ जहाँ भोगयोगसाहचर्यवाद अनुरूप साधनामा कुलद्रव्यका रूपमा पञ्चमकारको ग्रहण हुन्छ तर त्यसको प्रयोजन केवल भोग नभएर त्यसबाट निवृत्तिपूर्वक योगमा समाहित हुनु नै हो । काठमाडौँ उपत्यकाको नेवार जनजीवनमा तन्त्रको गहिरो प्रभाव रहेकाले बौद्ध तथा शैव, शाक्त सबै परम्परामा प्रायः एकै खालको साधनापद्धति पाइन्छ । त्यसैले त्यहाँ मत्स्येन्द्रनाथप्रति जनताको बढी झुकाव हामी देख्छौँ । गोरखनाथको अनुग्रहले पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्ने क्रममा काठमाडौँमाथि विजय प्राप्त गरेकाले त्यहाँको जनजीवनले गोरखनाथलाई कम महत्त्व दिएको हो भन्ने धारणा यदाकदा सुन्नमा आए तापनि त्यसो हुनुमा राजनैतिक कारण नभई सांस्कृतिक कारण नै मुख्य हो । शिवमस्तु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भग्रन्थसूची

कविराज, गोपीनाथ (सम्पा.) वि.सं. २०२६), ज्ञानसंकलिनीतन्त्र (तन्त्रसंग्रह, भाग २), वाराणसीः वाराणसेय संस्कृत विश्वविद्यालय।

कविराज, गोपीनाथ (सम्पा.) वि.सं. २०२६), तोडलतन्त्र (तन्त्रसंग्रह, भाग २), वाराणसीः वाराणसेय संस्कृत विश्वविद्यालय।

चतुर्वेदी, राधेश्याम (सम्पा.) (२००२), *तन्त्रालोक,* वाराणसीः चौखम्बा विद्याभवन।

दूवे, राघवेन्द्रजी (सम्पा.), (२००८), सिद्धसिद्धान्तपद्धति, वाराणसीः सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय।

द्विवेदी, व्रजवल्लभ (सम्पा.) (१९८४), *विज्ञानभैरव,* वाराणसीः मोतीलाल बनारसीदास।

द्विवेदी, व्रजवल्लभ (सम्पा.) (२००४), *स्वच्छन्दतन्त्र,* दिल्लीः परिमल पब्लिकेशन्स।

द्विवेदी, श्यामाकान्त (सम्पा.), (२००६), *कौलज्ञाननिर्णय,* वाराणसीः चौखम्बा कृष्णदास अकदमी।

भट्टाचार्य, तारानाथ सम्पा.), वाचस्पत्यम्, (वाराणसीः चौखम्भा संस्कृत सिरिज अफिस) ई.सं. १९६२।

मिश्र, परमहंस (सम्पा.), (२००६), *कुलार्णवतन्त्र,* वाराणसीः चौखम्बा सुरभारती प्रकाशन।

लामिछाने, माधवप्रसाद (सम्पा.), (वि.सं. २०७९), *निर्वाणतन्त्र,* काठमाडौँः राष्ट्रिय अभिलेखालय।

लामिछाने, माधवप्रसाद (सम्पा.), (वि.सं. २०७४), *कालिकाकुलपञ्चशतक,* काठमाडौँः नेपाल प्रज्ञा–प्रतिष्ठान।

शर्मा, कृष्णचन्द्र (वि.सं. २०७९), नेपालमा नाथयोगदर्शनको परम्परा, काठमाडौँः नेपाल प्रज्ञा–प्रतिष्ठान।

शर्मा, सुरेन्द्रकुमार (सम्पा.) (१९८६), *सिद्धसिद्धान्तसंग्रह,* दिल्लीः इस्टर्न बुक्स लिंकर्स।

शास्त्री, जगदीशलाला (सम्पा.) (१९७१), *शुक्लयजुर्वेदसंहिता (मन्त्रभाष्य तथा वेददीपभाष्यसहित),* (दिल्लीः मोतीलाल बनारसीदास)

शास्त्री, जगदीशलाला(सम्पा.) (१९६१), *ऋग्वेदसंहिता (सायणभाष्यसहित प्रथम संस्करण),* वाराणसीः चौखम्बा विद्याभवन।

श्रीवास्तव, रामलाल (सम्पा.) (वि.सं. २०३६), *गोरक्षसिद्धान्तसंग्रह,* गोरखपुरः गोरखनाथ मन्दिर।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योगी नरहरिनाथ र नेपालको राजनीति

– डा. विजयप्रसाद मिश्र*

विषयप्रवेश

योगी नरहरिनाथले नेपालको धर्म, राजनीति, साहित्य, संस्कृतिका लागि अतुलनीय योगदान दिनुभएको छ। उहाँले दिएका योगदानको सबै पक्षलाई एउटै लेखमा समेट्नुभन्दा यस लेखमा उहाँको अध्ययन, अनुसन्धान र गतिविधिहरूले राजनीति क्षेत्रमा दिएको योगदान र त्यसले पारेको प्रभावका बारेमा यहाँ विश्लेषण गर्ने प्रयास गरिएको छ।

योगी नरहरिनाथ (१६७१-२०५६) नेपालका एक आध्यात्मिक व्यक्ति हुनुहुन्थ्यो। तर उहाँलाई अध्यात्मसँगमात्र जोडेर पुग्दैन। देशदौडाहामा गएर गाउँघरमा रहेका नेपालको राजनीतिक इतिहासलाई पुष्टी गर्ने धेरै सामग्रीहरू सङ्कलन गरेर त्यसलाई संरक्षण गर्ने, पुस्तक वा लेखका रूपमा प्रकाशन गर्ने र आफ्ना प्रवचनहरूमा ती राजनीतिक दस्तावेज, पुरातत्त्वका सामग्रीहरूका बारेमा जानकारी गराएर नेपालको राजनीतिक इतिहासलाई नयाँ बाटो देखाउन उहाँ सफल हुनुभएको थियो। उहाँले सङ्कलन गरेका दस्तावेजहरू बीपी कोइराला प्रधानमन्त्री भएको बखत गोरखामा भएको घटनाको आरोप योगी नरहरिनाथलाई लगाउँदै उहाँलाई पक्राऊ गर्ने र मृगस्थलीमा राखिएको दस्तावेजहरू सुरक्षा निकाय लगाएर जलाउने काम हुँदा धेरैजसो राजनीतिक इतिहास पुष्टी गर्ने सामग्री त जलेर खरानी भए तर जेजति बाँचको छ र जेजति उहाँले पुस्तकको रूपमा प्रकाशन गरेर देशलाई सह्योग गर्नुभएको छ त्यसकै आधारलाई टेकेर हेर्ने हो भने पनि नेपालको राजनीतिक इतिहासलाई भरथेग गर्ने वा क्षेत्रीय राजनीतिक इतिहास, विशेषगरी पश्चिममा राजारजौटाहरूको इतिहासलाई जीवन्त दिने काम जति वैज्ञानिक ढङ्गले उहाँले गर्नुभएको छ त्यति कसैले गरेको पाइँदैन।

---

* सहप्राध्यापक, इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको इतिहासलाई सबैको माझ पुऱ्याएर, आफ्नो राष्ट्रको पहिचान विश्वमा परिचित गराउनका लागि योगी नरहरिनाथले वि.सं. २०१२ सालमा इतिहास प्रकाशक संघ गठन गर्नुभएको पाइन्छ। योगीले वि. सं. २००६ सालदेखि वि.सं. २०१६ सालसम्म लगातार ऐतिहासिक यात्रा गर्नुभएको थियो (सुवेदीः २०७२ः १०४)। उहाँको ऐतिहासिक यात्राको क्रममा सङ्कलन भएका ताम्रपत्र, शिलापत्र र अन्य दस्तावेजहरूले नेपालमा कतिपय अन्यौलमा रहेका इतिहासलाई पुष्टी गर्ने काममा सहयोगी सिद्ध भएकाले सबै इतिहासकारहरूले उहाँलाई दस्तावेजहरू सङ्कलन गरेर पढ्ने, हेर्ने वातावरण मिलाइदिनु भएकोमा मुक्तकण्ठले प्रशंसा गरेका छन्।

योगी नरहरिनाथले इतिहासविनाको देश हुँदैन, देशलाई बुझ्न इतिहास नजानी हुँदैन, इतिहास जान्न विदेशीले लेखेको नक्कली वर्णन हेरेर पुग्दैन, त्यो काम देशभित्रकै भूमिपुत्रहरूले गर्नुपर्दछ भनेर गाउँगाउँ घुमी ऐतिहासिक अभिलेख र दस्तावेजहरू सङ्कलन गर्ने अभियान चलाउनु भएको थियो। पुस्तकको लेखक हुनु र सम्पादक हुनुमा धेरै फरक हुन्छ। योगी नरहरिनाथ सम्पादक नभएर लेखक हुनुहुन्थ्यो। उहाँको राजनीतिक इतिहासको लेखनमा मौलिकता थियो। उहाँले पछिल्लो पुस्ताका लागि नेपालको सत्य इतिहास सङ्कलन र लेखन गरेर जानुभएको छ त्यसैले पनि नेपालको राजनीतिक इतिहासलाई पूर्ण बनाउनका लागि राष्ट्रिय राजनीतिक इतिहास लेखनमा उहाँको योगदान कोशेढुङ्गा सावित भएको छ।

वेद, वेदान्त, इतिहास, पुरातत्त्व, पुराणजस्ता अति गहन विषयहरूका ज्ञाता, प्रकाण्ड विद्वान् योगी आजीवन अन्वेषकका रूपमा रहनु भयो। उहाँले देश एवं विदेशका धेरै ऐतिहासिक तथा पुरातात्त्विक स्थानहरूको भ्रमण गरेर लेख्नुभएका सामग्रीहरूमध्ये इतिहास प्रकाशनमा सन्धिपत्रसङ्ग्रहका विभिन्न भागहरू सबै इतिहासका लेखक र अध्ययनकर्ताका लागि मुख्य स्रोत बनेका छन्। योगी नरहरिनाथका केही कृतिहरू प्रकाशित छन् भने धेरैजसो अप्रकाशित छन् (योगी नरहरिनाथ स्मृतिग्रन्थ, २०६८ः १३५)।

बाल्यकाल र शिक्षा

योगी नरहरिनाथको जन्म कालीकोट जिल्लाको लालू भन्ने गाउँमा विक्रम सम्वत् १९७१ फागुन १७ गते बिहान भएको हो। उहाँको बाल्यकालको नाम बलवीर सिंह थापा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो । आठ वर्षकै उमेरमा व्रतबन्ध गरेर वि.सं. १६८१ मा जुम्ला चन्दननाथ मन्दिरका महन्त छिप्रानाथ योगीसँग सन्न्यास लिएपछि उहाँको नाम योगी नरहरिनाथ रहन गएको थियो (सुवेदीः २०७२ः १०३) । योगी नरहरिनाथ जुम्लाको चन्दननाथ भाषा पाठशालामा ६ वर्षको उमेरमा पढ्नका लागि भर्ना भएर त्यहीँ १३ वर्षको उमेरमा सन्यास धारण गरेपछि उहाँको नाम योगी नरहरिनाथ हुनगयो । बलवीर सिंहलाई योगी क्षिप्रनाथले दीक्षा प्रदान गरी कनफट्टा (कानचीरा) योगी नरहरिनाथ बनाइए (सुवेदीः २०७२ः १०३) । उहाँले वि.सं. १६६७ मा वेदालङ्कार परीक्षा उत्तीर्ण गर्नुभएको हो (पोखरेलः २०७४ः त) । उहाँ वि.सं. २००४ कात्तिक २० गतेदेखि मृगस्थलीमा बस्न थाल्नुभएको थियो । सोही वर्षको पौष ४ गते गोरखनाथ मठको पीर महन्त नियुक्त हुनुभएको हो । उहाँले वि सं. २००८ सालमा पृथ्वीनारायण शाहका दिव्य उपदेश प्रकाशित गर्नुभएको थियो । त्यसैगरी इतिहास प्रकाशन सन्धिपत्र-संग्रह-सात भागसम्म, गोर्खा वंशावली, नेपालका चौध अञ्चलजस्ता ग्रन्थहरू प्रकाशित गराएर देशका लागि ठूलो योगदान गर्नुभएको छ ।

गोरखाकाण्ड र योगी नरहरिनाथ

नेपालको इतिहासमा वि.सं. २०१७ सालमा गोरखामा एउटा यस्तो घटना हुन गयो जसमा श्री ५ महेन्द्र, विपी कोइराला र योगी नरहरिनाथका बीचमा आरोप प्रत्यारोप लगाउने कामहरू भए । निर्दोष योगी नरहरिनाथ पक्राउमात्र पर्नु भएन, उहाँले सङ्कलन गर्नुभएका धेरै ऐतिहासिक दस्तावेजहरू सरकारले खटाएको सुरक्षा निकायले जलाउने कामसमेत गरे । वास्तविकता के थियो भने २०१७ साउनमा नेपाली कांग्रेसका कार्यकर्ता भनिएका तर गोर्खा परिषद्का व्यक्तिको नेतृत्वमा गोर्खामा ठूलै लुटपाट मच्चियो । कांग्रेस कार्यकर्ताको थिचोमिचो पनि बढ्दै गएको अवस्थामा कर्मवीर महामण्डलका अध्यक्ष योगी नरहरिनाथ पनि असोजतिर गोर्खा पुगेका थिए । २०१७ साल साउन महिनामा नेपाली कांग्रेसका कार्यकर्ता भनिएका तर गोर्खा परिषद्का मिस्टर नामक हरिबहादुर थापा क्षेत्रीको नेतृत्वमा पश्चिम २ नं. बोर्लाङ्मा लुटपाट सुरु भयो । लुटपाटकारीहरूले जोगी अद्भुतानन्द, श्याम श्रेष्ठलगायतलाई थुनेर राखे । यसको विरोधमा गोर्खा बजारमा जुलुससहितको आमसभा भयो र स्थानीय जिल्ला सरकारसमक्ष उनीहरूलाई लुटारहरूबाट छुटाई लुटपाट आन्दोलनबाट जनतालाई बचाउन भन्दै माग गरेका थिए (गौतमः२०६६ ४०२) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्कालका लागि स्थानीय जिल्ला सरकारले माग पूरा गर्ने आवश्वास दिए पनि नागरिकहरू सन्तुष्ट थिएनन् । भित्रभित्रै आक्रोशित जनताहरू नेपाली कांग्रेसको सरकारको नीति र पार्टी कार्यकर्ताहरूको व्यवहार, कार्यक्रमबाट पश्चिम २ नम्बरका जनताहरू भयभीत भइरहेका थिए । यत्तिकैमा २०१७ साल असोज १६ गते योगी नरहरिनाथ काठमाडौंबाट गोर्खा पुगेका थिए । उनले असोज १६ गते साँझ भन्ज्याङ भनिने ठिउरेस्वाँरामा, असोज १८ गते ताकूमा र असोज २१ गते बारपाकमा मिटिङ गरी स्थानीय जनताहरूलाई नेपाली कांग्रेसको सरकारको नीति र व्यवहारको विरोधमा जुलुस आमसभा आदि गर्न आह्वान गरी असोज २२ गते गोर्खा जिल्लाबाट जुम्लातर्फ लाग्नुभएको थियो (गौतमः २०६६ः ४०२) । योगी नरहरिनाथ गोर्खा गएकै दिन अर्थात् असोज १६ गते कर्मवीर महामण्डलका तर्फबाट गोरखा निवासी आफ्ना अनुयायीहरूलाई एउटा पत्रसमेत वितरण गरिएको थियो जसमा मुख्य रूपमा निम्न कुरा उल्लेख थियो ।

'धर्मराजा जनादेशका ४ सत्ता समर्थक संरक्षक कर्मवीर महामण्डलबाट, गोर्खा राज्यका मूल राजधानी १२ हज्जारिया गोर्खाका दुईलाख कर्मवीर गोर्खालीहरूमा र सल्यान, धादिङ्, तनहुँ, बन्दिपुर, कुन्छा, लमजुङ् आदि आसपासका सबै जिल्लाहरूमा रामशाहको स्थिति, पृथ्वीनारयाण शाहको नीति, कर्मवीरको विधानअनुसार चार सत्ताको व्यापक प्रचार संगठन सम्मेलन पुनः दृढ पार्न वैधानिक अधिकार प्रदान गरिन्छ (गौतमः २०६६ः ४०३) । उक्त पत्रमा आह्वान गर्नेहरूको नाममा रामशरण थापा, बुद्धिमान सिंह बस्नेत र योगी नरहरिनाथको नाम उल्लेख छ तर उक्त पत्र लेखिएको मिति २०१३ भाद्र २८ गते भएकाले सांगठनिक रूपमा पहिले नै तयार पारिएको पत्र विभिन्न जिल्लामा वितरण गर्ने क्रममा गोर्खामा समेत वितरण भएको हो भन्न सकिन्छ । त्यसैगरी योगी नरहरिनाथ २०१७ साल असोज २२ गते नै गोर्खाबाट जुम्लातर्फ लागेको र गोर्खामा २०१७ कात्तिक ९ गतेका दिन घटना भएकाले १७ दिनअघि गोर्खामा योगी नरहरिनाथले भाषण गरेकै आधारमा तत्काल मानिसहरू आक्रोशित भएर मर्न मार्न तयार हुने गरी आए होलान् भन्न सक्ने स्थिति देखिँदैन तर पनि गोर्खामा नागरिकहरूको तर्फबाट नेपाली कांग्रेसको सरकार विरुद्धमा वि.सं. २०१७ कात्तिक ९ गते दिउसो ११ बजे गोर्खा बजारको पूर्व दिशातर्फबाट ३ हजारजति मानिसको जुलुस कर्मवीर महामण्डलको झण्डा लिई नेपाली कांग्रेस धोका हो भन्दै जुलुस लगाउँदै अघि बढेका थिए । जुलुसमा सुरुमा लाठीचार्ज गरिएको थियो भने पछि गोली चलाइएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थियो। उक्त दिनको घटनामा ७ जनाको मृत्यु भएको थियो भने १० जना गोली लागेर घाइते भएका थिए, २९/३० जनाजति गिरफ्तारीमा परेका थिए (गौतमः २०६६ः ४०४)।

यस घटनाको रिसमा योगी नरहरिनाथका सम्पूर्ण सरसामान तथा ऐतिहासिक सामग्रीका बोरा तात्कालिक सरकारले प्रहरी खटाएर आगो लगाइदिँदा सात दिनसम्म मृगस्थली वन क्षेत्रमा धुवाँको मुस्लो उठेको स्मरण गर्नेहरू अझै पनि छन्।

राजा महेन्द्र बेलायतबाट फर्केर आएपछि योगीसँग मुछेर प्रधानमन्त्रीले दिएका वक्तव्यहरू सम्बन्धमा राजा महेन्द्रलाई चित्त नबुझेकाले प्रधानमन्त्रीलाई बोलाएर पुस १ गतेभन्दा दुई दिनअगाडि राजाले सोधेको कुरालाई लिएर बिपीले ‘सरकार युरोपमा रहँदा कांग्रेस सरकारविरुद्ध नरहरिनाथले गोरखामा अनेकौँ काण्ड मच्चाए। तिनै योगीलाई सरकारका एडिसी जर्नेल शेरबहादुर मल्लले लेखेको चिठ्ठी फेला परेको छ। त्यसले आशंका बढाएको अवश्य हो (नेपालः २०७२:२४९) भने। बीपी कोइरालाले आफ्नो आत्मवृत्तान्तमा समेत योगी नरहरि नाथको प्रसङ्ग उल्लेख गरेका छन्। राजा महेन्द्र र प्रधानमन्त्री कोइरालाबीचको सम्बन्ध विच्छेदको अध्याय नै यहींबाट सुरु भएको थियो। अन्य विभिन्न कारणहरूमध्ये प्रधानमन्त्री बीपी कोइरालालाई बन्दी बनाएर संसद नै भङ्ग गर्नुमा योगी नरहरिनाथमाथि कांग्रेस सरकारले गरेको कारवाही र त्यसमा राजा महेन्द्रलाई समेत मुछेर वक्तव्यवाजी गर्नु तात्कालिक कारणका रूपमा लिन सकिन्छ।

राजाको दलाल भन्दै योगीलाई मार्नुपर्छ भन्ने षड्यन्त्र गरिँदै थियो। धादिङ र गोर्खाका हजारौँ जनसमुदायहरूलाई विद्रोहको झण्डा उचाल्न लगाउने योगीलाई मार्न गोर्खामा प्रहरीको टुकडी खटाइएको थियो तर योगी जुम्ला पुगिसकेकाले त्यहाँ पनि उनलाई बन्दीगृहमा मार्ने हल्ला भएपछि हजारौँ जनताले बडाहाकिमको कार्यालय घेरेका थिए।

जुम्लाबाट काठमाडौं ल्याउँदा नरहरिनाथलाई उर्लँदो भेलमा डुंगाबाट नदीमा खसालियो तैपनि उहाँ बाँच्नु भयो। उहाँको भाग्यले गर्दा कांग्रेसको सरकारलाई राजा महेन्द्रले अपदस्थ गरेपछि उहाँको जीवन बाँच्न सफल भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिव्य उपदेशको नीतिको अनुसरण

योगी एक सफल अन्वेषक मात्र नभएर एक कुशल वक्ता पनि हुनुहुन्थ्यो। घण्टौँसम्म बोल्दा पनि उहाँ थाक्नु हुन्नथ्यो। दिव्य उपदेशमा पृथ्वीनारायण शाहले भनेको कुरालाई पुस्तक नै लेखेर प्रचार प्रसार मात्र गर्नु भएन, नेपालले त्यसकै आधारमा आफूलाई अगाडि बढाउनुपर्छ भन्नु हुन्थ्यो। पृथ्वीनारायण शाहको दिव्य उपदेशमा भनिएको थियो, 'उप्रान्त यो राज्य दुई ढुङ्गाको तरुल जस्तो रहेछ। चीनको बादशाहसँग ठूलो घाहा (राम्रो सम्बन्ध) राख्नु, दषिनको समुन्द्रको बादशाहसित घाहा त राख्नु तर त्यो महाचतुर छ। देशका महाजनहरू हाम्रा मुलुकमा आया भन्या दुनिया कंगाल गरी छाडछन् (थापाः २०१६ः अ)।

योगीले गोर्खाली सभ्यताको महत्त्वलाई उजागर गर्न 'कैलास-मानसरोवरदेखि हिन्दमहासागरसम्म जसको राज्य र घर छ त्यो हिन्दु हो भन्ने गर्नुहुन्थ्यो। विश्व विकासको जग ज्येष्ठ हिमालय हो। मानव उत्पत्तिको सबै भन्दा पुरानो दर्शन हाम्रो हो भनी उहाँले दावी गर्नु भएको छ। मनु यहीँ जन्मेका, वेद यहीँ अवतीर्ण भएको, हाम्रो पुर्खा कतैबाट बसाइँ सरेर आएको नभई हाम्रो मूल थलो हिमवत्खण्ड नेपाल हो भन्नुभएको छ। नेपाल नै मानव सभ्यताको मूल थलो हो र यसको उद्‌गम हिमालयको फेद हो भन्ने उहाँको तर्क थियो। हाम्रो राष्ट्रियतालाई गौरव सम्झनुपर्छ भनी उहाँले वारंवार भन्ने गर्नुभएकाले नेपालको ऐतिहासिक पक्षलाई उजागर गर्दै राजनीतिमा नेपालीहरूको पुरानो गौरवलाई बिसर्न नहुने गरी डटेर व्याख्या गर्न कहिल्यै पछि पर्नु भएन। सन्धिपत्र संग्रहमा प्रकाशन भएका चिठ्ठीपत्र, सन्धीहरूले नेपालको इतिहासलाई प्रमाणित गर्न धेरै सत्यतथ्य बुझ्न सबै सरोकारवालाहरूलाई सह्योग गरेको छ। इतिहासका धेरै विवादित कुराहरूमा बहस भएमा अन्त्यमा योगी नरहरिनाथकै संग्रहहरूमा हेरेर सही वा गलत भनेर यकिन गर्ने चलन छ। अल्मलिएमा वा दुई खाले तर्क आएमा समस्या निवारणका लागि योगी नरहरिनाथका प्रकाशनहरूको खोजी हुने गर्दछ।

योगी नरहरिनाथले २००८ सालमा पृथ्वीनारायण शाहका दिव्य उपदेश प्रकाशित गर्नुभएको थियो। वि.सं. १९९५ मा सरस्वती संस्कृत महाविद्यालय, लुधियानाबाट शास्त्री उत्तीर्ण गरी गुरुकुल काँकडी विश्वविद्यालय, हरिद्वारबाट वि.सं. १९९७ मा ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, शतपथ ब्राह्मण, तैतिरीय ब्राह्मण, ऐतरेय ब्राह्मण, ताण्ड्य ब्राह्मण, गोपथ ब्राह्मण अध्ययन गरी वेदालंकार परीक्षा उत्तीर्ण गर्नुभएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उहाँले रचना गरेका कृतिमध्ये इतिहास प्रकाशमा सन्धिपत्र संग्रहको कुल ८२ भागमध्ये ७५ भाग, इतिहास प्रकाशको कुल ८२ भागमध्ये ७८ भाग, अभिलेखमालाहरू, करिब ६ सयवटा थर गोत्र वंशावलीहरू सङ्कलन गरेको पाइएकाले विविधतामा एकता भन्ने नेपाली ऐतिहासिक परम्परालाई जोगाउन योगी नरहरिनाथले महत्त्वपूर्ण भूमिका खेल्नुभएको छ।

सुगौली सन्धीप्रति योगी नरहरिनाथको धारणा

नेपालसँग सुगौली सन्धीको सक्कल प्रति छैन। नेपाल सरकारलाई समेत त्यो सक्कल प्रति कहाँ छ भन्ने जानकारी छैन। यस्तो अवस्थामा नेपालको पुरानो सीमा कायम गर्नका लागि राजनीतिक रूपमा सुगौली सन्धिमा राजाको हस्ताक्षर नभएकाले उक्त सन्धी नेपालले मान्नुपर्ने आवश्यकता छैन भन्ने तर्क योगी नरहरिनाथले आफ्नो अनुसन्धानात्मक कृतिहरूमा व्याख्या गर्नुभएको छ। सुगौली सन्धिपूर्व नेपाली भू-भागको हैसियत पुनः प्राप्त गरी गराई 'नेपाल अधिराज्यको संविधान-२०४७ को धारा ४ को उपधारा २ को (ख) बमोजिम नेपाल अधिराज्यको भू-भाग कायम गर्नू गराउनू भनी मन्त्रिपरिषद्‌लगायत प्रत्यर्थीहरूका नाममा परमादेश जारी गरी नेपाल अधिराज्य र नेपाली जनताका लागि पूर्ण न्याय दिलाउनका लागि योगी नरहरिनाथ लगायत उहाँको नेतृत्वमा रहेको एउटा टोलीले वि.सं. २०५४ साल असार ३१ गते सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेको थियो। यसले पनि नेपालको इतिहासलाई तोडमोड गर्न खोज्ने भारतीय पक्षको गतिविधिलाई रोक्नका लागि दस्तावेजहरू सङ्कलन गर्न र तर्क दिन सधैं तत्पर देखिनु भएको छ।

पञ्चायतमा भएको कैद सजाय

योगी नरहरिनाथले राजालाई दिएको अर्तीलाई गलत अर्थ लगाई राजाका अन्धभक्तहरूले उजुरी गरेर वि.सं. २०३३ साल साउन १८ गतेदेखि माघ १ गतेसम्म पञ्चायती सरकारले उहाँलाई हिरासतमा राखेको थियो। त्यसपछि उहाँ भारत निर्वासनमा जानुभएको थियो। जेलमा पञ्चायतका व्यक्तिहरूले उहाँको ज्यान नै लिने उद्देश्यले काँचको धुलो मिसाएको पानी खान दिँदा धेरै समयसम्म मूर्च्छित हुनुभएको थियो। योगी नरहरिनाथका झापामा रहेका भक्तहरूको अगुवाइमा उहाँको रिहाइका लागि मुमाबडामहारानी रत्न राज्य लक्ष्मीदेवी शाहलाई बिन्तीपत्र चढाएपछि उहाँले चासो लिएर रिहा गर्न भनेपछि योगीलाई पञ्चायत सरकारले रिहा गरेको थियो। बालब्रह्मचारी योगीलाई आफ्नो देशबाहेक अरू कुनै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वार्थ थिएन । यस्ता व्यक्तिलाई पनि पटक पटक मार्न खोजियो तर नेपाली जनता उहाँले निर्माण गरेको इतिहासप्रति सँधै नतमस्तक छन् ।

कर्णाली क्षेत्रको गौरवमय इतिहासको खोजी

भारतले भरतखण्डे भनेर नेपालका बारेमा गलत प्रचार गरेर जाली इतिहास बनाएको योगी नररहिनाथलाई मन परेको थिएन । उहाँ हरिद्वारमा नुहाएर कैलासतिर जान हिँड्ने तयारी गरिरहेको बेला सन्त क्षिप्रानाथले दिएको जानकारीका आधारमा काठमाडौँबाट बबरशम्शेरले पठाएका व्यक्तिहरूसँग योगीको भेट भएको थियो । नेपालको सत्य इतिहास विश्वसामु ल्याएर यसको स्वाधीनताको रक्षामा समर्पित हुने आफ्नो सपना साकार गर्नका लागि वि.सं. २००२ मा उहाँ नेपाल आउनुभयो । योगी नेपाल आएपछि पहिलो पटक गरेको काम भनेको वीरपुस्तकालयमा रहेको गोपालवंशावलीको हस्तलिखित ग्रन्थबाट नेपालको सानोतिनो इतिहासको जानकारी लिनु थियो । उक्त ग्रन्थमा सिंजा साम्राज्यका अधिपति रिपु मल्लले काठमाडौँमा दुई वर्ष शासन गरेको उल्लेख भएकाले योगी वि.सं. २०१२ मा दुल्लु पुगेर त्यहाँ महाराज पृथ्वी मल्लले स्थापना गराएको कृतिखम्बामा उल्लिखित सिंजाका मल्ल राजाहरूको वंशावलीका आधारमा पश्चिम नेपालमा एक विशाल साम्राज्य रहेको प्रमाणित गर्नुभयो । खोजकै क्रममा योगी नरहरिनाथले श्रीशाके १२५६ वैशाख शुक्लपक्ष दिवा १३ त्रयोदशी रविवारका दिन पिउथर्पु-वैराठ- विराटपीठ सिंजा लामाथाडा माथि डाँडामा राज गरेर बिर्ताको भाषा- कनकपत्र प्रतिज्ञा प्रसाद प्रदान भयो । राइको आदेस्- राजाको आदेश भनेर अन्त्यतिर लेखिएको जगज्ज्येष्ठ अपाडराज पुण्यमल्लका कनकपत्र फेला पार्नुभएको थियो (हिमवत्संस्कृतिः त्रैमासिक पत्रिका वर्ष १ अङ्क २, पौष शुदि दशमी २०१६ को पृष्ठः ५) । त्यसैगरी श्रीशाके १२९८ फाल्गुनवदि - वहलदिवा) ७ सप्तमी रविवारका दिन राजाको आदेश भनेर पुण्यमल्लका नाति पृथ्वीमल्लका छोरा अभयमल्लको ताम्रपत्रको अनुवाद सोही अङ्कमा छापिएको छ । यी दुई नमुनामात्र हुन् । नेपालको पुरानो स्वतन्त्र इतिहासलाई प्रमाणित गर्ने यस्ता धेरै कनकपत्र, ताम्रपत्र, शिलालेखहरू योगी नरहरिनाथले संग्रह गरेर नेपालको राजनीतिक इतिहासलाई वैज्ञानिक रूपमा प्रमाणित गराउन सफल हुनुभएको छ ।

योगीले खोजबिन गरेर सार्वजनिक गरेको सामग्रीले उहाँको ऐतिहासिक अनुसन्धानले अन्तर्राष्ट्रिय रूपमा हलचल मच्चायो । वि.सं. २०१४ मा त इटालीका तिब्बत विशेषज्ञ मानिने इतिहासकार जिसेफ टुची नै सिंजा पुगेर डिस्कभरी अफ मल्लाज लेखे । उनले सिंजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्रको पुरानो राज्यलाई विश्वका पाठकलाई बुझाउन इटालीभन्दा ठूलो व्यवस्थित राज्य रहेको उल्लेख गर्नुले योगीले गर्दा नेपालको राजनीतिक इतिहासको गौरवलाई विश्वसामु परिचित गराउन सफल भएको पाइन्छ।

वि.सं. २०४८ मा योगी नरहरिनाथले बाजुरा र कालिकोट हुँदै जुम्ला भ्रमणका क्रममा शेरढुस्का भन्ने ठाउँमा महाराज पृथ्वी मल्लको एउटा ताम्रपत्र भेट्नुभयो। कसैलाई भूमिदान दिएको उक्त ताम्रपत्रबारे योगीले त्यहाँ उपस्थित सबैलाई त्यसको विशेषता के पायौ भनी प्रश्न गर्नुभयो। योगीको लक्ष्य अहिलेसम्म नेपालको ऐन कानून बनाउँदा वा जंगबहादुर राणाले पहिलो मुलुकी ऐन बनाउँदा त्यो ऐन दिल्लीका शासक अकबरले बनाएको आइने अकबरीका आधारमा बनेको हो भन्ने तर्क दिनेलाई मुख बन्द गर्ने एउटा अनुसन्धानको दरिलो झापड थियो। नेपाल दिल्लीद्वारा शासित थियो भन्ने राहुल सांकृत्यायनको तर्कलाई पृथ्वी मल्लको ताम्रपत्रको शुद्ध नेपाली भाषाको प्रयोगले पूर्णरूपमा खण्डन गर्छ भनेर नेपालको आफ्नै मौलिकता रहेको प्रमाणित गर्नुभएको थियो। भाषिक शुद्धताका कारणले नेपालको स्वाधीनता र स्वतन्त्रतालाई कसैले चुनौती दिन नसकेको इतिहासको रचना नै योगी नरहरिनाथको जीवनको मुख्य लक्ष्य रहेको देखिन्छ।

अन्त्यमा

वि.सं. २०५६ फागुन १३ गते मङ्गलवार राति १२.४० बजे ८८ वर्षको उमेरमा काठमाडौंको मृगस्थली आश्रममै उहाँ ब्रह्मलीन हुनुभयो (पोखरेलः २०७४ः ग)। योगी नरहरिनाथले जीवनको अन्तिम समयतिर दिएको उपदेश हो- संसार जित्न सत्य मार्गमा हिँडे पुग्छ। जीवनको अन्तिम क्षणसम्म पनि योगी राष्ट्र र राष्ट्रियताका निमित्त चिन्तित भइरहनु भयो। उहाँले सिर्जना गर्नुभएको एतिहासिक महत्त्वका कृतिहरू समाज, राष्ट्र र विश्वका निम्ति इतिहास जोगाउने प्रसादको रूपमा छोडेर जानुभयो। उहाँले वि.सं. २०२२ चैत्र १ गतेका दिन स्थापना गर्नुभएको 'श्रीबृहद् आध्यात्मिक परिषद् नामक संस्थाले मृगस्थलीमा रहेका उहाँका सामग्रीको संरक्षण गरी 'योगी नरहरिनाथ स्मृति पुस्तकालय तथा संग्रहालय सञ्चालनमा ल्याएको छ। उहाँका कृतिहरू र संग्रहहरूलाई पुनमुद्रण गर्ने र विश्वसामु प्रचारप्रसार गरेर नेपालको गौरवगाथालाई नयाँ पुस्तामा हस्तान्तरण गर्न राज्य र राष्ट्रप्रेमी नागरिकहरू दत्तचित्तले लाग्नुपर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाथपरम्पराको ऐतिहासिक पक्ष एवं साधनापद्धति

– डा. टी.पी. धमला, विद्यावारिधि *

लेखसार

श्रीशिवलाई मुख्य ठानी नाथ परम्पराको प्रादुर्भाव भएको मानिन्छ। 'नाथ' मत या 'नाथ' सम्प्रदायको ग्रन्थमा नाथ शब्दको शाब्दिक र दर्शनिक अर्थ पाइन्छ। 'गोरक्षसिद्धान्तसंग्रह' र राजगुह्य एवं शक्तिसङ्गमतन्त्रको प्रमाण दिँदै राजगुह्यमा नाथ शब्दको व्युत्पत्ति गर्दै 'ना' को अर्थ अनादिरूप र 'थ' को अर्थ भुवनत्रयको स्थितिको कारण भनिएको छ। त्यसैगरी 'ना' ले ब्रह्म र 'थ' ले अज्ञानलाई हटाउने तत्त्व भन्ने अर्थमा 'नाथ' शब्दलाई अज्ञानलाई हटाई ब्रह्मज्ञान गराउने परम तत्त्व नै नाथ हो भनिएको छ। सृष्टि, स्थिति र लयको प्रक्रियाबाट शक्तिले सिर्जना गर्ने, शिवले परिपालन गर्ने तथा कालले संहार गर्ने वा मुक्ति दिने तीन रूप रहेको विश्वास गरिन्छ। मूलमा नाथमा नादरूप र बिन्दुरूप दुई साधनापद्धति पाइन्छन्।

शब्दकुञ्जिका

नाथ, निरञ्जन, बिन्दु, नाद, साधना, तन्त्र, योग

विषय प्रवेश

नाथपरम्परा श्रीशिव प्रधान एक स्वतन्त्र परम्परा हो। यस परम्परामा श्रीशिवलाई आदिनाथ, आदियोगी, महायोगी, योगीश्वर एवं स्वामी परब्रहम परमात्मा मानिएको छ। श्रीशिव प्रमुख भएर वर्णित स्वरूपलाई शैव सम्प्रदायका नामबाट जानिन्छ। ऊक्त सम्प्रदायमा श्रीशिवलाई प्रमुख मानी विभिन्न उपसम्प्रदाय विकास र विस्तार भएका देखिन्छन्। श्रीशिव आदिनाथ र कैलासको सम्बन्ध धनिष्ठ रहेको पाउन सकिन्छ। हिमालयको मुकुट कैलास हो। कैलासमा आदिनाथ - आदियोगी श्रीशिवको निवास हुन्छ भनिएको छ। आदियोगी

* त्रि.वि., संस्कृत केन्द्रीय विभाग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीशिवका पाँचवटा निवासस्थानमा कैलासनाथ, अमरनाथ, केदारनाथ, बुदिनाथ र मुक्तिनाथ पर्दछन् । यी पाँचै वटा स्थानलाई पञ्चकैलास मूल मानिएको छ । आदिनाथ शिवलाई पाँचै ठाउँमा गोसाइँ (मालिक वास संरक्षक) का रूपमा स्वीकार गरिएको छ । यिनै ठाउँबाट आदिकालमा मानवको उत्पत्ति भई चारैतिर फैलिएको कुरा थाहा हुन आएको छ । यहाँका ऐतिहासिक प्रमाण अभिलेख पुरातात्त्विक खोज र अन्वेषणबाट सो कुराको पुष्टि हुन आएको छ । यी प्रमाणका आधारमा ठेगानको तथ्य कुरा भन्नुपर्दा आदिमानवका रूपमा शिव वा आदिनाथलाई मानिएको कुरा मैसुरका पीर चन्द्रनाथ योगीको मत रहेको देखिन्छ । सो कुराको वर्णन शम्भु शर्मा कडवद्वारा सम्पादित 'सिद्धसिद्धान्तपद्धति' ग्रन्थमा उल्लेख गरिएको पाइन्छ ।

नाथपरम्परा वा नाथसम्प्रदाय सनातनपरम्परा अन्तर्गतको शैवसम्प्रदायसित सम्बन्धित मार्ग भएको कुरा उल्लेख भएको भेटिन्छ । शैवसम्प्रदायका अनेक भेद र उपभेद छन् । त्यसमा नाथसम्प्रदायको साधनापद्धति (तन्त्र र योग) लाई प्रायःले स्वीकार गरेका छन् । यसबाट के थाहा पाउन सकिन्छ भने नाथपरम्परा सम्प्रदाय मात्र नभई एक दर्शन पनि हो ।

'नाथ' तत्सम शब्द भएकाले पाणिनीय व्याकरणमा 'नाथृ याञ्जोपतापैश्वयोशीः षु' भनिएको छ । उक्त व्याकरणको अर्थ गर्दा याचना गर्नु, रुठण बन्नु, ऐश्वर्यवान् भई आशीर्वाद दिनु भन्ने अनेक अर्थ गरिएको बनावट भएको हुन्छ । नाथ पुलिङ्ग भई मानिक, पति, स्वामी, गोरखनाथ पन्थीको नामको पछाडि जोडिने नाम बुझाउने शब्द भनि वर्णित भएको भेटिन्छ । 'नाथ्यते उपतप्यते दुष्टो यस्मात्' अथवा दुष्टवाला पीडित वा दण्डित हुन्छन् भन्नुका साथै 'न अथ इति नाथ' भनिएको छ नाथले एक तत्त्वलाई अर्थबोध गराउँछ । यसले अज्ञानतालाई हटाई ज्ञान र मोक्ष, ब्रह्म वा परमतत्त्व प्राप्त गर्न सक्दछ भनी 'शक्तिसङ्गमतन्त्र' मा 'श्रीमोक्षदानदक्षत्वात् नाथ ब्रह्मानुबोधनात् स्थागताज्ञान विभवात् श्रीनाथ इति गीयते भनिएको छ । अज्ञान र अन्धकार हटाई ज्ञानज्योति दिने काम नाथले गर्छ । सूक्ष्म एवं यथार्थ रूपमा भन्ने हो भने नाथका नाद बिन्दु गरी दुई मुख्य साधनापद्धति ठानिन्छन् । 'गोरक्षसिद्धान्तसंग्रहमा नाथको सृष्टिक्रम उल्लेख गर्ने क्रममा 'शिवभैरव- श्रीकण्ठ- सदाशिव- ईश्वर- रुद्र- विष्णु- ब्रह्मा' भनी सृष्टिको स्वरूपलाई बताइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाथपरम्पराका ऐतिहासिक पक्षको वास्तविकता खोज गर्दा शिव र शक्तिको मूल रूपमा तान्त्रिक पद्धति मानिएको छ । यसमा तन्त्रलाई मूलमा राखेर क्रियाप्रधान साधनाको प्रयोग गरिआएको पाइन्छ ।

नाथपरम्पराको इतिहास

नाथपरम्परा श्रीशिवप्रधान एक स्वतन्त्र सम्प्रदाय हो । यो परम्पराको ऐतिहासिक पक्षको अन्वेषण गर्दा अनेक आख्यान पाइन्छन् । तिनमा अनेक शाखाप्रशाखा र स्वरूप देखिन्छन् । नाथसम्प्रदाय एवं तिनका गतिविधिका बारेमा यथार्थ ढंगले नियाल्दा सबै शाखाप्रशाखाले श्रीशिवलाई आदिनाथ र आदियोगी मानी आफ्ना कृत्य अगाडि बढाएको पाइन्छ (धमला २०७६ : १६) । आदियोगी वा आदिनाथ श्रीशिवले मूलमा रहेर नाथसम्प्रदायको संरचना तयार गरेको मानिन्छ । ऊक्त ऐतिहासिक संरचनाको तयार पार्ने क्रममा एक नाथ संगठनको स्थापना र विकास भएको पाइन्छ । त्यसमा नवनाथ, चौरासी सिद्ध, बाह्र पन्थ, अठार पन्थ, बाउन्न वीर, चौसठ्ठी योगिनीजस्ता स्वरूप आविर्भाव भएको विश्वास रहिआएको छ (उही २०७६: १६) ।

चौरासी सिद्ध एवं नवनाथ

नाथपरम्पराको आफ्नै स्वरूप हुँदा-हुँदै पनि यसका फरक आख्यान अनुश्रुति पाइन्छन् । तिनलाई ठ्याक्कै यही हो भन्ने कुराको थप अध्ययन गर्नुपर्ने हुन्छ । विशेष गरेर नाथपरम्परा प्राचीन हो भन्दै यसको विकासमा खोज गर्दा नारदले शिव- पार्वती भएको ठाएँमा आई श्रीशिवको गलामा भएको मुण्डमालाको प्रसङ्ग र त्यसमा शक्ति स्वरूप माता पार्वती को रहस्यात्मक जिज्ञासाको पक्ष एवं क्षीर समुन्द्रको तान्त्रिक यौगिक साधना पक्ष मूल भएर यसको प्रादुर्भाव भएको हो भन्ने मत जानिएको छ । नाथपरम्परामा यस्त थुप्रै मतमतान्तरका आख्यान पाइने हुनाले त्यसको वास्तविकतामा भन्दा सातौँदेखि एघारौँ शताब्दीसम्म सिद्ध र नाथहरूको युग भएको देखिन्छ । त्यस्ता सिद्ध र नाथहरू बौद्ध एवं शैव दुवै खालका भएका र तिनमा तन्त्र र योगको अभ्यासबाट चमत्कारी शक्ति भएका हुन्थे भन्ने भनाइ विद्वान्हरूको देखिन्छ (slusser: Nepal mondda 1982) ।

सहजयानी चौरासी सिद्ध र नाथसिद्धमध्ये सहजयानी बौद्धसम्प्रदाय वाममार्गी तान्त्रिक उपासनामा आधारित थिए जसमा मद्य, मांस एवं स्त्रीजनको प्रयोग आवश्यक मानिन्थ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तो प्रयोगबाट अलौकिक सिद्धि पाइने विश्वास गरिन्थयो। चौरासी सहजयानी सिद्धहरू सिद्धि पाइने विश्वास गरिन्थ्यो। चौरासी सहजयानी सिद्धहरू आफ्ना सिद्धद्वारा ठुला-ठुला चमत्कार गर्ने कुराको विवरण उल्लेख भएको पाइन्छ (सिहं २०६६: ५१३- ५१७)।

सहजयानी सिद्धहरू जातिसुकै चामत्कारिक र अलौकिक योगशक्तिशाली भए पनि ती निरीश्वर (शून्यवादी) नास्तिक भएका कारणले तिनको प्रभाव समाजमा राम्रो रहन नसकेको मानिन्छ (सिहं २०७१: ५१३)। यस्तो सिद्धपरम्पराको प्रतिक्रियाको रूपमा नाथसम्प्रदायको स्थापना र विकास भएको देखिने मत उल्लेख पाइन्छ (उही: ५१५)। उक्त सहजयानी सिद्धान्तको समय इस्वी ७५० देखि १२०० तिर (वि. सं. ८००- १२५०) सम्म भएको मानिन्छ (धमला २०७६: २१)।

मध्यकालमा वज्रयानी 'सहजयानी' प्रख्यात सिद्धहरू भएका र तिनको साधना (उपासनाको क्षेत्रमा व्यापक प्रभाव पारेको विद्वान्हरूले ठहर गरी मूल्याङ्कन गरेका छन्। चर्चित प्रसिद्ध सहजयानी सिद्धका रूपमा रहेका चौरासी सिद्धमा ४२ औँ र ८२ औं सिद्धहरूका नाम पुनरावृत्ति भएको देखिन्छ। सहजयानी चौरासी सिद्धजस्तै नाथयोगका यौगिक चौरासी सिद्धहरूको नामावली पनि पाइन्छ (योगी २०६४:६७)। यिनै चौरासी सिद्धहरूको पृष्ठभूमिमा नाथपरम्पराको विकास भएको तथ्य स्वीकार गरिएको छ। उक्त सहजयानी चौरासी सिद्ध र यौगिक चौरासी सिद्धहरूको नामावली सूचीमा मतैक्य नरहेको देखिन्छ।

नाथमतको संरचना

नाथमतको संरचनामा माथि उल्लिखित पृष्ठभूमिमा आधारित भई नाथमतको परिचय दिने क्रममा मेरी एस् स्लसरले यसलाई बौद्ध वा ब्राह्मण धर्मबाट उत्पन्न मान्ने मतमतान्तर पाइने तर वास्तवमा दुवै परम्पराका रहस्यवादी तत्त्वहरू मिसिएको पाइने मत उल्लेख गरेका छन्। veriously considered to be of Buddhist or Brahnanical origin, the nabha traddition in fact seems to incarporate esoteric elements from both spivitual descendanks of the pasupatrs' the matha cult represe nbs or particular phrse of the siddha cult of India. les principal enphrsis is tantric and yogic (slusser 1982: 366). उनले नाथमत वा सम्प्रदायलाई प्राचीनकालको पाशुपत सम्प्रदायको उत्तराधिकारी मान्दै त्यसलाई भारतमा प्रचलित सिद्धसम्प्रदायको एक खास अवस्था मानेका छन्। त्यसमा तान्त्रिक पक्ष र यौगिक पक्षलाई जोड दिएको कुरा स्वीकार गरेको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लुसियानो पेटेकले नाथ अथवा कनफट्टासम्प्रदायलाई शैवसम्प्रदायसित सम्बद्ध भएको मान्दै त्यसको स्थापना गोरखनाथले बाह्रौं शताब्दीमा गरेको मानेका छन्। उनको यो मत सर्वस्वीकार्य मान्न कठिन हुन्छ किनकि गोरखनाथभन्दा पूर्व नै आदिनाथ/आदियोगी योगिश्वर श्रीशिव र उदयनाथ पार्वती, सत्यनाथ ब्रह्माजी, सन्तोषनाथ विष्णुजी, गजवेली गजकन्थडनाथ गणेशनाथ हुँदै मायारुपी महायोगी दादा गुरु मत्स्येन्द्रनाथ भइसकेको इतिहास प्रष्ट भएकाले उनको यो मतको खण्डन गर्नु परेको हो। थप अझ स्पष्ट पार्दै पेटेकले कनफट्टाको सम्प्रदाय स्थापना भएपश्चात् छिट्टै त्यसले नेपालमा प्रवेश गरेको र उक्त सम्प्रदायले कर्नाट मल्लकालमा निकै विकास गरेको कुरा स्वीकार गरेका छन्। (पेटेकः २०४)। यो विचार नेपालको सन्दर्भको कर्नाट मल्लकालमा भने नजिक रहेको पाउन सकिन्छ। नाथ शैवसम्प्रदायको संरचनाको विकास हुनुअघि भगवान् शिवसित सम्बन्धित पाशुपत लकुलीश पाशुपत, सिद्धान्त शैव, विशिष्टाद्वैत शैव, नन्दीको खैराद्वैत शैव (वीरशैव), रसेश्वर शैव र प्रत्याभिज्ञा शैव सम्प्रदायहरू प्रचालित रहेको इतिहासले प्रमाणित गरेको छ (योगी २०६४ः भूमिका)। यसरी मूल्याङ्कन गर्ने हो भने नाथपरम्परा शैव तथा पाशुपतसम्प्रदायको एक प्रशाखा हो र यसमा कौल, रसतन्त्रवादी, भक्तिवादी र कापालिक योगीहरू सम्मिलित भएका हुन्छन् भन्न सकिने देखिन्छ। नाथसम्प्रदायका आदि प्रर्वतक र सिद्धान्तप्रतिपादक गोरखनाथभन्दा पहिल्यै भएको मत हजारी प्रसाद द्विवेदीको रहेको छ (द्विवेदी २०३५ : ६)।

आदियोगी/आदिनाथ श्रीशिवबाट यो सम्प्रदाय प्रचलित भएको हुनाले नाथपरम्पराको नामलाई सिद्धमत, सिद्धमार्ग, योगमार्ग, योगसम्प्रदाय, कनफट्टा, अवधूतमत र अवधूतसम्प्रदाय भन्ने गरेको पाइन्छ (द्विवेदी २०१६ :)।

नाथपरम्पराको साधनापद्धति

नाथपरम्परामा तीन स्वरूपबाट साधना भएको देखिन्छ :

त्यसमा -

१. ज्ञानकाण्ड

२. कर्मकाण्ड

३. उपासनाकाण्ड।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१. ज्ञानकाण्ड

यस काण्डबाट नाथहरू ज्ञानको खोजी वा सिद्धान्त जान्दछन् । विशेष गरेर पिण्ड तथा देह (शरीर) एवं ब्राह्मण्ड (Universe) को सूक्ष्म रहस्यको समग्र पक्षको वोध गर्नु नाथको मूल लक्ष्य हुन्छ ।

२. कर्मकाण्ड

कर्मकाण्डमा आफ्ना इष्टदेव र नाथपरम्पराका कृत्यका बारेमा नित्य, नैमित्तिक र काम्य पूजापद्धति अपनाउनु र उनको गुणगान गाउनु पर्दछन् ।

३. उपासनाकाण्ड

आफ्ना आराध्यको समीप वा प्राप्त गर्न गरिने अनेकौं साधना पद्धति भित्र उपासनाकाण्ड पर्दछ । यसमा नाथहरूले गरिने अन्तर्लक्ष्य, मध्यलक्ष्य र बहिर्लक्ष्यका साधना पर्दछन् । उक्त नाथयौगिक साधनालाई यहाँ संक्षेपमा चर्चा गरिएको छ ।

नाथ सम्प्रदायको साधना पक्ष

सृष्टिको अध्यात्मक्षेत्रमा परमार्थ प्राप्ति, इष्ट प्राप्ति, सिद्धि प्राप्ति, मोक्ष वा मुक्ति प्राप्ति गर्न मन्त्रानुष्ठान, तन्त्र विधि-विधान, साधना, पूजा-पाठ आदिको अखण्ड महिमा र कृत्यहरू रहेका हुन्छन् । नाथ सिद्धले मन्त्रयोग, तन्त्रयोग, हठयोग, लययोग, नादयोग, पाशुपतयोग, षट्चक्र एवं कुण्डलिनी योग, अजपा गायत्री योगजस्ता साधनाबाट भनिएको छ । परम परमात्मा अलख निरञ्जनको अनुभव गरेको वा गर्न सकिन्छ । आफ्ना सिद्ध सद्गुरु एवं विराट शक्तिद्वारा अनुगृहीत अनुष्ठानले साधक परम परमोक्ष-मुक्ति सम्म पुग्न सक्ने विश्वास नाथपद्धतिमा उल्लेख भएको पाइन्छ (योगी २०६९ः भूमिका) ।

नाथशास्त्रमा कर्मकाण्ड अन्तर्गत तीन किसिमका पूजापद्धति वर्णित भएको देखिन्छ । उक्त पक्षलाई नाथपरम्परामा महत्त्वपूर्ण ठानिन्छ । त्यसमा वैदिक विधि, तान्त्रिक विधि र वैदिक तान्त्रिक मिश्रित विधि पर्दछन् । शास्त्रोक्त तन्त्रमा वैदिक, शाबर, बौद्ध, कापालिक कौल विद्या, घोर अघोर, तिब्बतीय तन्त्र आदिको प्रयोगबाट नाथपरम्पराका साधक-साधिका सद्गुरुको उपदेशबाट प्रेरित भई साधना गर्ने परम्परा विकसित भएको देखिन्छ ।

नाथ सम्प्रदायको अर्को साधनाको पाटो पूजापाठका साथ भक्तिसाधना पनि प्रयोगमा देखिन्छ । समग्रमा भन्नुपर्दा नाथपरम्परामा तीन किसिमका साधनापद्धति उपयोग गरिएको पाइन्छः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१. सात्त्विक साधना
२. राजसी साधना
३. तामसी साधना

सात्त्विक साधना कर्मफलको अपेक्षा रहित निःस्वार्थ हुने भएकाले यसबाट साधकले अन्तमा मोक्ष मुक्तिको प्राप्ति गर्ने विश्वास रहेको पाइन्छ। दोस्रो राजसी साधनामा कुनै किसिमको कामना राखी वा कर्मफलको अपेक्षा राखी पुण्य प्राप्ति गर्ने र स्वर्गादिको सुख भोग्ने अभिलाषा लिएर गरिने साधना हुन्छ। यसले जन्ममृत्युको प्रक्रिया भोग्नुपर्ने विश्वास पाइन्छ। तेस्रोमा तामसी साधना पर्दछ। यो धर्म वा शास्त्रविरुद्धको साधना हुने गरिने भएकाले नीति-नियम विपरीत क्षणिक चमत्कार प्राप्ति हुने तर अन्तमा दुःख, क्लेश र विपत्तिको अवस्था भोग्नुपर्ने भनी दर्शाएको वा बताएको देखिन्छ।

नाथ सम्प्रदायमा मुख्य गरेर दुईवटा साधनापद्धति प्रसिद्ध देखिन्छन्। त्यसमा तन्त्रसाधना र योग साधना पर्दछन्। श्रीशिव आदिनाथबाट प्रवर्तित र उपदिष्ट नाथमा क्रियाप्रधान भएर उक्त साधनाको अभ्यास गरिन्छ। विशेष गरेर उही आदिनाथबाट विकसित भएको तन्त्रलाई महायोगी मत्स्येन्द्रनाथले कौल साधनामा शाक्त प्रधान भएर अग्रसरित भएको देखिन्छ। त्यस्तै शिवसाधनाको मुख्य अर्को पक्ष योगलाई गुरु गोरखनाथले विकास र विस्तार गरेको तथ्य भेटिन्छ।

नाथपरम्पराको तान्त्रिक साधनाको सञ्चार र त्यसको सम्बन्ध शाक्त तान्त्रिकको कौलधाराबाट विकास भएको विश्वास रहिआएको छ। शाक्त तन्त्रको साधनामा कौलमार्ग, समयमार्ग र मिहामार्ग गरी तीनवटा पद्धति प्रमुख ठानिन्छन्। महायोगी मत्स्येन्द्रनाथले यी मध्ये कौलधारकै आत्मीकृत गरी 'कौलाज्ञान निर्णय' सिद्धान्त निर्माण गरेको पाइन्छ (द्विवेदी २०६६ः भूमिका खण्ड)। योगीश्वर मत्स्येन्द्रनाथ तान्त्रिक योगी हुन् भन्ने कुरा उक्त ग्रन्थ र मत्स्येन्द्रसंहिताबाट थाहा पाइन्छ।

योगको इतिहास र परम्पराको अन्वेषण गर्दा मुख्य तीन प्रारूप देखिन्छन् : तिनमा -
१. पातञ्जलयोगका अनुयायी (वैदिक परम्परा)
२. तान्त्रिक योगका अनुयायी (तन्त्रयोग/नाथपरम्परा)
३. जैन बौद्धयोग अनुयायी (जैन/बौद्धयोग परम्परा)
(धमला २०७७ः ४८-५०)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो आलेख नाथयोगपरम्परासँग सम्बन्धित भएकाले तन्त्र र नाथयोगमा केन्द्रित हुनुपर्ने भएकाले पहिला तान्त्रिक पक्षका केही बाछिटालाई यहाँ उल्लेख गरिएको छ । तान्त्रिक परम्परामा पनि छुट्टा-छुट्टै मत रहेका छन् । तिनमा तान्त्रिक शात्तक्र मत, तान्त्रिक शैवमत र काश्मीरी शैवमत (त्रिकमत) बाट नाथमत प्रभावित भएको पाइन्छ । उक्त मतमध्ये शात्तमतको सम्प्रदायले समयमत, कौलमत र मिन्हामतलाई अंगीकार गरेको कुरा कौलज्ञान निर्णयमा श्यामकान्त द्विवेदीले उल्लेख गरेका छन् ।

कौलको मूल 'कुल': भई साधना प्रमुख ठानी गरिने प्रचलन अद्यापि निरन्तर छ । कुलमा मुख्य दुई पक्षः आधार चक्र र सुषुम्णा मार्ग देखिन्छन् । यो कुरालाई प्रष्ट पार्दै भनिएको छ :

कुः पृथ्वी तत्त्वं लीयते यत्र तत्कुलमाधारचक्रं ।
तत्सम्बन्धाल्लक्षणया सुषुम्णा मार्गोऽपि ।
अतः सहस्रारात्स्रवदमृतं कुलामृतम् ॥ (भास्करराय)

मूलाधारादि षट्चक्र नै कुल भएको कुरा भास्कररायले 'सौभाग्य भास्करको भाष्यमा प्रष्टयाएका छन् । 'कौल' भनेको जुन कुलमा आएको 'कु' ले 'कुण्डलिनी' - ('कु' = पृथ्वीतत्त्वात्मक मूलाधार चक्र र 'ल' = लीन वा पराशक्ति कुण्डलिनी) लाई र 'ल' ले सहस्रारमा अवस्थित परमशिवसँग लीन हुनुलाई अर्थबोध गराएको मानिन्छ । अर्थात् मूलाधार चक्रमा रहेकी कुल कुण्डलिनीलाई षट्चक्र भेदन गर्दै सहस्रारचक्रमा रहेका 'अकुल' (परात्परशिव/परमशिव) सँग एकाकार गर्नु वा कुल र अकुलको सामरस्य स्थापित गर्नु नै कौल हो भनिएको छ (द्विवेदी २०६६: प्रस्तावना)

नाथ सम्प्रदायले 'वाममार्गी कौलाचार' को साधनालाई गुप्त रूपमा अभ्यास गर्ने गरेको पाइन्छ । त्यसकारण छोटकरीमा के हो कौलाचार भन्ने पक्षलाई यहाँ केवल संकेत गरिएको छ । तान्त्रिक पद्धतिमा सात आचारको उल्लेख पाइन्छ । तीमध्ये एक हो कौलाचार । यो व्यावहारिक अद्वैतवाद हो । 'कौलावलीतन्त्र' मा सप्ताचारलाई यसरी बताइएको देखिन्छः

सर्वेभ्यश्चोत्तमा वेदा, वेदेभ्यो वैष्णवं मतम् ।
वैष्णवादुत्तमं शैवं, शैवाद्दाक्षिण्यमुत्तमम् ।
सिद्धान्तादुत्तमं कौलं, कौलात् परतरं नाहि ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त सात आचारमध्ये वेदाचार भन्दा श्रेष्ठ आचार वैष्णवाचार, वैष्णवाचारभन्दा श्रेष्ठ शैवाचार, शैवाचारभन्दा श्रेष्ठ दक्षिणाचार र दक्षिणाचार भन्दा पनि उपल्लो सिद्धान्तचार एवं यो भन्दा अझ श्रेष्ठ कौलाचार रहेको मानिन्छ । यो भन्दा श्रेष्ठ आचार अर्को नभएको कुरा उक्त कौलावलीतन्त्रमा उल्लेख भएको भेटिन्छ ।

नाथलाई अद्वैतवाद मानी श्रीशिव अद्वैत परमशिव नभई शक्तियुक्त जगद्गुरु 'परमशिव' (द्वयात्मक अद्वय) को तत्त्वका रूपमा स्वीकार गरिएको छ । नित्यनाथ प्रणीत 'सिद्धसिद्धान्तपद्धति' मा अद्वैत परमशिवका बारेमा यसरी बताइएको छः

आदिनाथं महासिद्धं शक्तियुक्तं जगद्गुरुम् ।
तं वन्दे नित्यतो वक्ष्ये सिद्धान्तं स्वानुभावतः ॥

जुन अद्वैत छ त्यसको माथि वर्तमा छ । यो साकार एवं निराकार भन्दा पर छ, त्यहींबाट नाथ उत्पन्न हुन्छ । अर्थात् निराकार ज्योतिस्वरूपबाट नाथ उत्पन्न भएको मान्यता रहँदै आएको विश्वास गरिन्छ । उक्त स्वरूपबाट साकारनाथ उत्पन्न भई उनकै इच्छाबाट सदाशिव- भैरवको उत्पन्न भई पुनः त्यहीं बाट भैरवी शक्तिको प्रादुभोव भएकोले नाथबाट दुई किसिमको सृष्टि : नादरूपा सृष्टि (भिष्यक्रम) र विन्दुरूपा सृष्टि (पुत्रक्रम) भएको कुरा उल्लेख पाइन्छ । सोही विश्वासमा नाथका तान्त्रिक साधक उक्त पक्षको साधना गर्दछन् ।

शिवबाट उपदिष्ट र वाममार्गी तान्त्रिक साधना (पञ्चमकारको प्रयोग) ले समाजमा नाथ परम्परा माथि विश्वास गर्ने दृष्टिकोण फरक भएपछि गुरु गोरखनाथले योगमार्गलाई विकसित गरी समाज सुधार गरिएको हुनाले नाथयोगपद्धतिको साधनापक्ष बढी प्रभावकारी भएको पाइन्छ । आज जुन योग प्रचारित छ वा क्रियाप्रधान भएर गरिने योग साधना छ त्यो गुरुगोरखनाथको देन हो । उक्त गोरखनाथबाट अग्रसरित भएको योग छ त्यो षडङ्गयोग हो । ती षडङ्गयोगका बारेमा गोरक्षसंहितामा उल्लेख गरिएको छः

आसनं प्राण संरोधः प्रत्याहारश्च धारणा ।
ध्यानं समाधिरेतानि योगांगानि षट् ॥ (गो. सं. १.७)

उक्त योगमा आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि पर्दछन् (गोरक्षनाथ २०१०: १/७) । यी योगका अङ्गलाई अभ्यास गर्न षट्कर्म, षट्चक्र र कुण्डलिनी, दश वायु, नाडी विज्ञान, मुद्राविज्ञान, अजपा गायत्री साधना, चतुर्बीजयोग (मन्त्र, लय, हठ र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजयोग) (शिव : २००६ : ४/१४) नादानुसन्धान, विन्दुयोग, यम - नियम जस्ता पक्षको साधना गर्नु अनिवार्य हुन्छ ।

नाथपरम्पराका अनेक पक्षमा साधनापक्षलाई आदर्श मानिन्छ । त्यसमा गुरुको सर्वोपरि स्थान रहेको हुन्छ (शर्मा २०७६८ : २६) । 'संकेत विद्या गुरुवक्त्रगम्या' अर्थात् गुरुले सिकाएर वा उपदेश गरेर मात्र जानिने विद्या भनी योगी नरहरिनाथले व्यक्त गरेका छन् । नाथसम्प्रदायमा गुरु-शिष्य परम्पराको विकास भएकाले श्रीशिवका शिष्य मत्स्थेन्द्रनाथ, मत्स्येन्द्रनाथका शिष्य गोरखनाथ, गोरखनाथका पनि अनेक शिष्य भएकाले नवनाथ, चौरासी सिद्ध, चौसठ्ठी जोगिनी, बाउन्न वीर अष्ट भैरव आदिको परम्परा कायम देखिन्छ ।

निचोड

हिमालयश्रृङ्खला उत्तरदेखि गंगासागर समुद्र मेखलामध्यवर्ती समग्र क्षेत्र ब्रह्मक्षेत्रले जानिन्छ । यहाँबाट नै अनेक सत् शास्त्र र दिव्य स्वरूपको प्रकाट्य भएको पाइन्छ । उक्त क्षेत्रबाट अनेक साधनापद्धतिको अभ्यास गरी ऋषि, महर्षि, राजर्षि, देवर्षि, ब्रह्मर्षि, दिव्य आत्मा, अमल आत्मा र महात्माले ईश्वरानुभूति गरेका प्रमाण हामी सामु छन् । साधनाका पद्धति फरक भए तापनि ब्रह्म एकै भएकाले त्यसमा सायुज्य हुनु साधकको मूल लक्ष्य हुन्छ । त्यसमा नाथपरम्पराको पनि आफ्नै इतिहास र साधनापद्धति छन् । नाथपरम्परा एक स्वतन्त्र शैव परम्परा हो । यो परम्परामा आदि योगी/ आदिनाथ श्रीशिवलाई प्रमुख मानिन्छ । श्रीशिवका पनि प्रशाखा विकसित भएको देखिन्छ । तिनका आ-आफ्नै साधनापद्धति छन् । तीमध्ये शिवलाई मूल मान्ने र तान्त्रिक र यौगिक साधना गर्ने सम्प्रदाय मूलतः वाममार्गी तान्त्रिक परम्परा भएको कुरा अनेक पक्षका प्रमाणबाट पुष्टि हुन्छ ।

नाथसम्प्रदायले आफ्ना कृत्यलाई विकास गर्ने क्रममा मुख्यतः नवनाथ, चौरासी सिद्ध, बारहपन्थी, अठारपन्थी, चौसठ्ठी योगिनी, बाउन्न वीर, अष्ट भैरव आदिलाई आदर्श मानी समाजमा आफ्ना गतिविधि गरेको पाइन्छ । तिनको उपासना गर्नु नाथको एक पक्ष हो भने अर्को तर्फ यौगिक साधना पद्धतिबाट इष्ट (शिव-शक्ति) को प्रत्यक्ष गर्नु यिनको मूल लक्ष्य हो । यसका लागि षोडश आधार, तीन लक्ष्य, अष्टचक्र, नवद्वार, व्योमपञ्चक, दस वायु, पिण्डज्ञान, कुण्डलिनी जागरण गर्नु शरीरलाई जीवन छँदै मुक्त गर्नु र जीवात्मा, आत्मा र परमात्मालाई एकै गराई निरञ्जन हुनु जीवनको मुख्य लक्ष्य मानिन्छ । त्यसका लागि नाथसम्प्रदायले विविध साधना अपनाएको देख्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भग्रन्थसूची

गोरखनाथ, (२०१०), गोरक्ष संहिता, वरेलीः संस्कृति संस्थान

द्विवेदी, श्यामाकान्त, (व्याख्याकार.(२०६६), कौलज्ञाननिर्णय, (प्रथम खण्ड), वाराणसीः चौखम्बा कृष्णदास अकोदमी ।

द्विवेदी, हजारीप्रसाद. (२०१०), नाथसम्प्रदाय, इलाहावादः लोक भारती प्रकाशन ।

द्विवेदी. हजारीप्रसाद (सम्पा., २०३५), नाथ सिद्धों की वानियाँ, (द्वितीय संस्करण), काशीः नागरी प्रचारिणी सभा ।

धमला टी.पी. (२०७७), योगशिक्षा, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

धमला. टी.पी. (२०७६), नेपालमा नाथयोगः इतिहास र साधना काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

योगी, दिलीपनाथ, (२०६४), श्रीनाथविधि, काठमाडौंः विदुर खड्का र अश्विनीकुमार नाथ ।

योगी, विलासनाथ (२०६६), श्रीनाथ रहस्य . (खण्ड १,२८३), हरिद्वारः अखिल भारतवर्षीय अवधूत भेष बारह पंथयोगी महासभा ।

शर्मा, कृष्णचन्द्र, (२०७६) , नेपालमा नाथ योगदर्शनको परम्परा, काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान ।

शिव, (२००६), शिवसंहिता, दिल्लीः चौखम्बा संस्कृत प्रतिष्ठाना

सिंह, अनुजप्रसाह. (२०७१), नाथ सिद्धों का तात्विक विवेचना, (तृतीय संस्करण), गोरखापुरः महयोगी गोरखनाथ शोध संस्थान गोरक्षनाथ मन्दिर ।

सिंह, भगवतीप्रसाह. (२०६६). 'चौरासी सिद्ध तथा नाथसम्प्रदाय'. कल्याण योगाङ्क, (ग्यारहवाँ, पुनर्मुद्रण) गोरखपुर : गीता प्रेस ।

slusser. Mary shepherd (1982), Nepal Mardals : A cultural study of the kathmandu valley., vol., New jerset: proncedom university press prineeton.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवगोरक्षनाथोपदिष्टम्

योगबीजम्

(योगीनरेन्द्रानन्दनाथकृतनेपालीभाषानुवादयुतम्)

आदिनाथं नमस्कृत्य गोरक्षं बालरूपिणम् ।
नमामि बलभद्रञ्च नाथं मे पथदेशिकम् ॥

श्रीआदिनाथाय नमः

श्रीआदिनाथ (शिवजी)लाई नमस्कार छ ।

श्रीदेव्युवाच

नमस्ते आदिनाथाय विश्वनाथाय ते नमः ।
नमस्ते विश्वरूपाय विश्वातीताय ते नमः ॥ १ ॥

श्रीदेवीले भन्नुभयो नाथहरूका आदिस्वरूप, विश्वका मालिक, विश्वरूप र विश्वातीत (शिवजी)लाई नमस्कार छ ॥१॥

उत्पत्तिस्थितिसंहारकारिणे क्लेशहारिणे
नमस्ते देवदेवेश ! नमस्ते परमात्मने ॥ २ ॥

हे देवताहरूका पनि देवता ! चराचर जगत्को उत्पत्ति, स्थिति र संहार गर्ने, अविद्या, अस्मिता, राग, क्लेश र अभिनिवेशरूप पाँचवटा क्लेशलाई हरण गर्ने, परम चैतन्य (आत्म) स्वरूप तपाईँलाई नमस्कार छ ॥२॥

योगमार्गकृते तुभ्यं महायोगीश्वराय ते ।
नमस्ते परिपूर्णाय जगदानन्दहेतवे ॥३॥

योगमार्गका प्रवर्तक, महान् योगी, सबैका प्रेरक, परिपूर्णस्वरूप, जगादानन्दको कारणस्वरूप तपाईँलाई नमस्कार छ ॥३॥

सर्वे जीवाः सुखैर्दुखैर्मायाजालेन वेष्टिताः ।
तेषां मुक्तिः कथं ? देव ! कृपया वद शङ्कर ! ॥ ४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे देव ! हे शंकर ! सम्पूर्ण जीवहरू सुखदुःख तथा (विभिन्न प्रकारका) भ्रमजालले बेरिएका छन् । तिनीहरूको मुक्ति कसरी (हुन्छ) ? कृपा गरेर (त्यो उपाय) बताउनु होस् ॥ ४ ॥

नाना मार्गास्त्वया देव ! कथितास्तु महेश्वर ! ।
अधुना मोक्षदं मार्ग, ब्रूहि योगविदांवर ! ॥ ५ ॥

योग जान्नेहरूमा श्रेष्ठ हे महेश्वर, हे देव, तपाईँद्वारा नाना प्रकारका मार्गहरू त बताइए (तर) अब मोक्ष दिने मार्ग बताउनु होस् ॥५॥

ईश्वर उवाच

सर्वसिद्धिकरो मार्गो मायाजालनिकृन्तनः ।
जन्ममृत्युजराव्याधिनाशकः सुखदो भवे ॥६॥
बद्धा येन विमुच्यन्ते नाथमार्गमतः परम् ।
तमहं कथयिष्यामि तव प्रीत्या सुरेश्वरि ! ॥ ७ ॥

ईश्वरले भन्नुभयो हे सुरेश्वरी ! संसारमा सबै (प्रकारका) सिद्धिहरू (प्रदान) गर्ने, भ्रमजाललाई छिन्नभिन्न पार्ने, जन्म, मृत्यु, बुढ्याइँ, रोगव्याधिलाई नाश गर्ने, सुख दिने मार्ग (नाथमार्ग हो) जसबाट बन्धनमा परेकाहरू (बन्धनबाट) मुक्त हुन्छन् त्यसैले (त्यस्तो) श्रेष्ठ नाथमार्ग तिम्रो प्रीतिका कारण बताउँछु ॥६–७॥

नानामार्गैस्तु दुष्प्राप्यं कैवल्यं परमं पदम् ।
सिद्धमार्गेण लभ्येत नान्यथा शिवभाषितम् ॥ ८ ॥

नाना प्रकारका मार्गहरूबाट सजिलै नपाइने श्रेष्ठ कैवल्य पद सिद्धमार्गबाट पाइन्छ, शिवले भनेको (कुरा) अन्यथा हुँदैन ॥८॥

अनेकशतसंख्याकैस्तर्कव्याकरणादिभिः ।
पतिताः शास्त्रजालेषु प्रज्ञया ते विमोहिताः ॥९॥

सयौँ संख्याका तर्क, व्याकरण आदिद्वारा शास्त्रका जालहरूमा फसेका तिनीहरू प्रज्ञाले मोहमा परेका छन् ॥९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनिर्वाच्यपदं वक्तुं शक्यते न सुरैरपि ।
स्वात्मप्रकाशरूपं तत् किं शास्त्रेण प्रकाश्यते ?॥ १० ॥

आफ्नो आत्मप्रकाशरूप त्यो अनिर्वाच्य पद देवताहरूद्वारा पनि भन्न सकिँदैन, के (त्यो कुरा) शास्त्रद्वारा प्रकाशित हुन्छ? ॥१०॥

निश्चलं निर्मलं शान्तं सर्वातीतं निरामयम् ।
तदेतज्जीवरूपेण पुण्यपापफलैर्वृतम् ॥ ११ ॥

निश्चल, निर्मल, शान्त, सबैभन्दा पर रहेको, आफ्नो प्रकाशस्वरूपमा रहेको त्यो (परमात्मतत्त्व) जीवरूपले पुण्य र पापरूप फलद्वारा घेरिएको छ ॥११॥

देव्युवाच
परमात्मपदं नित्यं तत्कथं जीवतां गतम् ?
तत्त्वातीतं महादेव ! प्रसादात्कथयस्व मे ॥१२॥

देवीले भन्नुभयो
सबै तत्त्वभन्दा पर रहेको, नित्य त्यो परमात्मपद कसरी जीवरूपमा प्राप्त भयो ? हे महादेव ! प्रसन्नतापूर्वक मलाई बताउनु होस् ॥१२॥

ईश्वर उवाच
सर्वाभावपदातीतं ज्ञानरूपं निरञ्जनम् ।
वारिवत्स्फुरितं स्वस्मिंस्तत्राहङ्कार उत्थितः ॥ १३ ॥

ईश्वरले भन्नुभयो
सर्वशून्यपदभन्दा (पनि) पर रहेको, ज्ञानरूप, मलरहित परमात्मपदमा निस्तरंग समुद्रमा तरंग उत्पन्न भएझैँ सर्वप्रथम (क्षोभरूप) अहंकार अभिव्यक्त भयो ॥१३॥

पञ्चात्मकमभूत्पिण्डं धातुबद्धं गुणात्मकम् ।
सुखदुःखैः सदा युक्तं जीवभावनयाकुलम् ॥ १४ ॥

सोही अहंकारबाट सत्त्व, रज र तमस्वरूप त्रिगुणले युक्त धातुबद्ध, सधैँ सुखदुःखले युक्त, जीवभावनाले आकुलव्याकुल पञ्चभूतात्मक पिण्ड (शरीर) उत्पन्न भयो ॥१४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेन जीवाभिधा प्रोक्ता विशुद्ध परमात्मनि ।
कामः क्रोधो भयं चिन्ता लोभमोहमदा रुजः ॥१५॥
जरा मृत्युश्च कार्पण्यं शोको निद्रा क्षुधा तृषा ।
द्वेषो लज्जा सुखं दुःखं विषादो हर्ष एव च ॥ १६ ॥
जाग्रत्स्वप्नः सुषुप्तिश्च शङ्का गर्वस्तथैव च ।
एभिर्दोषैर्विनिर्मुक्तः स जीवः शिव एव हि ॥ १७ ॥
तस्माद् दोषविनाशार्थमुपायं कथयामि ते ।
ज्ञानं केचिद् वदन्त्यत्र केवलं तन्न सिद्धये ॥ १८ ॥

त्यसैले विशुद्ध परमात्मामा जीव संज्ञा रहन गयो र उक्त जीवमा काम, क्रोध, भय, चिन्ता, लोभ, मोह, मद, रोग, जरा, मृत्यु, कार्पण्य, शोक, निद्रा, भोक, तीर्खा, द्वेष, लाज, सुख, दुःख, विषाद, हर्ष, जाग्रत्, स्वप्न, सुषुप्ति, शंका, घमण्ड (यी दोषहरू रहन्छन्) । यी दोषहरूले मुक्त जीव निश्चय नै शिव हो । त्यसैले (ती) दोषहरूको विनाशका लागि तिमीलाई उपाय बताउँछु । केही (जनहरू) ज्ञानलाई यहाँ (उपायका रूपमा) बताउँछन् (तर) केवल त्यो (ज्ञान) सिद्धि (मोक्ष)का लागि (पर्याप्त) होइन ॥१५-१८॥

योगहीनं कथं ज्ञानं मोक्षदं भवतीश्वरि ! ।
योगोऽपि ज्ञानहीनस्तु न क्षमो मोक्षकर्मणि ॥ १९ ॥

हे ईश्वरी योगले रहित ज्ञान कसरी मोक्ष दिने हुन्छ ? (त्यसैगरी) ज्ञानले रहित योग पनि त मोक्ष (प्रदान गर्ने) कर्ममा सक्षम हुँदैन ॥१९॥

देव्युवाच

अज्ञानादेव संसारो ज्ञानादेव विमुच्यते ।
योगेनैषान्तु किं कार्यं मे प्रसन्नगिरा वद ॥२०॥

देवीले भन्नुभयो

अज्ञानबाट नै (जन्ममरणरूप) संसार (हुन्छ) । ज्ञानबाट नै (जीव संसारचक्रदेखि) मुक्त हुन्छ । यिनीहरूको योगसँग के प्रयोजन? मलाई प्रसन्न वाणीले बताउनु होस् ॥२०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वर उवाच

सत्यमेतत्त्वयोक्तं ते कथयामि सुरेश्वरि !
ज्ञानस्वरूपमेवादौ ज्ञेयं ज्ञानं च साधनम् ॥ २१ ॥

ईश्वरले भन्नुभयो

हे सुरेश्वरि ! तिमीद्वारा यो सत्य भनियो । पहिले ज्ञानको स्वरूप, ज्ञेय र ज्ञानको साधन तिमीलाई बताउँछु ॥२१॥

अज्ञानं कीदृशं चेति प्रविचार्य विवेकिना ।
ज्ञातं येन निजं रूपं कैवल्यं परमं शिवम् ॥२२॥
असौ दोषैर्विमुक्तः किं कामक्रोधभयादिभिः ?
सर्वदोषैर्वृतो जीवः कथं ज्ञानेन मुच्यते ?॥२३॥

अज्ञान कस्तो हो भन्ने कुरा विचार गरेर जुन विवेकी व्यक्तिले आफ्नो परम कैवल्य शिवस्वरूपलाई जानेको छ के त्यस्तो व्यक्ति काम, क्रोध, भय आदि दोषबाट मुक्त हुन्छ ? सम्पूर्ण दोषले घेरिएको जीव ज्ञानले कसरी मुक्त हुन्छ ?॥२२-२३॥

देव्युवाच

स्वात्मरूपं यदा ज्ञातं पूर्णं तद् व्यापकं तथा ।
कामक्रोधादिदोषाणां स्वरूपान्नास्ति भिन्नता ॥ २४ ॥
पश्चात्तस्य विधिः कश्चिन्निषेधोऽपि कथं भवेत् ?
विवेकी सर्वदा मुक्तः संसारभ्रमवर्जितः ॥२५॥

देवीले भन्नुभयो

पूर्ण तथा व्यापक आफ्नो त्यो आत्म (चैतन्य)रूपलाई जब जानिन्छ तब काम, क्रोध आदि दोषहरू आफ्नो (चैतन्य) रूपदेखि भिन्नता रहँदैन । त्यसपछि उसका लागि कुनै विधि र निषेध पनि कसरी हुन्छ ? विवेकी (आफ्नो वास्तव स्वरूपलाई जान्ने व्यक्ति) सधैँ मुक्त, संसाररूपी भ्रमले रहित (हुन्छ) ॥२४-२५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वर उवाच

परिपूर्णस्वरूपं तत्सत्यमेतद् वरानने ।
सकलं निष्कलं चैव पूर्णत्वाच्च तदेव हि ॥ २६ ॥
निष्कलं निर्मलं साक्षात्स्वरूपं गगनोपमम् ।
उत्पत्तिस्थितिसंहारस्फूर्तिज्ञानविवर्जितम् ॥२८॥
निमज्जति वरारोहे ! त्यक्त्वा विद्यां पुनः पुनः ।
सुखदुःखादिमोहेषु यथा संसारिणां स्थितिः ॥ २६॥
तथा ज्ञानी यदा तिष्ठेद् वासनावासितस्तदा ।
तयोर्नास्ति विशेषोऽत्रविशेषोऽत्र समा संसारभावना ॥ ३० ॥

ईश्वरले भन्नुभयो

हे सुन्दरी ! त्यो (परमात्मतत्त्व) परिपूर्ण स्वरूपवाला (छ) । यो (कुरा) सत्य हो । त्यो पूर्ण भएकाले नै सकल तथा निष्कलस्वरूपवाला (छ) । कलाको अभिव्यक्तिले (त्यो परमतत्त्व) संसाररूप भ्रममा प्राप्त भयो र यस रूप (जीवरूप)मा आयो । त्यो कसरी मोहरूपी सागरमा (फस्यो) त ? भन्दाखेरि सुन्दर नितम्ब भएकी हे देवी कलाले रहित, निर्मल, चैतन्य स्वरूप, आकाशझैँ शून्यरूप, उत्पत्ति, स्थिति, संहार, व्यक्तज्ञानले रहित (त्यो परमत्त्व) विद्यालाई त्याग्नाले (जीवरूपले संसाररूपी सागरमा) वारंवार डुब्दछ । सुख, दुःख, मोह आदिमा संसारी जीवहरूको जस्तो स्थिति (हुन्छ) त्यस्तै जब ज्ञानी वासनाले वासित (भएर) रहन्छ तब ती दुई (संसारी र ज्ञानी)मा केही विशेष रहँदैन, (ती दुबैको) संसारभावना समान (हुन्छ) ॥२६–३०॥

ज्ञानं चेदीदृशं जातमज्ञानं कीदृशं पुनः ? ।
ज्ञाननिष्ठो विरक्तोऽपि धर्मज्ञो विजितेन्द्रियः ॥ ३१ ॥
विना योगेन देवोऽपि न मोक्षं लभते प्रिये ! ॥ ३२ ॥

हे प्रिये ! ज्ञान हुँदा त यस्तो भयो भने अज्ञान फेरि कस्तो होला ? ज्ञानमा निष्ठा भएको, कुनै राग नभएको, धर्मको रहस्यलाई जान्ने, इन्द्रियलाई राम्ररी जितेको व्यक्तिले पनि, देवताले पनि योगविना मोक्ष पाउँदैन ॥३१–३२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देव्युवाच

अन्यत्किञ्चित्परिज्ञेयं ज्ञानिनां नास्ति शङ्कर !
विरक्तात्मकनिष्ठानां कथं मोक्षो भवेन्न तु ? ॥ ३३॥

देवीले भन्नुभयो

हे शंकर ! ज्ञानीहरूका लागि अरू कुनै जान्नयोग्य (कुरा) छैन । (यस्ता) विरक्त, आत्मनिष्ठहरूलाई कसरी मोक्ष हुँदैन र ? ॥३३॥

ईश्वर उवाच

अपक्वाः परिपक्वाश्च द्विविधा देहिनः स्मृताः
अपक्वा योगहीनास्तु पक्वा योगेन देहिनः ॥ ३४ ॥

ईश्वरले भन्नुभयो

शरीरधारी मनुष्यहरू अपक्व र परिपक्व (गरी) दुई प्रकारका मानिन्छन् । योगले रहितचाहिँ अपक्व (हुन् भने), योगले (युक्त) देही (चाहिँ) पक्व (हुन्) ॥३४॥

पक्वो योगाग्निना देही ह्यजडः शोकवर्जितः ।
जडस्तत्पार्थिवो ज्ञेयश्चापक्वो दुखःदो भवेत् ॥३५॥

योगरूप अग्निले पक्व (पाकेको) देही (शरीरधारी) निश्चय नै शोकले रहित (एवं) चेतन (हुन्छ) । अपक्व (योगले रहित) पार्थिव देह जड (मूढ), दुःखदायी हुन्छ (भनेर) जान्नू ॥३५॥

ध्यानस्थोऽसौ तथाप्येवमिन्द्रियैर्विवशो भवेत् ।
अतिगाढं नियम्यापि तथाप्यन्यैः प्रबोध्यते ॥३६॥

यो (अपक्व देही) ध्यानमा रहँदा पनि इन्द्रियहरूको वशमा हुन्छ । अति प्रयत्नले (इन्द्रियहरूलाई) नियन्त्रण गरे तापनि (यो अपक्व देही) अन्य (वाह्य विषय)द्वारा जाग्छ (ध्यानबाट विमुख हुन्छ) ॥३६॥

शीतोष्णसुखदुःखाद्यैर्व्याधिभिर्मानवैस्तथा ।
अन्यैर्नानाविधैर्वैः शस्त्राग्निजलमारुतैः ॥ ३७ ॥
शरीरं पीड्यते चास्य चित्तं संक्षुभ्यते ततः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणापानविपत्तौ तु क्षोभमायाति मारुतः ॥ ३८ ॥
ततो दुःखशतैर्व्याप्तं चित्तं लुब्धं भवेन्नृणाम् ॥ ३९॥

चिसो, तातो, सुख, दुःख आदिले, रोगव्याधिहरूले, मान्छेहरूले तथा अन्य विभिन्न प्रकारका शस्त्र, आगो, पानी, हावाहरूले जीवको शरीर पीडित हुन्छ । त्यसपछि चित्त क्षुब्ध हुन्छ । प्राण र अपानको विपत्तिमा त वायु क्षुब्ध हुन्छ । त्यसपछि सयौँ प्रकारका दुःखले व्याप्त मानिसहरूको चित्त लोभी हुन्छ ॥३७-३९॥

देहावसानसमये चित्ते यद् यद् विभावयेत् ।
तत् तदेव भवेज्जीव इत्येवं जन्मकारणम् ॥४०

देहको अवसानको समयमा चित्तमा जे जे भावना गर्दछ जीव त्यही त्यही बन्छ, जन्मको कारण यो हो ॥४०॥

देहान्ते किं भवेज्जन्म तन्न जानन्ति मानवाः ।
तस्माज्ज्ञानं च वैराग्यं जपः स्यात् केवलः श्रमः ॥ ४१ ॥

देहान्तमा कुन जन्म हुन्छ (भन्ने कुरा) मानिसहरूले जान्दैनन् ।
त्यसैले ज्ञान, वैराग्य, जप श्रममात्रै हुन्छ ॥४१॥

पिपीलिका यदा लग्ना, देहे ध्यानाद् विमुच्यते ।
असौ किं वृश्चिकैर्दष्टो देहान्ते वा कथं सुखी ? ॥ ४२ ॥
तस्मान्मूढा न जानन्ति मिथ्या तर्केण वेष्टिताः ॥ ४३ ॥

शरीरमा कमिला हिँड्दा (त) ध्यानबाट विमुख हुन्छ (भने) बिच्छिले टोक्दाको यो के (कुन गतिको होला) ? अथवा देहान्तको समयमा (यो) कसरी सुखी होला ? त्यसैले झुटो तर्कले बाँधिएका मूर्खहरू (वास्तव कुरा) जान्दैनन् ॥४२-४३॥

अहङ्कृतिर्यदा यस्य नष्टा भवति तस्य वै ।
देहः स तु भवेन्नष्टो व्याधयस्तस्य किं पुनः ? ॥ ४४ ॥
जलाग्निशस्त्रघातादिबाधा कस्य भविष्यति ? ।
यथा यथा परिच्छिन्ना पुष्टा चाहङ्कृतिर्भवेत् ॥ ४५ ॥

जब यसको (पक्व देहीको) अहंकार नष्ट हुन्छ तब त्यसको निश्चय नै त्यो (अहंकारशून्य) देह त नष्ट हुन्छ । (जब देह नै नष्ट हुन्छ तब) फेरि त्यसका रोगहरू के (होलान्) ? जब

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देह र देहीको सम्बन्ध टुट्छ तब जल, अग्नि, शस्त्रघात आदि बाधा कसलाई हुन्छ ? जति जति अहंकार परिच्छिन्न र पुष्ट हुन्छ (त्यति त्यति जल, अग्नि, शस्त्रघात आदिको बाधा हुन्छ) ॥४४–४५॥

अभ्यासेनास्य नश्यन्ति प्रवर्तन्ते शमादयः ।
कारणेन विना कार्यं न कदाचन विद्यते ॥ ४६॥
अहङ्कारं विना तद्वद् देहे दुःखं कथं भवेत् ? ॥ ४७ ॥

यसको (योगको) अभ्यासले (अहंकार, राग आदि) नाश हुन्छन्, शम आदि उदाउँछन्। कारणविना कार्य कहिल्यै (पनि) हुँदैन। त्यसैगरी अहंकारविना देहमा दुःख कसरी हुन्छ ? ॥४६-४७॥

देव्युवाच
योगिनः कथ्यमानास्तु किन्ते व्यवहरन्ति न ?
तैः कथं व्यवहारस्तु क्रियते वद शङ्कर ! ॥ ४८ ॥

देवीले भन्नुभयो
हे शंकर (अहिले) बताइँदै गरेका ती योगीहरूचाहिँ के व्यवहार गर्दैनन् ? तिनीहरूद्वारा व्यवहारचाहिँ कसरी गरिन्छ ? (त्यो) भन्नुहोस् ॥४८॥

ईश्वर उवाच
शरीरेण जिताः सर्वे शरीरं योगिभिर्जितम् ।
तत्कथं कुरुते तेषां सुखदुःखादिकं फलम् ॥ ४६॥

ईश्वरले भन्नुभयो
सबै शरीरद्वारा जितिएका छन् (तर) योगीहरूद्वारा शरीर जितिएको छ । त्यसले (त्यसरी जितिएको त्यो शरीरले) तिनीहरूलाई (योगीहरूलाई) सुखदुःख आदि फल कसरी दिन सक्छ ? ॥४६॥

इन्द्रियाणि मनोबुद्धिकामक्रोधादिकं जितम् ।
तेनैव विजितं सर्व नासौ केनापि बाध्यते ॥ ५० ॥
महाभूतानि तत्त्वानि संहूतानि क्रमेण तु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तधातुमयो देहो दग्धो योगाग्निना शनैः ॥ ५१ ॥
देवैरपि न लभ्येत योगदेहो महाबल ।
छेदबन्धैर्विमुक्तोऽसौ नानाशक्तिधरः परः ॥ ५२ ॥

इन्द्रिय, मन, बुद्धि, काम, क्रोध आदिलाई (जसले) जितेको छ त्यसले सबै जितेको छ । ऊ (अब) कसैबाट पनि बाँधिदैन । (त्यस्तो योगीद्वारा) पञ्चमहाभूत (आदि) तत्त्वहरू क्रमैले (चिदग्निमा) हवन गरिन्छन् तथा सप्तधातुले युक्त देह बिस्तारै योगरूप अग्निले दग्ध गरिन्छ । (यस्तो) अत्यन्त बलियो योगदेह देवताहरूले पनि पाउँदैनन् । (महाबली योगदेहले युक्त) यो (योगी) छेद, बन्ध आदिबाट मुक्त तथा नानाप्रकारका शक्तिलाई धारण गर्ने र श्रेष्ठ हुन्छ ॥५०-५२॥

यथाकाशस्तथा देह आकाशादपि निर्मलः ।
सूक्ष्मात् सूक्ष्मतरो देहः स्थूलात् स्थूलो जडाज्जडः ॥ ५३ ॥

(त्यस्तो) योगदेह जस्तो आकाश हुन्छ, त्यस्तै हुन्छ । (अझ) आकाशभन्दा पनि निर्मल हुन्छ । योगदेह सानोभन्दा अझै सानो, ठूलोभन्दा अझै ठूलो र जडभन्दा अझै जड हुन्छ ॥५३॥

इच्छारूपो हि योगीन्द्रः स्वतन्त्रस्त्वजरामरः ।
क्रीडति त्रिषु लोकेषु लीलया यत्र कुत्रचित् ॥ ५४ ॥
अचिन्त्यशक्तिमान् योगी नानारूपाणि धारयन् ।
संहरेच्च पुनस्तानि स्वेच्छया विजितेन्द्रियः ॥ ५५ ॥

योगीहरूमा श्रेष्ठ (यस्तो योगी) निश्चय नै इच्छाअनुसार रूप धारण गर्न सक्ने, स्वतन्त्र, अजर र अमर (हुन्छ) । (यस्तो योगी) तीनै लोकमा लीलाले जहाँकहीँ क्रीडा गर्न सक्छ । अत्यन्त शक्तिमान् जितेन्द्रिय (त्यस्तो) योगी आफ्नो इच्छाले विभिन्न प्रकारका रूपहरूलाई धारण गर्दै फेरि ती रूपहरूलाई संहार पनि गर्छ ॥५४–५५॥

मरणं तस्य किं देवि ! पृच्छसीन्दुसमानने ! ।
नासौ मरणमाप्नोति पुनर्योगबलेन तत् ॥ ५६ ॥

हे देवी ! हे चन्द्रमुखी ! त्यो योगीको मरणका बारेमा के सोध्छ्यौ ? फेरि त्यो योगी योगबलका कारण मृत्युमा प्राप्त हुँदैन ॥५६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरैव मृत एवासौ मृतस्य मरणं कुतः ?
मरणं यत्र सर्वेषां तत्रासौ सखि ! जीवति ॥ ५७ ॥

हे सखी ! त्यो योगी पहिले नै मरिसकेको छ, मरेकाको मरण कहाँ ? जहाँ सबैको मरण छ त्यहाँ त्यो योगी जिउँछ ॥५७॥

यत्र जीवन्ति मूढास्तु तत्रासौ म्रियते सदा ।
कर्तव्यं नैव तस्यास्ति कृतेनासौ न लिप्यते ॥ ५८ ॥

जहाँ मूर्खहरू बाँच्छन् त्यहाँ त्यो योगी सधैँ मर्दछ । उसका लागि कुनै कर्तव्य शेष रहँदैन तथा गरेको कर्मले पनि त्यो योगी लिप्त हुँदैन ॥५८॥

जीवन्मुक्तः सदा स्वस्थः सर्वदोषविवर्जितः ।
विरता ज्ञानिनश्चान्ते देहेन विजिताः सदा ।
ते कथं योगिभिस्तुल्या मांसपिण्डाः कुदेहिनः ?॥ ६० ॥

जीवन्मुक्त सदैव स्वस्थ, सम्पूर्ण दोषले रहित हुन्छ । विरक्त ज्ञानीहरू पनि अन्त्यमा सधैँ देहको वशमा हुन्छन् । ती मांसपिण्ड कुदेहीहरू कसरी योगीसमान हुन्छन् ?॥६०॥

देव्युवाच

ज्ञानिनस्तु मृता ये वै तेषां भवति कीदृशी ?
गतिः कथय देवेश ! कारुण्यामृतवारिधे ! ॥ ६१ ॥

देवीले भन्नुभयो
हे देवताका प्रेरक ! हे करुणारूपी अमृतसागर ! जो ज्ञानीहरू मरेका हुन्छन् तिनीहरूको गति कस्तो हुन्छ ? बताउनुहोस् ॥६१॥

ईश्वर उवाच

देहान्ते ज्ञानिना पुण्यात् पापाच्च फलमाप्यते ।
यादृशं तु भवेत् तत्र मृतो ज्ञानी पुनर्भवेत् ! ॥ ६२ ॥
पुण्यात् पुण्येन लभते सिद्धेन सह सङ्गतिम् ।
तत् सिद्धस्य कृपया योगी भवति नान्यथा ॥
ततो नश्यति संसारो नान्यथा शिवभाषितम् ॥६३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देहको अन्त्यमा ज्ञानीले जस्तो पुण्य र पाप छ त्यसैबाट फल पाउँछ र मृत ज्ञानी फेरि देहधारी बन्छ। पुण्य कर्मबाट पुण्यका कारणले सिद्धको संगति प्राप्त गर्दछ र सिद्धको कृपाले योगी बन्छ, अरू उपायबाट होइन। त्यसपछि जन्ममरणरूप संसार नष्ट हुन्छ, शिवको वचन झुटो हुँदैन ॥६२-६३॥

महाविष्णुमहेशानां प्रलयेष्वपि योगिनाम् ।
नास्ति पातो लयस्थानां महातत्त्वे विवर्तिनाम् ॥ ६४॥

महाविष्णु, महेश आदिको प्रलय हुँदा पनि महान् तत्त्वमा लय भएका, विशेषरूपले रहेका योगीहरूको पतन हुँदैन ॥६४॥

वेदान्ततर्कोक्तिभिरागमैश्च,
नानाविधैः शास्त्रकदम्बकैश्च ।
ध्यानादिभिः सत्करणैर्न गम्यं,
चिन्तामणिं त्वेकगुरुं विहाय ॥ ६५॥

चिन्तामणिरूप गुरुलाई छोडेर वेदान्तका तर्कपूर्ण उक्तिका माध्यमबाट, नानाप्रकारका आगम तथा शास्त्रसमूहका माध्यमबाट, ध्यान आदिका माध्यमबाट तथा सत्कर्मका माध्यमबाट त्यो सिद्धसम्प्रदायले संकेत गरेको परमतत्त्व जान्न सकिन्न अर्थात् त्यो परमतत्त्व गुरुकृपाबाट मात्रै जान्न सकिन्छ ॥६५॥

देव्युवाच

ज्ञानादेव हि मोक्षं तु वदन्ति ज्ञानिनः सदा ।
न कथं सिध्यति ततो योगोऽसौ मोक्षदो भवेत् ॥ ६६॥

देवीले भन्नुभयो

ज्ञानीहरू त ज्ञानबाट नै मोक्ष हुन्छ भनेर सधैँ भन्छन्। यदि त्यसो हो भने ज्ञानबाट मात्रै किन मोक्षरूप सिद्धि प्राप्त हुँदैन अनि योग कसरी मोक्ष दिने हुन्छ ? ॥६६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वर उवाच

ज्ञानेनैव हि मोक्षो हि वाक्यन्तेषान्तु नान्यथा ।
सर्वे वदन्ति खड्गेन जयो भवति तर्हि कः ॥ ६७॥
विना युद्धेन वीर्येण कथं जयमवाप्नुयात् ॥
तथा योगेन रहितं ज्ञानं मोक्षाय नो भवेत् ॥ ६८ ॥
ज्ञानेनैव विना योगो न सिध्यति कदाचन ।
तस्मादत्र वरारोहे ! तयोर्भेदो न विद्यते ॥ ६९॥

ईश्वरले भन्नुभयो

ज्ञानका माध्यमबाट नै मोक्षको प्राप्ति हुन्छ भन्ने तिनीहरूको वाक्य त गलत होइन तर खड्गले विजयप्राप्ति हुन्छ भनेर सबै जना भन्छन्, यदि त्यसो हो भने विना युद्ध, विना बल खड्गले मात्रै कसले विजय प्राप्त गर्छ ? त्यसरी नै योगरहित ज्ञान मोक्षप्राप्तिका लागि हुँदैन। ज्ञानले रहित योगमात्र पनि कहिल्यै सिद्ध हुँदैन। त्यसकारण सुन्दर नितम्ब भएकी हे देवी ! यस सिद्ध सम्प्रदायमा ती दुई (ज्ञान र योग)को भेद छैन ॥६७-६९॥

जन्मान्तरैश्च बहुभिर्योगो ज्ञानेन लभ्यते ।
ज्ञानं तु जन्मनैकेन, योगादेव प्रजायते ॥ ७० ॥
तस्माद् योगात् परतरो नास्ति मार्गस्तु मोक्षदः ॥ ७१ ॥

अनेक जन्मको संस्कारले ज्ञानका माध्यमबाट योगको प्राप्ति हुन्छ। ज्ञानचाहिँ एउटै जन्मको संस्कारले नै योगबाट प्रस्फुटित हुन्छ त्यसकारण योगभन्दा श्रेष्ठ मोक्षप्रद मार्ग त छैन ॥७०-७१॥

देव्युवाच

बहुभिर्जन्मभिर्ज्ञानाद् योगः सम्प्राप्यते कथम् ?
योगात्तु जन्मनैकेन कथं ज्ञानमवाप्यते ?॥७२॥

देवीले भन्नुभयो

अनेक जन्मको संस्कारले ज्ञानका माध्यमबाट योगको प्राप्ति कसरी हुन्छ ? अनि योगबाट चाहिँ एउटै जन्मको संस्कारले कसरी ज्ञानको प्राप्ति हुन्छ ?॥७२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वर उवाच

प्रविचार्य चिरं ज्ञानान्मुक्तोऽहमिति मन्यते ।
किमसौ मननादेव मुक्तो भवति तत्क्षणात् ?॥ ७३॥
पुमान् जन्मान्तरशतैर्योगादेव विमुच्यते ।
न तथा भवतो योगाज्जन्ममृत्यू पुनः पुनः ॥ ७४॥

ईश्वरले भन्नुभयो

कुनै व्यक्ति ज्ञानबाट मुक्ति मिल्छ भन्ने चिरकालपर्यन्त विचार गरेर ज्ञानबाट म मुक्त भएको छु भन्ने मान्दछ भने के सो व्यक्ति त्यो कुराको मननबाट मात्रै तत्काल मुक्त हुन्छ ? व्यक्ति सयौँ जन्मको ज्ञानपछि पनि योगबाट नै मुक्त हुन्छ । जसरी ज्ञान भएर पनि वारंवार जन्ममृत्यु हुन्छ त्यस्तो योगबाट हुँदैन ॥७३-७४॥

प्राणापानसमायोगाच्चन्द्रसूर्यैकता भवेत् ।
सप्तधातुमयं देहमग्निना प्रदहेद् बुधः ॥७५॥
व्याधयस्तस्य नश्यन्ति छेद्घातादिका व्यथाः ।
तथाऽसौ परमाकाशरूपो देह्यवतिष्ठते ॥ ७६ ॥
किम्पुनर्बहुनोक्तेन ? मरणं नास्ति तस्य वै ।
देहोऽदृश्यते लोके, दग्धकर्पटवत् स्वयम् ॥७७॥

प्राण तथा अपानको सम्यक् योगबाट चन्द्रनाडी र सूर्यनाडीको एकता हुन्छ । यसप्रकार चन्द्रनाडी र सूर्यनाडीको एकताजन्य योगाग्निले बुद्धिमान् व्यक्तिले सातवटा धातुले युक्त शरीरलाई डढाओस् । त्यस्तो योगीको छेद, घात आदि व्यथा तथा रोगहरू नष्ट हुन्छन् र उक्त देही परम आकाशस्वरूप रहन्छ । बढी के भन्नु र ? त्यसको मरण नै हुँदैन । स्वयम् डढेको कपडाजस्तो उसको देह लोकमा देखिँदैन ॥७५-७७॥

चित्तं प्राणेन सन्नद्धं सर्वजीवेषु संस्थितम् ।
रज्जौ यद्वत् परीबद्धा रज्वी तद्वदिमे मते ॥७८॥

जसरी डोरी धागोसँग बाँधिएर रहेको हुन्छ त्यसरी नै प्राणसँग जोडिएको चित्त सम्पूर्ण जीवमा रहेको हुन्छ । डोरी र धागोको सम्बन्धजस्तै प्राण र चित्तको सम्बन्ध मानिन्छ ॥७८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नानाविधैर्विचारैस्तु न साध्यं जायते मनः ।
तस्मात्तस्य जयोपायः प्राण एव हि नान्यथा ॥ ७६॥

विभिन्न प्रकारका विचारहरूले मन साध्य हुँदैन । त्यसकारण मनलाई जित्ने उपाय भनेको प्राण नै हो, अरू होइन ॥७६॥

तर्कैर्जल्पैः शास्त्रजालैर्युक्तिभिर्मन्त्रभेषजैः ।
न वशो जायते प्राणः सिद्धोपायं विना प्रिये ! ॥ ८०॥

हे प्रिये ! सिद्धसम्प्रदायप्रवर्तित योगको उपायविना तर्क, जल्प, शास्त्रजालका युक्ति, मन्त्र, औषधिहरूले प्राण नियन्त्रणमा आउँदैन ॥८०॥

उपायं तस्य विज्ञाय योगमार्गे प्रवर्तते ।
खण्डज्ञानेन तेनैव जायते क्लेशभाङ् नरः ॥ ८१॥

त्यसको (प्राणलाई नियन्त्रणमा राख्ने) उपाय जानेर व्यक्ति योगमार्गमा लाग्दछ तर त्यससम्बन्धी खण्डज्ञान (अल्पज्ञान) ले मानिस क्लेशभागी बन्दछ ॥८१॥

येऽजित्वा पवनं मोहाद् योगमिच्छन्ति योगिनः ।
तेऽपक्वकुम्भमारुह्य तर्तुमिच्छन्ति सागरम् ॥८२॥

जो योगीहरू मोहवश प्राणलाई नजिती योग (चन्द्रनाडी र सूर्यनाडीको योग) चाहन्छन् तिनीहरू काँचो माटोको घैँटो चढेर सागर तर्न चाहन्छन् ॥८२॥

यस्य प्राणा विलीयन्ते साधके सति जीवति ।
पिण्डो न पतितस्तस्य चित्तं दोषैः प्रमुच्यते ॥८३॥

जुन साधक आफू जीवित रहँदैमा प्राण विलीन हुन्छ उसको शरीरपात हुँदैन तथा उसको चित्त दोषहरूबाट मुक्त हुन्छ ॥८३॥

शुद्धे चेतसि तस्यैव स्वात्मज्ञानं प्रकाशते ।
तस्माज्ज्ञानं भवेद् योगाज्जनमनैकेन पार्वति ! ॥८४॥
तस्माद् योगं तमेवादौ, साधको नित्यमभ्यसेत् ।
मुमुक्षुभिः प्राणजयः कर्तव्यो मोक्षहेतवे ॥ ८५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोही योगीको शुद्ध चित्तमा स्वात्मज्ञान प्रकाशित हुन्छ । त्यसकारण हे पार्वती ! एउटै जन्मले योगका माध्यमबाट ज्ञान हुन्छ । त्यसकारण साधकले सर्वप्रथम त्यही योग नै नित्य अभ्यास गरोस् । मोक्षको इच्छा गर्ने व्यक्तिहरूले मोक्षका लागि प्राणमाथि विजय प्राप्त गर्नुपर्दछ ॥८४–८५॥

योगात् परतरं पुण्यं योगात् परतरं सुखम् ।
योगमार्गात् परं सूक्ष्मं योगात् परतरं नहि ॥ ८६॥

योगभन्दा ठूलो पुण्य, योगभन्दा श्रेष्ठ सुख, योगमार्गभन्दा सूक्ष्म तथा योगभन्दा श्रेष्ठ केही छैन ॥८६॥

श्रीदेव्युवाच

योगः क उच्यते देव ! योगाभ्यासोऽपि कीदृशः ?
योगेन वा भवेत् किञ्चित् तत् सर्व वद ? शङ्कर ! ॥ ८७॥

श्रीदेवीले भन्नुभयो
हे देव ! हे शंकर ! कसलाई योग भनिन्छ ? योगाभ्यास कस्तो हुन्छ ? अथवा योगबाट केही हुन्छ भने त्यो सबै बताउनु होस् ॥८७॥

ईश्वर उवाच

योऽपानप्राणयोर्योगः स्वरजोरेतसोस्तथा ।
सूर्याचन्द्रमसोर्योगो जीवात्मपरमात्मनोः ॥ ८८॥
एवं तु द्वन्द्वजालस्य संयोगो योग उच्यते ।
अधुना सम्प्रवक्ष्यामि योगाऽभ्यासस्य लक्षणम् ॥८९ ॥

ईश्वरले भन्नुभयो
जो अपान र प्राण, रज र वीर्य, सूर्य र चन्द्र तथा जीवात्मा र परमात्मारूप द्वन्द्वजालको संयोग हो त्यसैलाई नै योग भनिन्छ । अब योगाभ्यासको लक्षण बताउनेछु ॥८८–८९॥

मरुज्जयो यस्य सिध्येत् सेवयेत्तं गुरुं सदा ।
गुरुवक्त्रप्रसादेन कुर्यात् प्राणजयं बुधः ॥ ९०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसको प्राणजय सिद्ध भएको छ त्यस्तो गुरुको नित्य सेवा गर्नू। बुद्धिमान् व्यक्तिले गुरुको उपदेशको कृपाले प्राणमाथि विजय प्राप्त गरोस् ॥६०॥

वितस्तिप्रमितं दैर्घ्ये विस्तरे चतुरङ्गुले।
मृदुलं धवलं प्रोक्तं, वेष्टनाम्बरलक्षणम् ॥६१॥

वेष्टनाम्बर (कुण्डलीनीरूप प्राण रहेको स्थान) को लक्षण एक बित्ता लामो, चार अंगुल चौडा, कोमल र सेतो बताइएको छ ॥६१॥

निरुध्य मारुतं गाढं शक्तिचालनयुक्तितः।
अष्टधा कुण्डलीभूतामृजुं कर्तु तु कुण्डलीम् ॥ ६२॥
भानोराकुञ्चनं कुर्यात् कुण्डलीं चालयेत् ततः।
मृत्युवक्त्रगतस्यापि तस्य मृत्युभयं कुतः ? ॥ ६३॥
एतदेव परं गुह्यं कथितं तव पार्वति !
वज्रासनगतो नित्यं मासार्धं तु समभ्यसेत् ॥६४ ॥

आठपटक कुण्डली मारेर बसेको कुण्डलिनीलाई सीधा बनाउनका लागि शक्तिचालनयुक्तिद्वारा प्राणलाई कडासँग रोकेर (कुम्भक गरेर) सूर्यनाडीलाई खुम्च्याउनू अनि कुण्डलीचालन गर्नू। यस विधिको अभ्यासमा निष्णात व्यक्तिलाई मृत्युको मुखमा परे पनि मृत्युको भयबाट कहाँबाट हुन्छ अर्थात् त्यस्तो योगसाधकलाई मृत्युको भय हुँदैन। हे पार्वती ! यही नै परम रहस्य तिमीलाई बताएँ। वज्रासनमा रहेर पन्ध्र दिन नित्य यसको अभ्यास गर्नू ॥६२-६४॥

वायुना ज्वलितो वह्निः कुण्डलीमनिशं दहेत्।
सन्तप्ता साग्निना नाडी शक्तिस्त्रैलोक्यमोहिनी ॥ ६५॥
प्रविशेद् वज्रदण्डे तु सुषुम्णावदनान्तरे।
वायुना वह्निना सार्ध ब्रह्मग्रन्थिं भिनत्ति सा ॥ ६६॥
विष्णुग्रन्थिं ततो भित्त्वा रुद्रग्रन्थौ च तिष्ठति।
ततस्तु कुम्भके गाढे पूरयित्वा पुनः पुनः ॥ ६७॥
तथाऽभ्यसेत् सूर्यभेदमुज्जायीं वापि शीतलीम्।
भस्त्रां च सहितं नाम स्यात्कुम्भकचतुष्टयम् ॥ ६८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वायुले प्रज्वलित अग्निले निरन्तर कुण्डलीलाई जलाउँछ । अग्निले सन्तप्त सो नाडी त्रैलोक्यमोहिनी शक्ति सुषुम्नानाडीको मुखभित्र वज्रनाडीमा वायु तथा अग्निका साथ प्रवेश गर्दछ र ब्रह्मग्रन्थि र विष्णुग्रन्थिलाई भेदन गरेर रुद्रग्रन्थिमा रहन्छ । त्यसपछि गाढा कुम्भक भए छँदामा फेरि फेरि पूरक गरेर सूर्यभेद, उज्जायी, शीतली र भस्त्राले सहित चार प्रकारको कुम्भकको त्यस प्रकार अभ्यास गर्नू ॥९५–९८॥

बन्धत्रयेण संयुक्तः, केवलः प्राप्तिकारकः ।
अथास्य लक्षणं सम्यक्, कथयामि समासतः ॥९९॥

बन्धत्रयले युक्त केवल कुम्भक योगसिद्धि प्राप्ति गराउनेवाला छ । अब यसपछि यसको लक्षण संक्षेपमा भन्छु ॥९९॥

एकाकिना समुपगम्य विविक्तदेशं ।
प्राणादिरूपममृतं परमार्थतत्त्वम् ॥
स्वल्पाशिना धृतिमता परिभावनीयं ।
संसाररोगहरमौषधमद्वितीयम् ॥ १००॥

एक्लो, थोरै आहार गर्ने, धीरबुद्धि साधकले एकान्त स्थानमा गएर प्राण आदिस्वरूप, नित्य, संसाररूपी रोगलाई हरण गर्ने अद्वितीय औषधीरूप परमार्थतत्त्वको चिन्तन गर्नुपर्छ ॥१००॥

सूर्यनाड्या समाकृष्य वायुमभ्यासयोगतः ।
विधिवत् कुम्भकं कृत्वा रेचयेच्छीतरश्मिना ॥ १०१॥

अभ्यासकौशलद्वारा वायुलाई सूर्यनाडीका माध्यमबाट भित्र तानेर विधिपूर्वक कुम्भक गरी चन्द्रनाडीका माध्यमबाट बाहिर फ्याँकोस् ॥१०१॥

उदरे वातदोषघ्नं कण्ठदोषं निहन्ति च ।
मुहुर्मुहुरिदं कार्य सूर्यभेदनमुत्तमम् ॥ १०२॥

यो उत्तम सूर्यभेदन कुम्भक वारंवार गर्नुपर्छ । यसले पेटमा रहेको वायुदोष र कण्ठदोषलाई नष्ट गर्छ ॥१०२॥

नाडीभ्यां वायुमाकृष्य कुण्डल्याः पार्श्वयोः सुधीः ।
धारयेदुदरे योगी रेचयेदिडया पुनः ॥१०३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धिमान् योगीले दुबै नाडीबाट वायुलाई भित्र तानेर कुण्डलीको पार्श्वमा सो वायुलाई धारण गरी पुनः इडा नाडीका माध्यमबाट बाहिर फ्याँकोस् ॥१०३॥

कण्ठे कफादिदोषघ्नं शरीराग्निविवर्धनम् ।
शिरोजलोदराधातुगतरोगविनाशनम् ॥१०४॥

(यो कार्य) घाँटीमा रहेको कफ आदि दोषलाई नष्ट गर्ने, शरीरमा अग्नि बढाउने, टाउकोको रोग, पेटमा पानी जम्ने र धातुसम्बन्धी रोगलाई नाश गर्नेवाला छ ॥१०४॥

गच्छता तिष्ठता कार्य उज्जाय्याख्यस्तु कुम्भकः ।
मुखेन वायुं सङ्गृह्य प्राणरन्ध्रेण रेचयेत् ॥१०५॥

यो उज्जायी नामक कुम्भक हिँड्दा, बस्दा जतिखेर पनि गर्न सकिन्छ । मुखले वायु भित्र संग्रह गरेर नाकको प्वालबाट बाहिर फ्याँक्नू ॥१०५॥

शीतलीकरणं चेदं हन्ति पित्त तथा ज्वरम् ।
स्तनयोरथ भस्त्रेव लोहकारस्य वेगतः ॥१०६॥
रेचयेत्पूरयेद्वायुमाश्रमं देहगं धिया ।
यदा श्रमो भवेद् देहे तदा सूर्येण रेचयेत् ॥१०७॥

यो शीतलीकरण नामक कार्यले पित्त तथा ज्वरोलाई नाश गर्दछ । त्यसपछि कामीको आगो फुक्ने भस्त्रा नामक साधनले झैँ वेगले विधिपूर्वक दुबै नाडीबाट थकाइ लागुन्जेल वायु भित्र तानोस् । जतिखेर शरीरमा थकाइ लाग्छ त्यतिखेर सूर्य नाडीबाट वायु बाहिर फ्याँकोस् ॥१०६–१०७॥

कण्ठसंकोचनं कृत्वा पुनश्चन्द्रेण रेचयेत् ।
वातपित्तश्लेष्महरं शरीराग्निविवर्धनम् ॥१०८॥
कुण्डलीबोधकं वक्रभावघ्नं सुखदं शुभम् ।
ब्रह्मनाडीमुखे संस्थकफाद्यर्गलनाशनम् ॥ १०९ ॥
सम्यग् गात्रसमुद्भूतं ग्रन्थित्रयविभेदकम् ।
विशेषेणैव कर्तव्यं भस्त्राख्यं कुम्भकं त्विदम् ॥ ११० ॥

घाँटी खुम्च्याएर फेरि चन्द्र नाडीबाट वायु बाहिर फ्याँकोस् । यो भस्त्रा नामक कुम्भक वात, पित्त र श्लेष्म नामक त्रिदोषलाई हरण गर्ने, शरीरमा अग्नि बढाउने, कुण्डली जगाउने,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नकारात्मक भावलाई नष्ट गर्ने, सुख दिने तथा कल्याणकारक छ । ब्रह्मनाडीको मुखमा रहेका बाधालाई नाश गर्ने, शरीरमा रहेको तीन प्रकारको ग्रन्थिलाई राम्ररी भेदन गर्ने यो भस्त्रा नामको कुम्भक विशेषरूपले गर्नुपर्दछ ॥१०८–११०॥

बन्धत्रयमथेदानीं प्रवक्ष्यामि यथार्थवत् ।
नित्यं कृतेन येनाऽसौ वायोर्जयमवाप्नुयात् ॥ १११ ॥

यसपछि अब तीन प्रकारको बन्धको लक्षण यथार्थरूपले भन्नेछु जसको नित्य अभ्यास गर्नाले साधकले प्राणमाथि विजय प्राप्त गर्दछ ॥१११॥

चतुर्णामपि भेदानां कुम्भके समुपस्थिते ।
बन्धत्रयमिदं कार्य वक्ष्यमाणं मया स्फुटम् ॥११२॥

चार प्रकारका कुम्भक राम्ररी जान्ने भएपछि मैले राम्ररी भन्नेवाला तीन प्रकारको बन्धनको अभ्यास गर्नुपर्छ ॥११२॥

प्रथमो मूलबन्धस्तु द्वितीय उड्डियानकः ।
जालन्धरस्तृतीयस्तु लक्षणं कथयाम्यहम् ॥ ११३॥

पहिलो मूलबन्ध, दोस्रो उड्डियानबन्ध, तेस्रो चाहिँ जालन्धरबन्ध हो । अब यिनीहरूको लक्षण बताउँछु ॥११३॥

गुदं पार्ष्ण्या तु सम्पीड्य, वायुमाकुञ्चयेद् बलात् ।
वारं वारं तथा चोर्ध्वं समायाति समीरणः ॥११४॥

गोलीगाँठोले गुदस्थानलाई ठेलेर बलपूर्वक वायुलाई खुम्च्याउनू । यस क्रियालाई वारंवार गर्दा वायुको ऊर्ध्वगमन हुन्छ ॥११४॥

प्राणापानं नादबिन्दू मूलबन्धेन चैकताम् ।
गत्वा योगस्य संसिद्धिं, यच्छतो नात्र संशयः ॥ ११५॥

मूलबन्धको अभ्यासले प्राण र अपान तथा नाद र बिन्दुको एकीभाव हुन्छ र तिनीहरू एकीभावमा गएर योगको राम्रोसँग सिद्धि हुन्छ, यसमा शंका छैन ॥११५॥

कुम्भकान्ते रेचकान्ते कर्तव्यस्तूड्डियानकः ।
बद्धो येन सुषुम्णायां प्राणस्तूड्डीयते तत ॥११६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मादुड्डीयाणाख्योऽयं योगिभिः समुदाहृतः ॥
उड्डीयानं तु सहजं गुरुणा कथितं सदा ॥ ११७॥
अभ्यसेदस्वतन्त्रस्तु वृद्धोऽपि तरुणायते ।
नाभेरुर्ध्वमधश्चापि प्राणं कुर्यात् प्रयत्नतः ॥ ११८॥
षण्मासानभ्यसेन्मृत्युं जयत्येव न संशयः ।
पूरकान्तेऽपि कर्तव्यो बन्धो जालन्धराभिधः ॥ ११९ ॥

कुम्भकको अन्त्यमा तथा रेचकको अन्त्यमा उड्डीयानबन्ध गर्नुपर्दछ जसका माध्यमले सुषुम्णामा रोकिएको प्राण त्यसपछि माथितिर उड्छ त्यसकारण यस बन्धलाई योगीहरूले उड्डीयान संज्ञा दिएका हुन् । गुरुले दिएको उपदेशअनुसार नियममा रहेको साधकले यो सहज उड्डीयानबन्धको अभ्यास गर्दछ भने त्यो बूढो छ भने पनि जवान बन्छ । बलपूर्वक प्राणवायुलाई नाभिको तलमाथि ल्याउने लैजाने गर्नू । छ महिनासम्म यस प्रकारको अभ्यास गऱ्यो भने (त्यस्तो साधकले) मृत्युलाई नै जित्छ । (यसमा कुनै) शंका छैन । पूरकको अन्त्यमा पनि जालन्धर नामको कुम्भक गर्नुपर्छ ॥११६-११९॥

कण्ठसंकोचरूपोऽसौ वायुमार्गनिरोधकः ।
कण्ठमाकुञ्च्य हृदये स्थापयेद् दृढमिच्छया ॥ १२०॥
बन्धो जालन्धराख्योयममृताव्ययकारकः ।
अधस्तात्कुञ्चनेनाशु कण्ठसंकोचनेन च
मध्यमाभ्रमणेन स्यात् स प्राणो ब्रह्मनाडिगः ॥१२१॥

यो जालन्धरबन्ध घाँटी अँठ्याउने, वायुमार्गलाई रोक्ने लक्षणको छ । घाँटीलाई खुम्च्याएर दृढ इच्छाले वायुलाई हृदयमा राख्नू । यो जालन्धर नामको बन्ध अमृत तथा अव्ययकारक छ । तलको भागलाई छिटो छिटो खुम्च्याउनाले, घाँटीलाई खुम्च्याउनाले तथा भ्रूमध्यलाई घुमाउनाले त्यो प्राण ब्रह्मनाडीमा प्रवेश गर्दछ ॥१२०-१२१॥

वज्रासनस्थितो योगी चालयित्वा तु कुण्डलीम् ।
कुर्यादनन्तरं भस्त्रां कुण्डलीमाशु बोधयेत् ॥१२२॥

वज्रासनमा बसेको योगीले कुण्डलीलाई चालन गरेर भस्त्रा नामको कुम्भक गर्नू । त्यसपछि शीघ्र कुण्डलीलाई जगाउनू ॥१२२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भिद्यन्ते ग्रन्थयो वंशे तप्तलोहशलाकया ।
तथैव पृष्ठवंशे स्याद् ग्रन्थिभेदस्तु वायुना ॥१२३॥

तातेको फलामको सुइरोले जसरी बाँसका गाँठाहरूलाई भेदन गर्दछ त्यसरी नै पृष्ठवंश (मेरुदण्ड) मा वायुले ग्रन्थिभेदन गर्छ ॥१२३॥

पिपीलिका यथा लग्ना कण्डूस्तत्र प्रवर्तते ।
सुषुम्णायास्तथाऽभ्यासात् सततं वायुना भवेत् ॥१२४॥

शरीरमा कमिला हिँड्नाले जसरी काउकुती लाग्छ त्यसरी नै सुषुम्णाको निरन्तर अभ्यासले वायुद्वारा काउकुती लाग्छ ॥१२४॥

रुद्रग्रन्थिं ततो भित्वा सैव याति शिवात्मकम् ।
चन्द्रसूर्यौ समौ कृत्वा तयोर्योगः प्रवर्तते ॥१२५॥

त्यसपछि रुद्रग्रन्थिलाई भेदन गरेर सोही सुषुम्णा शिवस्वरूपमा प्राप्त हुन्छ । चन्द्र र सूर्य अर्थात् प्राण र अपानलाई समान गरेपछि ती दुईबाट योगको प्रवर्तन हुन्छ ॥१२५॥

गुणत्रयादतीतः स्याद् ग्रन्थित्रयविभेदकः ।
शिवशक्तिसमायोगाज्जायते परमा स्थितिः ॥ १२६॥

तीनवटा ग्रन्थि (ब्रह्मग्रन्थि, रुद्रग्रन्थि र विष्णुग्रन्थि)लाई भेदन गर्नेवाला तीनवटा गुणदेखि पर पुग्छ । शिव र शक्तिको सम्यक् योगबाट सर्वोच्च स्थितिको प्राप्ति हुन्छ ॥१२६॥

यथा करी करेणैव पानीयं प्रपिबेत् तथा ।
सुषुम्णावक्त्रनलिनं पवमानं ग्रसेत् सदा ॥१२७॥

हात्ती सूँडले जसरी पानी पिउँछ त्यसरी नै सुषुम्णा नाडीको मुखकमलले सधैँ वायुलाई ग्रास गर्दछ ॥१२७॥

वज्रदण्डेन सम्भूता मणयश्चैकविंशतिः ।
सुषुम्णायां स्थिताः सर्वे सूत्रे मणिगणा इव ॥१२८॥

वज्रदण्डका माध्यमबाट उत्पन्न भएका सबै एक्काइस मणिहरू धागोमा मणि उनिएझैँ सुषुम्णामा रहेका छन् ॥१२८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोक्षमार्गे प्रसिद्धा सा सुषुम्णा विश्वधारिणी ।
यत्र वै निर्जितः कालश्चन्द्रसूर्यनिबन्धनात् ॥१२९॥

त्यो विश्वधारिणी सुषुम्णा नाडी मोक्षमार्गमा प्रसिद्ध छ जहाँ चन्द्र र सूर्यलाई एकीभाव गरेर बाँधेकाले निश्चय नै काल पनि जितिएको छ ॥१२९॥

आपूर्य कुम्भितो वायुर्बहिर्नो याति साधकैः ।
पुनः पुनस्तंद्वदेतत् पश्चिमद्वारलक्षणम् ॥१३०॥

साधकले भित्र भरेर रोकेको वायु बाहिर जाँदैन। पुनः पुनः त्यस्तै गर्नु पश्चिम द्वारको लक्षण हो ॥१३०॥

पूरितस्तु नवद्वारैरीषत्कुम्भकतां गतः ।
प्रविशेत् सर्वगात्रेषु वायुः पश्चिममार्गतः ॥१३१॥

भित्र भरेको र नवद्वारका माध्यमबाट थोरै रोकिएको वायु पश्चिममार्गबाट सम्पूर्ण शरीरमा प्रवेश गर्दछ ॥१३१॥

रेचके क्षीणतां याते पूरकं शोषयेत् सदा ।
स एव नाथसंकेतः सिद्धसंकेतलक्षणः ॥१३२॥

रेचकमा क्षीणता आउँदा पूरकलाई सधैँ सोस्दछ । त्यो नै नाथसंकेत वा सिद्धसंकेतको लक्षण हो ॥१३२॥

गुरुप्रसादान्मरुदेव साधित-
स्तेनैव चित्तं पवनेन साधितम् ।
स एव योगी स जितेन्द्रियः सुखी
मूढा न जानन्ति कुतर्कवादिनः ॥ १३३॥

गुरुको कृपाबाट जसले प्राणवायुलाई साधेको (जितेको) छ त्यसले विजित प्राणवायुका माध्यमबाट चित्तलाई साधेको छ। यसरी प्राणवायु र चित्तलाई जित्ने व्यक्ति नै योगी हो, ऊ जितेन्द्रिय हो अनि सुखी हो। यो कुरा कुतर्कवादी मूर्खहरू जान्दैनन् ॥१३३॥

चित्तं हि नष्टं यदि मारुते स्यात्
तत्र प्रतीतो मरुतोऽपि नाशः ।
न चेदिदं स्यान्न तु तस्य शास्त्रं
नात्मप्रतीतिर्न गुरुर्न मोक्षः ॥ १३४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुषुम्णा नाडीमा प्राणको लय हुँदा यदि चित्त नष्ट हुन्छ भने त्यहाँ अनुभव हुने प्राण पनि नष्ट हुन्छ। यस्तो हुँदैन भने त्यसको शास्त्र, आत्मप्रतीति, गुरु, मोक्ष केही पनि छैन ॥१३४॥

तुम्बिका रोधिता यद्वद् बलादाकर्षति ध्रुवम् ।
ब्रह्मनाडी तथा धातून् सन्तताभ्यासयोगतः ॥ १३५॥

(जलमा) रोकिएको तुम्बिकाले (जललाई) जसप्रकार निश्चितरूपले बलपूर्वक आफूतिर तान्छ त्यसरी नै निरन्तरको अभ्यासकौशलले ब्रह्मनाडीले धातुहरूलाई आकर्षित गर्दछ ॥१३५॥

अनेनाऽभ्यासयोगेन नित्यमासनबन्धतः ।
चित्तं विलीनतामेति बिन्दुर्नो यात्यधस्तथा ॥ १३६॥

आसनबन्धपूर्वक नित्य यसको अभ्यासकौशलले चित्त विलीन हुन्छ तथा बिन्दु (वीर्य)को अधःपतन हुँदैन ॥१३६॥

रेचकं पूरकं कृत्वा वायुना स्थीयते चिरम् ।
नाना नादाः प्रवर्तन्ते संस्रवेच्चन्द्रमण्डलम् ॥ १३७॥
नश्यन्ति क्षुत्पिपासाद्याः सर्वदोषास्तथा सदा ।
स्वरूपे सच्चिदानन्दे स्थितिमाप्नोति केवलम् ॥ १३८ ॥

रेचक तथा पूरक गरेर वायुका माध्यमबाट (कुम्भक अवस्थामा) लामो समयसम्म बसिन्छ भने नाना प्रकारका नादहरू सुनिन्छन् तथा चन्द्रमण्डलले सुधाको वर्षा गर्दछ। भोकप्यास आदि तथा सम्पूर्ण दोषहरू सदाका लागि नष्ट हुन्छन्, केवल सच्चिदानन्दस्वरूपमा स्थित रहन्छ ॥१३७-१३८॥

कथितं तु तव प्रीत्या एतदद्भ्यासलक्षणम् ।
मन्त्रो हठो लयो राजा योगान्तर्भूमिकाः क्रमात् ॥
एक एव चतुर्धाऽयं महायोगोऽभिधीयते ॥ १३९॥

ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ अक्षिपरिचक्षुभ्यां नमः ॥३२॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ श्रोत्रपुटाभ्यां नमः॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ नासिकागुल्फाभ्यां नमः ॥३३॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ दन्तौष्ठाभ्यां नमः ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ मुखजिह्वाभ्यां नमः ॥३४॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ घण्टितालुकाभ्यां नमः ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ ग्रीवाकण्ठाभ्यां नमः ॥३५॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ गुदमूर्द्धाभ्यां नमः ॥३६॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ वक्त्रसर्वसन्धिभ्यां नमः ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ करतलकरपृष्ठाभ्यां नमः ॥३७॥
इति वक्त्रन्यासः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ पादुकान्यासः ॥

ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ अङ्गुष्ठाभ्यां नमः ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ तर्जनीभ्यां नमः ॥३८॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ मध्यमाभ्यां नमः ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ अनामिकाभ्यां नमः ॥ ३९॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ कनिष्ठिकाभ्यां नमः ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ पञ्चाङ्गुलिनखाभ्यां नमः ॥४०॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ पादस्थलचन्द्राभ्यां नमः ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ ऐन्द्रिकूर्चाभ्यां नमः ॥४१॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ घण्टिकास्फिचाभ्यां नमः॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ पादसन्धिजङ्घाभ्यां नमः ॥४२॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ सर्वाङ्गसन्धिभ्यां नमः ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ करतलकरपृष्ठाभ्यां नमः ॥४३॥
॥ इति पादुकान्यासः ॥

अथ देहन्यासः॥

ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ गुदगुह्याभ्यां नमः ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ अङ्गुलीनखाभ्यां नमः ॥४४॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ पृथूदराभ्यां नमः ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ कटिप्रदेशाभ्यां नमः ॥४५॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ पृष्ठस्कन्धाभ्यां नमः ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ जठरकुक्षिभ्यां नमः ॥४६॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ वस्तिनाभिभ्यां नमः ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ हृदयस्तनाभ्यां नमः ॥ ४७॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ कण्ठऊर्ध्वदेशाभ्यां नमः ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ आभ्यान्तरस्थानाभ्यां नमः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ अस्थिरक्तमांसेभ्यो नमः ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ कलिजाफोक्साकोठाभ्यां नमः ॥४८॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ वातकफपित्तेभ्यो नमः ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ सर्वाङ्गसर्वसन्धिसर्वाङ्गरोगाभ्यां नमः ॥४९॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ नवनाडि–द्विससप्तीकोष्ठसहस्रनाडि–ईडा–पिङ्गला–सुषुम्णा–पञ्चप्राण–पुरुषेभ्यो नमः ॥५०॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ गुह्येन्द्रिय–मुख–नासिका–चक्षु–कर्ण–ब्रह्माण्ड–दशद्वारेभ्यो नमः ॥५१॥

ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ करतलकरपृष्ठाभ्यां नमः ॥५२॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ अधःपल्लवाभ्यां नमः ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ ऊर्ध्वपल्लवाभ्यां नमः ॥५३॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथनाम्ने नमः ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ हृदयाय नमः ॥५४॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ शिरसे स्वाहा ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ शिखायै वषट् ॥५५॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ नेत्रत्रयाय वौषट् ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ कवचाय हुँ ॥५६॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ सर्वविद्यापतये नमः ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनाथ अस्त्राय फट् ॥ ५७॥
इति षडङ्गन्यासः

॥ अथ ध्यानम् ॥

अथ ध्यानं प्रवक्ष्यामि श्रृणु देव जनार्दन ॥
पूर्व न्यासविधिं कृत्वा पश्चाद् ध्यानं समाचरेत् ॥५८॥
शुद्धस्फटिकसङ्काशं जटाजूटं त्रिलोचनम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निरञ्जनं निराकारं निर्विकल्पं निरामयम् ॥५६॥
त्रिमूर्ति च त्रिलोकेशं विधिविष्णुमहेश्वरम् ॥
विश्वरूपं निराकारं गोरक्षनाथदैवतं ॥६०॥
एवं ध्यात्वा जपात् सिद्धिः गोरक्षस्य प्रसादतः॥
नियमेन साधकानां भविष्यति न संशय ॥६१॥
अथ मन्त्रं प्रवक्ष्यामि श्रृणु त्वं यदुनन्दन ॥
श्रीकल्पद्रुमतन्त्रेषु ये मन्त्राः कथिता पुरा ॥६२॥
जपन्ति साधका वीरास्तन्मन्त्रा श्रद्धयान्विताः ॥
सिद्धं भवति सिद्धिर्वै साधकानां शिवाज्ञया ॥६३॥
गोरक्षनाथमन्त्राणां प्रभावो वर्णितः पुरा ॥
कल्पद्रुमादितन्त्रेषु गर्गादिमुनिभिः किल ॥६४॥

॥अथ मन्त्र ॥

ॐ ह्रीँ श्रीँ गौँ गोरक्षबीजाय विद्महे गोरक्षाय
धीमहि तन्नो निरञ्जनः प्रचोदयात् ॥६५॥
ॐ ह्रीँ श्रीँ गौँ हुँ फट् स्वाहा ॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्ष हूँ फट् स्वाहा ॥६६॥
ॐ ह्रीँ श्रीँ गौँ गोरक्षनिरञ्जनात्मने हुँ फट् स्वाहा ।
शतोत्तरलक्षं जप्त्वा साधकः शुद्धमानसः ॥
साधयेत् सर्वकार्याणि नात्र कार्या विचारणा ॥६७॥
धारयेद् यो नरो नित्यं मन्त्रराजं विशेषतः ॥
स योगसिद्धिमाम्नोति गोरक्षस्य प्रसादतः ॥६८॥
शंकरः कं स्वरूपं च शङ्करो ध्यानत्परः ॥
योगानन्दो योगधारी योगमायाप्रसेवकः ॥६९॥
योगयुक्तो योगधीरो योगज्ञानसमन्वितः ॥
योगचरो योगकर्त्ता युक्ताहारसमन्वितः ॥७०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नागहारो नागरूपी नागमालाविभूषणः ॥
नागधारी नागरूपो नानावर्णविभूषितः ॥७१॥
नानाभेषसमायुक्तो नानारूपो निरञ्जनः ॥
आदिनाथो मीननाथः सिद्धिनाथो मनोहरः ॥७२॥
नाथनाथो महानाथो सर्वनाथो निरञ्जनः ॥
क्षत्रनाथो बटुकनाथो गङ्गानाथो गिराम्पतिः ॥७३॥
गङ्गाधरो पात्रधारी भस्मभूषितविग्रहः॥
मृगधरो मृगपतिर्मृगाक्षो मृगवेषधृक् ॥७४॥
मेघनादो मेधरवो मेधगम्भीरनिःस्वनः ॥
अग्रनाथो जयनाथो मध्यनाथो जपेश्वरः ॥७५॥
जलनाथो जगन्नाथो गङ्गानाथो जनाधिपः ॥
भूतनाथो वनिनाथो ऊनाथो भुवनेश्वरः ॥७६॥
दिगीश्वरो दिगम्बरो दिव्याभरणभूषितः ॥
भूर्देशश्च भुवर्देशो भूपतिर्भूतिसम्भवः ॥७७॥
गोपतिर्गोपिकाकान्तो योगो योगारिमर्द्दनः ॥
यज्ञनाथो वायुनाथो विश्वनाथो जितेन्द्रियः ॥७८॥
अपांनाथो ऋद्धिनाथो नाथानाथस्वरूपवान् ॥
विद्यापतिर्मन्त्रनाथो नवनाथो निरञ्जनः ॥७९॥
नित्यनाथो भूतपतिर्नित्यानन्दो महीपतिः ॥
सिद्धनाथो वृद्धनाथो वृद्धावृद्धगतिप्रियः ॥८०॥
विद्यानन्दो खेचरानन्दो भूनाथो भुवनप्रियः ॥
सर्वाराध्यो पूर्णानाथो द्युतिनाथो द्युतिप्रियः ॥८१॥
सृष्टिनाथो स्थितिनाथो हारनाथो महागुरुः ॥
संहारनादो भीमनादो शङ्खनादो दिवाप्रियः ॥८२॥
अङ्गनाथो रङ्गनाथो मङ्गलो मङ्गलेश्वरः ॥
अम्बासेवी भूतनाथो वपुर्गोप्तागुहाश्रयः ॥८३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अकारमङ्गनाथश्च साधुरात्मापरायणः ॥
इकारस्त्विन्द्रनाथश्च ईकारस्त्विन्द्रपतिस्तथा ॥८४॥
उकारो ॐ स्वरूपश्च नाथो ह्युन्मत्तभैरवः ॥
ऋकारं ऋृंगनाथं च लृकारं लृविवर्द्धनम् ॥८५॥
एकारस्त्वेकनाथो वै ह्येकमूर्तिस्त्रिलोचनः ॥
एकारोकाररूपेण सिद्धो ब्रह्ममहेश्वरौ ॥८६॥
एकस्त्वमेकधा नित्यं नित्यमेव दिगीश्वराः ॥
अकारविष्णुरूपस्यादुकारो ब्रह्म उच्यते ॥८७॥
मकारो भवरूपस्याद्भुवनत्रयरक्षकः ॥
ऐँरूपं च महात्त्वमिन्द्रासनसमप्रभः ॥८८॥
ऐँ मन्त्रधारी वागीशस्त्वैकारो नाथसेवितः ॥
ऐँ रूपमैन्द्रनाथश्च ओ सिद्धस्त्वौ च रूपवान् ॥८९॥
औँकारो मौचरूपश्च विश्वत्यागी निरञ्जनः ॥
औकारो ब्रह्मरूपी स्याद्विष्णुरूपी तथैव च ॥९०॥
रुद्ररूपमयः साक्षादौँकारस्त्रिविध स्मृतः ॥
गोरक्षो विधिरूपस्याद्विष्णुरूपी तथैव च ॥९१॥
गोरक्षो रुद्ररूप स्यात् सत्यमेव न संशयः ॥
अगम्यागमनात् पूतः सुरापानात्तथैव च ॥९२॥
परस्वहरणाच्छीघ्रं शुद्धो भवति मानवः ॥
योगी गोरक्षको ब्रह्मविष्णुरुद्रस्वरूपभाक् ॥९३॥
ककारो ब्रह्मवर्णश्च करवीरसुखासनः ॥
नानाचन्दनलिप्ताङ्गो काश्मीरचन्दनप्रियः ॥९४॥
कस्तूरिमृगकर्त्ता च कस्तूरी तिलकप्रियः ॥
रक्तचन्दनलिप्ताङ्गो रक्तचन्दनपूजितः ॥९५॥
रक्तचन्दनधारी च रक्तचन्दनभूषणः ॥
जयानन्दो दीर्घचरो जयानन्दविवर्जितः ॥९६॥
खकारो खँखनाथश्च खंखोदर गुणाश्रयः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खवर्णो खर्बहस्तश्च खंखनाथो महेश्वरः ॥९७॥
गङ्गानाथो गिरांधारी गङ्गापति सुरेश्वरः ॥
गंगणो गणनाथश्च गङ्गासेवी गुरुप्रियः ॥९८॥
घंघानाथो घर्घनाथो घञ्नाथो घनाघनः ॥
घर्मनाथो महानाथो घोरनाथो घनाकृतिः ॥९९॥
डण्डनाथो चिरन्नाथो कवीशं कवीतापतिः ॥
ऋद्धिसिद्धिप्रदो धारो वृद्धिनाथो विभावसुः ॥१००॥
वँ वँ वँ वँ वंशनाथश्च चारुरूपी चराचरः ॥
चारुश्रृंगी चारुनाथश्चित्रनाथश्चिरन्तपः ॥१०१॥
शक्तिनाथो छेतिनाथो छेत्ता छर्छि गुणाश्रयः ॥
छत्रधारी छत्रपति छत्रछत्रगुणाश्रयः ॥१०२॥
जयाधीशो जयन्नाथो जयदाता जनेश्वरः ॥
शङ्खनाथो शंरूनाथो शंखरुपी सरासरः ॥१०३॥
सौँस्वरूपी च संसारी सिँस्वरूपी नमोऽस्तु ते ॥
ञकारो इन्द्रनाथो वै ञैँ ञैँ रूपधरः सुधी ॥१०४॥
ञां ञीँ ञकारसेवी च ञकारादि नमोऽस्तु ते ॥
टँकारो टँटनाथश्च टं टः स्वरसमन्वितः ॥१०५॥
टंटाकारो टंटरागी टंटनाथ नमोऽस्तु ते ॥
ठकारो ठंठनाथश्च ठं ठं योगीवरप्रदः ॥१०६॥
ठः ठः ठोठो जयो नाथो ठंठनाथ नमोऽस्तु ते ॥
डं डंधारी डंडनाथो डंडंशब्दो डडोगुणः ॥१०७॥
डाडमाश्रित्य आचारो डंडनाथ नमोऽस्तु ते ॥
ढंढाहारी ढंढसिद्धो ढंढपृष्ठोऽतियोगजित् ॥१०८॥
ढकारो ढकनाथश्च ढंढयोगजितो यती ॥
णकारो णणनाथश्च णकारो काररूपकः ॥१०९॥
णकारो नन्दनाथश्च नन्दिनाथो जयेश्वरः ॥
नन्दिभक्तो गुणस्तुत्यो नन्दिनाथ नमोऽस्तु ते ॥११०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थकारो थंथ आकारो थंस्तुत्यो थंथथो यमी
थोथोथो थोथरीनाथ थंथं शब्दसमाकुलः ॥१११॥
दकारो दंदनाथो वै दन्दोदरदयापरः ॥
दानदो दानदाता च दानसिद्धिसमन्वितः ॥११२॥
दिव्यसिद्धिकरो दीनो दिव्यासनदिवासनः ॥
धीमनो धीधरो धाता धाराधीशो धरातिगः ॥११३॥
धुन्धुनाथो धराध्यक्षो धीमतिर्धार्मिको धुरी ॥
धौंधौंकार धराधीरो ध्वान्तनाथो धनाधिपः ॥११४॥
सिद्धान्तकृच्छुद्धमतिः सिद्धयुक्तस्तु भारकः ॥
अन्धकारहरो धीमान् धर्मिष्टो धर्मलोलुपः ॥११५॥
नमस्कारप्रियो नाथो नरस्तुत्यो निरञ्जनः ॥
नित्ययोगरतो नित्यो नन्दिनाथ नमोऽस्तु ते ॥११६॥
पाण्डुनाथो पीतवर्णो पन्नगारिविभूषणः ॥
पाण्डुरः पाण्डुहापीतः पन्नगासनसंस्थितः ॥११७॥
पन्नगाधिपधारी च पन्नगेन्द्रविभूषणः ॥
स्फटिकवर्णसंकाशः फणीन्द्रकृतभूषणः ॥११८॥
फँ फँ फँकारधारी च फस्वरूपी सदाफणी ॥
फकारः सिद्धिदाता च फेननाथो फणाधिपः ॥११९॥
वँ वँ नाथो वकारश्च वामनो वरुणालयः ॥
वटुनाथों वराधीशो वामनाकृतिपूजकः ॥१२०॥
वरुणो वारुणीनाथो वराहभक्तित्परः ॥
भवानीपूजको भौमो भद्रासनप्रसेवकः ॥१२१॥
भद्रप्रियो भवानन्दो भद्रकृतिसमन्वितः ॥
भवप्रियो भवाधीशो भवानीपतिसेवकः ॥१२२॥
महादेवप्रियः श्रीमान् महापातकनाशनः ॥
महाधीरो महायोगी महासिद्धो महाश्रयः ॥१२३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनोभवो मनस्वी च महाह्रदनिभाश्रयः ॥
मार्गप्रियो मार्गक्लेशी महादेवाधिपालितः ॥१२४॥
मध्यनाथो महानाथो महाभैरवपूजकः ॥
यकारो यामिनीनाथो यज्ञकर्त्ता यमप्रियः ॥१२५॥
यशोधरो यशस्वी च यवाकारसमन्वितः ॥
यज्ञप्रियो योगयुक्तो यज्ञपुरुषसेवकः ॥१२६॥
यज्ञार्थकृद्यथायोगी यथाकालप्रसेवकः ॥
यथापराधदण्डज्ञो यथानीतिप्रवर्त्तकः ॥१२७॥
रमणो रामभद्रश्च रामनाथो जनार्द्दनः ॥
रँरँरवो महारागी रामराधनत्त्परः ॥१२८॥
रागप्रियो रागवार्त्ता रागराज्ञविभावनः ॥
राज्यकर्ता रागसेवी राजनीतिरनाकरः ॥१२९॥
अग्निनाथो रणाधीशो सदास्थितिकरो गुणी ॥
ललाकारो ललानाथो लम्बोदरलयाश्रयः ॥१३०॥
लँ लँ नाथो लिङ्गरूपी लीलागुणसमन्वितः ॥
लकारो ललितासेवी लावण्याकृतिसंयुतः ॥१३१॥
वायुदो वायुसेवी च वाताहारसमन्वितः ॥
वकारो बिल्वधारी च बिल्वनाथो महीपतिः ॥१३२॥
वायुसिद्धो वायुनाथो वकाराधारत्त्परः ॥
सुनीतिज्ञो नीतिकरो नैर्ऋत्यस्थितिसम्भवः ॥१३३॥
शाम्भवो मन्त्रधारी च शाम्भवो योगकारकः ॥
शाम्भवो नाथनाथश्च शङ्कराराधनः परः ॥१३४॥
शिवभक्तियुतः शैवः शिवाभक्तिसमन्वितः ॥
वामदेवप्रियः शूरो वरुनाथ जपेश्वरः ॥१३५॥
षंतासनो षंतधारी षंतासननिविष्टितः ॥
षंत्त षनाधारी षताषन दिगीश्वरः ॥१३६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

षंताराजा महाराजो षसमुखः कीर्तिवर्द्धनः ।
षण्मातुरकृतासक्तिरीशरूपजयाम्बरः ॥१३७॥
शक्तिसङ्गीतसंसारी सारासारः सनातनः ॥
सीमन्तधारी सोमेशो सेवाफलप्रदायकः ॥१३८॥
समशीलः सभाकारः सर्वानन्दप्रदायकः ॥
सुखी सुखकरः सौम्य सौम्यकीर्तिषु पुण्यभाक् ॥१३९॥
हँसस्वरो हँसनाथो हविर्भुक् होमसाधनः ॥
हिरण्यरेता सेवी च हिमद्युति हिमाकरः ॥१४०॥
हर्षनाथो हयग्रीवो हँ हँ योगयुतो वशी ।
हिरण्यकान्तिसंकाशो हिरण्यस्रग्विभूषणः ॥१४१॥
ज्ञानज्ञो ज्ञानवान् ज्ञानी ज्ञानगम्यो महेश्वरः ॥
क्षेमकरः क्षमाशीलः क्षमाराशिः क्षमापतिः ॥१४२॥
क्षमानाथ क्षमारूपी क्षत्रियानन्दवर्द्धनः ॥
क्षत्रियपूजितः क्षीणो क्षत्रियकुलनाशक : ॥१४३॥
क्षमाधरः क्षमाधारी क्षमायोगप्रशोभितः ॥
कामदः कमलारूढः कामवायुर्वपुर्भवान् ॥१४४॥
कान्तिकरः कलानाथः कुलकान्तिविवर्द्धनः ॥
तन्त्रज्ञस्तन्त्रवेत्ता च तन्त्रधारणत्त्परः ॥१४५॥
गूढो गूढाश्रयो गोप्ता गोराङ्गो गोपतिः पतिः ॥
श्रुतिधरो महामूर्त्तिः भूभ्रासनविराजित ॥१४६॥
धवलो धूसरो धूर्तो धर्मवान् पुण्यवर्द्धनः ॥
क्षँ क्षँरूपी क्षमाकारः कमलाकर ईश्वरः ॥१४७॥
गोरक्षो गोरसाधीशो गोसिद्धो गोमतिप्रियः ॥
गोरक्षनाथमन्त्रस्य साधनं भुवि ये नराः ॥१४८॥
कुर्वन्ति सिद्धिदातारस्ते नराः स्युर्न संशयः ॥
लम्बायोगसमाश्रित्य सर्वयोगीश्वराधिपः ॥१४९॥
प्रख्यातास्त्रिषु लोकेषु गोरक्षपुण्यकीर्तिभाक् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रं गोरक्षनाथस्य ये जपन्ति दृढव्रताः ॥ १५०॥
मृत्युदुःखजरारोगाः न बाधन्ते कदाचन ॥
षोडशार्णा महादेवी महादेवप्रिया हरेः ॥१५१॥
नानारूपधरा सिद्धा नानालिङ्गविराजिताः ॥
नानाज्वालासमाकीर्णा नानानागविभूषणा ॥१५२॥
तस्या मन्त्रप्रसादेन गोरक्षोऽभूत् सदा यती ॥
महासिद्धो महायोगी नानामन्त्रविचक्षणः ॥१५३॥
इदं स्तोत्रं महारम्यं नाम्नापुण्य विवर्द्धनम् ॥
सर्वपापप्रशमनं सर्वोपद्रवनाशनम् ॥१५४॥
गोरक्षकीर्तितं जातं गोरक्षस्य महाप्रियम् ॥
नानाभीतिहरं नित्यं नानाभूतविनाशकम् ॥१५५॥
नानामन्त्रसमाकीर्णं नानादेवविराजितम् ॥
पठितव्यमिदं स्तोत्रं मन्त्रसाधनकर्मणि ॥१५६॥
यः पठेत् साधकः स्तोत्रं भक्तिज्ञानसमन्वितः ॥
स वाग्मी च कविर्विद्वान् सर्वसिद्धीश्वरो भवेत् ॥१५७॥
गोरक्षनाथमन्त्राणां फलं च स्तुतिसम्भवम् ॥
वक्तुं न शक्यते कृष्ण वर्षकोटिशतैरपि ॥१५८॥
फलस्तुतिरियं स्वल्पा तव स्नेहात् प्रकीर्तिता ॥
न दातव्यमसिद्धाय दातव्यं सिद्धियोगिने ॥१५९॥
जन्मान्तरसहस्रेण मानवै र्यन्न लभ्यते ॥
क्षणाद् गोरक्षमन्त्रेण लभते सिद्धिरुत्तमा ॥१६०॥
प्रातः काले पठेद्यस्तु गोरक्षस्तोत्रमुत्तमम् ॥
लभते वाञ्छितान् कामान् स नरः सुखवान् भवेत् ॥१६१॥
मध्याह्ने यः पठेद्योगी सर्वकामान् स साधयेत् ॥
सायंकाले पठेद्यस्तु सर्वसिद्धीश्वरो भवेत् ॥१६२॥
लक्ष्मीं च लभते नूनं निश्चलां राज्यवर्द्धिनीम् ॥
कवितां पुत्रपौत्रांश्च त्रैलोक्यविजयी भवेत् ॥१६३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इदं स्तोत्रं पठेन्नित्यं श्मशाने च विशेषतः ॥
देवालये पठेद्यस्तु विधिना न्यासपूर्वकम् ॥१६४॥
तस्य नश्यन्ति पापानि अगम्यागमनानि च ॥
गोरक्षनाथसिद्धस्य कीर्त्तनात् सिद्धिमुत्तमम् ॥१६५॥
षण्मासाल्लभते योगी नात्र कार्या विचारणा ॥
यं यं चिन्तयते कामं तं तं प्राप्नोति निश्चितम् ॥१६६॥
सिद्धिभाक् मानवो नित्यं गोरक्षस्य प्रसादतः ॥
गोरक्षस्य स्तुतिं स्तुत्वा भवन्ति वशगा नृपाः ॥१६७॥
नराणां पुण्यशीलानां सर्वत्र विजयो भवेत् ॥
इदं स्तोत्रं पठेद्यस्तु त्रैलोक्यवशमानयेत् ॥१६८॥
षण्मासान्मनवः शीघ्रं श्रुत्वा वागीश्वरो भवेत् ॥
सर्वकार्याणि सिध्यन्ति गोरक्षस्य प्रसादतः ॥१६९॥
एकावृत्या पठेद्यस्तु गर्भहत्यां विनश्यति ॥
आवर्तेन शतैस्तस्य बालहत्यां विनश्यति ॥१७०॥
त्रिकालपठनाद् देव ब्रह्मह॒त्यां विनश्यति ॥
स्मरणाद्यस्य पापं च सद्यो नश्यति सर्वथा ॥१७१॥
एवं नामसहस्रं वै गोरक्षस्य महाप्रियम् ॥
कथितं गर्गमुनिना श्रीकृष्णप्रीतिकारणात् ॥१७२॥
यं यं चिन्तयते कामं भूपालः क्षितिमण्डले ॥
सिध्यन्ति तानि कार्याणि गोरक्षस्य प्रसादतः ॥१७३॥
घटस्थापनकार्याणि गोरक्षोक्तिर्विशेषतः॥
विना गोरक्षमन्त्रेण न कर्तव्यं कदाचनः ॥१७४॥
आगमोक्तानि कर्माणि वैदिकानि तथैव च ॥
विना गोरक्षमन्त्रेण सिद्धिर्नैव कदापि हि ॥१७५॥

॥ इति कल्पद्रुमतन्त्रे महासिद्धसारे गर्गकृष्णसंवादे निरञ्जनात्मकं सहस्रनामः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योगमाया

बालार्कमण्डलाभासां चतुर्बाहुं त्रिलोचनाम् ।
पाशांकुशवराभीतीर्धारयन्तीं शिवां भजे ॥

योगमाया. योगमाता. योगलीला. योगशक्ति. योगयुक्ति. योगिनी. योगमाई. दुर्गादेवी. भवानी. शिवा. पार्वती. सती. गौरी. अम्बा. उमा. हैमवती. रुद्राणी. चण्डी. शर्वाणी. मङ्गला. काली. कल्याणी. गिरिजा. गिरीन्द्रजा. अद्रिजा. कात्यायनी. ईश्वरी. माहेश्वरी. महेशानी. ईशानी. शाङ्करी. जयन्ती. भद्रकाली. कपालिनी. अपर्णा. मेनकात्मजा. सिद्धयोगिनी. महाकाली. महालक्ष्मी. महासरस्वती. कुमारी. शारदा. वीणादेवी. वाग्देवी. वाग्देवता. वाग्वादिनी. वागीश्वरी. भ्रमराम्बिका. वज्रेश्वरी. वज्रयोगिनी. गुह्यकाली. गुह्येश्वरी. तुलजा. सहजा. त्रिकुटा. दक्षिणकालि. विन्ध्यवासिनी. विन्दुवासिनी. मनःकामना. अन्नपूर्णा. कामाक्षा. ज्वालामुखी. भीमा. हिङ्गुला. कोलाम्बा. चिन्तापूरणी. जालपा. चम्पा. मल्लिका. मालिका. शीलदेवी. रणसेनी. भैरवी. नीलसरस्वती. ब्रह्माणी. वैष्णवी. कौमारी. कन्याकुमारी. नन्दा. पूर्णेश्वरी. मुम्बादेवी. चामुण्डा. श्यामा. शाम्भवी. खेचरी. भूचरी. बालासुन्दरी. त्रिपुरसुन्दरी. कनकसुन्दरी. तारादेवी. तोतला. उदयाम्बा. उदयनाथ. इत्यादि सहस्रनाम लाखौं नाम र मातङ्गी भुवनेश्वरी च बगाला धूमावती. भैरवी तारा छिन्नशिरोधरा भगवती श्यामा रमा सुन्दरी। इत्यादि अनन्त नाम योगमायाका छन्। प्रत्येक नाममा विशेषण छ। यथा काम तथा नाम अधर्मका नाश गरेर धर्मको स्थापना गर्नका लागि योगमाया दुर्गाले समय-समयमा नाना अवतार लिएर लोककल्याण गर्नु भयो। यसकारण यौटै शक्तिका अनेक नाम भए। नाना रूप भए पनि परमतत्त्व यौटै छ। यसैको नाम एकतायामनेकता. एकतामा अनेकता. एकतामा अनेकता, अनेकतामा एकता छ। यसैको नाम संसार तथा सार छ।

हिन्दुहरू शक्तिको उपासना किन गर्दछन् ? योगमायाको सेवा किन गर्दछन् ? मूर्तिपूजा किन गर्दछन् ? यसो गर्दा के लाभ हुन्छ ? यसको उत्तर संक्षिप्तमा सङ्घशक्तिको उपासना हो। सङ्घशक्ति सर्वदा सर्वथा सबैलाई सर्वत्र अनिवार्य छ। हिन्दुजाति शक्तिको उपासना गर्दछन्। शक्ति उपासनाको महत्त्वपूर्ण इतिहास छ। एकलो बृहस्पति झूठो भनिन्छन्। अरूहरूको कुरा नै के रह्यो र ? देवगुरु बृहस्पति पनि सङ्घशक्तिः विना एक्लै केही पनि गर्न सक्दैनन् तस्मात् सङ्घेशक्तिः तृणैर्गुणत्वमापन्नैर्बध्यन्ते मत्तदन्तिनः। ठूलाका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्घ त ठूलै शक्तिशाली हुन्छ नै। किन्तु सानो-सानो बाबियोका खरलाई मिलाएर बाटेको डोरीले पनि मदमस्त हात्तिलाई बाँध्न सकिन्छ। यसैले सङ्घ हुनु जातीय जीवनको लागि अनिवार्य छ।

चिरकाल पर्यन्त स्वर्गमा राज्य गर्दै गर्दा देवताहरूलाई एक पटक मद (घमण्ड) भयो। मद (घमण्ड) मा प्रमाद उपेक्षादि दोष प्रवेश भयो। दोषहरूले दूषित देवसमाजमा पनि भाइ फूट गंवार लूट मच्चियो। 'जित्वा च सकलान् देवान् इन्द्रोऽभून्महिषासुरः। फूटेका मौका पाएर महिषासुरले सजिलैसित स्वर्गमा आधिपत्य आफ्नो हातमा लियो। देवताहरूलाई स्वर्गबाट भगाईयो। देवताहरूले मलीन मुख बनाएर मर्त्यलोकमा तितर वितर यत्र तत्र लुप्त गुप्त रूपमा घुम्न लागे। यता उता भट्किदै भट्किदै धेरै समय बित्यो। हैरान भयो। विपत्तिमा शत्रुलाई पनि विर्सियो। विस्तारै-विस्तारै सवैलाई चेतना जाग्न थाल्यो कि एक्लो बृहस्पति झूठो! एक्लैले कसैले पनि केही गर्न सक्तैन। समाजमा एकता हुनुपर्छ. सामाजिक सङ्गठन हुनुपर्छ. सङ्घशक्ति बनाउनु पर्छ. सङ्घशक्ति न बनाएर. राज्य प्राप्त गर्न सकिदैन। सङ्घशक्ति न भएमा राज्यको रक्षा पनि गर्न सकिंदैन. सङ्घशक्ति न भए पनि सुख सम्पत्ति स्थायी हुन सक्तैन. यो यस्तो विचार गरेर पुनः सवैतिरबाट क्रमैले सवै देवी देवताहरू गुरु बृहस्पतिको अगुवाईमा हिमवान् पर्वत कञ्चनजङ्घा हिमालयमा एकजूट भएर जूटे। जसको वारेमा वेदादि शास्त्रहरूमा भनिएको छ -

यस्य मे हिमवन्तो महित्वः = महिमानः। सा प्रथमा संस्कृतिर्विश्ववारा। हिमवन्तं नगेश्वरं जन्मुस्तत्र।

अस्त्युत्तरस्यां दिशि देवतात्मा हिमालयो नाम नगाधिराजः। पूर्वापरौ तोयनिधी वगाह्य स्थितः पृथिव्या इव मानदण्डः। आसिन्धुब्रह्मपुत्रान्तमानासादिसमन्वितः। अखण्डहिमवत्खण्डः। संक्षेपात् परिचियताम्। आर्यावर्तः पुण्यभूमिर्मध्यं सिन्धुहिमालयोः। इत्यादि. अर्थात् जसको यी हिमवन्त महिमा छन्। त्यो सर्वप्रथम आर्य संस्कृति या हिन्दुसंस्कृति विश्वव्यापक छ। त्यसै हिमवन्त पर्वतका काञ्चनजङ्घामा देवी देवताहरू पुनः जूटे। यो भारतको उत्तर दिशामा देवतात्मा हिमालय नामका नगाधिराज पूर्व सागर देखि पश्चिम सागर पर्यन्त फैलिएको सर्वोच्चमध्यवर्ती हिमवत्खण्ड छ जसमा जगत्का मातापिता परमेश्वर निवास गर्नु हुछ। यो कैलास पर्वत तथा हंसालय मानसरोवर छ। त्यो देवताहरूको जन्मभूमि कर्मभूमि पुण्यभूमिमा पुनः देवसभा भयो। सिंहावलोकन गरियो। भूल सुधार गरी सङ्घशक्तिको एकता गरियो। त्यो एकता शक्ति नै तच्चैक्यं समगच्छत. त्यही ऐक्यशक्ति रणचण्डी महिषमर्दिनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्गादेवी हुनु भयो। जुन विराङ्गनाले यस प्रकार असुरहरूलाई ललकारेर भन्नु भयो गर्ज गर्ज क्षणंमूढ ! मया त्वयिहतेऽत्रैवगर्जिष्यन्त्याशु देवताः यो मां जयति सङ्ग्रामे यो मे दर्प व्यपोहति। यो मे प्रतिबलो लोके स मे भर्ता भविष्यति। अर्थात् अरे मूढ ! क्षण भर गर्जना गर. परन्तु म द्वारा तिमि मारिने छौ र देवताहरू गर्जना गर्ने छन्। यो लोकमा मलाई सङ्ग्राममा जसले जित्न सक्तछ. जसले मेरो दर्प हटाउँन सक्तछ. जो म भन्दा बलियो छ. त्यही मेरो भर्ता हुन सक्दछ। अरू हुन सक्दैन। यसरी सावधान गराएर धर्मयुद्धको आह्वान गर्नु भयो औ घोर सङ्ग्राम भयो. महिषासुर. चण्डमुण्ड. शुम्भ निशुम्भ आदि दानव मारिए। शेष रहेका बचे खुचेका भागेर पाताल गये। देवताहरूले स्वर्गको अधिपति प्राप्त गरे। कृतज्ञतापूर्वक सङ्घशक्ति स्वरुपिणी दुर्गा शक्तिको उपासना. आराधना. वन्दना. स्तवन र पूजन गर्न लागे। जातीय एकतामयी ज्योतिर्मयी जोगमाया शक्तिको उपासनाका प्रभावले स्वाराज्य सुख अखण्डित भयो।

त्यो शक्तिपूजा दिव्यौघ-सिद्धौघ हुँदै क्रमशः मनुष्यौघमा आयो। शक्तिपूजाको प्रभावले राजा सुरथ. समाधि वैश्य तथा असङ्ख्य भक्तहरूको मनोरथ पूर्ण भयो। गरिरहनु भएको छ र गरी रहनु हुने छ. विश्वका कुना-कुनामा जहाँ भए पनि हिन्दु जाति पुग्दछन्। शक्तिको उपासना पनि साथ-साथै जान्छ। प्रत्येक हिन्दु यथाशक्ति शक्तिको उपासना गर्दछन्। यो उपासनालाई शक्तिपूजा. शक्ति भक्ति. शक्तिको आराधना योगमायाको सेवा इत्यादि शब्दहरूले सम्बोधित गरिन्छ। योगमाया शक्तिको भक्ति गर्नाले दुःख. दुर्भाग्य. दुर्यश. दुर्व्यसन. दारिद्र्य. रोग. व्याधि. आधि. शत्रु. सङ्कट समस्त दुरित दूर हुन्छन्। सुख. समृद्धि. ऋद्धि. सिद्धि. सौजन्य सौमनस्य. सौभाग्य. सौराज्य. आदि प्राप्त हुन्छन्। देशकाल. पात्र. परिस्थिति तथा रुचिविचित्रतया चिरकालमा अनेक विशेषताहरू भए। भए पनि मौलिक एकता हो। उद्देश्य यौटै हो। लक्ष यौटै हो। गति यौटै हो। फल पनि यौटै छ। लाभ पनि यौटै छ।

सिद्धौघमध्ये शिवगोरक्ष सिद्धान्तमा दुर्गाशक्तिलाई योगमाया भनिन्छ। योगमायाको उपासनालाई धर्मजागरण भनिन्छ। यत् पिण्डे तद् ब्रह्माण्डे। जो पिण्डमा छ त्यही ब्रह्माण्डमा छ. यस्तो सिद्धान्त छ। अर्थात् जुन वस्तु सूक्ष्म रूपले शरीरमा विद्यमान छ, त्यही वस्तु स्थूल रूपले विश्व ब्रह्माण्डमा छ। अतः आत्मा खलु विश्वमूलम् ! आत्मा नै विश्वको मूल हो। कृण्वन्तो विश्वमार्यम्। विश्वलाई ती आर्यहरूको प्रथम संस्कृतिको सन्देश दिनु पर्दछ। किनकि आत्मा नै विश्व भएकोले आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्। आफुलाई प्रतिकूल लाग्ने कुनै पनि काम अरू प्रति गर्नु हुँदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्ममूलक सारा विश्व सुखी रहुन्, यो भावनाले सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग् भवेत्। भनिन्छ जोगमायाका जुमला जगाउँनलाई एकान्त प्रशान्त पवित्र स्थान आवश्यक हुन्छ। त्यसैलाई गतिगङ्गा भनिन्छ। शरणागत सबैलाई गतिमुक्ति गर्दछिन्। यसैले गति गर्नेलाई गतिगङ्गा भनिन्छ। मानव हृदय गुहामा सुतेको धर्म जागरण जसमा हुन्छ त्यसैलाई धर्मजागरण भनिन्छ। शिव-शक्ति यामललाई जुमला भनिन्छ।

शिवस्याभ्यन्तरे शक्तिः शक्तेराभ्यन्तरे शिवः।
अन्तरं नैव जानीयाच्चन्द्रचन्द्रिकयोरिव॥

शिवको भित्र शक्ति छन्, शक्तिको भित्र शिव छन्। शिव-शक्ति यौटै नै तत्त्व हुन्। अन्तर छैन औ अन्तर पनि सम्झनु हुँदैन। जस्तो चन्द्रमा र चाँदनीमा अन्तर छैन। यसरी नै शिव र शक्तिमा अन्तर छैन। योगिसम्प्रदाय नाथ पन्थको यो सिद्धान्त हो। "शिव माही सकती. सकती माही शिव है. शिव माही सकती समाया" इत्यादि शब्दवाणि हामीहरूले गाउँदै रहेका छौं। योगः कर्मसु कौशलम्–विश्वका समस्त सत्कर्महरूमा कौशल प्राप्त गर्नु पनि योग हो। शिव-शक्तिका योग पनि योग हो।

प्राण-अपानको योग पनि योग हो। शिव-जीवका योग पनि योग हो। इडा-पिङ्गलाका योग पनि योग हो। गङ्गायमुनाका योग पनि योग हो। चन्द्रसूर्यका योग पनि योग हो। हंसका योग पनि योग हो। योजनम् योगः। दुई वस्तुहरूको एकतालाई योग या शिवसामरस्य भनिन्छ। शिवसामरस्य नै शिवसायुज्य या शिवत्व हो। जीवत्वले शिवत्वमा लैजाने पद्धति नै योगमायाकी पद्धति हो। जसलाई जागती जोत या जाग्रज्ज्योतिः भनिन्छ। आत्मज्ञानको ज्योतिलाई जोत भनिन्छ।

ॐ नमो गुरुवे नित्यमादेश उपदेशिने।
येनाऽज्ञानतमो हत्वा स्वात्मज्योतिः प्रकाशितम्॥

ॐकारका वाच्य गुरुलाई नमस्कार छ। आत्मतत्त्वका उपदेश दिनुहुने गुरुलाई आदेश छ। जसले अज्ञानको अन्धकारलाई स्वात्मज्ञानको ज्योतिको प्रकाश गरी दिनु भयो। जसको जागी जोत भागी छोत। जागे गोरख भागे भूत। अन्धकारबाट दूर-योगी अवधूत, यस्तो टुकका भनिन्छ। हृदयको गुहामा भएको गुप्त आत्मत्त्वका उपदेश गर्ने ज्ञानी सिद्ध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुनिलाई नै गुप्तं त्वं रौतीति गुरुः भनिन्छ । आत्मा परमात्मा र जीवात्माको एकतालाई आदेश भनिएको छ -

आत्मेति परमात्मेति जीवात्मेति विचारणे ।
त्रयाणामैक्यसम्भूतिरादेशः परिकीर्तितः ॥

जोत जागी भेद भावना भागी । गुरु - शिष्यको यौटै नै काया । यस्तो ज्ञान दिन्छन् योगमाया । अ-उ-म् । ब्रह्मा-विष्णु-महेश्वर । ब्राह्मी, लक्ष्मी, गौरी । सृष्टि, स्थिति, प्रलय । भूत, भविष्य, वर्तमान । उत्तम, मध्यम, प्रथम । ऋग्वेद, यजुर्वेद, सामवेद । स्वर्ग, मर्त्य, पाताल । गार्हपत्य, आहवनीय, अवसथ्य । ह्रस्व, दीर्घ, प्लुत । उदात्त, अनुदात्त, स्वरित । इत्यादि सवै त्रिकहरूको एकतालाई ॐकार भनिएको छ ।

ॐकारं विन्दुसंयुक्तं नित्यं ध्यायन्ति योगिनः ।
कामदं मोक्षदं चैव ॐकाराय नमो नमः ॥
त्रयीं तिस्रो वृत्तिस्त्रिभुवनमयो त्रीनपि सुरा-
नकाराद्यैर्वर्णैस्त्रिभिराभिदधत्तीर्णविकृतिः ।
तुरीयं ते धाम ध्वनिभिरवरुणधानमनुभिः
समस्तं व्यस्तं त्वां शरणद ! गृणात्योमिति पदम् ॥

यस्तो ॐकारको ध्यान योगीहरू सधै गरी रहन्छन् । हंसद्वारा सोहं हुन्छ सोहं बाट ओहं हुन्छ । ओहंबाट ओम् हुन्छ । ओम्को ॐ बन्दछ । ॐकार सवैको बीज मन्त्र हो । ॐबाट ओम् ओम्म अम्म अम्मा अम्बा आमा मा माता शब्द बन्दछ । प्रत्येक बालक प्रथम अम्बा अम्मा अङ्ङा शब्दले योगमायालाई पुकार्दछ । योगमाया माया माता मा यौटै नै हो । प्रत्येक जीव अहोरात्र (२४) सै घण्टा दिन-रात) मा जुन अजपा गायत्रीको २१६०० पटक संख्यामा सहज जप गरी रहन्छ । तेसै हंस मन्त्रको उपदेश हंसः सोहं ओहम् ओम् क्रमेणा

षट्शतानि दिवा रात्रौ सहस्राण्येकविंशतिम् ।
हंस हंसेत्यमु मन्त्र जीवो जपति सर्वदा ॥

यसरी योगमायाको जुमलेमा दिइन्छ । जसबाट बहिर्मुख चञ्चल चित्त अन्तर्मुख भएर शान्ति सुखका अनुभव गर्दछ । यस प्रकार ज्ञानकर्मेंद्रिय वृत्तिहरूको प्रत्याहार हुनाले-स्थूल-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूक्ष्म मूर्ति आदि वाह्य तथा आन्तरिक लक्षरूपी देशमा चित्तका बन्धन-रूपिणी धारण हुन जान्छ। देशबन्धश्चित्तस्य धारणा हुनाले त्रिपुटीलयमय ध्यान हुन्छ। तत्रैकतानता ध्यानम् को ध्यान दीर्घकाल-नैरन्तर्य-सत्कार-सेवितो दृढाभूमिः समाधिको भूमिका दृढ हुन जान्छ। निर्विकल्प समाधिमा जगज्जालको सङ्कल्प नष्ट हुन्छ। जीवबाट शिव हुन्छ।

उक्त प्रक्रियालाई योगमायाको मार्ग भनिएको छ। यो मार्गलाई माहेश्वर मार्ग पनि भनिएका छन्। महेश्वर शिवका अवतार गोरक्षनाथलाई महेश्वरानन्दनाथ भनिएको छ– गोरक्षो लोकधिया देशिकदृष्टया महेश्वरानन्दः।

श्यामैव रामा कविरेव विद्वान्, विद्यैव बन्धुर्धनुरेव शस्त्रम्।
स्वात्मैव तीर्थ हर एव धन्वी, मार्गेषु माहेश्वर एव मार्ग॥

योगमाया नै परमशक्ति हुन्। कवि नै विद्वान् हो। विद्या नै बन्धु हो। धनुष नै शस्त्र हो। स्वात्मा या आत्मा तीर्थ हो। त्रिपुरहर नै धनुर्धर हुन्। सबै मार्गहरूमा माहेश्वर मार्ग नै मार्ग हो। माहेश्वर मार्ग योगमार्ग या योगमायामार्ग अर्थात् जोगमायाको पन्थ यौटै नै मार्गका नाम हुन्।

योगमायाको मार्गमा गोरक्षनाथका पिण्डब्रह्माण्डैक्य सिद्धान्त मण्डपको रूपमा मण्डित गरिन्छ। पिण्डको तुलना ब्रह्माण्डसित, ब्रह्माण्डको तुलना पिण्डसित गराउने माध्यम पुरोगत प्रत्यक्ष योगमायको चक्रमण्डपद्वारा गराइन्छ। जसमा मोतीचूर्ण सिन्दूर आदिबाट निर्माण गरिने चक्रमण्डपको रूपरेखा – अतल, वितल, सुतल, तलातल, महातल, रसातल, पाताल, सप्त पाताल। भूर्भुवः स्वर्जनो महस्तपः सत्यम् सप्त भूरादि स्वर्ग। सुमेरु, कैलास, हिमालय, विन्ध्य, सह्य, श्रीशैल, मलयादि शैल। गङ्गा, यमुना, सरस्वती, सिन्धु, ब्रह्मपुत्र, कौशिकी, गण्डकी, सरयू, कावेरी, गोदावरी, गोमती, बेत्रावती, क्षिप्रा, पूर्णा आदि नदी। ग्रह, नक्षत्र, तारा, चन्द्र, सूर्य, कामधेनु, कल्पवृक्ष, पञ्चकोशी, ज्वालाक्षेत्र, पञ्च कैलास, मल्लिका, मालिका, खेचर आदि समस्त पदार्थ अङ्कित गरी पञ्चपरमेश्वर औ पञ्चप्राण स्वरूप पञ्चजोति, जगाईन्छ। षट् दर्शनको अधिष्ठाता षड्यति प्रतीक षडासनीको विन्यास गरिन्छ। पीर गादीमा आदिनाथ शिव, योगिनी पीठमा उदयनाथ पार्वती, साखिया (साक्षी) पीठमा सत्यनाथ ब्रह्मा, वीरासनमा ध्वजनाथ हनुमान्, भण्डारी गादीमा निधिनाथ कुबेर,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनन्तासनमा अनन्तकोटि सिद्धहरूको अधिनाथ गोरक्षनाथ महेश्वरानन्दनाथ विराजमान हुन्छन् । नवनाथ चौरासी सिद्धहरूको प्रतिनिधि पारिषद्य साधु सन्त तथा ३३ कोटि देवताहरूको प्रतिनिधि साधक सेवक सती हुन्छन् । उक्त सवैको सतसङ्गतिको साझा नाम ज्ञान गङ्गा गतिगङ्गा या गतगङ्गा हो । जो जुमलामा आउँने जिज्ञासु औ मुमुक्षुहरूको गति मुक्ति गर्दछ । अभिनव शिक्षा-दीक्षार्थी अभ्यागतलाई नवसाधक भनिन्छ । गिरेवान ग्रीवापाश अष्टपाशका प्रतीक हो । नेत्रपट्ट अज्ञानपटलीको प्रतीक हो । मार्ग कष्ट साधना पद्धतिको बाधाहरू हुन्छन् । प्यासी गौ जिज्ञासु सेवक हो । अक्षिजल क्षेप ज्ञानाञ्जन खोल्नु हो । तीर्थाभिषेक पूर्णाभिषेक औ अमृताभिषेक हो । जसलाई -

आत्मा नदी संयम पुण्यतीर्था सत्योदका शीलत्त दयोर्मिः ।
तत्राभिषेकं कुरु शौचकाम ! न वारिणा शुध्यति चान्तरात्मा ॥

भनिन्छ कि आत्मा नै नदी हो । संयम नियमको पवित्र घाट हो । सत्यका जल भरिएको छ । शील सदाचारको तट छन् । दयाको उर्मियाहरू (तरङ्ग) छन् । हे शौचकाम ! आत्मालाई पवित्र गर्ने कामना भएका साधक ! यस्तो आत्मानदी ज्ञान गङ्गा गतिगङ्गा जोगमायामा स्नान गर । बाहिरको जलले अन्तरात्मा शुद्ध हुन सक्दैन । ज्ञानहीन गुरुस्त्याज्यो मिथ्यावादी विडम्बकः । ज्ञानहानि गुरुलाई त्याग दिनु पर्छ । किन कि मथ्यावादी विडम्बक बक्रव्रती आफु सहित साधकहरूलाई पनि डुबाउँदछ । अतः गुरु गर्नु जानेर, पानी खानु छानेर । यो स्पष्टोक्ति मुक्तिमार्ग योगमायाको मार्गमा प्रसिद्ध छ । शिष्यले मानेको गुरु हुन्छ । गुरुद्वारा मानेको शिष्य हुँदैन । अतः साधक गुरुको नाम लिन्छन् । गुरु अष्टपाशहरूदेखि मुक्त गरी दिव्य दृष्टिको प्रतीक विभूति तिलक दिनु हुन्छ । अज्ञानको मेघपटलीलाई हटाउँनको लागि कर्ण फुत्कारको झंझावात चलाउँनु हुन्छ औ गुरुद्वारा मन्त्रदीक्षा दिएर आत्मज्योतिको प्रकाशमा पिण्डब्रह्माण्ड एकता गर्ने शिक्षा दिइन्छ । जसले गर्दा शिष्यमा विश्वात्मदर्शन, विश्वबन्धुत्व, विश्वमित्रता, विश्वसहास्त्वि, विश्वशान्ति आदिका भावना उद्‌बुद्ध हुन्छ । साधक सहिष्णु, सुशील, क्षमाशील, दयालु, मायालु, ज्ञानी, ध्यानी, योगयुक्ति सम्पन्न, भ्रान्ति रहित, शान्तिसहित, सर्वलोकहितसाधक हुन्छ । यो मां पश्यति सर्वत्र सर्व च मयि पश्यति । त्यो समय यथार्थ आत्मा खलु विश्वमूलम् हुन्छ । योगयुक्तिलाई जोगजुक्ति या जुक्तिकेशर अथवा जुक्ति मात्र भनिन्छ । आत्मज्योतिः लाई ज्योति जोति वा जोत भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यम-नियम=(अहिंसा-सत्य, अस्तेय, ब्रह्मचर्य-अपरिग्रह पञ्च यम सहित शौच, सन्तोष तपः स्वाध्याय, ईश्वर-प्रणिधान पञ्च नियम) लाई निम या निमतलाई भनिन्छ। धारणाका अनन्तर ध्यान विन्दुलाई विन्दको भनिन्छ। प्रत्याहार या प्रत्यङ्ङात्मालाई नैवेद्य भनिन्छ। वरलब्धिलाई पल्लो या पल्लव भनिन्छ। योगाभ्यासीलाई साधक भनिन्छ।

युक्तयोगीलाई सिद्ध भनिन्छ। साधक श्रद्धाको श्रीफल लिएर सिद्धका पास जान्छ। निद्रा र कलहलाई कलिजुग भनिन्छ। सत्य व्यवहारका नाम सत्ययुग हो। तत्त्वज्ञान या तत्सारलाई त्सार भनिन्छ। अज्ञान र अन्धकारलाई रात्री भनिन्छ। ज्ञान या अध्यात्मविद्यालाई दिन भनिन्छ। जीवनमुक्त या विदेहमुक्त अवधूतको लागि गोरक्षनाथको कथन यस्तो छ -

न दिवा जागरितव्यं सुप्तव्यं नैव रात्रि भागेऽपि।
रात्रावहनि च सततं शयितव्यं योगिना नित्यम्॥
न दिनमा जागेको हुनुपर्छ, न रातमा सुतेको हुनुपर्छ
प्रत्युत राते दिन निरन्तर अन्तरात्मामा शयन गर्नु पर्दछ।

योगीका नित्यचर्या यसरी हुनु पर्दछ।

पुनश्च -

अहो! संसारसुखातिशयः, अहो! सुलभं मोक्षमार्गसौभाग्यम् त्रुटितातङ्कलङ्का अहो! शिवयोगिनां यामली सिद्धिः॥ योगमार्गका मार्गमा यम नियम जत सतका साथ गृहस्थाश्रममा रहँदै पनि परमगति प्राप्त गर्न सकिन्छन्। गोरक्षनाथका असिधाराव्रत अष्टाङ्गयोगद्वारा मोक्षमार्गको सौभाग्य पनि अकुण्ठित छ। आतङ्क तथा कलङ्कदेखि रहित शिवयोगीहरूको यामली (जोतमार्गका जुमला) सिद्धि अकुण्ठित छ। यसैको नाम योगमायाको मार्ग हो। गृहस्थ विरक्त सबैको समान छ -

यो यस्य भावयोगस्तस्य खलु स एव देवता भवति।
तद्भावभाविता अभिलषितं तथा फलन्ति प्रतिमाः॥

योगमायाका मार्गमा मूर्तिपूजाको रहस्य यस्तो छ -

जो जसको भावयोग छ, त्यसको त्यही देवता हुन्छ। त्यसै भावले भावित भएर रुचि भेदेन विभिन्न मूर्तिहरू भावनानुसार फल दिन्छिन्। अतः भाव नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रधान छ । गोरक्षबोधविधिनाऽखिलसाधनायां सारावली सकलसाधक-सिद्धिदात्री । योगागमास्त्रिपुरसुन्दरी ! योगमाये ! त्वन्येव तुष्टियुजि सत्फलदा जनानाम् ॥

शकाब्दे वेदाङ्कद्विपशशिमिते ज्यैष्ठबहुले,
त्रयोदशयां शुक्रे शिवपथयुतोल्लासनगरे ।
महाराष्ट्रे मुम्बापुरपरिसरे सिन्धुसविधे,
विधेयां योगार्चा विरचयति योगी नरहरिः ॥१॥
द्वारकानाथमठिकावासिना वशिनामुना ।
प्रस्तावो योगमायाया लिखितोह्ना सुखाय वः ॥२॥
हिन्दीसंस्कृतियोः सिन्धीभाषायामनुवादकः ।
पीरो राजा चन्द्रनाथस्ताराबुद्धिबलान्वितः ॥३॥
योगमायासेवकानां जिज्ञासाशान्तये कृता ।
कृतिरेषा सुकृतिना जानन्तु कृतिनो जनाः ॥४॥

तथा प्रकाशक परिचयः-

सिन्धौ देशे महति मृगयापुर्युपान्ते प्रशान्ते
सिद्ध सत्ये पथि स यमुनानाथ्योगी प्रसिद्धः ।
चक्रे योगीश्वरमठमसौ तस्य शिष्य प्रणाल्यां
लोकाह्लादी विदितचरितो द्वारकानाथसिद्धः ॥१।
शिष्यस्तस्य प्रथितत्पसा गोमतीनाथयोगी
पीरः पीठे हठलयमयं योगमुच्चैः प्रतिष्ठम् ।
सर्वैश्वर्य दधदविरलं चन्द्रनाथं स्वशिष्यं
स स्वस्थाने यमिजन सतीसेवकैरभ्यषिञ्चत् ॥२॥
पीरश्चन्द्रो गुरुपदगतो भारतश्च स्वतन्त्रः
पाकिस्थानक्षुभिजनता निर्गता निश्शरण्या ।
तत्संरम्भे स सपरिकरः कर्णापुर्यामथागात्
शाकेऽक्ष्यश्वद्विपविधुयुते माधवे पूर्णकुम्भे ॥३॥
दिग्देशाप्ताखिलयमिजनैरात्मयोगप्रचारो
द्वेश्यादेषा परिषदु हरद्वारगोरक्षपीठे ।
प्रतिष्ठापि क्षितिवलयतो नाथ साहित्यनेत्री

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सभापत्ये नरहरिरयं चन्द्रनाथः सहायः ॥४॥
राजस्थाने त्रिचतुरसमा दक्षगोरक्षराष्ट्रे
स्थित्वान्यत्रापि च सह पर्यागिभिर्योगशास्त्रम् ।
नानाशाखं व्यालिखदखिलालोकहेतोः प्रकाशः
काले काले भवति भुवने जायते च प्रकाशः ॥५॥
गोदावर्या यतिजनकृते कुम्भपर्वोत्सवेऽगातः ।
शाके नागश्ववसुधरणी भाजी राज्येऽभिषिक्तः ।
कर्णाटस्थेऽम्बुधिपरिसरे विष्ठले योगिपीठे
लक्ष्मीनाथाधिकसमुदयं चन्द्रनाथः करोति ॥६॥
स्वस्वेनायं शिवगुरुकृतं सिद्धसिद्धान्तशास्त्रं
भाषाटीकासहितमखिलं लोकमञ्चे प्रकाशम् ।
नीत्वा योगप्रणायिजनताचित्तभित्तौ स्वचित्रं
कृत्वा स्थायि स्थितिमथ मठाधीश्वराणां व्यनक्ति ॥७॥
गोर्षाभाषा सह सुरगिरा हैन्दवी सैन्धवी सा
सा पाञ्चाली सह मरुगिरा साऽऽवधि सौरसेनी ।
पारस्याद्या अपि परगिरो मालवी तौलवी च
सा कर्णाटी नटति रसनामञ्चके चन्द्रकस्य ॥८॥
तस्यादेशादियमिह मठी द्वारकानाथनाम्बा
पुण्यस्मृत्यै व्यरचि रुचिरा सेवकैः सैन्धवैः स्वा ।
काले काले सकलजनता प्राप्य धर्मोपदेशं
देशे देशे दिशतु विशदं नाथसन्देशमेषः ॥२॥

योगी नरहरिनाथः शास्त्री
मृगस्थली गोरक्षनाथसिद्धपीठ, नेपाल ।
अनुवादकः योगी श्रीषनाथः (नाथसन्देश अङ्क १ बाट साभार)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ ॠ गौः श्रीः शिवौ वेदाः

शिवगोरक्षयोगिनरहरिनाथो विजयतेतराम् !

योगः किं वस्तु ?

युजिर् योगे युज् समाधौ योजना योग उच्यते। शिवजीव समायोगो योग इत्युच्यते बुधैः। संयोगो योग आख्यातो वियोगस्तु वियोजना। सन्धिः संयोग इत्युक्तोविसन्धिस्तु वियोग इत्। शिवशक्तिसमायोगो योग इत्युच्यते बुधैः। शिवस्याभ्यन्तरे शक्तिः शक्तेरभ्यन्तरे शिवः। अन्तरं नैवजानीयाच्चन्द्रचन्द्रिकयोरिव। समत्वं योग उच्यते। योगः कर्मसु कौशलम्।

योग के वस्तु हो ?

युजिर् योगे युज् समाधौ इत्यादि धातुद्वारा योग बन्दछ। जीव शिवसङ्ग संयोग योग हो। योग जोड भेट सङ्गम संयोग एकता मैत्रीलाई योग भनिन्छ। वियुक्ति वियोग पृथक्ता अलग्गिनुलाई वियोग भनिन्छ।

सन्धिलाई संयोग भनिन्छ। विसन्धिलाई वियोग भनिन्छ। शिव औ शक्तिको संयोग सामरस्य एकात्मता योग हो। शिवको भित्र शक्ति छ, शक्तिको भित्र शिव छ।

शिवशक्तिमा जसरी नै योग छ, त्यसरी नै चन्द्रमा र चाँदनीको संयोग छ। शिव-शक्ति र चन्द्र चाँदनीलाई पृथक गर्न सकिदैन। यसरी नै समस्त दर्शनहरूको समन्वय योग हो। समता योग विषमता वियोग हो। समस्त कर्महरूमा कौशल प्राप्त गर्नू पनि योग हो। अकौशल वियोग हो।

योगेन किं भवति ?

योगे योगे तवस्तरं वाजे वाजे हवामहे। सखाय इन्द्र मूतये। योगः क्षेमो नः कल्पताम्। ईशावास्यमिदं सर्वम्। सर्वंखल्विदं ब्रह्म। आत्मा खलु विश्वमूलम्। आत्मा वा अरे द्रष्टव्यः श्रौतव्योमन्तव्यो निदिध्यासितव्यः। आत्मनात्मानमुद्धरेत्। आत्मैव ह्यात्मनोबन्धुरात्मैव रिपुरात्मनः। कृण्वन्तो विश्वमार्यम्। माकुलकुलीनार्यसभ्यसज्जनसाधवः। वसुधैव कुटुम्बकम्। विश्वस्वास्थ्यं विश्वशान्तिर्विश्वविश्वासपात्रता। विश्वमैत्री विश्वसंख्यं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वकल्याणकामना । स्थायी विश्वविकासश्च विश्वबन्धुत्वभावना । माता च पार्वती देवी पिता देवो महेश्वरः । बान्धवा मानवाः सर्वे स्वदेशो भुवनत्रयम् । सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चित् दुःख भाग् भवेत् । द्विजसेवितशाखस्य श्रुतिकल्पतरोः फलम् । शमनं भवतापस्य योगं भजत सत्तमाः अहो ! संसार सुखातिशयः । अहो सुलभं च मोक्षमार्गसौभाग्यम् । त्रुताङ्कलङ्का ! अहो ! शिवयोगिनां यामली सिद्धिः ।

योगले के हुन्छ ?

यम नियम आसन प्राणायाम प्रत्याहार धारणा ध्यान समाधि अष्टाङ्ग योग हुन्छ । अहिंसा सत्य अस्तेय ब्रह्मचर्यअपरिग्रह पाँच यम हुन्छन् । शौच सन्तोष तप स्वाध्याय ईश्वर प्रणीधान पाँच नियम हुन्छन् । चौरासी लाख जीव जातिका चौरासी लाख आसन हुन्छन् । चौरासी लाखमा चौरासी मुख्य हुन्छन् । चौरासीमा चौवीस मुख्य हुन्छन् । चौवीसमा चार प्रमुख हुन्छन् । सिद्धासन, स्वस्तिकासन, पद्मासन, सुखासन ।

चारै आसनहरूमा सिद्धासन सर्वयोग सिद्धिको लागि मुख्य मानिन्छ । आसनेन रुजो हन्ति । आसनले सर्वरोगहरण हुन्छ । तन मनको नाना रोग शान्त हुन्छन् ।

स्व-स्वरूपमा आसन हुन्छ । रेचक पुरक कुम्भक केवल उज्जायी आदि अनेक प्राणायाम हुन्छन् । प्र अन आयाम तीनैको एकतालाई प्राणायाम भनिन्छ । उत्कृष्ट जीवनको आयाम नै प्राणायाम हो । आफ्नो तथा समस्त प्राणीहरूको जीवनलाई प्रलम्ब सुखी समृद्ध राख्नु नै प्राणायामको प्रयोजन हो । प्राणायामेन पातकम् । प्राणायामले जन्म जन्मान्तरको पातक नष्ट हुन्छन् । प्रत्येक प्राणी सदा सुखी रहन्छ । विकारं मानसं योगी प्रत्याहारेण मुञ्चति । अनेक जन्मका मानसिक विकारहरूलाई योगीले प्रत्याहारद्वारा हरण गर्दछन् । कर्मेन्द्रिय ज्ञानेन्द्रिय अन्तकरण आदिलाई विमुख बहिर्मुख नगरी अभिमुख सम्मुख अन्तर्मुख गर्नूलाई प्रत्याहार भनिन्छ । यस्तो गर्नाले चित्त स्थिर हुन्छ तब योगश्चित्तवृत्ति निरोधः हुन्छ । देशबन्धश्चित्तस्य धारणा । उक्त विधिद्वारा निरुद्ध चित्तलाई कहीं एक रमणीय देशमा । दृढ बन्धनद्वारा बाँध्ने विधिलाई धारणा सिद्धि हुन्छ । पार्थिवी धारणा, आम्बवी धारणा, आग्नेयी धारणा, वायवी धारणा, वैहायसी धारणा आदि अनेक धारणा हुन्छन् । यी धारणाहरूद्वारा योगी आफ्ना तथा अरू सवैको स्वस्थतालाई धारण गर्न सक्दछन् । धारणा गर्नाले हिमालयको समान अटल धैर्य प्राप्त हुन्छ । धारणाद् धैर्यमाप्नोति, ध्यानाच्चैतन्यमद्भूतम् । ध्यानद्वारा अद्भुत चेतना जागृत हुन्छ, सत् र चित्को जागरण आफ्नो तथा सवैका हृदयमा योगीले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछ । ध्यान ध्याता ध्येय त्रिपुटीको लय भएर ध्येयाकार वृत्तिमा स्थिर हुँदा नै सवितर्क निर्वितर्क सविकल्प निर्विकल्प समाधि लाग्दछ । सदेह मुक्ति, विदेहमुक्ति, सहजसमाधि, कायव्यूह समाधि, नागव्यूह समाधि, परकाय प्रवेश, उन्मनी अवस्था, उन्मनी मुद्रा, अमनस्क महायोग, सिद्ध हुन्छ । अणिमादि अष्ट सिद्धि, महापद्मादि नव निधिहरूको सन्निधि हुन्छ । ऋतम्भरा तत्र प्रज्ञा । त्यो अवस्थामा ऋतम्भरा प्रज्ञा हुन्छ । क्षेयमल्पंज्ञानस्यानन्त्यात् । ज्ञान अनन्त हुन्छ । ज्ञेय वस्तु अल्प हुन्छ । योगी सर्वज्ञजीवनमुक्त मृतुञ्जय हुन्छ ।

मानव समाजका सदस्यता योग्यता यम दश माथि आसनादि षडङ्ग योग हुन्छ । त्यसै माथि आश्रित–यश्चित्तसन्ततलयः स लयः प्रदिष्टो यस्तु प्रभञ्जन-विधानय्तो हठः सः । यो मन्त्रमूर्तिवशगः स तु मन्त्रयोगो यश्चित्तवृत्तिरहितः स हि राजयोगः । योगको पात्रानुसार चार अवस्था हुन्छन् –चित्तलाई सतत लय गर्ने प्रक्रियालाई लय योग भनिन्छ । प्राण अपान उदान समान व्यान ५ प्राण, नाग कूर्म कृकल धनञ्जय पञ्च उपप्राणहरूको विधान हंसः सोऽहम् ओहम्. ओम्=ॐको अजपा गायत्री जप=आदि प्राणायामलाई हठ योग भनिन्छ । प्रणव=आदि मन्त्रहरूको जप तथा प्रणवका वाच्य ईश्वर अखडमण्डलाकार ज्योतिस्वरूप तथा पार्थिवादि मूर्तिका ध्यान गर्नूलाई मन्त्रयोग भनिन्छ । जो चित्तवृत्तिरहित निर्विकल्पावस्था छ । जसलाई राजयोग भनिन्छ । इनै चारै योगहरूलाई आरम्भयोग, घटयोग, परिचय योग र निष्पत्तियोग पनि भनिन्छ । वामदेव-महादेव-संवादोक्ति-निबन्धनः । अमनस्क महायोगो गोरक्षेण प्रकाशितः । वामदेव ऋषिका प्रश्न औ महादेव शिवको उत्तरमय संवादलाई योग निबन्ध अमनस्क महायोग शिवावतार योगाचार्य गोरक्षनाथले प्रकाशित गर्नू भयो । समस्त योगहरूको एकता गर्नू भयो । सर्व दर्शन समन्वय गर्नू भयो । अपक्वाः परिपक्वाश्च द्विविधा देहिनो मताः अपक्वा योगहिनास्तु पक्वा योगेन देहिनः । अपक्व औ परिपक्व दुई प्रकारको देही हुन्छन् । घडा पनि काचो र पाकेको दुई प्रकारको हुन्छन् । योगहीन अपक्व हुन्छ । योगयुक्त लाई परिपक्व मानिन्छ । काँचो घैटो पानीले गल्छन् । पाकेको घैटो पानीले गल्दैन । योगो देहो महाबलः । नास्ति-योग-समं बलम् । योग देह महाबल हुन्छ । योग समान अर्को बल छैन । बलमुपास्व बलेन लोकस्तिष्ठति । बलेष्वात्मबलं मुख्यम् । बलको उपासना आत्मसत्ताको लागि तथा विश्वसत्ताका लागि गरिन्छ । बल अनेक प्रकारका हुन्छन् । सवै बलहरूमा आत्मबल मुख्य हो । बल स्वस्थ शरीरमा अधिक हुन्छन् । तन मनलाई स्वस्थ राख्नको लागि - नेति धौति वस्ति त्राटक नौलि भस्त्रा आदिद्वारा शरीरलाई शुद्ध राखिन्छ । आसनेन रुजो हन्ति । आसनहरू स्थिर राख्नको लागि सूत्रनेति जलनेति विविधनस्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोग तैल घृतादिले नासिकाको माथिको भाग चिरकालपर्यन्त स्वच्छ स्वस्थ सबल सक्षम राखिन्छ। रेचक पूरक कुम्भक आदि प्राणायामद्वारा पनि शुद्ध र स्वस्थ राखिन्छ। औषधीमय दन्तधावन, कुञ्जरक्रिया, वस्त्रधौति, विविध प्राणायामहरूद्वारा शुद्ध, स्वल्प, योगियोग्य आहार-विहारले पनि नाभिदेखि माथिको भागलाई शुद्ध स्वच्छ स्वस्थ सबल सक्षम राख्ने गरिन्छ। वस्तिक्रियाद्वारा नाभिदेखि तलका भाग न्यस्त नालोत्कटासनले शुद्ध गर्ने प्रक्रिया छ। मलमूत्रको शुद्धिले शरीर लघु निद्रा आलस्य रहित स्फूर्ति स्मृतिशाली बुभुक्षा पिपासा शून्य सर्वाङ्ग योगयोग्य हुन्छ। त्राटकले नेत्रहरूको समस्त रोग शान्त हुन्छन्। दिव्यदृष्टि हुन्छ, उपनेत्रको अपेक्षा रहदैन, निद्रा बाधा हुँदैन, शिरोर्ति पनि हुँदैन। उन्मेष निमेष शून्य शुद्ध शान्त वात्सल्यमय दृष्टि विश्वमा सुधावृष्टि गर्दछ। गुरूपदिष्ट बिन्दु दीप छाया चन्द्रमा सूर्य आदिमा त्राटक गरिन्छ। नौलि क्रियाद्वारा वात पित्त कफ त्रिदोष सन्तुलित रहन्छ। नौलिले ऊर्ध्व शक्तिका निपात अधः शक्तिका आकुञ्चन, मध्यशक्तिका प्रबोधक गरी त्रिशक्ति समन्वयद्वारा सारा शरीर सुन्दर स्वच्छ स्वस्थ लघुतूल तुल्य विहङ्गम बनाईन्छ, जसले गर्दा योगीको जीवन निजहित परहित सर्वहित सन्निहित रहन्छ। नौलि क्रियाद्वारा पनि अनेक लाभ हुन्छन्। हठ क्रियामौलिरियं हि नौलिः। भस्त्रा गर्नाले विश्वोदरा कुण्डलिनी इडा पिङ्गला सुषुण्णा अलम्बुषा कुहूनी आदि सार्धत्रिकोट्यो नाड्याश्च साडे तीन करोड नाडीहरूको मलाकुल जालो शुद्ध भएर सवै शरीर मन्दिरलाई शुद्ध स्वच्छ स्वस्थ सुन्दर राखिन्छ। भस्त्रेव लोहकारस्य नाडीजालं मलाकुलमय योगिनः शोधयेत् सद्यो भस्त्रा वस्त्रादि वारिवत्। एवम् प्लावनी उज्जायी शीतली शीतकारी प्रभृति क्रियाहरूद्वारा ईश्वरको मनोहर मन्दिर यो शरीरलाई स्वर्ग तुल्य राखिन्छ। अविलम्ब शरीर शुद्धि गरेर योगसिद्धि प्राप्त गर्नका लागि अमृत भोजन गर्नू उत्तम हुन्छ - अपामार्गस्य बीजस्य कृष्णगोपयसंश्रृतम्। तदोदनं चैकवारं भुक्त्वा वै चामृताह्वयम्। शरीरशोधनं कार्यमचिराद् योगसिद्धये। अपामार्ग बीजको खिर. अमृत काली गाईको दूधमा पकाएर अहोरात्रमा एकवार मात्र खाएर शरीरको शोधन गरिन्छ। यो अमृत भोजन अविलम्ब योगसिद्धि दिन्छ। शरीरको नाडी शुद्धि गर्छ। नाडी शुद्धिले सर्वसिद्धिहरू सुलभ हुन्छ। कुण्डलिनी जाग्रत हुन्छ, अनाहत नाद व्यक्त हुन्छ। सहजावस्था स्थिर रहन्छ। तिष्ठति समाजमध्ये स्वप्नावस्थान्वितो योगी। समाजको मध्यमा वस्दा पनि महायोगी योगनिद्रामा रहन्छन्। स्वतः शान्त भएर विश्वशान्ति गर्छ। अशान्ति भन्ने कुनै ठाउँ रहदैन। उसको सान्निध्यमा रहने जो कोहीले अशान्ति गर्ने ठाउँ रहँदैन। यसरी विश्वशान्ति विश्वमैत्री विश्वकल्याण योगद्वारा हुन्छ। शिवगोरक्षोक्तिः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्विजसेवितशाखस्य श्रुतिकल्पतरोः फलम् । शमनं भवतापस्य योगं भजत सत्तमाः । अणिमा महिमा चैव लघिमा गरिमा तथा । प्राप्ति प्राकाम्यरमिशित्वं वशित्वं चाष्ट सिद्धयः ॥

योगमा आठवटा सिद्धिहरू हुन्छन् – अणिमा अणु परमाणु भन्दा पनि सानु । महिमा आकाश भन्दा पनि महान् हुन सक्ने । लघिमा लघुभाव रुई भन्दा पनि हलुङ्गो बन्न सक्नु । गरिमा पर्वत सागर पृथ्वीभन्दा पनि गुरुतर हुनु सक्नु । प्राप्ति अष्टाङ्ग योगसिद्धिद्वारा योगी ईश्वरको समान चाहेको सवै वस्तु प्राप्त गर्न सक्नु । प्राकाम्य प्रकृष्ट कामना सिद्धि, अमङ्गल कामना योगीले गर्दैन नै, सर्वमङ्गल कामना सिद्धि अवश्य हुन्छ । ईशित्व ईश्वर भाव ईश्वर सदृश सर्वशक्तिमत्व । वशित्व समस्त विश्वमा अव्याहताज्ञा अधिकार । अर्थात् ईश्वर सायुज्यमुक्ति योगद्वारा हुन्छ । यी अष्ट सिद्धिहरू छन् एवम् नवनिधिहरू छन् – महापद्म पद्म शङ्ख मकर कच्छप मुकुन्द कुन्द नील खर्व । यी दिव्य कोष संख्यानुसार यथा नाम तथा संख्याको हुन्छ । यिनीहरू पनि सिद्धि प्राप्तिमा आउँदछन् । अर्थात् योगद्वारा जीव शिवत्व प्राप्त गर्दछ । चौरासीको चक्कर छुट्दछ ।

संसारमा सामान्यतया चार प्रकारका मानव हुन्छन् । सुखी दुःखी पुण्यात्मा अपुण्यात्मा । सुखी सङ्ग मैत्री, दुःखी सङ्ग सहानुभूति, दया, पुण्यात्मा सङ्ग मुदिता प्रसन्नता, अपुण्यात्मा सङ्ग उपेक्षा रहन्छ । तव चित्त प्रसाधन हुन्छ । प्रसन्नचित्तद्वारा चित्तवृत्तिनिरुद्ध हुन्छ । प्रसन्न चेतसोह्याशु बुद्धिः पर्यवतिष्ठते । नास्ति बुद्धियुरयुक्तस्य न चा युक्तस्य भावना । न चा भावयतः शान्तिरशान्तस्य कुतः सुखम् ? सञ्चित् सुखात्मकं ब्रह्मा सर्व खल्विदं ब्रह्म । चित्त प्रसन्न हुनाले बुद्धि शान्त हुन्छ । योग युक्त भएको बुद्धिद्वारा भावना ध्यान समाधि लाग्छ । यसैले योगमा - मैत्री करुणा मुदितोपेक्षाणां सुख-दुःख-पुण्याऽपुण्य-विषयाणां भावनातश्चित्त-प्रसाधनम् भनिन्छ । यसरी विश्वमा मैत्री स्थिर राखिन्छ । अयं निजः परोवेति गणना लघुचेतसाम् । उदारचरितानान्तु वसुधैवकुटुम्बकम् । यो मेरो हो, त्यो पराया हो, यस्तो विचार सानु चित्त भएकाको हुन्छ, उदार चरित्र भएकाको विचारमा समग्र विश्व नै आफ्नो परिवार हुन्छ ।

उस समय प्रत्येक योग = सम्मेलनमा अमृतस्य पुत्राः भएर त्यसै ईश्वरको आराधना हुन्छ । प्रत्येक यज्ञमा उनै ईश्वरको आह्वान हुन्छ । सबैको रक्षा धर्मो रक्षति रक्षितः भनेर गरिन्छ । हाम्रो योग क्षेमकारी सवैको कुशल मङ्गल गर्ने भएको कल्पवृक्ष तुल्य हो । ईश्वरको सुन्दर मन्दिर यो सारा संसार छ । विश्वका प्रत्येक परमाणुमा अन्तर्यामी ईश्वर निवास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछ। चौरासी लाख जातिका जीव निवहका हृदयदहरमा ईश्वरको प्रिय आवास छ। यो सारा साकार निराकार जगत् ब्रह्म हो। ब्रह्म आत्मा हो। आत्मा नै विश्वको मूल हो। आत्मा स्वरूप ब्रह्म ईश्वरको निःश्वास वेद अखिल धर्मको मूल हो। यो आत्मालाई अरे मानव ! हेर्नु पर्दछ, सुन्नु पर्दछ, मनन गर्नू पर्दछ, ध्यान गर्नू पर्दछ। आत्माको उद्धार आत्माबाट नै गर्नू पर्दछ। आत्मा नै आत्माको बन्धु हो, आत्मा नै आत्माको रिपु हो। सिद्ध ऋषि मुनि मनु मानव गण सारा विश्वमा आर्यधर्मको प्रचार गरी प्रत्येक मानवलाई आर्य भावनायुक्त बनाएर राख्द थे। तिनीहरूको अनुयायी हामी सवै पनि आर्य भावनायुक्त रहनु पर्दछ। महाकुल कुलीन आर्य सभ्य सज्जन साधु आदि शब्द भद्र भलाद्मी मानुषको पर्यायवाची पद हुन्। उदार चरित्र भएका मानवहरूको यो समग्र विश्व यौटै नै परीवार हो। सवैको आमा पार्वती देवी हुन्, सवैका पिता देव महेश्वर हुन्। विश्वको समस्त मानव बन्धु बान्धव भाइ बहिनी हुन्। तीनै लोक सातै लोक चतुर्दश भुवन यौटै भवनका कोठा हुन्। यो यौगिक दर्शन हो। यो विश्वपरिवारको दृष्टि हो। यसैबाट विश्व स्वास्थ्य हुन्छ। विश्वको शान्ति हुन्छ। विश्वमा परस्पर विश्वासपात्रता हुन्छ। विश्वमा मैत्री भावना हुन्छ। विश्वमा सखाको भावना हुन्छ। विश्वमा कल्याणको कामना हुन्छ। विश्वको स्थायी विकास हुन्छ। विश्वमा बन्धु बान्धवको भावना हुन्छ। भाइचारा हुन्छ। ईर्ष्या द्वेष रिष डाह आदि अमानवीय भावना हुँदैन। सौम्य शिवशान्ति स्थिर रहन्छ। प्रत्येक मानवको हृदयमा शिवकल्याणी भावनाले काम गर्दछ–समस्त जगत्को चौरासी लाख जीव जातिमा सवै सुखी रहुन् सवै निरोगी स्वस्थ रहुन्। सवैले भलो गरुन्, भलो नै देखून्। चराचर जगत्मा यौटो पनि दुःखभागी नहोस्। यसरी यो शिवशान्तिमय मानवता रहन्छ।

यत्र सहज-समाधि क्रमेण मनसा मनः समालोक्यते स एव मोक्षः। भनिने योगमा जुन ऋतम्भरा प्रज्ञामयी भूमिकामा सहज समाधिको क्रमले मनद्वारा नै मनलाई अवलोकन गरिन्छ। यो नै योगको मोक्ष हो। योगमा जीवन्मुक्ति, जीवन मोक्ष, विदेहमुक्ति, सदेहमुक्ति सहज समाधि हुन्छ। मृत्युबाट मात्र मुक्ति मानिदैन। मर्न त सवैले जान्दछन्। आफ्नो जीवनकालमा नै मुक्त हुन जान्दैनन्। यो योग क्रियाद्वारा हुन्छ। सदाशिवोक्ता हि सपादलक्षं लयाः सबन्धा निवसन्ति भूमौ। नादानुसन्धान नमोऽस्तु तुभ्यं पद्मावली-बोधन-पण्डिताय। चन्द्रामृतस्यन्द सुखोदयाय प्रादुर्भवत्प्राण-मनोलयाय। योगका आदिगुरु आदिनाथ सदाशिवले चौरासीलाख मध्ये मुख्य सवालाख आसनबन्ध औ लय योगका प्रकार भनिन्छ - मूलबन्ध उड्डियान बन्ध, षणमुखीमुद्रा, शाम्भवी मुद्रा, खेचरीमुद्रा, भूचरीमुद्रा, चाचरीमुद्रा, गोचरी मुद्रा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदि अनेक बन्धमुद्रा हुन्छन् । जसले योगको उपकार गर्दछन् । सवा लाख लय बन्ध मध्ये नादानुसन्धान समाधि मूर्धन्य मानिन्छ । षट्चक्र पद्मावली प्रबोधनमा पाण्डित्यपूर्ण काम गर्ने व्यक्ति नादानुसन्धान समाधिलाई प्रधानता प्रदान गरिन्छ । जुन चन्द्रमण्डलको अमृतमयी गङ्गाका प्रवाहले अवगाहनद्वारा आनन्द प्रदान गर्दछ औ मन पवनको एकता गरी लय योगको सिद्धि दिन्छ । स्वरेचपूरैरनिलस्य कुम्भैः सर्वासु नाडीषु विशोधितासु । अनाहतादम्बुरुहाद्रदेति स्वमात्रगम्यः स्वयमेव नादः ॥ रेचक पूरक कुम्भक केवल आदि प्राणायामहरूद्वारा समग्र नाडीगण शुद्ध भएमा अनाहत चक्रद्वारा स्वयं वेद्य अनाहत नाद अभिव्यक्त हुन्छ ।

निर्वतयन्ती निखिलेन्द्रियाणि प्रवर्तयन्ती परमात्मयोगम् । संविन्मयत्वात् सहजामवस्थां निश्शेष-निर्मूलकत-तर्कजाले ॥ विजृम्भते योगिनि योगनिद्रा । संसारको सवै तर्क वितर्क जालहरूको निर्मूल गर्ने योगीमा निखिल कर्मेन्द्रिय ज्ञानेन्द्रिय अन्तःकरणको वृत्तिहरूलाई निज-निज-विषयहरूबाट प्रत्याहारद्वारा निवृत्त गर्दै आत्मा परमात्मा जीवात्माको एकतामयी योगावस्थालाई प्रवृत्त गर्दै संवित् स्वरूपिणि सहजावस्था योगनिद्रा उदित हुन्छ । यस अवस्थामा मनले मनलाई, बुद्धिले बुद्धिलाई, आत्माले आत्मालाई देखिन्छ । आत्माले आत्माको उद्धार हुन्छ । आत्माको उद्धार गर्नेले अरूको पनि उद्धार गर्न सक्दछ । अनाहद नाद आत्माको वाणी हो । वाणीका चार पद छन् । परा पश्यन्ती मध्यमा वैखरी । परावाङ मूलचक्रस्था । परावाणी मूलचक्रमा गणेशको साथै रहन्छ । पश्यन्ती मध्य देशगा । पश्यन्ती वाणी मणिपुरचक्रको मध्य देशमा सूर्यको साथै रहिरन्छन् । हृचचक्रेमध्यमा ज्ञेया । हृदय चक्रमा मध्यमा वाणी जीवात्माको साथ रहन्छ । वैखरी कण्ठदेशगा । वैखरी वाणी अम्बु त्व कण्ठ देशमा सरस्वतीको साथै रहन्छ । मूलाधारात् प्रथममुदितो यस्तु भावः पराख्यः । पश्चात् पश्यन्त्यथ हृदयगा कण्ठगा वैखरीति । वाग् वैखरी शब्दझरी व्यवहारकरी नृणाम् । वैखरी वाणी शब्दब्रह्मको झडी हो, जसले विश्वका सकल व्यवहार सरलताले गर्दछ । वाणीको सदुपयोग योगद्वारा गरिन्छ । योगमा अजपा गायत्री महत्वपूर्ण छ ।

अजपा नाम गायत्री योगिनां मोक्षदायनी । अस्या सङ्कल्प मात्रेण नरः पापैः प्रमुच्यते । षट् शतानि दिवा रात्रौ सहस्राण्येक विंशतिम् । हंस हंसेत्यमुं मन्त्रं जीवो जपति सर्वदा । नानया सदृशी विद्या नानया सदृशो जपः । नानया सदृशं ज्ञानं लोके वेदे च विद्यते । नानया सदृशो योगो नानया सदृशं तपः । नानया सदृशो यागो नानया सदृशी गतिः । नानया सदृशो धर्मो नानया सदृशी मतिः । नानया सदृशं कर्म. भूमौ न तनौ मतम् । योगमा अजपा गायत्रीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मौलिक स्थान छ। अजपा गायत्रीभन्दा समस्त गायत्री आदि वाङ्मय प्रसूत छ। अजपा नामको गायत्री योगीहरूलाई मोक्ष दिन्छ। संसारको सारा चराचर प्राणीहरूको प्राण स्वरूपा छ। जीवनको आधार छ। अजपा गायत्रीको जप बन्द हुँदा वित्तिकै नै सारा क्रियाकलाप बन्द हुन्छ। मनको गति पनि मन्द पर्दछ। कर्मेन्द्रियगण ज्ञानेन्द्रियगण अन्तकरणगण प्राणगण उपप्राणगण आदि प्रकृतिका सम्पूर्ण व्यापार बन्द हुन्छ। त्यो समय योगिजन मात्र प्राणायाम प्रत्याहार धारणा ध्यान समाधिमा रहन्छन्। हंसः सोहं ओम् = ॐसोहं हंसः। यस प्रकारको हंस गायत्री योगीहरूलाई मोक्ष दिन्छ। यसको सङ्कल्प मात्रले नरनारी बालवृद्ध समस्त मानव सवै पापहरूबाट मुक्त हुन्छन्। सङ्कल्पः कर्म मानसम्। मानसिक कर्मको नाम सङ्कल्प हो। शारीरिक कर्मको नाम कर्म हो। केवल मनबाट षट्चक्र देवताहरूलाई यथा भाग सङ्कल्प गरी अजपाको जप समर्पित गर्नाले मात्र मानव सर्वपापहरूद्वारा छुट्दछ। अजपालाई अजपा यस कारण भनिन्छ - नजपो विद्यते यस्या अजपा तेन कथ्यते। अर्थात् जसको जपै गरिदैन। अजपा जप्नको लागि शिक्षा लिनु पर्दैन, दीक्षा लिनु पर्दैन। पढनु पढाउनु लेख्नु पर्दैन। विना प्रयास अनायास जप चलि रहन्छ। अजपेऽपिजपोस्याः। अजपा तेन कथ्यते। अशुद्ध होला भन्ने डर चिन्ता पनि छैन। हिंड्दा, डुल्दा, जागेको वेला, सुतेको वेला र अहोरात्र निरन्तर स्वतः सिद्ध स्वतः शुद्ध हंसः हंसः सोहं सोहं को जप २१६०० एक्काई हजार ६ सय पटकको संख्यामा चौविस घण्टामा सामान्यतया जपिन्छ। यो गायत्रीलाई चराचर जगत् जप्दछन्। संख्या न्यूनाधिक हुन सक्दछ। जलचर थलचर नभश्चर चौरासी लाख जीव जाति जीवनको लागि अजपा जप गर्दछन्। अजपा नै प्राणी जगत्को प्राण हो। अजपाको समान न कुनै विद्या छ, न जप छ, न ज्ञान छ, न योग छ, न तप छ, न यज्ञ छ, न गति छ, न मति छ, न धर्म छ, न कर्म छ, अरू प्रकारको पनि क्रिया छैन, समस्त कर्मकलापको मूल अजपा हो। जसले यसको मर्म जान्दछन्, तिनी योगी हुन्छन्। अजपाको अर्थ - हंस गतिशील, सोऽहम्–त्यो ईश्वर आत्मा म नै हुँ। अहंस म त्यो ईश्वर हो। सोऽहम त्यो ब्रह्म म नै हुँ। जीव ईश्वरमा अन्तर छैन। ईश्वर अंश जीव अविनाशी। सूर्यको किरण जसरी ईश्वरको अंश जीव हो। भेद नास्ति द्वैत नास्ति। अद्वैतं तत्त्वमुच्यते। यो अजपा गायत्री हो।

योगमा विश्वोदरा कुण्डलिनीति शक्तिः। आदिशक्तिर्ब्रह्मशक्तिः शिवशक्तिर्महेश्वरी। सर्पिणी नागिनी ज्ञाना प्रकृतिर्विश्वपालिनी। सकल विश्वलाई आफ्नो आत्मामा राख्ने भएकी, कुण्डलको समान आकृति भएकी, सृष्टिको आदिमा ब्रह्मको इच्छाशक्ति आदिनाथ शिवकी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वामाङ्गी शक्ति, महान् ईश्वरको निजा शक्ति महेश्वरी, आकृत्या सर्पिणी नागिनी ज्ञानमूर्ति, ज्ञानशक्ति, विश्वको सृष्टि गरी पालनपोषण गर्ने वात्स्यल्यमूर्ति कुण्डलिनी शक्ति मानिन्छ। कुण्डलिन्या हि विश्वासो गायत्री त्वजपा मता। कुण्डलिनीको विश्वास नै अजपा गायत्री मानिन्छ। प्रसुप्तकुण्डलिनी प्रबुद्धकुण्डलिनी दुई प्रकारको हुन्छ। योगक्रियाद्वारा सहज समाधि अवस्थामा जाग्रत् कुण्डलिनी हुन्छ। अन्यथा प्रसुप्तकुण्डलिनी हुन्छ। जाग्रत् कुण्डलिनीलाई विमले सलिले कमल - तुल्योऽसौ। तिष्ठति समाज, मध्ये स्वप्नावस्थान्वितो महायोगी। जसको कुण्डलिनी जाग्रत अवस्थामा हुन्छ, त्यो महायोगी विमल जलमा प्रफुल्ल कमलको तुल्य मानवसमाजमा तथा तपोवनमा पनि एकरस रहन्छ। मूलाधार स्थित स्वयम्भू लिङ्गलाई वेष्टित गरी सार्धत्रिवलयाकृति कुण्डलिनी शक्ति, सम्पूर्ण शरीरलाई सार्धत्रिकोटि नाडी गणकाद्वारा चलाउँदछ। इडा पिङ्गला सुषुम्णा तीन मुख्य शाखा छन्। इडा वामेस्थिता भागे. पिङ्गला दक्षिणे स्थिता। इडा भगवती गङ्गा पिङ्गला यमुना नदी। सुषुम्णा मध्य देशस्था तयोरैक्य-विधायिनी। इडा नाडी वाम भागमा स्थित छ, वाम नासापुटद्वारा प्रकट हुन्छ। पिङ्गला नाडी दक्षिण भागमा स्थित छ, दक्षिण नासापुटद्वारा प्रकट हुन्छ। इडा भगवती गङ्गा छ। पिङ्गला यमुना नदी छ। गङ्गा यमुनाको मध्य देशमा बग्ने सुषुम्णा सरस्वती छ। ब्रह्मरूपा सरस्वती गङ्गा यमुना एकता गर्दछिन्। सुषुम्णागतिमा योगारम्भयोग सिद्धि शुभ हुन्छ। आध्यात्मिक कर्म सुषुम्णामा शुभ हुन्छ। तीनै नाडीहरूको शाखा दश, दशको बहत्तर हजार, बहत्तर हजार शाखाहरूको शाखाहरू साढे तीन करोड नाडीहरूको जाल शरीरका रोम रोममा व्याप्त भएर शरीरको संरक्षण गर्दछन्। शरीरको विकार बाहिर निकाल्दछ, बाहिरको प्राकृतिक शक्तिलाई भित्र भर्दछ। खुला नाडीगण स्वास्थ्यको हेतु छ। मलाकुल नाडीगणबाट योगसाधना एवं संसारको सारा कार्य हुन सक्दैन। नाडीशुद्धिको लागि पञ्चकर्म, षट्कर्म आदि अपामार्ग आदि दिव्यौषधिका उपयोग पनि गरिन्छ।

अपामार्गको पाकेका बिउको दुवै बोक्रा छोडाएर न छुटेमा राति पानीमा भिजाएर सूर्योदय भन्दा प्रथम आफ्नो हातको एक मुट्ठी पूरै बिउ एक किलो काली गाईको दूधमा माटोको पात्रमा या फलामको पात्रमा गाईको गुईठाद्धारा मन्दाग्निमा पकाएर जहिलेसम्म खिर नौनीको समान हुँदैन. तवसम्म फलामको पनियो या काठको दाविलो, पनियोले चलाउँनु पर्दछ, खिर सिद्ध भए पछि चुल्होको अग्नि बन्द गर्नूपर्दछ, किन्तु खिरको पात्रलाई चुल्होबाट उतार्नु हुँदैन, जहिले स्वाङ्गशीत हुन्छ. बल्ल उतारेर सानो मौरीको मह १ तोला मिलाएर विस्तारै-विस्तारै खानू पन्ध्र बीस मिनेट पिठ्युँ बलको आसनमा दुवै पाँऊ तन्काएर सुतेर विस्तारै-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विस्तारै लामो - लामो श्वास लिदै प्राणायाम गर्नू पर्दछ। आधा घण्टामा उठेर योगशास्त्रको स्वाध्याय जप ध्यान आदि दैनिक क्रियाकलाप गर्नू। प्यास लागेमा पानी पकाएर कपडछान गरी माटोको घडामा ढाकेर राखी जलपान गर्नू वा काली गाईको दुग्ध स्वाङ्गशीत पान गर्नू। यसको नाम अमृत भोजन हो। यसको अतिरिक्त अरू सवै प्रकारको खाना खान सर्वथा बन्द गर्नू पर्दछ। रातमा भोक लागेमा थोरै-थोरै काली गाईको मन्दोष्ण दुग्धपान गर्नू पर्दछ। यसरी न्यूनतम एक वर्ष पर्यन्त अपामार्गव्रत गरिन्छ र मात्र मलाकुल नाडीजाल शुद्ध भएर योगसाधना गर्नमा सजिलो हुन्छ। प्राणायाम प्रत्याहार धारणा ध्यान समाधिका लागि सजिलो हुन्छ। जस्तोसुकै रोगी भए पनि निरोग भएर योगसिद्धिमा सहयोगी हुन्छ। अमृत भोजन शिवाय अरू सवै प्रकारको खानपान विपरीत व्यसनका निषेध छ। नियमभङ्ग गर्नाले हानी हुन्छ। एक वर्षको अनन्तर पनि योगाहार युक्ताहार हुन वाञ्छनीय छ।

यसरी किञ्चित् अन्तरले अन्य अनेक दिव्यौषधीको कायकाल्प पनि सहायक हुन्छन्। जस्तै – त्रिफलाकल्प, बिल्वकल्प, दाडिमीकल्प, अमृताकल्प, सञ्जीवनीकल्प, हरीतकीकल्प, बिभीतककल्प, आमलकीकल्प, शतावरीकल्प, कदलीकल्प, ब्राह्मीकल्प, गोदुग्धकल्प, गोघृतकल्प, हस्ताञ्जलिकल्प, मुसलीकल्प, अश्वगन्धाकल्प, विदारीकल्प गीष्ठाकल्प, तरुलकल्प, जम्बीरकल्प, निम्बकल्प, जम्बूफलकल्प, कपित्थकल्प, जिङ्गणकल्प, मञ्जिष्ठाकल्प, शक्तुककल्प, बदरीकल्प, यवकल्प, तिलकल्प, कङ्ककल्प, नारीकेलकल्प, कमलकल्प, गुडुचीकल्प, मधुयेष्टिकल्प, द्राक्षकल्प, वातादकल्प, बलादिकल्प, हरिद्राकल्प आदि शत सहस्रकल्पहरूबाट नै शरीरलाई स्वच्छ, स्वस्थ योगादि क्रिया समर्थ चिरस्थायी गर्न सकिन्छ। जसबाट संसारको सवै शुभकर्म चिरकालपर्यन्त गर्न सकिन्छ। कल्प कल्पान्तसम्म=समर्थ शरीर कल्पवृक्षले भाँति सवै कर्म सर्वसङ्कल्पपूर्ति सक्षम हुन्छ। सवै प्रकारले मानवसमाजको हित साधन हुन्छ।

देखादेखि साधे योग, छीजे काया वढे रोग। यसैले अमुक चित्रमा यस्तो छ, अमुक पुस्तकमा यस्तो छ, फलाना व्यक्तिले यस्तो भन्यो भनेर योगसाधना गर्नू हुँदैन। यस्तो गर्नाले हानी होला भन्ने सम्भावना हुन्छ। किनकि देश काल पात्रादि, स्थिति भिन्न रहन्छन्। यसैले विवेकी योगहरू शीत उष्ण समशितोष्णादि देश, ६ ऋतु आधि वर्षा विप्लव आदिकाल, मृदु, मध्य अधिमात्र तीव्रतादि पात्रहरूको शारीरिक मानसिक योग्यता प्रभृतिको विचार राखेर क्रमेण मन्त्रयोग लययोग हठयोग राजयोगका उपदेश दिन्छन्। प्राथमिक अभ्यास गुरुसन्निधिमा गर्नू हितकर हुन्छ। त्यसको अनन्तर दीर्घकाल पर्यन्त निरन्तर सत्कारपूर्वक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेवित योग दृढ भूमिका हुन्छ। हडबड गर्नाले गडबड हुन्छ। विस्तारै पाकेको मिठो हुन्छ। यसैले - शनैः कन्था शनै पन्थाः शनैः पर्वत लङ्घनम्। शनैर्विद्या शनैर्वित्तं पञ्चैतानि शनैः शनैः। गुद्दडी सिउनु, पन्थमा चल्नु, पर्वतको आरोहण गर्नू, विद्याको अध्ययन, वित्तको आर्जन यी पाँचै कर्म विस्तारै-विस्तारै सिद्ध गर्नाले सफल हुन्छन्।

शरीरशुद्धिको लागि यी पञ्च कर्म पनि गरिन्छन् – रेचनं वमनं नस्यं स्वेदनं तेल मर्दनम्। आसन प्राणायाम आदि योगारम्भ भन्दा प्रथम यी पञ्चकर्म गरिन्छ। तब योगपथ्यको सेवन गरिन्छ। राजस तामस आहार विहारलाई त्याग गर्नू पर्दछ, सात्त्विक मात्र सेवन गरिन्छ. अनिमात्र आसनादि योगसाधना शीघ्र हुन्छ। यम नियमको भूमिकामा आसनको आधारशीला राखिन्छ। आधारशीला प्राणायाम प्रत्याहार धारणा ध्यान समाधिको योगमन्दिर सुन्दर सुदृढ बन्दछ। योग साधन शीघ्र सिद्धिको लागि शान्तैकान्तनितान्तरम्यधरणी योगाश्रमायोचित। शान्त एकान्त नितान्त रमणीय धरणी योगाश्रमका लागि समुचित हुन्छ। शुचौदेशे प्रतिष्ठाप्य स्थिरमासनमात्मनः। नात्युच्छ्रितं नातिनीचं चैलाजिनकुशोत्तरम्। तत्रैकाग्रं मनः कृत्वा यतचितेन्द्रियक्रियः। उपविश्यासने युञ्ज्याद् योगमात्मविशुद्धये। समकायशिरो ग्रीवं धारयन्नचलं स्थिरः। सम्पश्यन् नासिकाग्रं स्वंदिशश्चानवलोकयन्। पवित्र देशमा स्थिर सुखासन प्रतिष्ठित गरिन्छ। आसन न अति ऊँचा होस् न अति तल होस्। मृतिकामय समतल भूमिकामा आसन बिच्छाइन्छ। त्यसमाथि मृगचर्म वा व्याघ्रचर्म बिच्छाइन्छ। त्यसमाथि कार्पास वस्त्र बिच्छाइन्छ। यस्तो आसनमा मनलाई एकाग्र गरी यम नियमादिद्वारा, चित्तवृत्तिलाई निरुद्ध गरी कर्मेन्द्रिय ज्ञानेन्द्रियहरूको सवै क्रियालाई वशमा राखेर शाम्भवी मुद्राद्वारा नासिकाको अग्रभागमा सम्यक् अवलोकन गर्दै कुनै पनि दिशाको शब्द अर्थमा आँखा कान मन नलगाएर। आसनमा वसेर योगविधिले तन मनलाई समान ऋजु राखेर अचल स्थिर भएर प्रशान्त आत्मा निर्भीक ब्रह्मचारीको व्रतमा स्थित भएर सदा आत्माको ध्यान गर्दछ, त्यो नियत मानसको योगी निर्वाण शान्तिलाई प्राप्त गर्दछ। अधिक खाने, खाँदै नखाने अधिक सुत्ने, सुत्दैनसुत्ने योग सिद्धि हुँदैन। किन्तु प्रकृतिको अनुकूल युक्त आहार विहार आचार विचार, जागरण शयन आदि शारीरिक क्रियाकलाप गर्ने योगीको योगसिद्धि हुन्छ। यो समय योगी युक्त हुन्छ। निर्वात स्थानमा दीप शिखाको समान योगी अचल रहन्छ। यस्तो योग साधनाद्वारा देशमा विश्वमा शिवशान्ति स्थिर रहन्छ। बल्ल विश्वको शान्ति हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यत् पिण्डे तद् ब्रह्माण्डे। योगमा ब्रह्माण्ड दर्शनभन्दा पहिला पिण्डदर्शन हुन्छ। सानु ब्रह्माण्ड शरीर हो। ठूलो शरीर ब्रह्माण्ड हो। जुन विधाताको विधानद्वारा प्रकृतिको विचित्र रचना शरीरमा छ, त्यही बृहत् रचना विश्व ब्रह्माण्डमा छ। ब्रह्माण्डलाई बहिर्मुख भएर हेरिन्छ। पिण्ड ब्रह्माण्ड शरीरलाई अन्तर्मुख भएर हेरिन्छ। बहिर्मुख भएर विश्वको दर्शन गर्नमा अधिक समय लाग्दछ। अन्तर्मुख भएर शरीरको दर्शन गर्नमा अल्प समय लाग्दछ। शरीर द्वारा संसार-दर्शन योग हो। घर विशाल हुन्छ, तर घरको चित्र लघु हुन्छ। विश्व विशाल हुन्छ। विश्वको मानचित्र लघु हुन्छ। वटबीज सानु हुन्छ, वटवृक्ष बृहत् हुन्छ। वटको बिउमा वट वृक्षको दर्शन हुन्छ। यस्तै प्रकारले योगद्वारा पिण्ड ब्रह्माण्डको दर्शन गरिन्छ। यो समयमा ऋतम्भरा प्रज्ञामयी योग दृष्टिले सृष्टिलाई हेरिन्छ। त्रयमेकत्र संयमः। सूर्यसंयमाद् भुवनज्ञानम्। धारणा ध्यान समाधि तीनैको एकत्र संयम हुन्छ। सूर्यमा संयम गर्नाले सकल भुवनको योगज प्रत्यक्ष ज्ञान हुन्छ। संयमको लागि स्थिर सुखमासनम् अनिवार्य छ। नेत्रको आधा निमेषमा दुई हजार दुई सय दुई योजन मार्ग चलने सूर्य, जवकि एक योजनमा चार कोश हुन्छ, एक स्थानमा एक क्षण भरी पनि स्थिर रहन सक्तैन, स्थिर सुख आसन गगनगामी सूर्यको लागि सम्भव छैन। यस्तो स्थितिमा भुवन सूर्यमा संयम पनि असम्भव छ। शरीरको सूर्यमा संयम सम्भव छ। शरीरको गगन पेट हो, पेटको नाभिस्थानमा सूर्य जठराग्निको नामले विद्यमान छ। यो सूर्यमा संयम गर्नाले अन्तर्जगत् तथा बहिर्जगत्का योगज प्रत्यक्ष ज्ञान साथमा हुन्छ एवं सारा सौरजगतको प्रत्यक्ष ज्ञान योगले हुन्छ। कुनै पनि जटिल प्रश्नको उत्तर दिनु भन्दा पहिला योगमा ध्यान दृष्टिले हेर्नु पर्छ। त्यो ध्यान दृष्टि यहि संयम हो।

द्विजगणद्वारा नित्य सेवित असंख्य शाखा भएको वेदोपवेदादिकल्पवृक्षका मधुर अमरफल योग हो। संसारका समस्त सज्जनहरू ! नित्य यो योगफलको सेवन गर। यसैबाट संसारको सारा सन्ताप शान्त हुन्छ। चिरस्थायिनी शिवशान्तिका लागि विश्वमा अष्टाङ्ग षडङ्ग चतुरङ्ग एकाङ्ग योगको यथायोग्य साधन वाञ्छनीय छ। योगद्वारा संसारमा सारा सुख मिल्दछ। सालोक्य सामीप्य सारूप्य सायुज्य चतुर्दिक मोक्ष पनि मिल्दछ। शिवशान्तिप्रद शिवयोगको साधना गर्नाले विश्वका सवै मानवहरूको दुवै हातमा लड्डु हुन्छन्। यो लोक तथा परलोक आतङ्क तथा कलङ्कदेखि रहित हुन्छ। यो शिवयोगीहरूको यामली सिद्धि हो। यसको अभ्यास यसको साधना, यसको सिद्धि, विश्वका समस्त मानव-ब्रह्मचारी गृहस्थ वानप्रस्थ विरक्त नरनारी बालवृद्ध वर्णाश्रमस्थ, वर्णाश्रमलाई नमान्दा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णाश्रमानुसार संसारमा मानवताका पालन गर्नाले अर्बुदार्बुद विश्व मानव परीवारका सदस्य यस्तो वातलाई मनन गरी गर्न सक्तछन्। सवै सुखी स्वस्थ्य समृद्ध रहन सक्तछन्।

यस्तो उदार परोपकारमय मानवीय पावन भावनाद्वारा प्रेरित भएर यो विश्व योग सम्मेलन हुँदै छ। यसलाई आफ्नै काम सम्झेर अपनाउँनुको लागि विश्वमानवपरीवारका सिद्ध साधक जिज्ञासुजनहरू, ऋषि मुनि ज्ञानवयोवृद्ध, ज्ञानी विज्ञानीजन शिक्षक प्रशिक्षक शिक्षार्थी विद्यार्थी शिक्षाशास्त्री शिक्षाविद् साधुसन्त समाजसेवक ग्राम सेवक मानवतावादी स्वास्थ्य सेवक पर्यावरणशोधक कृषि विकासक प्राणीगणरक्षक विश्वशान्तिको उपासक विश्वयुद्धविभीषिकामा अभयदाता वसुधाकुटुम्बप्रेमी अध्यात्मवादी तथा यस्तै समस्त बुद्धिजीवी महानुभाव। जसरी एकदा नैमिषारण्ये ऋषयः शौनकादयः सर्वलोकहिते रताः। भएर भेला हुन्थे, उसरी नै यहाँहरू पनि देहलीमा पाल्नु होस्। स्वागतम्!

सिद्ध योगीको अवस्था यस्तो हुन्छ -
दिवा गङ्गा रात्रौ वहति यमुना योगिहृदये,
सरस्वत्याः सन्ध्या-युगल-समये-नित्य-वहन्।
निरालम्बे गौः खे चरति कमलं वर्षति सुधां,
तिथिः सर्वा पूर्णा विहरति स हंसः सरसि वै॥
यो समय विश्वमा शिव शान्ति रहन्छ -
शिवः शान्ताकारः सकल शिवयोगी शिवनिभः,
शिवे शान्ते शान्तः सकल परिवारः शिवगृहे।
शिवा शान्तिः पृथ्व्यां यम नियम युक्तो ऽ खिलजनो
जगत् शान्ताकारा सकलमविकारं शिवदृशा।
(शिवम्)

योगी नरहरिनाथः
अनु.योगी श्रीषनाथः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ 卐 गौः श्रीः शिवौ वेदाः पञ्चदेवाः पञ्चबुद्धाः सर्वे देवाः
श्रीवागीश्वरी विजयते !
ॐ नमः शिवाय



योगी नरहरिनाथः। शास्त्री। वेदविद्यालारः कविरत्न-कविकोविद्-कविकान्त-कविभूषण –आशुकवि-महाकविः धर्मशास्त्राचार्यः सांख्ययोगाचार्य आयुर्वेदाचार्यः । पुरातत्ववेदी । इतिहास लेखकः । इतिहास प्रकाशकः। शतशोलिपिभाषाज्ञः । ४५ लक्षहोमकृत् । १२९ कोटिहोमकृत् । ५ शिवयागकृत् । शिवगोरक्षगोभक्तः । आजीवन-विद्यार्थी । आजीवन-पदयात्री । आजीवन-योगाभ्यासी । आजीवन-स्वयंसेवक । आजीवन-परोपकारपरायणः । विश्वशान्ति-विश्वकल्याण परायण । आबालब्रह्मचारी सत्यपथचारी । सत्यव्रतधारी । शतशहस्र-तीर्थयात्री । कोटि-कोटि-वेद-मातृ-गायत्री-जपपवित्रः । पवित्रमानवचरित्रः भारद्वाजऋषि-गोत्रः । भरद्वाज-आङ्गिरस-बार्हस्पत्य-त्रिप्रवरः । शुक्ल-यजुर्वेद-माध्यन्दिनीय शाखाध्यायी । ईशावास्योपनिषदध्यायी। धनुर्वेदोपवेदी । आजीवन-कठोर-तपसा-कृशतर-कलेवरः । कर्मवीरः । हिन्दुराष्ट्रगुरुः। कोटिहोमकोविद् । वनस्पतिपरिचयज्ञः । व्याख्यानवाचस्पतिः । गद्यपद्यमयहृदलेखकः । सहस्राधिक-पुस्तकलेखकः सहस्राधिक-पुस्तकप्रकाशकः। अनेकसहस्र(ग्रन्थ(साङ्ग्राहक ।

बृहदाध्यात्मिक- सम्मेलनकृत् । बृहदाध्यात्मिकपरिषद् संस्थापकः सञ्चालकक्षच । धार्मिकाध्यात्मिकसाँस्कृतिक-साहित्यिकराष्ट्रियसंस्था संस्थापकः सञ्चालकक्षच । विश्वहिन्दु-सम्मेलनकर्ता । विश्व-हिन्दु महासंघ संस्थापकः । भारतवर्षीय धर्मसम्मेलनकृत् । प्रथम-विश्व-योगायुर्वेद सम्मेलनकृत् । विश्वयोगायुर्वेद-विश्वविद्यालय प्रस्तावकः एवं च प्रथम-बृहत्-विश्व-वौद्धिक-सन्त-सम्मेलनकृत् । पञ्चभाषा-विश्वविद्यालय-प्रस्तावक । अन्यच्च १. विश्वहिन्दु आचार संहिता प्रदान गर्ने । २. विश्वहिन्दु शिक्षा विधान प्रदान गर्ने । ३. विश्वभरि हिंसा मद्यमांस धूमपानादि दुर्व्यसन निषेध गर्ने । ४. विश्वमा निशस्त्रीकरण गर्ने । ५. विश्वभरि डढेलो बन्द गर्ने । ६. विश्वभरि खोला पैरा थाम्ने । ७. विश्वभरि कृते मुद्दा मामला बन्द गर्ने ।

८. विश्वभरि म्लेच्छाचार बन्द गर्ने । ९. विश्वभरि अमानवीय कुनै काम हुन नदिने । १०. करोडौं चुडिएका हिन्दुहरुलाई हिन्दु परिवारमा सम्मिलित गर्ने । ११. शान्ति क्षेत्र स्थायी राख्ने ।
महेन्द्र संस्कृत विश्वविद्यालय संस्थापकः ।
गिरिजापुरीसरयूसंस्कृतविश्वविद्यामन्दिरसंस्थापकः ।
गोरक्षगन्थ्रमालास हकसम्पादकप्रकाशकस्तथा लेखकः ।
अखिल भारत-वर्षीय-योगप्रचारिणीमहासभासंस्थापकः सञ्चालकः सभापतिः । अखिल-भारत-वर्षीय नाथसमाज संस्थापकः । नाथसन्देश-सरयूसन्देश-संस्कृत सन्देश-कर्मवीर सन्देश-आर्यवीरसन्देश-विश्वात्म दर्शन(हिमवत्संस्कृति(हिन्दु(संस्कृति(पुरुषार्थ(ग्राम- गरिमा-प्रमुखानेक-पत्र-पत्रिका-संस्थापकः सञ्चालकक्षच । आर्षविद्याशोधकेन्द्र-भद्रेश्वर-विद्यापीठ-कोटिहोम-वैदिक विद्यापीठावली-
संस्थापकः । गोत्र-महर्षि-नालीवेली-वंशावली-प्रकाशकः । अवतारविभूतिस्थल-परिचयदः । देवभूमि-भारत-आध्यात्मिक गोरक्षक-नेपाल-शिखरिणी यात्रा–भारद्वाज-संहिता-हाम्रो मौलिकता-हाम्रो देशदर्शन- त्रा स्वल्प-हिमवत्खण्ड-सन्धिपत्र-संग्रह-सहित-शतशः पुस्तकलेखक-सम्पादकः प्रकाशकक्षच । आसन्नशत वैदिक विद्यापीठावली-प्रतिष्ठापकः ।
शिवगोरक्षनाथावतारस्थलीगोरक्षशैलकैलास-
परिसरबद्धशिलापट्टकेषुदिव्योपदेशादिलेखकः । आसन्न-शतकोटिहोमेषु वैदिकविद्यापीठ-गौशालादि-संस्थापकः । दार्टरीग्रामाध्यात्मनगर–देवघट्ट-काष्ठमण्डप-जनकपुर-कालिस्थान-बुद्धवल्ली-यमला-योधपुर-श्रीत्रादिषु विश्वहिन्दुसम्मेलनादिकृत् । विश्वोतु विश्वविदित-गोरक्षक-हिन्दुराष्ट्र-नेपाल-सिद्धाचल पशुपति-मृगस्थली-शिवगोरक्षनाथपीठनिष्ठः । राज्यसभा(सम्माननीयः
सदस्यः । चिरान्निरुद्धामरनाथगुहा-काश्मीरयात्रासमुद्घाटकः सञ्चालकक्षच ।

नित्यार्चिका:
योगिनी इमादेवी ब्रम्हचारिणी
प्रतिलिपिः- वि.सं. २०६९ आषाढ १९ गते गुरू पूर्णिमा महापर्वणी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मभूमि परिचय

बालतपस्विनी इमादेवी ब्रह्मचारिणी

योगीज्यूले दिनु भएको जन्मभूमिको परिचयः-

कैलासाद्दक्षिणस्यां विलसति बृहती मालिका शैलमूले
लालूग्रामो ललामः प्रकृतिरभिमता जन्मभूमी मदीया।
माता गौरी पिता मे ललितइतिगुरुः क्षिप्रनाथो यतीन्द्रो
भारद्वज च गोत्रं नरहरिरिति मे नाम जानन्ति लोकाः ॥

शिवपरिवारनिवासस्थल मूलकैलासदेखि दक्षिणमा विराजमान बृहत् मालिकाको शैलमूलमा लालूगाउँ प्रकृतिको अनुपम छटा लिएर अवस्थित छ त्यो नै मेरो पाञ्चभौतिक देहको जन्मभूमि हो। आमा गौरीदेवी पिता मेरा ललितसिंह हुनुहुन्छ भने यतिका इन्द्र योगी क्षिप्रानाथ मेरा गुरु हुनुहुन्छ। भारद्वाज गोत्रमा जन्मेको यो शरीरलाई नरहरि यस्तो नामले लोकले जानेको छ. लोकमा जानिएको छ। यसरी मातृभूमिको परिचय दिनु हुने राष्ट्रगुरु योगी नरहरिनाथज्यूद्वारा गोरक्षनाथ र गोर्खा राष्ट्रको परिचय पनि यसरी दिनु भएको छ।

वैशाखी-शिव-पूर्णिमा-तिथिवरे वारे शिवे मङ्गले,
लोकानुग्रहविग्रहः शिवगुरुर्गोरक्षनाथोऽभवत्।
गोरक्षाचलगह्वरात् सुरुचिरात् कैलासकूटोपमात्,
तस्मान्मङ्गलवासरे कृतिजनैर्मेलामहः स्थापितः ॥

गण्डकी अञ्चलको मुटु कैलासकूट तुल्य सुन्दर गोरखा कैलासकूटभवनका हृदयगुहावाट, कैलासमा शिवपूजन गरिने वैशाखी पूर्णिमा तिथि विश्वगुरु शिवले लोकमाथि अनुग्रह गर्ने र गौ-गाई पृथ्वी वेदवाणी आदि समग्र गोजातिको रक्षा गर्ने गोरक्षनाथको रूपमा मङ्गलमय मङ्गलवारमा अवतार लिनु भएकाले कर्मठ भट जाति गोरखाले मङ्गलवारमा रोट चढाउने र पूजा गर्ने मेला लाउने चलन चलाएका छन्।

अथ गोरक्षनाथस्य, कृपयार्जितसद्बलः।
पृथ्वी नारायणः सम्राट् दिग्जयेषु मतिं व्यधात् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनि विश्वविख्यात गोरखा जातिका गुरु गोरक्षनाथका कृपाकटाक्षले र दधिवरले उपार्जित सद्बल = (दान मान दया धर्म धैर्य त्यैर्य शौर्य वीर्य चातुर्य औदार्य गाम्भीर्य भक्ति भाव आदि दैवी मानवीय गुणगणको बल भएका) हिन्दु नामा एक भनेर राष्ट्रिय एकता गर्ने पृथ्वीनारायण सम्राट्ले दिग्विजयहरूमा बुद्धि लगाये। भाई भारधार जनता सित जतो मतो मिलाएर पूर्व दक्षिण पश्चिम दिशामा अघि बढे। विशाल हिमालमा विशाल गोरखाराष्ट्रको एकता गरेर जम्बूद्वीपका हिन्दु नामा एक भनेर 'असल हिन्दुस्थाना बनाये। गोरखाबाट राष्ट्रिय एकताको सूत्रपात भएकाले जतिजति राज्य गोरखामा धर्मविजयले भाई-भाई भएर मिल्दै गये, उति-उति गम्भीर गोरखाका ओजस्वी महाप्राण नामले अलङ्कृत भए। पृथ्वी प्रताप रण गीर्वाण ४ राजाका ४ पुस्ता पाँडे बस्न्यात थापा आदिका नायकत्वमा चारै वर्ण, छत्तिसै जात वीर गोरखा जातिले गोरखाको ख्याति फैलाये। गोरखनाथको त्रिशूल र दुर्गाको खुकुरी लिएर 'जय गोरख ! जय कालि ! दिङ्मण्डलव्यापी जयकारले विश्वरक्षाको सन्देश दिये। गोरखा भाषा, गोरखा राज्य, गोरखा जाति, गोरखापत्र प्रमुख शब्द सर्वत्र प्रख्यात छन्। सगरमाथा झुकेको छैन, झुक्ने पनि छैन। यो हो हिन्दु धर्म। त्यो हो बडो बुद्धिमान्।

जस्ले सातु गऱ्यो मकैकन पिँधी, सिध्रो मुठीमा धऱ्यो,
सिन्की थीचि सुकाइ दियो नुन ढिको, फोऱ्यो र साथ्मा लियो।
कोदो फाँडि फल्यो न खाई दहिको, ठेको सिकामा धऱ्यो,
भेडो छोडि दियो दशैकन भनी, त्यो हो बडो बुद्धिमान् ॥

हिन्दुधर्म चुरो कुरो हो। हिन्दु संस्कृति पलास हो। हिन्दुसभ्यता बक्कल हो। रुखमा पनि पलासको रक्षक बोक्रो हुन्छ। चुरोको रक्षक पलास हुन्छ। यौटा देखि बाहिर अर्को हुन्छ। यौटा देखि भित्र अर्को हुन्छ। पोष्य-पोषक भाव हुन्छ। रक्ष्य रक्षक भाव हुन्छ। आधार-आधेय भाव हुन्छ। वेद उपवेद स्मृति झैँ धर्म संस्कृति सभ्यता सम्बद्ध छन्। आत्मा परमात्मा जीवात्मा पनि यस्तै छन्।

वेदमा शिक्षा कल्प व्याकरण निरुक्त छन्द ज्यौतिष ६ अङ्ग हुन्छन्। ६ वटा ईंति भीति हुन्छन्। राष्ट्रमा राजा अमात्य सुहृत कोष राष्ट्र दुर्ग बल ७ अङ्ग हुन्छन्। योगमा यम नियम आसन प्राणायाम प्रत्याहार धारणा ध्यान समाधि ८ अङ्ग हुन्छन्। आयुर्वेदमा शल्य शालक्य कौमारभृत्य अगदतन्त्र भूतविद्या रस रसायन वाजीकरण ८ अङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छन् । नवद्वारे पुरे देही–कान २ आँखा २ नाक २ मुख १ दुईटा द्वार तलका ९ यौटा गुप्त सुरङ्ग ब्रह्मरन्ध्र दशमद्वार छ । न हितेन पथा तनुत्यजस्तनयावजित पिण्ड कांक्षिणः । ॐइत्येकाक्षरं ब्रह्म व्याहरन् खमनुस्मरन् । यः प्रयातित्त्यजन् देहं स याति परमां गतिम् । दशम द्वारबाट निस्कनेहरू छोरा छोरी सन्ततिबाट पिण्ड पानी पाउने आशा राखतैनन् । आत्मनात्मानमुद्धरेत् - आफ्नो उद्धार आफै गर्छन् । श्रद्धाले श्राद्ध गर्ने कुरा स्वधर्म हो । पुत्रस्य परमो धर्मः पितुरुद्धार एव हि । पितुर्दशगुणा माता गौरवेणातिरिच्यते । पुत्रको परमधर्म पितृहरूको उद्धार हो । पिता भन्दा दशगुणा अधिक गौरव माताको छ ।

विश्वका ८४ लाख जीव जातिमा ज्ञानी मानवको उत्पत्ति प्रथम विश्व जेष्ठ विश्वोत्तुङ्ग, हिमालश्रृङ्गमा भएको हो । वेद साक्षी छ । ऊर्ध्वमूलमधःशाखमश्वत्थंप्राहुरव्ययम् । छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् । मानव वंशं वृक्षका जरा माथि छन् । शाखा उपशाखा तल छन् । यो अक्षय वट प्रतिदिन अभिनव कोपिला फल पत्र जटा विटप परिवारले परिपूर्ण छ । यो कैल्यै सुक्तैन । त्यसैले सबैले यसलाई अव्यय अक्षय अनादि अनन्त भन्छन् । वेदका मन्त्रहरू जसका पात छन् जसले यसलाई जान्दछ त्यही हो वेदवेत्ता । सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात् ।

यो विशाल हिमाल अष्टमूर्ति महेश्वरको साकार विराट शरीर हो । हिउँचुलीहरूका हजारौं राम्रा शिर छन् । मानसरोवर लङ्कारी रारा सभा पोखरी पञ्चपोखरी नीलकण्ठ १०८ कुण्ड अष्टपुष्कर सूर्मा सरोवर प्रमुख हजारौं दिव्य दृष्टि छन् । चारै तिरका हजारौं डाँडा काँडा पाउ छन् । हजारौं नद नदी खोला नाला छहराहरू बाहुली छन् । वृक्ष क्षुप लहरा घाँस पात वनस्पती केरा रौं छन् । ढुङ्गा माटो अस्थि मांसादि छन् । खनिजहरू रत्नहरू अन्तरङ्ग मर्म हुन् ।

वेद हिमालमा उम्रेका हुन् । उपवेद र उपनिषदादि महाभारत पर्वतमालामा उम्रेका हुन् । दर्शन पुराण प्रभृति तराईमा उम्रेका हुन् । समुद्र जल पछि सर्दै जाँदा क्रमशः अरू सवै उम्रेका हुन् । ॐ बाट सबै वैदिक लौकिक भाषा विकसित भएका हुन् । भाषाबाट शिक्षाको तीव्रगति भएको हो । शिक्षा विकारे सकलो विकारः शिक्षासुधारे सकलो सुधारः । शिक्षा बिग्रे सबै बिग्रन्छ शिक्षा सुध्रे सबै सुध्रन्छ । शिक्षा सुधार नै विश्वको सुधार हो । शिक्षाले विश्व सुधारौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समाचार संक्षेपमा

अधिराज्यभरि छरिएर रहेका नाथहरूलाई एकताबद्ध गर्नका लागि भाद्र महिनामा पोखरामा भएको नाथसम्मेलनले नाथ राष्ट्रिय परिषद् गठन गरेको छ। सम्मेलन भाद्र महिनाको २५, २६ र २७ गते श्रीशिवगोरक्षनाथ पीठ, सिद्धाश्रम, पोखरा– ३१ मा सम्पन्न भएको थियो।

सम्मेलनले सर्वसम्मतिमा निम्नअनुसारको राष्ट्रिय कार्यसमिति गठन गरेको छ।

१. अध्यक्ष योगी बलभद्रनाथ
२. उपाध्यक्ष योगी गोविन्दनाथ
३. उपाध्यक्ष योगी बृहस्पतिनाथ
४. महासचिव योगी डा.दयानाथ
५. कोषाध्यक्ष योगी विष्णुनाथ
६. सचिव योगी वसन्तनाथ
७. सदस्य योगी राजेन्द्रनाथ
८. सदस्य योगी षडानन्दनाथ
९. सदस्य योगी निरञ्जननाथ
१०. सदस्य योगी देवीनाथ
११ सदस्य ओमकारनाथ
१२. सदस्य योगी गणेशनाथ
१३. सदस्य योगी जगन्नाथ
१४. सदस्य योगी दिलिपनाथ
१५. सदस्य योगी रोमनाथ
१६. सदस्य योगी होमनाथ

त्यस्तै गोरखनाथ अखडा, मृगस्थलीका पीर महन्त योगी श्रीषनाथ प्रमुख संरक्षक र ६ सदस्यीय एक सल्लाहकार परिषद् पनि गठन गरेको छ।

१. प्रमुख परामर्शदाता : पीर महन्त योगी श्रीषनाथ
२. परामर्शदाता : महन्त सुरतनाथ
३. परामर्शदाता : महन्त नारायणनाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. परामर्शदाता : महन्त चन्द्रनाथ
५. परामर्शदाता : डिल्लीनाथ
६. परामर्शदाता : पुजारी प्रदीपनाथ

पाल्पामा नाथ राष्ट्रिय परिषद् गठन

पाल्पामा नाथ राष्ट्रिय परिषद् गठन भएको छ। केन्द्रीय अध्यक्ष योगी बलभद्रजी महाराज र महासचिव डा. योगी दयानाथको उपस्थितिमा पाल्पा भैरवस्थानमा सम्पन्न नाथभेलाले ६ सदस्यीय पाल्पा जिल्ला समिति निर्माण गरेको छ। भेला २०८० साल पौष १२ गते सम्पन्न भएको थियो।

१. अध्यक्ष : योगी कमलनाथ पाल्पा
२. उपाध्यक्ष : योगी लोकनाथ
३. सचीव : योगी लक्ष्मीनाथ "हितैषी"
४. कोषाध्यक्ष : योगी प्रेमनाथ
५. सहसचिव : योगी विश्वनाथ
६. सदस्य : लोकनाथ (पुजारी)

चितवनमा नाथपरिषद् गठन

त्यस्तै २०८० पौष १८ गते राप्ती नगरपालिका वडा न.२ स्थित गोरखनाथ मन्दिरमा भएको चितवन जिल्लाभरिका दर्शनी नाथको भेलाले पछि विस्तार गर्ने गरी १२ सदस्यीय नाथ राष्ट्रिय परिषद् चितवन गठन गरेको छ।

नवगठित जिल्ला समिति यस प्रकार रहेको छ :

१. अध्यक्ष : योगी खड्गनाथ
२. उपाध्यक्ष : योगी रविनाथ
३. सचिव : योगी भीमनाथ
४. कोषाध्यक्ष : योगी गणेशनाथ
५. सह(सचिव) : योगी सिद्धिनाथ
६. सदस्य : योगी भोलानाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७. सदस्यस्य : योगी महादेवनाथ
८. सदस्य : योगी सूर्यचन्द्रभानुनाथ
९. सदस्य : योगी योगेन्द्रनाथ
१०. सदस्य : योगी डिलनाथ
११. सदस्य : योगी पदमनाथ
१२. सदस्य : योगी गोपालनाथ

उक्त भेलामा केन्द्रीय महासचिव योगी डा.दयानाथ, केन्द्रीय सदस्यहरू योगी निरञ्जननाथ, योगी जगतनाथ, योगी होमनाथसमेतको विशेष उपस्थिति रहेको थियो।

राष्ट्रगुरु योगी नरहरिनाथको जन्म जयन्ती

वि.सं. २०८० फागुन १७ गते राष्ट्रगुरु योगी नरहरिनाथको ११० औँ जन्मजयन्ती "योगी नरहरिनाथ चिन्तनशाला" नामक एक कार्यक्रमको आयोजना गरी भव्य रूपमा सम्पन्न भयो।

उक्त कार्यक्रममा नाथयोग दर्शनमा विद्यावारिधि गर्नुभएका डा.टि.पी. धमला, डा.विजय मिश्र, बौद्धविद्वान् लोचवा पुण्यप्रसाद पराजुली, तन्त्रविद् डा. माधवप्रसाद लामिछाने, विदुषी कल्पना पराजुली, शिव औतारी लामा र रामचन्द्र अधिकारीले राष्ट्रगुरु योगी नरहरिनाथको ११० औँ जन्मजयन्तीका सन्दर्भमा विविध विषयमा चर्चा गर्नुभएको थियो।

पीर महन्त योगी श्रीषनाथको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रम महासचिव योगी डा.दयानाथले सञ्चालन गर्नुभएको थियो।

बृहद् आध्यात्मिक परिषद्को स्थापना दिवस

श्रीबृहद् आध्यात्मिक परिषद्को ५८ औं स्थापना दिवस गोरखनाथ अखडा मृगस्थलीमा सम्पन्न भयो। वि.सं. २०८० चैत्र १ गते पीर महन्त योगी श्रीषनाथको अध्यक्षतामा सम्पन्न उक्त दिवसको कार्यक्रम महासचिव योगी डा.दयानाथले सञ्चालन गर्नुभएको थियो।

कार्यक्रममा बौद्धविद्वान् लोचवा पुण्यप्रसाद पराजुली, रामजन्मभूमि अयोध्यपुरी चितवनका अध्येता लोकमणि पौडेल र बृहत्तर नेपालका अभियन्ता फणीन्द्र नेपालले राष्ट्रगुरु योगी नरहरिनाथ, बृहद् आध्यात्मिक परिषद्का बारेमा विशेष मन्तव्य राख्नुभएको थियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्व हिन्दु बौद्ध महासंघ सम्बन्धी राष्ट्रगुरु योगी नरहरि नाथज्यूको विश्व मानवलाई जोड्ने ऐतिहासिक कडी

-८

विश्व हिन्दु बौद्ध महासङ्घ

प्रस्तावना

विश्वव्यापक हिन्दु र बौद्ध धर्मका सबै शाखा (हिन्दु, बौद्ध, जैन, सिख, लिङ्गायत, नाग, आर्यसमाज, पारसी, ब्रह्मसमाज, मङ्गोलसमाज आदि ॐ र गाईमान्ने मानव मात्र) को समष्टि हुन्छ। हिन्दुमा शैव, शाक्त, गाणपत्य, सौर, वैष्णव आदि र बौद्धमा वज्रयान, महायान, हीनयान आदि। जैनमा श्वेताम्बर, रक्ताम्बर, दिगम्बर आदि। सिखमा अकाली, निहङ्ग, सुथरे, नामधारी आदि एवं अरु नाना प्रकारका शाखा प्रशाखाहरूमा फिजियेका श्रौत स्मार्त प्रभृति समाज मानव हिन्दुहरू।

सर्वेभवन्तु माता च पार्वती देवी पिता देवो महेश्वरः।
बान्धवा मानवाः सर्वे स्वदेशो भुवनत्रयम् ॥ भन्ने

त्रयी सांख्यं योगः पशुपतिमतं वैष्णवमिति
प्रभिन्ने प्रस्थाने परमिदमदः पथ्यमिति च ।
रुचीनां वैचित्र्यादृजुकुटिलनानापथजुषां
नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ॥ भन्ने

यं शैवाः समुपासते शिव इति ब्रह्मेति वेदान्तिनो
बौद्धा बुद्ध इति प्रमाणपटवः कर्तेति नैयायिकाः ।
अर्हन्नित्यथ जैनशासनरताः कर्मेति मीमांसकाः
सोऽयं नो विदधातु वाञ्छितफलं त्रैलोक्यनाथो हरिः ॥ भन्ने

एकं सद् विप्रा बहुधा वदन्ति । भन्ने ॐकार र मूल मन्त्र मान्ने उदार विचारधारा भएका विश्वका दुईसय राष्ट्रहरूमा विशेषगरेर ८० राष्ट्रहरूमा फैलिएका ८५ कोटि हिन्दुहरू र तीन अरब बौद्धहरूको धार्मिक आध्यात्मिक एकता केन्द्रबिन्दु महान् सङ्घ 'विश्व हिन्दु बौद्ध महासङ्घ' का नामले सम्बोधित गरियेको छ र सारा विश्व यसको कार्यक्षेत्र रहने छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दु शब्द सिन्धुबाट बनेको हो र वेदमा जेला सिन्धुनां सप्त सिन्धवः। सप्त-सप्तासो नद्यः। हिमवतः प्र स्रवन्ति सिन्धौ समह सङ्गमः। आपो ह मह्यं तद् देवीर्दधन् हृद्योत भेषजम्। हिमालयं समारभ्य यावदिन्दुसरोवरम्। तं देवनिर्मितं देशं हिन्दुस्थानं प्रचक्षते। हिन्दु शब्दका पर्यायवाची पद :- महाकुल, कुलीन, आर्य, सभ्य, सज्जन, साधु, भद्र, भला मानिस छन्। आर्यको अर्थ हो प्रगतिशील। बौद्धको अर्थ हो बुद्धका अनुयायी। बुद्धको अर्थ हो ब्युँझेको। तिसैले- दशबल तव नित्यं सुप्रभातं प्रभातम्। भनिन्छ। हिन्दु सनातन वैदिक धर्म १.अरब ९६ कोटि
वर्ष देखि वेदप्रसिद्ध छ। बौद्ध धर्म २५२६ वर्ष देखि प्रसिद्ध छ। जैन धर्म २५३३ वर्ष देखि प्रसिद्ध छ। एवम् अरु धर्महरू प्रसिद्ध छन् र सबै धर्म योरै मानव धर्ममा समाहित हुन आयेका छन्। धर्मको परिभाषा मानवमूल मनुले यसरी गरेका छन् :- धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम्॥

तथा- श्रुतिः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः।
एतच्चतुर्विधं प्राहुः साक्षाद् धर्मस्य लक्षणम्॥
धारणाद् धर्म इत्याहुः धर्मो धारयते प्रजाः।
यत् स्याद् धारणसंयुक्तं स धर्म इति निश्चयः॥
यो धर्मं बाधते धर्मो न स धर्म उदाहृतः।

दर्शनमा- यतोऽभ्युदय-निःश्रेयससिद्धिः स धर्मः।

अर्थात् जसबाट जगत्मा जनताको अभ्युदय र निःश्रेयस दुःख र अन्तमा अपवर्ग (मोक्ष) हुन्छ। त्यो धर्म हो।
ॐ यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन्।

अविरोधी यो धर्मः स धर्मः सत्यविक्रम।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

आत्मा खलु विश्वमूलम्

विश्व हिन्दु बौद्ध महासङ्घ

भूमिका

(२०३७)

विश्वव्यापक हिन्दु र बौद्ध धर्मका सबै शाखा (हिन्दु, बौद्ध, जैन, सिख, लिङ्गायत, नागा, आर्यसमाज, ब्रह्मसमाज, पारसीकसमाज, आदि ॐ र गाइ मान्ने मानव मात्र) को समष्टि हुन्छ। हिन्दुमा- शैव, शाक्त, गाणपत्य, सौर, वैष्णव, आदि। बौद्धमा- वज्रयानी, महायानी, हीनयानी, आदि। जैनमा- श्वेताम्बर, रक्ताम्बर, दिगम्बर आदि। सिखमा- अकाली, निहङ्ग, सुथरे, नामधारी आदि। एवं अरु नाना प्रकारका शाखा प्रशाखाहरुमा फिजिएका श्रौत स्मार्त प्रभृति समस्त मानव हिन्दु हुन्। हिन्दुको भावना यस्तो छ:–

सर्वे भवन्तु सुखिन: सर्वे सन्तु निरामया: ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दु:खभाग् भवेत् ॥

सबै प्राणी सुखी रहुन्, सबै जीव नीरोगी रहुन्, सबैले भलै भलो देखुन्, कुनै दु:खभागी न होस्। सारा संसार सुखी र शान्त रहोस्।

माता च पार्वती देवी पिता देवो महेश्वर: ।
बान्धवा मानवा: सर्वे स्वदेशो भुवनत्रयम् ॥

जगत्को माता पार्वती देवी हुन्, जगत्का पिता महेश्वर शिव हुन्। विश्वका समस्त मानवहरु भाइ बहिनी हुन् र स्वर्ग मर्त्य पाताल तीनै लोक स्वदेश हो। वसुधैव कुटुम्बकम्। यो विश्व मौटै परीवार हो।

त्रयी सांख्यं योग: पशुपतिमतं वैष्णवमिति
प्रभिन्ने प्रस्थाने परमिदमद: पथ्यमिति च ।
रुचीनां वैचित्र्यादृजुकुटिल नानापथ जुषां
नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ॥

अथर्व वेद अङ्ग दर्शन आदि चौध विद्यासहित ऋग्वेद, यजुर्वेद, सामवेद, सांख्य योग. पशुपतिमत वैष्णवमत ...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेवकहरूको एकमात्र गन्तव्य जहाँ हुनुहुन्छ पशुपतिनाथ! तिमि नै छौ। २
जस्तो समुद्र समस्त ~~नदीनाला नद इत्यादि~~ खोल्सा खोल्सी खोला नाला नदी नदहरूको गौरै गन्तव्य लक्ष्य छ। कुनै सजिलै सित छिटो पुग्छन्। कुनै दुःखसाथ धेरै घुमेर ढिलो पुग्छन्। तर सबै गौरै लक्ष्यमा पुग्छन्।

यं शैवाः समुपासते शिव इति ब्रह्मेति वेदान्तिनो
बौद्धा बुद्ध इति प्रमाणपटवः कर्तेति नैयायिकाः।
अर्हन्नित्यथ जैनशासनरताः कर्मेति मीमांसकाः
सोऽयं नो विदधातु वाञ्छितफलं त्रैलोक्यनाथो हरिः॥

जसलाई शिव भनेर शिवका भक्तहरूले उपासना गर्छन्। ब्रह्म भनेर वेदान्तिहरूले उपासना गर्छन्। बुद्ध भनेर बौद्धहरूले आराधना गर्छन्। कर्ता भनेर प्रमाणपटु नैयायिकले प्रतिपादन गर्छन्। अर्हन् भनेर जैनहरूले जप तप गर्छन्। कर्म भनेर मीमांसकहरूले अनुष्ठान गर्छन्। एवं भिन्न-भिन्न पन्थका मानिसहरूले भिन्नाभिन्नै नाम रूपले सेवा गर्छन् तिनै त्रैलोक्यका नाथ हरिहरले हाम्रो ताई मनोवाञ्छित फल देऊन्।

एकं सद् विप्रा बहुधा वदन्ति। एक मात्र सत् चित् आनन्दमय परमात्मालाई विद्वान्‌हरू अनेक प्रकारले प्रतिपादन गर्छन्। अमृतस्य पुत्राः समस्त जीवहरू शिवका पुत्र हुन्। भनेर ॐ कार मूल मन्त्र मान्ने र मान्ने आज भोलि विश्व भरका समस्त मानवहरू हिन्दु (आर्य) हुन्। संसार भरिका सबै हिन्दु र बौद्ध जैन सिख समेत समस्त आर्यहरूको आध्यात्मिक धार्मिक र सांस्कृतिक एकता केन्द्रबिन्दु महान् सङ्घ 'विश्व हिन्दु बौद्ध महासङ्घ'का नामले सम्बोधित भएको छ र सारा विश्व भरका कार्यक्षेत्र रहेको छ।

वर्णागमो वर्णविपर्ययश्च द्वौ चापरौ वर्णविकारनाशौ।
धातोस्तदर्थातिशयेन योगस्तदुच्यते पञ्चविधं निरुक्तम्॥ अथवा
भाषा गता पञ्चविधं विकारम्। भाषा गता पञ्चविधं विकासम्।

वर्णको आगम, वर्णको विपर्यय, वर्णको विकार, वर्णको नाश र वर्णका अर्थका साथमा धातुको योग हुँदा शब्दको निरुक्त पाँच प्रकारको हुन्छ। अथवा ५ प्रकारले भाषाको विकार हुन्छ, यसरी ५ प्रकारले भाषाको विकास हुन्छ। यसै नैरुक्त व्याकरणका नियमले सिद्ध शब्दको ~~अक्षर~~ उच्चारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेवकहरूको एकमात्र गन्तव्य जहाँ हे पशुपतिनाथ! तिमि नै छौ। २
जसरी समुद्र समस्त ~~...~~ साना ठूला खोला नाला नदी नदहरूको गौ है
गन्तव्य स्थल छ। कुनै सजिलै सोझै पुग्छन्। कुनै दुःखसाथ घुमाउरो
बाटो घुमेर ढिलो पुग्छन्। तर सबै पोटै लक्ष्यमा पुग्छन्।

यं शैवाः समुपासते शिव इति ब्रह्मेति वेदान्तिनो
बौद्धा बुद्ध इति प्रमाणपटवः कर्तेति नैयायिकाः।
अर्हन्नित्यथ जैनशासनरताः कर्मेति मीमांसकाः
सोऽयं नो विदधातु वाञ्छितफलं त्रैलोक्यनाथो हरिः॥

जसलाई शिव भनेर शैवमत भक्तहरूले उपासना गर्दछन्। ब्रह्म भनेर वेदान्तीहरूले उपासना गर्दछन्। बुद्ध भनेर बौद्धहरूले आराधना गर्दछन्। कर्ता भनेर प्रमाणपटु नैयायिकले प्रतिपादन गर्दछन्। अर्हन् भनेर जैनहरूले जप तप गर्दछन्। कर्म भनेर मीमांसकहरूले अनुष्ठान गर्दछन्। एवं भिन्न-भिन्न धर्मका मानिसहरूले भिन्नाभिन्नै नाम रूपले सेवा गर्दछन् तर ती त्रैलोक्यका नाथ हरिहरले हामीलाई मनोवाञ्छित फल देऊन्।

एकं सद् विप्रा बहुधा वदन्ति। एक मात्र सत् चित् आनन्दमय परमात्मालाई विद्वान्‌हरू अनेक प्रकारले प्रतिपादन गर्दछन्। अमृतस्य पुत्राः समस्त जीव एक शिवका पुत्र हुन्। भनेर ॐकार मूल मन्त्र मान्ने र गाईलाई आमा मान्ने विश्व भरका समस्त मानवहरू हिन्दु (आर्य) हुन्। संसार भरका सबै हिन्दु र बौद्ध जैन सिख समेत समस्त आर्यहरूको आध्यात्मिक धार्मिक र सांस्कृतिक एकताको केन्द्रबिन्दु महान् सङ्घ 'विश्व हिन्दु बौद्ध महासङ्घ'का नामले सम्बोधित भएको छ र सारा विश्व भरमा कार्यक्षेत्र रहने छ।

वर्णागमो वर्णविपर्ययश्च द्वौ चापरौ वर्णविकारनाशौ।
धातोस्तदर्थातिशयेन योगस्तदुच्यते पञ्चविधं निरुक्तम्॥ अथवा
भाषा गता पञ्चविधं विकारम्। भाषा गता पञ्चविधं विकारम्।

वर्णको आगम, वर्णको विपर्यय, वर्णको विकार, वर्णको नाश र वर्णहरूका अर्थका साथमा धातुको योग हुँदा शब्दको निरुक्त पाँच प्रकारको हुन्छ। अथवा ५ प्रकारले भाषाको विकार हुन्छ। यहाँ ५ प्रकारले भाषाको विकार भएको वैदिक व्याकरणका नियमले हिन्दु शब्दको ~~...~~ उद्धार।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४

मत्स्यावतार. कूर्मावतार. वराहावतार. नरसिंहावतार. वामनावतार. ~~रामावतार~~
परशुरामावतार. रामावतार. बलराम कृष्णावतार. बुद्धावतार. कल्की अवतार
मध्ये नवम अवतार बुद्धको पुराणप्रसिद्ध छ। भागवत पुराणप्रसिद्ध
ऋषभदेव र वैशालीका सिद्धार्थवंशज महावीर तीर्थङ्कर प्रसिद्ध
प्राचीनको पर्यायवाची जिन हो र जिनबाट जैन भएको छ। यसै
आर्यसमाज ब्रह्मसमाज, सिख आदि सबै शाखा उपशाखाको उद्गम
छ। सबै शाखा मूल वैदिक सनातन हिन्दुधर्मका हुन्। समस्त शाखोपशा
खाको समष्टि अक्षय वट हिन्दू हो।

योगी नरहरिनाथः

राष्ट्रगुरु योगी नरहरिनाथज्यूको समाधिस्थल, मृगस्थलीमा रहेको शिलालेखबाट

संस्थापकः सञ्चालकः सभापतिः। अखिल-
भारत-वर्षीय नाथसमाज संस्थापकः।
नाथसन्देश-सरयूसन्देश-संस्कृत सन्देश-
कर्मवीर सन्देश-आर्यवीरसन्देश- विश्वात्म
दर्शन-हिमवत्संस्कृति-हिन्दु संस्कृति-पुरुषार्थ-
ग्राम-परिसा-प्रमुखानेक-पत्र-पत्रिका-
संस्थापक-सञ्चालकश्च।आर्षविद्या
शोध केन्द्र-भर्तृहरि विद्या पीठ-कोटिहोम-
गोरक्षक विद्यापीठावली संस्थापकः।

अवतारविभूतिस्थल-परिचयदः। देवभूमि-
भारत-आध्यात्मिक गोरक्षक-नेपाल शिखरिणी
यात्रा भारद्वाज-संहिता हाम्रो मौलिकता, हाम्रो
देश दर्शन, लङ्का-सङ्कल्प, हिमवत्खण्ड, सन्धिपत्र
सङ्ग्रह-सहित शतशःपुस्तक लेखक-सम्पादक
प्रकाशकश्च। आसन्नशत गोरक्षक विद्या
पीठावली-प्रतिष्ठापकः। शिवगोरक्षनाथा-
वतारस्थलीगोरक्षशैलकैलास-परिसरबद्धशिला-
पट्टकेषुदिव्योपदेशादिलेखकः। आसन्न -
शतकोटिहोमेषु वैदिकविद्यापीठ गौशालादि
संस्थापकः।

दाङ्देउखुरी प्रामाध्यात्मनगर-देवघट्ट-काष्ठमण्डप-
जनकपुर-कालिस्थान-बुद्धवल्ली-यमुना-योधः
पुर-श्रीलङ्कादिषु विश्वहिन्दुसम्मेलनविकृत्।
विश्वबौद्धविश्वविदित-गोरक्षक-हिन्दु अधिरा-
ज्य-नेपाल लिखापत्र पशुपति-मृगस्थलीं
शिवगोरक्षनाथपाठशिक्षो। राज्यसभा-सभा-
नतीय सदस्य। चिरानिरुद्धामरनाथगुहा
काश्मीरयात्रासमुद्घाटकः सञ्चालकश्च।
माता च पार्वती देवी पिता देवो महेश्वरः
बान्धवा मानवा सर्वे स्वदेशो भुवनत्रयम्।
भन्ने विश्व मानव दर्शनका शिवगोरक्षदर्शनी।

बृहत् गोरक्षक गोरखा राष्ट्रको र विश्व
मानवपरिवारको समन्वयकर्ता। गोरक्षक
हिमाली हिन्दु अधिराज्य जापानको धार्मिक
आध्यात्मिक मौलिक एकता स्थायी राख्ने
सिद्धान्तका ज्ञानवयोवृद्ध मङ्गलमय मङ्गलमूर्ति
मङ्गलवारमा जन्मेका श्री मङ्गलमूर्तये नमः
भनिएका मङ्गल गणेशका सन्तति र सिद्धा-
न्तवादी मङ्गलीय-मङ्गोल स्तुत्य भएका
विश्वशान्ति विश्वमैत्री विश्व मङ्गल-
कामनाका-विश्वशान्तिदूत योगिराज

योगी नरहरिनाथ कुलपुरुष।
योगी नरहरिनाथ
पुस्तकालय तथा सङ्ग्रहालयका
आधिकारिक सामग्री हुन्। शिलालेख प्रति
लिपि वि.स. २०७७ फागुन १७ गते सोमवार
योगी नरहरिनाथः १०७ औं जन्म जयन्तीको
उपलक्ष्यमा इति शुभम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ 卐 गौः श्रीः शिवौ वेदाः ! पञ्चदेवाः ! पञ्चबुद्धाः ! सर्वेदेवाः !

शिवगोरक्षयोगिनरहरिनाथोविजयतेतराम् !

स्वागतम् ! स्वागतम् !! स्वागतम् !!!

कैलासः प्रथम शिवस्य वसतिः
ऊर्ध्वमूलमधः शाख मश्वत्थं प्राहुरव्ययम् ।।



पञ्चायती दर्शनको मूल शिव निवास कैलास जगज्जेष्ठ विश्वमानव सभ्यताका आदि व्याख्याकार विश्वशान्तिदूत योगी नरहरिनाथः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्य सद् दर्शनं लोक - शोकापहम्!
यस्य सत् स्पर्शनं लोक - पापापहम्!!
यस्य सम्भाषणं भूषणं वाङ्मयम्!!!
यस्य सम्बोधनं बोध - संवर्धनम्!!!!
तस्य ते स्वागतम्! स्वागतम्!! स्वागतम्!!!

जसको दर्शनले सर्वलोकका शोक हरण हुन्छ।
जसको पर्शनले सबैको पाप हरण हुन्छ।
जसको सम्भाषणले समस्त श्रोताहरुको मनोरञ्जन हुन्छ।
जसको सम्बोधनले बोधको वृद्धि हुन्छ।

यस्य योगोपदेशा जगन्मेलकाः!
यस्य यागोपदेशा जगतपालकाः!!
यस्य भागोपदेशाः समानादराः!!!
यस्य रागोपदेशाः शिवेष्टादराः!!!!
तस्य ते स्वागतम्! स्वागतम्!! स्वागतम्!!!

जसको अष्टाङ्ग योगको उपदेशले समस्त संसार को मैत्री हुन्छ।
जसको यज्ञादि पुण्यकर्महरुको निर्देशले जगत्‌को पालन पोषण हुन्छ।
जसको संविभाजनको निर्देशले समस्त मानव परिवारको समान आदर हुन्छ।
जसको नवधा भक्तिको भजनहरुले आफ्नो-आफ्नो इष्टदेवताहरुमा भक्तिभावना जाग्छ।

यस्य कर्मोपदेशाः क्रियाकौशलाः!
यस्य धर्मोपदेशाः जगत्कौशलाः!!
यस्य विद्याऽनवद्या जगद्व्यापिका!!!
यस्य वेदागमा लोकभेदापहाः!!!!
तस्य ते स्वागतम्! स्वागतम्!! स्वागतम्!!!
जसको कर्मकौशलमय उपदेशहरुले समस्त श्रोताहरु कर्मठ बन्छन्।

जसले मानव जीवन सुखी हुन्छ, जसको धर्म उपदेशले मानवधर्मको मानव-समाजमा जागरण हुन्छ। सारा विश्व एक परिवार हुन्छ।
जसको विद्या अनिन्दनीय र विश्वव्यापक छ।
जसको आगम निगम अज्ञानको भेदहरुलाई हटाउँछन्।

यस्य सत् कर्म सर्वस्य कल्याणकृत!
यस्य वाग् वर्म सर्वाङ्ग - रक्षाकरम्!!
यस्य वश्याः प्रशस्या गिरः सादराः!!!
यस्य लीला सुशीला जगत्पावनी!!!!
तस्य ते स्वागतम्! स्वागतम्!! स्वागतम्!!!

जसका शब्दमय कवच शरीरको अष्टाङ्ग तथा राष्ट्रको सप्ताङ्गका रक्षा गर्छन्।
जसका सत्कर्म सारा जगत्को कल्याणकारी छन्।
जसको भाषा भद्रभावनापूर्ण छ र सबैलाई आदर दिन्छ।
जसका जीवनी सुशील र जगत् पावनी छ।

यस्य वेषः सुरेशस्य भूमङ्गलम्!
यस्य वाणी कृपाणी कुसंस्कारहा!!
यस्य बुद्धिर्विशुद्धा विबुद्धा सदा!!!
यस्य गोष्ठी गरिष्ठा गुणग्राहिणी!!!!
तस्य ते स्वागतम्! स्वागतम्!! स्वागतम्!!!

जसको भेष ईन्द्रको ब्रह्माको विष्णुको शिवको महाकाली-महालक्ष्मी-महासरस्वतीको छ र समस्त भूमण्डलको मङ्गल गर्छ।
जसको वाणी कुसंस्काररुपी कण्टकलाई काट्ने कृपाण छ र राम्रो संस्कार हृदय भूमि मा उमार्न सक्छ।
जसको बुद्धि, आहार शुद्धि, आचार शुद्धि, अर्थ शुद्धि आदिले शुद्ध बुद्ध सावधान छ।
जसको गोष्ठी देवगुरु बृहस्पतिको जस्तो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुणग्राहरणि दोष हारिणी छ।

यस्य यज्ञेषु सत्पण्डिता मण्डिताः !
यस्य वाचो द्विषत्खण्डना मण्डनाः!!
यस्य शिक्षा च दीक्षा च रक्षाकरी!!!
यस्य चाध्यात्म-विद्याऽनवद्या दिवः!!!!
तस्य ते स्वागतम्! स्वागतम्!! स्वागतम्!!!

जसको यज्ञादि कर्मकाण्डहरुमा सर्वात्मना शुद्ध पण्डित मण्डली द्वारा सत्कर्म हुन्छन् र वैदिक धर्मको मण्डन हुन्छ।
जसको शब्दावली भद्रभाषामा असत् पक्षको खण्डन एवं सत्पक्षको मण्डन गर्छ।
जसको शिक्षादीक्षा समस्त मानवधर्मको रक्षा गर्छ।
जसको अध्यात्म विद्या ऋषि मुनि देवी-देवताहरुलाई पनि भलो लाग्छ।

यस्य सद्योग उद्योग-संवर्धकः!
यस्य शास्त्रं सदस्त्रञ्च शस्त्रं समम्!!
यस्य शोभा सभामण्डनाऽखण्डना!!!
यस्य सद्भावना पावनात्मोद्भवा!!!!
तस्य ते स्वागतम्! स्वागतम्!! स्वागतम्!!!

जसको योग र उद्योग जगतलाई धनधान्य समृद्ध गरी अन्तमा मोक्षदायक सिद्ध हुन्छ।
जसको अस्त्रशास्त्र-शास्त्र मिलिजुलि रहन्छन् र सबैको कल्याण गर्छन्।
जसको शुभागमनले सभाको शोभा बढ्छ।
जसको सद्भावना आत्माबाट उत्पन्न हुन्छ, सबैको पवित्रता गर्छ।

यस्य सम्पत्तिरापत्तिहीना शुभा!
यस्य दानं महानन्ददं सर्वदा!!
यस्य शिष्याः स्ववश्याः प्रशस्या भुवि!!!
यस्य भूमण्डले हिण्डनेऽखण्डनम्!!!!
तस्य ते स्वागतम्! स्वागतम्!! स्वागतम्!!!

जसको आध्यात्मिक आधिदैविक आधिभौतिक सम्पत्ति आपत्तिहरुबाट रहित शुभलाभ गर्छ।
जसको दान सबै प्रकार महान् आनन्ददायक सर्वदा-सर्वथा-सर्वत्र अभिनन्दनीय छ।
जसको अनुयायीहरु पनि शिक्षित दीक्षित सभ्य सुशील भद्रभावना सम्पन्न छन्।
जसको गति भूमण्डलमा ऋषि मुनिहरुको भाँति अखण्डित छ, यस्तो अभ्यागत अतिथिवर्गको हार्दिक स्वागत गर्दछन्।

यस्य यात्राः पवित्रा विचित्राः कथाः!
यस्य गात्रं पवित्रं शुभैः कर्मभिः!!
यस्य गोत्रं पवित्रं चरित्रैर्निजैः!!!
यस्य चित्रं पवित्रं दया-धर्मतः!!!!
तस्य ते स्वागतम्! स्वागतम्!! स्वागतम्!!!

जसको यात्रा सर्वत्र पवित्र छ, जसको कथा सत्य तथ्य र विचित्र अद्भुत छन्।

जसको गात्र शुभकर्महरुले पवित्र छ।
जसको गोत्र वा गोत्रज मनुष्यहरुको चरित्रहरुले पवित्र छ।
जसको चित्र दया धर्मले पवित्र छ।

यस्य नेत्रं पवित्रं कृपापाङ्गतः!
यस्य वेत्रं पवित्रं च तीर्थाटनात्!!
यस्य वक्त्रं पवित्रं स्वगायत्रतः!!!
यस्य जैत्रो रथः सारथी शुद्धधीः!!!!
तस्य ते स्वागतम्! स्वागतम्!! स्वागतम्!!!

जसको नेत्र कृपा दृष्टिले पवित्र छन्।
जसको यष्टि तीर्थयात्राले पवित्र छ।
जसको मुखमण्डल र जिह्वा वेदमाता गायत्रीको जपले पवित्र छ।
जसको चरण तथा रथ (वाहन) सर्वत्र अकुण्ठित विजयी छन्। जसको रथको सारथी धारणाशील शुद्ध बुद्धि छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्य भावा जगद्भावना: पावना: !
यस्य हावा हृदो हृद्यता - द्योतका: !!
यस्य हर्षो महर्षेरिवोदारधी: !!!
यस्य हेवाकि - देवादि - सेवा - वृषः !!!!
तस्य ते स्वागतम् ! स्वागतम् !! स्वागतम् !!!

जसको भावनाहरु पावन छन् र जगत्लाइ पावन गर्छन् ।
जसको अङ्ग हरुको चेष्टाहरु हृदयको सौहार्द को अभिव्यक्ति गर्छन् ।
जसको हर्षोल्लास महर्षिजनहरूको भाँति उदार विश्वकल्याणकारी छ ।
जसको स्मृति शक्ति सर्वदा सावधान रहेर देवी देवता मानवता तथा समस्त चराचर जगत् को सेवालाइ परमधर्म मान्छन् ।

यस्य सेवा स्वदेवादि - हर्षप्रदा !
यस्य शान्तिः क्षितौ शान्तिदा देहिनाम् !!

यस्य कल्याणकारी गुणो विद्यते !!!
यस्य कल्याणकारी गणो विद्यते !!!!
तस्य ते स्वागतम् ! स्वागतम् !! स्वागतम् !!!

जसको सेवाले इष्टदेवता कुलदेवता ग्रामदेवता समाजदेवता आदि सवै देवी-देवता मण्डलीलाइ हर्ष हुन्छ ।
जसको शान्ति समस्त भूमण्डलमा सारा प्राणिहरुलाई शान्तिदायक छ ।
जसको सवै गुण-गण सवैको कल्याणकारी छन् ।
जसको सम्पर्कमा वस्ने सहचरगण अनुयायीगण पनि त्यस्तै नै विश्वकल्याणकारी छन् ।

यस्य कल्याणकारी पणो विद्यते !
यस्य कल्याणकारी क्षणो विद्यते !!
यस्य कल्याणकारी रणो राजते !!!
यस्य कल्याणकारी कणो राजते !!!!
तस्य ते स्वागतम् ! स्वागतम् !! स्वागतम् !!!

जसको पण (प्रतिज्ञा) सवैको कल्याणकारी छ ।
जसको एक-एक क्षण जीवन सर्वकल्याणकारी छ ।
जसको सङ्घर्षमय जीवन सवैको भलाईकोलागि नै छ ।
जसको धन-धान्यको एक-एक कण समस्त प्राणी कल्याणकारी छ ।

यस्य सञ्जीवनं सर्वदा सर्वदम् !
यस्य सञ्जो करो सर्व-सत्कर्मसु !!
यस्य लोकोपकारो महान् वर्तते !!!
यस्य शोकापहारो विचारो महान् !!!!
तस्य ते स्वागतम् ! स्वागतम् !! स्वागतम् !!!

जसको सत्पथगामी जीवन सर्वदा सवैलाइ सर्वसुखदायक छ ।
जसको दुवै हात सर्वदा सवै सत्कर्महरुमा तत्पर रहन्छन् ।
जसको लोकोपकार महान छ र जसको उच्च विचार सवै शोक हरण गर्छ ।

यस्य सत्यव्रतं सत्यवाणीं मुखे !
यस्या सत्या मतिः सत्यसन्धा हृदि !!
यस्य सत्या कथा सत्यशीलं तनौ !!!
यस्य सत्ये पथि स्थायि-पादौ सदा !!!!
तस्य ते स्वागतम् ! स्वागतम् !! स्वागतम् !!!

जसको मनमा सत्यव्रत दृढ छ जसको मुख मा सत्यवाणी छ ।
जसको बुद्धि सत्यमा आरूढ छ, जसको हृदयमा सत्य प्रतिज्ञा अटल छ ।
जसको कथा सत्यबाट वाहिर जाँदैन जसको शरिरमा सत्यानुकूल शील स्वभाव रहन्छ ।
जसको दुवै पाउ सत्पथमा सदा स्थाई रहन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्य शस्या तपस्या स्ववस्या तनुः।
यस्य सर्वायुरात्मार्थहीनं परम् !!
यस्य सर्वे गुणाः सर्व-दोषोज्झिताः!!!
यस्य सर्वाः क्रियाः सर्व-लोकाय शम्!!!!
तस्य ते स्वागतम्! स्वागतम्!! स्वागतम्!!!

जसको तपस्या सवै प्रकार प्रशंसनीय छन् र जसको शरीर र मन सर्वथा वशमा छ।
जसको सारा आयु स्वार्थ रहित छ र सर्वदा सर्वथा सर्वत्र परोपकारार्थ छ।
जसको सवै गुण-गण सर्व दोषहरुले रहित छ।
जसको सारा क्रियाकलाप सर्वलोक हितायः छ।

यस्य दृष्टिः स्थिरा पूर्णिमा योगतः !
यस्य गौः खेचरी कुण्डली जाग्रती!!
यस्य सिद्धासनं चित्तवृत्तिः स्थिरा!!!
यस्य शान्तं मनः स्वे समाधौ शिवम्!!!!
तस्य ते स्वागतम्! स्वागतम्!! स्वागतम्!!!

जसको पूर्णिमा दृष्टि योगले स्थिर छ।
जसको गौ खेचरी छ र कुण्डलिनी शक्ति सर्वदा जाग्रत छ।
जसको सिद्धासन स्थिर र सुखदायक छ, चित्त वृत्ति निरुद्ध छ।
जसको मन पावन आत्मा शान्त तथा निर्विल्प समाधिमा लीन छ।

नरहरेरिदमेव निवेदनम्!
नरहरेरिदमेत हि जीवनम्!!
नरहरेरियमेत कथा तथा!!!
नरहरेरयमेत मनोरथः!!!!

यस्तो अपूर्व अभ्यागत अतिथिको हामी हृदयवाट स्वागत अभिनन्दन गरी वाक्य पुष्पमयी माला तपाईंका हृदयमा अर्पित गर्दछौं।
स्वागतम्! स्वागतम्!! स्वागतम्!!! स्वागतम्!!!!

इस जयपुर झालाणा महाकालमें, जिसने कोटिहोम करवाया।
योगी नरहरिनाथ आपके हम आभारी, धरतीको स्वर्ग बनाया।
सवसन्त विद्वन्मण्डली सुख दुःख सहकर, नभमें ॐ स्वाहा गुञ्जाया।
उन सवका स्वागत आज करण, जो यज्ञ सम्पूर्ण करवाया।
ज्ञान ज्योति अखण्ड जगे बाजे शङ्ख नगारा ... हम स्वागत करें तुम्हारा।
... हम स्वागत करें तुम्हारा।
२०४८।१९९१। विनीत स्वागताध्यक्ष = करणसिंह शेखावत झालाणा जयपुर राज०

सर्वं परवशं दुःखं सर्वमात्मवशं सुखम्।
एतद् विद्यात् समासेन लक्षणं सुखदुःखयोः॥ (राजर्षि मनु)
पराधीन सुख सपनेहु नाहीं। कर विचार देखहु मन माहीं।

परतन्त्रतामा सवै दुःखै दुःख हुन्छन् र स्वतन्त्रतामा सवै सुखै सुख हुन्छन्। संक्षेपमा सुख दुःखको परिभाषा यत्ति हो। तसर्थ हामी सवै सर्वदा, सर्वथा, सर्वत्र स्वाधीन र स्वावलम्बी बनी रहूँ, सगरमाथा नझुकाऊँ।

हिमाली जरी. हिमाली बुटी. हिमाली पनाले।
उपयोग गरौं. उसै नमरौं. सकल जनाले।
लङ्कामा लाग्यो. छातिमा चोट. सुषेण झिकाये।
हनुमान् हाली. हाम्रो हिमाली. ओषती झिकाये।
त्यै देश आज. विदेशवाट, ओषती खाँदैछ।
जरी र बुटी. अर्कालेलुटी. विदेश लाँदैछ।
लाजको मर्नु, अव के गर्नु? भनन सज्जन!।
कुटीर उद्योग. शक्तिको संयोग. गरौं न महान्!।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्बिरमा नाथ कार्यक्रम

प्रथम राष्ट्रिय नाथ सम्मेलन-२०८०, भाद्र

प्रथम राष्ट्रिय नाथ सम्मेलन-२०८०, भाद्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम राष्ट्रिय नाथ सम्मेलन-२०८०, भाद्र

प्रथम राष्ट्रिय नाथ सम्मेलन-२०८०, भाद्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



राष्ट्रगुरु योगी नरहरिनाथको ११० औं जन्मजयन्ती समारोह-२०८०



श्री बृहद् आध्यात्मिक परिषद्को ५८ औं स्थापना दिवस-२०८०, चैत्र १

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



ऐतिहासिक शिलालेख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भैरवस्थान मन्दिर समिति

भैरवस्थान, पाल्पा

मन्दिरबार प्राप्त हुने सेवाहरु:

- चढाउन ल्याएका बलीका टाउका लिने व्यवस्था
- विवाह, पिकनिकको लागि आवश्यक सामग्रीको व्यवस्था
- अर्डर अनुसार माना पाथिको रोट तयार गरिदिने व्यवस्था
- रात्री बास तथा खानाको व्यवस्था
- शौचालय तथा स्थान घरको व्यवस्था
- उडाउनका लागि परेवा पाउने व्यवस्था
- चढाएका बली सफा गरिदिने (पोली दिने) व्यवस्था
- रुदी, लक्ष्यवर्ती ब्रतबन्ध विवाहको लागि पण्डित व्यवस्था
- अर्डर अनुसार बलिको लागि बोका, कुखुरा, राँगा आदिको व्यवस्था
- असक्त, अपाङ्गका लागि विशेष दर्शनको व्यवस्था
- माथि उल्लेखित सेवा प्राप्त गरेबापत न्यूनतम शुल्क लाग्नेछ ।

मिन बहादुर बुढाथोकी	दिलिप रायमाझी	गोविन्दबहादुर पोखरेल
व्यवस्थापक	सचिव	अध्यक्ष
९८५७०६५९०९	९८४७१०२५९५	९८५७०९९६८७

नाथसन्देश अंक ३ प्रकाशन हुँदै गरेकोमा सफलताको हार्दिक मंगलमय शुभकामना ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दुअधिराज्यगुरु योगिराज योगी नरहरिनाथज्यूलाई गोरक्षनाथ पीठको गोरक्षाधीश पवित्र पदमा अभिषिक्त गरिनु अघि राजकीय सम्मानका साथ रथारोहण गराई हनुमानध्वज (हनुमानढोका) राजभवन तथा हिन्दुअधिराज्य राजधानी काष्ठमण्डप नगर परिक्रमा गरिंदै। (वि.सं. २००४ साल पौष ४ गते)

मानव सभ्यताको आदि प्रवर्तक आदिनाथबाट योगमार्ग सुरु भयो। गोरक्षनाथजीका शिष्य असङ्ख्य भये. अजरअमर सिद्ध भये। यसैबाट अनन्तकोटि सिद्धहरुको प्रसिद्धि षण्नवनवतिकोटिक्षितिभृतः ९६ कोटि (करोड) त राजा महाराजा योगी भये र प्रजाहरुको लेखाजोखा कसले गर्न सक्नु? तिनीहरुमा ८४ सिद्ध. १८ पन्थ ९नाथ. छयती. ४ योगाचार्य. ३ गुरुत्रय विशेष प्रसिद्ध छ। योगमार्ग युगको आदि देखि चलेको हुनाले विश्वभरि फैलियो। आज पनि प्रमुख प्रमाण कैलास मानसरोवर आदि जगज्ज्येष्ठ विशाल हिमाल गोरक्षराज्य भारतवर्षभित्र त्रिविष्टप तिब्बत. चीन मङ्गोलिया. साइबेरिया. ऋषि (रूष). जपन (जापान). शर्मन (जर्मन). जावा. सुमात्रा. श्याम. स्थायी भूमि (थाइलैण्ड). काम्बोडिया. फ्रान्स. रोम. बृटेन. अमेरिका. अफ्रिका. श्रीलङ्का. काबुल. गान्धार. अरब. तुरुष्क. प्रभृति विश्वका कुना-कुना विद्यमान छन्।

गोरक्षक हिन्दुराज्यको मनुमुकुट अटल रहन विश्वमा एकमात्र हिन्दुराज्यको गरिमाको लागी नौ वर्षको अवस्था देखि आजीवन स्वयंसेवक आजीवन-विद्यार्थी आजीवन पदयात्रीका रूपमा आफ्नो जीवनको अन्तिम अवस्था सम्म पनि मातृभूमि दर्शनको अभियन्ताका रूपमा योगी नरहरिनाथज्यूको कलम चलिरहेको थियो। १२५ वटा कोटिहोम. सयौं लक्षहोम. दाङमा बृहत आध्यात्मिक सम्मेलन गरेर महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना. विश्व हिन्दु महासम्मेलन गरेर विश्व हिन्दु महासङ्घको स्थापना. विश्व योगाश्रयदको स्थापना. गौशालाहरु र गुरुकुलहरुको स्थापना आदि कार्यहरु गर्नु भयो।

यस्य दृष्टिः स्थिरा पूर्णिमा योगतः। यस्य गौः खेचरी कुण्डली जाग्रती ॥ यस्य सिद्धासनं चित्तवृत्तिः स्थिरा ॥ यस्य शान्तं मनः स्वे समाधौ शिवम्॥ तस्य ते स्वागतम्! स्वागतम्!! स्वागतम्!!!
नरहरेरिदमेव निवेदनम्! नरहरेरिदमेव जीवनम्!! नरहरेरियमेव कथा तथा!!! नरहरेरयमनोरथः!!!!

जसको पूर्णिमा दृष्टि योगले स्थिर छ। जसको गो खेचरी छ र कुण्डलिनी शक्ति सर्वदा जाग्रत छ। जसको सिद्धासन स्थिर औ सुखदायक छ. चित्तवृत्ति निरुद्ध छ। जसको मन पावन आत्मा शान्त तथा निर्विकल्प समाधिमा लीन छ। यस्तो अपूर्व अभ्यागत अतिथिहरुको हामीहरुले हृदयद्वारा स्वागत अभिनन्दन गर्दछौं

मानुष्यकम् चैकविधम्। एक प्रकृति एक मानवता द्वितीय छैन। यो जानेर कसैले कुनै अशान्ती न गर्ने। परोपकारः पुण्याय पापाय परपीडनम्। यो मानेर परोपकार गर्ने परपीडा न गर्ने. ईश्वर अंश जीव अविनाशी। मा हिंस्यात् सर्वा भूतानि। अहिंसा परमो धर्मः। अहिंसा परमो धर्मो। हिंसा महागतकम्। कसैको तन मन न दुखाउँ। भन्ने हिन्दुधर्म (विश्व मानव दर्शनलाई विश्व भरि पुर्‍याउँनु हुने। शाके १८३६ फाल्गुण १७ गते गुरुवारको शुभ मुहूर्तमा अवतरित हुनु भयेका गोरक्षक अधिराज्य गुरु विश्वशान्तिदूत योगिराज योगी नरहरिनाथज्यूले पनि माथि उल्लिखित स्वागतम् श्लोकानुसार राष्ट्रगुरु महायोगी गोरक्षनाथको योग पद्धतिमा आफु पनि योगारूढ भयेर विश्वमानवपरिवार एवं चराचर जगतलाई योगानुशासनमा हिडायेर विश्वकल्याण-विश्वशान्ति राष्ट्रकल्याण-राष्ट्रशान्ति गर्नु हुने योगिराज योगी नरहरिनाथज्यूको तपस्थली. गोरक्षनाथ अखडा सिद्धाचल मृगस्थलीमा गोरक्षनाथले मेघमालासनिकृत १२ वर्ष सम्म एका सिद्धासनमा रही तपस्या गरेको पुण्य तपस्थली. मनःकामना. भैरव. काली माताको मन्दिर. गुह्येश्वरी माताको सिद्धपीठ, विश्वरूप मन्दिरको दर्शन. राममन्दिर. किरातेश्वर. गौरीघाट. हनुमान. उमाकुण्ड पशुपतिनाथ. भुवनेश्वरी. वत्सलेश्वरी. भष्मेश्वर सिद्ध बालकनाथको जीवित समाधिस्थलहरुको दर्शन स्पर्शनको साथै नवनाथ चौरासी सिद्धहरुको पवित्र योगको लागी योगी नरहरिनाथको स्मृति भवन दर्शनीय. ऊर्जाशील र आनन्दमय छ। स्वागतम्!!!